CC-0. In Public Domain. Digitization by eGangotri



शिवधर्म

लेखक

प्राज्ञ पँडि इन्द्र बहादुर अदि लेम गुरुङ

श्रीमती काशीपिरी अदि लेम गुरुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवधर्म

प्राज्ञ पैँडि इन्द्र बहादुर अदि लेम गुरुङ

श्रीमती काशीपिरी अदि लेम गुरुङ

शिवधर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक : प्राज्ञ पैँडि इन्द्र बहादुर अदि लेम गुरुङ

प्रकाशक : श्रीमती काशीपिरी अदि लेम गुरुङ

सर्वाधिकार : प्रकाशकमा

संस्करण : पहिलो, वि.सं. २०७९ (५०० प्रति)

कम्प्युटर सेटिङ :

आवरण सज्जा : विनोद घिमिरे

मुद्रण : रोजिना अफसेट प्रेस
पोखरा-९, महेन्द्रपुल
फोन नं.: ०६१-५७६०१०, ५७१०७०

मूल्य : रु. २५०।-

ISBN : 978-9937-1-2758-5

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भनाइ

म कुनै त्यस्तो सर्वज्ञ, शास्त्रज्ञ मानिस होइन, शिक्षाका हिसाबले साक्षरमात्र छु । वि.सं.२०११ सालमा नेपाली काङ्ग्रेसमा प्रवेश गरी पञ्चायत कालदेखि लिएर वि.सं.२०४८ सालसम्म राजनीतिमा केही गरेँ । राजनीतिमा काम गर्दा एकथरिले फूलको माल दिन्छ भने एकथरिको मनले हातको धार दिइरहेको हुन्छ । मलाई राजनीतिमा काम गर्ने इच्छा लागेन । राजनीति भनेको आगोको भुङ्ग्रो, लेखन गर्नु फूलबारीमा पसेजस्तो सोची वि.सं.२०४८ मा रा.प्र.पा.का केन्द्र पार्षद र साधारण सदस्यबाट राजीनामा दिई वि.सं. २०४९ मा **तमु ची** नामक पुस्तक प्रकाशित गरी त्यसलाई निरन्तरता दिई साधना गरी वि.सं.२०७२ सालसम्म दशओटा पुस्तक प्रकाशन गर्न सफल भएँ । दशओटा पुस्तक लेखेपश्चात् एउटा प्राकृतिक धर्मसम्बन्धी पुस्तक लेख्ने इच्छा लाग्यो । ज्ञानभक्ति अध्ययन गर्नका लागि यो विधि पुस्तक सँगालो मात्र नभई ज्ञान सङ्गालो सहज बगेको नदी होस् भन्ने सम्झेको छु । करिब एक सय एक पुस्तक पत्रपत्रिका, प्राकृतिक शिवको बारेमा सकेसम्म भ्याएसम्म लेखेको छु । प्राकृतिक शिवको न दिन न रात छ ।प्रकृतिको न दिन हुन्छ न रात हुन्छ । हामी आफ्नै शरीर सबै प्रकृतिले भरिपूर्ण छ । त्यसैले महायानी बौद्ध दर्शनमा भगवान्को पूजा गर्ने तरिका रात दिन गरेर चालीसओटा देखाएका छन् । ओसोले रातमा बयालीसओवटा गरेर दिनरात गरी ११५ तरिका देखाएको छ । शिवको पूजा गर्दा बेलपत्र रातमा मात्र चढाउनू भनेको छ । प्राकृतिक धर्म नै सर्वश्रेष्ठ धर्म हो । प्राकृतिक धर्म भन्नु, शिव धर्म भन्नु एकै हुन् ।

आश्चर्यं खलु एक एव रचना दृष्टं तु कौतूहलम् ।
श्रीशञ्चाष्ट पदाष्ट जिह्व नवकं वक्त्रं तु पुच्छद्वयम् ।।
नेत्रं सप्तद्वयं च द्वादशभुजं कुर्वन्तु नो मङ्गलम् ।।

प्राज्ञ प्रैँडि इन्द्रबहादुर अदि लेम गुरुङ
क्व्होलासोंथार-९, गिलुङ, लमजुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

सृष्टिबारे	१
प्राणायामको प्रकार	१
प्रणव	१
प्रणवको विवेचना	२
प्रणवका प्रकार	३
जपको प्रकार	३
धर्म	३
प्रात:काल	४
पूजा दिशाज्ञान	४
आसन	४
फूलहरु	५
चढाउन नहुने फूलहरु	५
निर्णयसिन्धुअनुसार बाजा	५
बत्ती	५
टीका	६
टीका लगाउँदा कुन औँला प्रयोग गर्ने	६
रुद्रीपूजाविधि	६
दश सुगन्ध	८
अष्ट सुगन्ध	९
ध्वनिको भेद	९
ध्वनिको फल	९
कसको स्वर कस्तो ?	९
स्वरको उत्पत्ति कहाँ र कसरी ?	१०
स्वरका छ अङ्गहरु	१०
भाव	१०
पूजाबारे	११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान १२
शेष जल १३
भगवान् पुकार्नुअघि १३
अल्फातरङ्ग १४
ध्यान गर्दा प वर्गलाई अमल गर्नु १५
शिवलिङ्गबारे १५
विभिन्न देवताका लागि विभिन्न लिङ्ग १५
लिङ्गको अर्थ १६
शिवलिङ्गको स्थापनाबारे १६
लिङ्गको तिन पात गरी ३३ शिवलिङ्ग १७
विभिन्न शिवलिङ्गहरु १७
भक्तिको प्रकार १९
भक्तियोगका नौ भेद १९
शैव धर्म २०
तिब्बतमा चार रामायण २०
माया र मोह २१
प्राकृतिक धर्म २१
प्रकृति २२
भावना - सम्भावना- कुभावना २४
शिवजीको शरीर २४
शिर २५
जिब्रो २५
पाउ २५
नेत्र २५
पुच्छर २५
शिवको घरमा समन्वय २५
जप गर्दा २६
जप तप २६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जपसङ्ख्या	२७
रसबारे	२७
अन्नरस	२७
सोमरस	२८
देवरस	२८
सुरापान	२९
रामका पालामा पेय पदार्थ	२९
कर्म	३०
देवलक	३०
ब्रह्मा र विष्णुको उत्पत्ति	३१
पुनर्जन्मको फल	३२
शिवजी प्रकृतिबारे	३३
शिवाष्टकम्	३५
शिवापराधधमापनस्तोत्र	३६
शिवजीको वरदान	३७
शिवपार्वती	३७
सतीदेवीको पूजा	३९
शिव र पार्वतीको विवाह	४०
पार्वतीको माइत	४२
शिवको नीलकण्ठ	४२
शिवजीको श्राप	४२
पार्वतीलाई उपदेश	४५
धर्म र इतिहास	४५
तन्त्रअनुसार फूल	४७
निर्णय सिन्धुअनुसार बाजा	४७
पञ्चतत्वको प्रतीक	४७
शरीरको मैला	४७
बृहत् सभा	४८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृबारे	४९
पाकपत्र (पकाउने भाँडो)	५०
पितृलाई चढाउने वस्तुहरु	५१
भोजनमा निषेध	५१
पानीबारे	५१
दक्षाको यज्ञ	५१
योगद्धारा प्राप्त गर्न सकिने सिद्धिहरु	५२
देवताका हतियार	५३
कैलाशबारे	५३
बुद्धका पाइलाहरु	५४
देवताको पूजा गर्ने शुभ दिन	५५
ज्योतिर्लिंगको उत्पत्ति	५५
गङ्गाजलको उत्पति	५६
काली गण्डकीको उत्पत्ति	५७
भागीरथी गङ्गाको उत्पत्ति	५७
मानसरोवरको उत्पत्ति	५८
ब्रह्माजीका मानस पुत्रहरु	५८
जम्बूद्वीपको उत्पत्ति	५८
श्रीलङ्काको उत्पत्ति	५९
तुलसीको उत्पत्ति	६०
भगवान् करवीरको उत्पत्ति	६१
तिलको उत्पत्ति	६२
दुबोको उत्पत्ति	६२
अविर र सिन्दूरको उत्पत्ति	६३
जौको उत्पत्ति	६३
स्वामीको उत्पत्ति	६४
दम	६४
मानिसले नौ वटा काम गर्नु अति आवश्यक छ	६५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्तिनाथ क्षेत्र	६५
भगवान् पूजा कहिले शुभ हुन्छ ?	६६
देवताको तिथि	६७
देवतालाई मान्ने दुई मार्ग	६८
विभिन्न देवताहरुले पूजा गरेको स्थान	६८
दुम्जी पूजा	६८
हलेसी महादेव	६९
शिवजीको पूजा कहाँ कहाँ ?	६९
चरित्रको बारेमा	७०
प्राणी वा जीवको प्रकार	७१
मन्त्रतन्त्र	७२
कुन बेला कता खुल्छ ?	७३
केदारनाथ	७३
पशुपति	७३
नेपाल नाम	७४
पशुपतिको बारेमा	७५
पूजारी	७६
पशुपतिमा बली	७६
पशुपतिमा भोग	७७
पशुपतिमा तोडफोड	७७
घमण्ड र झमण्ड शमशेर	७७
दानका चार भेद	७८
चार नदी कहाँबाट निस्के ?	७९
धर्मको सिद्धान्त	७९
धर्म र कर्मका दुई भाग	८०
नेपालका नदीको उद्गम स्थल	८१
सप्तगण्डकी पानी	८१
सप्तकोशी	८२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावनाको देवता	८२
क्षीर सागर	८३
ध्यान र समाधि	८४
ध्यान र समाधि बिचको भिन्नता	८५
ऋषिको श्राप	८६
साक्षात्कार गर्ने	८६
पञ्चाक्षरी दान मन्त्र	८७
बुद्ध भगवान् कैलाश पर्वतमा शिव पार्वती दर्शन गर्न गएका थिए	८७
कसले के के बनाए ?	८७
विभिन्न शिव लिङ्ग कसले बनाएका थिए	८९
कसले के को पूजा गर्दछ ?	९१
अविनाशी आत्मा	९३
मानिसको आत्मा	९३
चन्द्रमाको क्षय	९४
गुरु नानक	९५
विरुपाक्ष	९५
आत्मा	९९
मुक्ती	१००
छोराहरुको झगडा	१०२
विश्वकै ठूलो हिन्दु मन्दिर	१०२
बद्रीनाथको उत्पत्ति	१०३
बुद्धिष्टलाई अम्रिसो किन चाहिन्छ ?	१०३
बुद्ध धर्म र हिन्दू धर्म कति फरक ?	१०४
बुद्ध	१०४
दलाई लामाको खोज	१०६
पद्मसम्भव	१०८
शङ्ख किन बजाउँछन् ?	१०८
चेतना	१०८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असला माछा	१०९
अलेक्जेन्डरको मृत्यु	१०९
भोक र तिर्खा	११०
तीन तह	१११
प्र. र अ.	१११
आ र ओ	११२
साधना	११२
मन	११३
मानिसका चार अवस्था	११३
गोरुले गाडा तान्छ, गाडाको टायरले गोरुको पाइला मेट्छ	११३
हन्डर पाएर ज्ञानको भण्डार पाएकाहरु	११४
म्हिलरेपा	११६
वाल्मीकि ऋषि	११७
पञ्चसी चौहान	११८
नाम के राख्ने ?	११९
स्कन्द भेला	१२०
नारायण मन्दिर	१२०
स्टोनहेगन	१२१
आत्मविश्वास	१२१
प्रिय तिथि	१२२
मन र वन	१२२
आदित्य सप्तमी	१२३
काटमार बारेमा	१२४
रावणको शिर	१२६
मस्तिष्क	१२७
शिवभक्तको फल	१२८
सुख मेष स्वर्ग दुःख मेष नर्क ...	१२९
क्रोध (रिस)	१२९
सन्दर्भ सामग्री सूची	१३०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिबारे

भग्वान् शिवले जगत् सृष्टि गर्ने इच्छाले ध्यान गरी आफ्नो शरीरको जटाबाट जलप्रवाह गरी संसार जलमग्न गराएपश्चात् त्यसमा बीजारोपण गर्ने इच्छाले २२ करोड ५० लाख वर्षअघिसम्म ब्रह्माण्ड एक डल्लो भएर जोडेका थिए । अष्ट्रेलिया, दक्षिण अमेरिका, एसिया भगवान्द्वारा पानी नियन्त्रण गरी जमिनको भाग छुट्टिँदै गई सप्तद्वीप, सप्त समुद्र बने । समुद्रमा सर्वप्रथम जीवको रूपमा माछा प्रथम उत्पति मानिन्छ । भूगोलका वैज्ञानिकहरू डा.एडवर्ड एस्दी आरक, डा.जोनसी होल्याण्डले टेफिक ग्राफिक कोरको संयन्त्रको सहायताले बिस्तारै बिस्तारै छुट्टिँदै गएको प्रमाणित गरेका छन् ।

प्राणायामको प्रकार

प्राणायाम उत्तम, मध्यम र अधम गरी तिन प्रकारको हुन्छ । प्राणायाम गर्दा भगवान्ले छोएको तीन प्रकारको परिचय हुन्छ । परिचय नभएमा भगवान्ले छोएको मानिँदैन ।

प्रणव :

प्रणवका दुई भेद छन् ।

१) स्थूल

२) सूक्ष्म

अ, उ, म मिलेर बनेको एकाक्षरी जो छ त्यसलाई सूक्ष्म प्रणव भन्दछन् । नमः शिवायको पञ्चाक्षार यस पाँच अक्षरलाई स्थूल प्रणव भन्दछन् । जसले छत्तिस करोड मन्त्र जप्दछ उसले योग प्राप्त गर्दछ । सूक्ष्म प्रणवमा पनि ह्रस्व र दीर्घको दुई भेद छ । ह्रस्व र दीर्घको भेदबाट दुई रूप जान्नु जस्तै : आकार, भकार, विन्दु तार, शब्द, काल र कालयोगबाट मुक्त प्रणव जो छ उसलाई दीर्घ प्रणव भन्दछन् । मकारपर्यन्त जो ॐ छ त्यो अ, उ, म यी तीन तत्त्वबाट मुक्त छ यसलाई ह्रस्व प्रणव भन्दछन् । अं शिव हो उ शक्ति हो । अ उ म यी तीन तत्त्वको एकता नै त्रितत्त्व रूप हो । यस्तो सम्भेर ह्रस्व प्रणवको जप गर्नू । विश्वमा सर्वप्रथम प्रणव अ, उ, म बन्यो । सारा चराचर जगत् बिन्दु र नादस्वरूप हुन् । बिन्दु शक्ति र नाद शिव हुन् । यस तरहले शिवशक्तिको रूप हो । नाद बिन्दुको बिन्दु यस जगत्को आधार हो । बिन्दु र नाद बिन्दु देवको नाद शिवको यी दुईको संयुक्त रूपलाई शिवलिङ्ग भन्दछन् । बिन्दुरूप देवी माता "र" नाद स्वरूप भगवान् शिव हुन् । त्यसैले मानिसको मनोरथ पूर्ण गर्नका लागि ॐ नमः शिवाय पञ्चाक्षरी मन्त्र प्रतिपादित गरिएको छ । पञ्चाक्षरभित्र ३३ करोड मन्त्र हुन्छ । रुखमा बीज सानो हुन्छ, बीजद्वारा रुख बन्दछ । रुखबाट फल लाग्दछ । कतिका मानिसहरू पञ्चाक्षरी मन्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रय लिएर मानसिक, वाचिक, शारीरिक दोषमुक्त हुन्छन् । मानसिक जपपश्चात् तिन वा एक पटक अगर्भ या सगर्भ प्रणव गर्नू । सगर्भ प्रणव श्रेष्ठ मानिन्छ । सगर्भसहित ध्यानपश्चात् ध्यान, जपको सहस्र फल प्राप्त हुन्छ ।

प्रणवको विवेचना

प्रणवको विवेचना गर्दा प्रणवको वेदमा पाँच अक्षारलाई प्रणव भन्छन् । पहिलो स्वर अक्षारमा "आ" को दोस्रो पाँच अक्षार स्वरमा "उ" तेस्रो पञ्चम वर्गको अन्तिममा "म"त्यसपछि अक्षर बिन्दु र पाँच अक्षार नाद सब अक्षारको समष्टिरूप बिन्दुयुक्त जो चार अक्षर हो, त्यही नै विस्तृत रूपको शिववाचक प्रणव हो । यस साक्षरमा शिवको पाँच मुख छन् । प्रणवको विवेचना गर्दा प्रणवको वेद पाँच अक्षारले युक्त छ । पहिलो स्वर आ दोस्रो स्वर उ तेस्रो स्वतः पञ्चम वर्गको म त्यसपछिको अक्षार बिन्दु र पञ्चम अक्षार नाद । यसको समष्टिस्वरूप बिन्दुयुक्त जो अक्षार हो त्यही भित्री रूप पाँच प्रणव हो । यसले शिवको पाँचवटा मुख मान्छन् । संसार जलमग्न थियो । आकाश निराकार थियो । आकाशमा नाद प्रकट भएर ॐ कार अक्षार प्रकट भयो र प्रणव उत्पत्ति भयो । प्रणवको पञ्चाक्षरबाट ॐ नमः शिवाय प्रकट भई त्यसको अधीनमा सात करोड मन्त्रहरू रहे । त्यसकारण ॐ नमः शिवाय मन्त्रहरूको राजा हो । बुद्धिष्टहरूको नाम थर भन्ने पुस्तकमा कार्यको प्रारम्भमा ॐ नमः शिवाय जपे भूत प्रेत हट्छ भनिएको छ । ब्रह्मा, विष्णु, देवताहरू पनि त्यही मन्त्र जपेर आनन्दित हुन्थे । पञ्चाक्षर मन्त्रबाट मातृका वर्ण र वर्ण प्रकट भएका हुन् । यी ५ भेदले युक्त छन् । अ, इ, उ, ऋ, ऌ यी ५ मूलभूत स्वर हुन् । व्यञ्जन ५ वर्णले बनेको छ ।जस्तै : क ख ग घ ङ च वर्ण च छ ज झ ञ ट वर्ण र ठ ड ढ ण त वर्ण त थ द ध न प वर्ण प फ ब भ म य वर्ण । यी ५ वर्णका ५ मूलभूत स्वर र ८ वर्ग य र ल व श ष स ह यी ८ बीजमन्त्रका रूप हुन् । अबाट सृष्टितत्त्व जलतत्त्व, उ वायुतत्त्व, म आकाशतत्त्व । आकाशमा शिवको प्रार्दुभाव भयो । उत्तरपट्टि मुखबाट आकार पश्चिमपट्टि मुखबाट बिन्दु, मध्यवर्ती मुखबाट नाद प्रकट भएर एकाक्षर प्रणव उत्पत्ति भयो । ॐ नमः शिवाय भयो ।

लिङ्गपुराणअनुसार शिवजीको ओकारलाई तालु, आकारलाई निधार, इकारलाई दाहिने आँखा, ईकारलाई बायाँ कान, ऋकारबाट दाहिने गाला, ॠकारबाट देब्रे गाला ऌ दृ दुवै कानको प्वाल, साँगाश्रुति अनुसार धौम्य ऋषिले ढुङ्गामाथि बसी साम्बसदाशिवको ध्यान गर्दा ऋषिको ध्यानबाट खुसी भई सदाशिवको शब्दमय रूपको दर्शन मिल्ने अवस्थामा धौम्य ऋषिले यसप्रकारको अवस्थाको दर्शन पाएका थिए । अ-मस्तक, आ-ललाट, इ- दायाँ नेत्र, ई- बायाँ नेत्र, उ- दायाँ कान, ऊ-बायाँ कान, ऋ- दायाँ गाला,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॠ- बायां गाला, ऌ- दायां नसा, ॡ ॡ - बायाँ नसा र आन्ध्र, ए- उपल्लो ओठ, ऐ- तल्लो ओठ, ओ- उपल्लो दाँतको पङ्क्ति, औं- तल्लो दाँतको पङ्क्ति, अं- दुई तालु, क ख ग घ ङ - दाहिने पाँच औँला, च छ ज झ ञ-बायाँ खुट्टा, प- पेट, फ- दायाँ कोख, भ- कन्दा, म-हृदय, य र ल व श ष स ह सहित दर्शन गरेका थिए। त्यसैले अक्षरहरू लेख्दा चन्द्रबिन्दु (ँ) राख्ने प्रचलन गरिन्छ। शिवको दाहिनेतर्फ चन्द्रलाई चन्द्रबिन्दु भन्दछन्।

प्रणवका प्रकार

१. उत्तम (जप गर्दा शरीर उड्ने उत्तम) : उत्तम जपले भोजन, मलमूत्र अल्प हुन्छ। इन्द्रिय वृद्धि तीव्र हुन्छ।

२. मध्यम (जप गर्दा शरीर काम्ने मध्यम) : मध्यम जपले पाप र रोगव्याधि नाश गर्छ।

३. अधम (जप गर्दा पसिना आउने अधम) : अधम जपले पापनाश गर्छ।

जपका पाँच प्रकार

१. अङ्गुल जप १ गुणा/रेखा गुणा आठ गुणा, पुत्रजिबीको मालाले १० गुणा, शङ्खको मालाले एक सय गुणा, मुङ्गाको मालाले हजार गुणा, स्फटिकको मालाले १० हजार गुणा, मोतीको मालाले लाख गुणा, पद्माक्षको मालाले दश लाख गुणा, सुवर्णको मालाले कोटी गुणा, कुशको गाँठो तथा रुद्राक्षको मालाले अनन्त गुणा, ३० वटा रुद्राक्षको दानाले जप गर्दा धन लाभ हुन्छ। २७ दानाले पुष्टिदायिनी, २५ रुद्राक्षको दाना मुक्तिदायिनी, १५ रुद्राक्षको माला व्यभिचारी कर्मदायिनी।

शिवसम्बन्धी बीज प्रणव, भववान्को विशाल रूप हो। नकार शिर हो। मकार टुप्पी हो। शिवको काय हो वा नेत्र हो। य कार अस्त्र हो। ज्ञान भनेको जान्नु हो। ज्ञान प्राप्तिका लागि भक्ति चाहिन्छ। चित्त शुद्धि नभई ज्ञानको अधिकारी बन्दैन। शिव भन्नुहुन्छ- तिम्रो शरीर जहाँ छ, त्यहाँ तिमी छैनौ, जहाँ तिम्रो मन छ, त्यहाँ तिमी छौँ। पार्वतीले शिवलाई भन्नुभएको छ- तपाईं आत्मा, म प्रकृति हुँ। पञ्चाक्षरीमा इन्द्र, रुद्र, विष्णु, ब्रह्म र स्वबन्धु क्रमशः यी पाँच देवताहरू छन्।

धर्म

सृष्टिकर्ता भगवान्द्वारा तिनओटा पुत्रहरू जन्माए। देवता, मनुष्य र राक्षस। तिन जना आ-आफ्नै स्वभावका थिए। त्यसैले सृष्टिकर्ता भगवान्ले उनीहरू तिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनालाई बेग्लाबेग्लै स्वभाव दिए । देवतालाई सात्त्विक स्वभाव, मनुष्यलाई राक्षसी स्वभाव, राक्षसलाई तामसी स्वभाव दिए । तिन जनालाई दबाउनका लागि देवतालाई सात्त्विक द, पुरुषमा इन्द्रियलोलुप भएको गुरुले द को मूलमन्त्र दमनको पाठ सिकाए । तामसी (राक्षस) स्वभाव क्रोधी, निष्ठुर भएकाले उनलाई द मूलमन्त्र दमन गर्ने शिक्षा दिए । धर्म नाश भएपछि अधर्मले सम्पूर्ण कुललाई नष्ट गर्दछ । अधर्म वृद्धि भएपश्चात् सम्पूर्ण कुलकी स्त्री दुष्ट हुन्छन् । पाप वढेपछि कुलघरानमा वर्णसङ्कर उत्पन्न हुन्छ भने वराहपुराणको गीतामाहात्म्य पृष्ठ ४९ मा लेखिएको छ ।

प्रात:काल

बिहान र रातको पछिल्ला प्रात:काललाई उषाकाल भनिन्छ । अन्तिम पहरको जो मध्यभाग हो उसलाई सन्ध्या भनिन्छ । त्यस कालमा उठेर मलमूत्र त्याग गर्नुपर्दछ । बेलुका सूर्य अस्ताउनुभन्दा दुई घडीअघिको पूजा निष्फल हुन्छ किनभने त्यसलाई सन्ध्याकाल मानिँदैन । (शिवपुराण पृष्ठ-५७)

पूजा दिशाज्ञान

१. आग्नेय दिशामा मुख गरी जप, तप गरे आकर्षण बढ्छ ।
२. वायव्य दिशामा मुख गरी जप, तप, यज्ञ गरे शत्रु नाश हुन्छ ।
३. नैर्ऋत्य दिशामा मुख गरी जप, तप, पूजा गरे दर्पण प्राप्त हुन्छ ।
४. ईशान दिशामा मुख गरी जप, तप, पूजा गरे ज्ञान प्राप्त हुन्छ ।
५.पूर्व दिशामा मुख गरी जप, तप, पूजा गरे वशीकरण
२.उत्तरतर्फ मुख गरी जप, तप, पूजा गरे शान्ति
३.दक्षिण दिशामा मुख गरी जप, तप, पूजा गरे मरण
४.पश्चिम दिशामा मुख गरी जप, तप, पूजा गरे धनप्राप्ति

आसन

१.कपडाको आसनमाथि बसी पूजा गरे दरिद्रता बढ्दछ ।
२.पत्थरमाथि बसी पूजा गरे रोग बढ्छ ।
३. काठमाथि बसी पूजा गरे निष्फल हुन्छ ।
४.जमिनमाथि बसी पूजा गरे दु:खप्राप्ति हुन्छ ।
५. कालो मृगको छालामाथि बसी जप, तप, पूजा गरे ज्ञान सिद्धि हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.बाघको छालामाथि बसी जप, तप, पूजा गरे मुक्ति प्राप्त हुन्छ ।
७.कम्मलमाथि बसी जप गरेसर्वकार्य सिद्धि हुन्छ ।

फूलहरू

स्कन्दपुराणअनुसार पलाँसको फूल एक दिनमात्र चढ्छ । कमलको फूल तिन दिन चढ्छ । बेलपत्र पाँच दिनसम्म चढ्छ । तुलसीपत्र दश दिनसम्म शुद्ध हुन्छ । मालीको घरको, दोकानको यति दिन भन्ने वर्जित छैन । भगवान्लाई चढाउने फूललाई मागिरहनु पर्दैन ।

शिवजीलाई धतुरो, कदम्ब रातमा मात्र चढाउनू, विष्णुलाई रातिमात्र स्नान गराउनू ।

चढाउन नहुने फूलहरू

१.गणेशलाई कन्द, पुष्प, शिरीष र तुलसी
२.सूर्यलाई धतुरो, बेलपत्र, तगारा र राजपुष्प
३.शिवलाई केतुकी, अमला, शङ्खजल र स्वामी फूल र दुई पाते फूल
४. देवीलाई दुबो
५.विष्णुलाई पाती
६.अग्निलाई बेलपत्र र केतुकी

निर्णयसिन्धुअनुसार बाजा

नबजाऊ दुर्गालाई बाँसुरी
सूर्यलाई शङ्ख ध्वनि
शिवलाई मल्लका बाजे
अनि त सराप हुने ।
(पञ्चामृत स्कन्द खण्ड महेश्वरी संवाद)
गीता अध्याय ८ मा उपासना

बत्ती

१. शिवलाई ५ सुते
२.देवीलाई ९ सुते

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.सूर्यलाई १२ सुते
४.नारायणलाई १६ सुते
५.गणेशलाई २१ सुते
६.भागवत सप्ताहलाई २४ सुते

टीका

१.रातो-विजयको प्रतीक
२. सिन्दुर- लक्ष्मीको प्रतीक
३.पहेँलो- मोक्ष प्राप्तिको प्रतीक
४.सेतो- शान्तिको प्रतीक
५.कालो - बलिको प्रतीक
६.विभूति- परमार्थको प्रतीक
७.घ्यू - शान्तिको प्रतीक
८. अङ्गार -अशुभको प्रतीक
९.पाली टीका - पैदल भूमिको धूलो बच्चालाई लगाइदिनेलाई पाली टीका भन्दछन् ।

टीका लगाउँदा कुन औँला प्रयोग गर्ने

१. बूढी औँलाले टीका लगाई दिए पुष्टि प्राप्त
२. साईली औँलाले लगाई दिए शान्ति मिल्छ,
३. काईली औँलाले लगाई दिए मोक्ष प्राप्ति हुन्छ ।

रुद्री पूजाविधि

दिनमा गर्नुपर्दा दिनलाई तिन भाग गरी दोस्रो भागमा रुद्री अर्चना गर्नू । राति रुद्री अर्चना गर्नुपर्दा रातलाई चार भाग गरी प्रथम र चौथो भाग छोडी दोस्रो र तेस्रो भागमा गर्नू । चतुदर्शीका दिन आर्द्रा नक्षात्र परेमा रुद्री गरे अभिष्ट फल पाउँछ । मार्ग शिरको आर्द्र नक्षात्रमा परेमा ठूलो फल पाउँछ ।

१. जलेन वृष्टिमाप्नोति
अर्थ : रुद्री गर्दा पानीको धाराले अभिषेक गरे पानी पर्दछ ।
२. व्याधिशान्त्यै कुशोदकैः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ : कुशको पानीले अभिषेक गरे रोग शान्ति हुन्छ ।
३. दध्ना च पशुकामाय
अर्थः दहीले अभिषेक गरे पशुवृद्धि हुन्छ ।
४. श्रियं इक्षुरसेन च
अर्थ : उखुको रसले रुद्राभिषेक गरे ऐश्वर्य प्राप्त हुन्छ ।
५. पुत्रार्थी पुत्रमाप्नोति पयसामभिषेचनात्
अर्थः गाईको दूधले अभिषेक गरे पुत्र प्राप्त हुन्छ ।
६. वन्ध्या वा काकवन्ध्या वा मृतवत्सा च याङ्गना
सद्यः पुत्रमवाप्नोति पयासामचभिषेचनात्
अर्थः एउटा पनि सन्तान नजन्माएकी अर्को जन्माउने अवस्था भएकी (काकवन्ध्या) बच्चा जन्मँदै मर्दै गरेकी यस्ती आइमाईले गाईको दूधले अभिषेक गरे इष्टफल प्राप्त हुन्छ ।
७. घृतधारा शिवे कार्यं यावत् मन्त्रसहस्रकम् ।
तदा वंशस्य विस्तारो जायते नात्र संशयः ।।
अर्थ : घृतको धाराले रुद्राभिषेक गरेमा तथा अभिषेक मन्त्र १००० पटक आवृत्ति गरेमा सम्बद्ध व्यक्तिको वंशविस्तार हुन्छ ।
केवल गाईको दूधको धाराले अभिषेक गरे रोगनाश हुन्छ ।
९. शङ्करमिश्रिता तत्र यदा बुद्धिर्जडा भवेत् ।
श्रेष्ठबुद्धिर्भवेत् तस्य कृपया शङ्करस्य च ।।
अर्थ : दूधमा मिश्री मिसाएर अभिषेक गरे जडबुद्धि भएको मानिस पनि असल बुद्धिको हुन्छ ।
१०. सर्षपेणैव तैलेन शत्रुनाशो भवेत् ।
अर्थः सर्स्यूको तेल मिलाएर अभिषेक गरे शत्रुनाश हुन्छ ।
११. पापक्षयार्थी मधुना निर्व्याधिसर्पिषा तथा
अर्थः पाप नष्ट गर्न चाहनेले महद्वारा निरोगी हुनको निम्ति घिउद्वारा अभिषेक गरोस् ।
१२.जीवनार्थी तु पयसा श्रीकाम इक्षुरसेन वै
अर्थः दीर्घजीवी हुन चाहनेले गाईको दूधद्वारा सम्पत्ति चाहनेले उखुको रसले अभिषेक गर्नू ।
१३. पुत्रार्थी शङ्करं यस्तु रसेनार्चेच्छिवं तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थः पुत्र प्राप्तिका लागि चिनी घोलेको शुद्ध जलले अभिषेक गर्नू ।

१४. महालिङ्गाभिषेकेन सुप्रीतशङ्करो मुदा
कुर्याद् विधानं रुद्राणां यजुर्वेदविनिर्मितम्

अर्थः शङ्करजीलाई खुसी पार्न यजुर्वेदको विधानअनुसार महालिङ्गको अभिषेक गर्नुपर्दछ ।

१५. यजुर्मयो ह्ययं देवो यजुर्भिश्शतरुद्रीयैः
पूजनीयो महारुद्रः सन्ततिश्च्श्रेयइच्छता

अर्थः भगवान् यजुर्मय भएकाले यजुर्वेदोक्त विधिविधानअनुसार पूजा गरेमा सन्ततिको श्रेय हुन्छ ।

शिवजीलाई रुद्राभिषेक गर्दा प्रायः गाईको दूधमा पानी मिसाएर तामाको जलधारीवाट जल चढाउने गर्दछौं । यसलाई शास्त्रअनुसार ताम्रपात्रस्थितं दुग्धं असुरं नात्र संशयः (तामाको भाडामा दूध राखेमा असुरले खानेजस्तो हुन्छ) भनिएको छ । अध्यात्मविज्ञानका लेखक स्वामी सत्यव्रतका अनुसार पूजाको समय बिहान ३ बजेबाट ६ बजेसम्म, साँझ ५ बजेबाट ८ बजेसम्म । दैनिक पूजा गर्नेले प्रातः ४ बजे उठी ६ बजेभित्र प्रहर मुहूर्त अर्थात् अमृत बेलामा सिध्याउनुपर्दछ । सन्ध्यापूजा गर्नेले सूर्यास्तबाट नक्षत्र पूर्ण नहुँदा २ घडी भित्र प्रदोष समयमा पूजा गर्नु फलदायक छ ।

भगवान्‌लाई पूजा गर्दा बासी नभएको, प्वाल नभएको, पानीद्वारा नचोखिएको, कुनै कीरा आदि जीव नभएको, खासगरी बगैँचाको फूलद्वारा भक्तिभावले पूजा गर्नुपर्दछ । पूजाका लागि फूल चोर्दा दोष लाग्दैन । फलफूल कीराले खाएको, पुराना भएका, सड्न गल्न लागेका बासी फूलहरूका साथै भुईमा खसेको, फोहोर लागेको फूल तथा नफक्रेको कोपिलाले पूजा गर्नु हुँदैन । धर्मसिन्धुअनुसार बेलपत्र ३० दिन, तुलसी ६ दिन, दुबो ८ दिने, चाँपको फूल ९ दिन बासी हुँदैन । घरमा मूर्ति राख्दा र पूजा गर्दा शिवका २, शालिग्राम २, गणेश २ राखेर नगर्नू । ऋग्वेदअनुसार शुक्रपात्र देवताहरूको प्रिया निर्मल सोमरस राख्ने पात्र हो । सोमग्रह पात्र सोमरस सङ्ग्रह गरिने पात्र हो । सोमरसलाई स्वर्गको विजयको प्रतीक मानिन्छ । (चार वेदको सारांश पृष्ठ १६२)

<u>दश सुगन्ध</u>

१.घिउ, २.गोकुल धूप, ३. श्रीखण्ड, ४.धूपी, ५.रक्तचन्दन, ६.कपूर, ७.लाह, ८.कुमकम, ९.मासको गेडा, १०.उसिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्ट सुगन्ध

१.हर्रो, २.कुमकुम, ३.सालधूप, ४.श्रीखण्ड, ५.धूपी, ६.गोकुलधूप, ७.जायपत्री, ८.तुलसी

ध्वनि ९ वटा हुन्छ

१.घोषध्वनि -राम्रो गरी नबुझिने ठूलो स्वर
२.कांस्यध्वनि - काँसको भाडा बजेजस्तो झङ्कार
३.श्रृंगध्वनि -राति जोगीले बजाएजस्तो ध्वनि
४.घण्टाध्वनि- घण्टा बजेजस्तो आवाज
५.वीणाध्वनि -वीणा बजाएजस्तो ध्वनि
६.वंशी ध्वनि- बाँसुरी बजाएकोजस्तो ध्वनि
७. दुन्दुभिध्वनि -नगरा दमाहा बजेजस्तो आवाज
८.शङ्खध्वनि - शङ्ख बजेजस्तो आवाज
९. मेघध्वनि - मेघ गर्जेजस्तो

ध्वनिको फल

१.घोषनाद - आत्मालाई शुद्ध बनाउने, रसिक बनाउने र आकर्षण गर्ने
२.कांस्यनाद - प्राणीको निश्चिल गति, विषय आदि बद्ने गर्दछ ।
३. श्रृंगनाद - अभिचारक अर्थात् उच्चाटन र आकर्षण गर्नेवाला
४.घण्टानाद - शिव आदि देवलाई आकर्षण गर्ने हो जसले देवताहरूलाई पनि आकर्षण गर्दछ ।
५.वीणानाद - सुन्दर, दूरदर्शिता प्राप्त हुन्छ ।
६.वंशीनाद - वंशीनादले सारतत्त्व प्राप्त हुन्छ ।
७.दुन्दुभिनाद - दुन्दुभिनाद प्राप्त हुँदा जरा र मृत्युबाट छुटकारा हुन्छ ।
८.शङ्खनाद -कामरूपको प्राप्ति
९.मेघनाद - मेघबाट योगीका विपत्तिहरू शान्त हुन्छन्, यो आवाजलाई सुन्दै जाँदा परमेश्वरीय ज्योति प्राप्ति भई लिन हुनसक्छ ।

कसको स्वर कस्तो ?

१) षड्ज स्वर : मयूरले निकाल्दछ ।
२) ऋृषभ स्वर : गाईले निकाल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) गन्धार स्वर : भैँडा र बाख्राले निकाल्दछ ।
४) मध्यम स्वर : पशुपन्छीले निकाल्दछ ।
५) धैवत स्वर : घोडाले हिनहिनाउँछ ।
६) निषाद स्वर : हात्तीले कराउँदछ ।

स्वर कहाँ र कसरी उत्पन्न हुन्छ ।

१) षड्ज स्वर : कण्ठबाट प्रकट हुन्छ ।
२) ऋृषभ स्वर : मस्तिष्कबाट उत्पन्न हुन्छ ।
३) गन्धार स्वर : मुखसहिता नासिकाबाट उन्पन्न हुन्छ ।
४) मध्यम स्वर : हृदयबाट प्रकट हुन्छ ।
५) पञ्चम स्वर : उत्थान, छाती, शिर र कण्ठबाट हुन्छ ।
६) धैवत स्वर : ललाटबाट उत्पन्न हुन्छ ।
७) निषाद स्वर : सम्पूर्ण शरीरको सन्धिहरूबाट उत्पन्न हुन्छ ।

स्वरका ६ अङ्गहरू

१) नाक २) कण्ठ ३) वयस्थान
४) तालु ५) जिब्रो ६) दाँतमा आश्रित हुन्छ ।

यी ६ अङ्गहरूबाट स्वरको जन्म हुन्छ । त्यसैले यसलाई षड्ज भनिन्छ ।

१) नाभिबाट उठेको वायु कण्ठ र मस्तिष्क(शिर)सँग ठक्कर खाएर निस्कन्छ । त्यसबाट प्रकट भएको स्वरलाई ऋषभ भनिन्छ ।

२) नाभिबाट उठेको वायु कण्ठ र शिरसँग ठक्कर खाएर पवित्र गन्ध बग्छ । त्यसैले त्यस स्वरलाई गन्धार भन्दछन् ।

३) नाभिबाट उठेको वायु अरू र हृदयसँग ठक्कर खाएर नाभि स्थानमा आएर मध्यवर्ती हुन्छ । त्यसैले त्यस स्वरको नाम मध्यम मानिन्छ ।

४) नाभिबाट उठेको वायु वक्ष, हृदय, कण्ठसँग ठक्कर खाएर यस्तै पाँच स्थान, नाक, कान, वक्षस्थल, तालु र जिब्रो यो पाँच स्थानबाट प्रकट हुन्छ । त्यसैले त्यो स्वरको नाम पञ्चम हो ।

भाव

पूजा सधैँ पवित्र हुन्छ र भजन भावपूर्ण हुन्छ । त्यसमा आवश्यक छ शुद्ध आचरणको । शुद्ध हृदयले गरेको पूजाअर्चना एवं भजन, कीर्तन आधारभूत अङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ । जसमा समर्पित भाव देखाउँछ ।

कसैप्रति समर्पित हुनु भनेको धर्म हो । अतः धर्म, ज्ञान दुवै हो, आम मानवका लागि अत्यावश्यक छ ।

मन भावबाट उत्पन्न हुन्छ, मनमै विलय हुन्छ । मनले जस्तो भन्छ अर्थात् मनमा जे लाग्यो त्यहीमा लिन हुन्छ । जो चिन्तन गर्छ, त्यसैमा आशक्त हुन्छ । मन जहाँ पुग्छ मन लाग्ने काम इन्द्रियबाट हुन्छ, जन्मेको देखि सतह मात्र देखिरहने मनले सहज रूपमा भित्र देखिको परमात्मालाई देखाउन सक्दैन । मन आकारहीन छ । मनमा जस्तो आकार बनायो उस्तै हुन्छ । पदार्थ र परमात्माका बिचमा मन छ । यदि मन पदार्थतर्फ गयो भने जगत् मय देखाउँछ, आफूभित्रको परमात्मालाई देख्दैन, त्यो देख्नका लागि भावको आवश्यकता पर्दछ ।

<u>पूजाबारे</u>

बिहान पूजा गर्ने ३ वटा तरिकाहरू छन् । दिनमा पूजा गर्ने १७, मध्याह्नमा ध्यान गर्ने १२, साँझमा गर्ने १४, रातमा गर्ने ४२ गरी ८५ वटा विधि तथा तरिकाहरू उल्लेख गरिएको छ ।

अथर्ववेदले मानिसको शरीरलाई देवपुरी मानेको छ ।
यजुर्वेदले ऋषिमुनिहरूको भूमि मानेको छ
देवपुरीको मन्दिरमा एकाग्र भई धूपबत्ती बाल ।
ऋषिमुनिहरूको भूमिमा ज्ञानरूपी मलजल हाल ।।
मनबाट विष दिने बारुला र अरिङ्गाल फाल ।।।
मह दिने सिङकुसी र मौरी पाल ।
आँतको खेतमा ज्ञानको हलो जोत ।।
आफ्नै मनमन्दिरमा भगवान् खोज ।।।

खोज्यो स्वर्ग गर्दछ पाप जान्दैन कर्मको गति ।
निबुवा रोपर कहाँ फल्छ कागती ।।
कर्मैबाट हुन्छ मानवको प्रगति र अधोगति ।।।
शिक्षा ज्ञान धर्मले भेद छैन जातपातको ।
एकाग्र भई चिन्तन मनन गर निराकारको ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान

मानिसको हृदयभित्र ज्ञान र अज्ञान दुई भाग हुन्छन् । ज्ञान प्राप्त भएपश्चात् ज्ञानद्वारा दया उठ्दछ । दयाद्वारा माया र शान्ति उत्पन्न हुन्छ । शान्तिले मन स्थिर बनाई अज्ञान, क्रोध, लोभ नाश गरी आत्मा शुद्ध भई आनन्द बनाउँछ । अज्ञानले लोभ, क्रोध विकृति मनमा चञ्चलता उठ्दछ । उसको मनले स्थिरता शान्ति पाउनुको सट्टा विभिन्न शत्रुहरूले कुकर्म थाहा पाएपछि मनलाई अशान्ति गराउँछ । प्रहरी र जासुसीले फेला पार्ने डरले उसले मन दिनरात पिरोलिरहेको हुन्छ । अन्तमा ऊ हतकडीसाथ जेलनेल परी जिउँदै नर्क भोग्नुपर्दछ । मनले जब देहको कल्पना गर्छ वा भावना गर्दछ तब दह नै भन्दछ अर्थात् देहको भावनाबाट मन सुखदुःख सम्पूर्णको भोगी बन्दछ ।

गृष्म ऋतुकालमा एक जना व्यक्ति मन्दिर बनाउनका लागि पसिना चुहाउँदै घन छिनोले ढुङ्गा कोप्दै थिए । एक जना बटुवाले के गर्दै हुनुहुन्छ भनी प्रश्न गर्दा ढुङ्गा कोपेको मान्छे भन्दछन् - “भोको पेट भर्नका लागि ढुङ्गा कोप्दैछु ।” बटुवा अगाडि बढ्दै गयो । उसले अर्को ढुङ्गा कोपेको मानिस पुनः भेट्यो, उसले भन्दछ- “जहान परिवार पाल्नका लागि पसिना चुहाउँदैछु ।” तेस्रो व्यक्तिसँग कुरा गर्दा “हाम्रा गाउँमा देवताको मन्दिर बन्दैछ, भगवान्को मन्दिरको लागि ढुङ्गा कोप्दैछु ।” मन्दिर बनाएपश्चात भगवान् को दर्शन गर्न फूलपाती लिएर टाढा जानुपर्दैन । त्यसैले ज्ञान अज्ञान दुई हुन्छन् भन्ने भाव पनि दुईवटा हुन्छन् ।

भाव- १.सभाव, २.विभाव

सभावले सकारात्मक भावना दिन्छ । विभावले नकारात्मक भाव दिन्छ । यही मुखले आफ्नो श्रीमतीलाई विभाव हुन्छ, छोरीलाई चुम्बन गर्दा सभाव हुन्छ । जस्तै । हिजोआज वैज्ञानिकहरूको सुझावअनुसार स्वास्थ्यसुरक्षाका लागि मास्क लगाउने गर्दछन्, त्यसलाई सभाव भन्दछ । त्यसको विपरीत डाँका चोरहरूले पनि मास्क लगाउने गर्दछन् त्यसलाई विभाव भनिन्छ ।

ज्ञान भगवान् भावनाको भोगी हुन्छ । भावनाले ज्ञान उठाउँदछ । ज्ञान भनेको कुनै चीजको बीज हो भने माया त्यसलाई बढाउने जल (पानी) हो । ज्ञानको बीजलाई हृदयमा रोपर मायाको जलले सेचन गरे त्यो फल मनग्गे लाग्दछ । जल नराखे फल लाग्दैन । बेर्ना सक्दछ, ज्ञान र ध्यान मनसँगै लानुपर्दछ । पूजा गर्दा देवीदेवतालाई चन्दन पुष्प चढाउने घण्टा बजाउने, देवीदेवतालाई भोग लगाउने, प्रसाद चढाउने र दिने प्रथा आर्यहरूले द्रविडहरूबाट अनुकरण गरेको हो । धर्म र ज्ञानको रसले भिज्दै गएपश्चात् अन्त्यमा सबै अनुकूल र सजिलो हुँदै जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, ज्ञान, धर्म, ईश्वर र स्वर्ग यी ५ वटा चिज निष्पक्ष हुन्छन् । यिनले धनी, गरि जातजाति छुवाछुत लिङ्गभेद छुट्याउँदैनन् । यी ५ तत्त्व सम्भवत: मानवजातिका साझा हुन् । ज्ञान प्रकाशको प्रतीक हो भने अज्ञान द्वेष, अज्ञानको मूल हो, जब मानिसमा द्वेषको भावना जागृत हुन्छ तब राम्रो-नराम्रो चिनारी हुन नपाउँदै भताभुङ्ग हुन्छ र हितको पनि अहित हुन्छ ।

शेष जल

मानिसहरू भक्तहरू मन्दिरको जललाई पवित्र मान्छन्, शिरमा चढाउने जल पिउने गर्दछन् ।

पादशेषं पितशेषं सन्ध्याशेषं तथैव च ।
श्वानमूत्रं स्वयं त्वेवं पिते चन्दव्रतं चरेत् ॥
(चाणक्य दर्पण १०७)

अर्थ: सन्ध्या गरिसकेको जल पिएमा गोडा धोएको पानी वा कुकुरको मूत्रसरह हुन्छ । झुक्किएर खाएमा चन्द्रमाको व्रत गर्नुपर्दछ भनिन्छ ।

भगवान् पुकार्नुअघि

भगवान् पुकार्नुअघि जप पूजा ध्यान गर्दा अं शब्द उच्चारण गर्नुपर्दछ । ॐ शब्द मनबाट प्रकट हुने ध्वनि हो । यस ध्वनिले मनलाई स्पर्श गर्दछ । ॐ नम: शब्द मन्त्रलाई कार्य सिद्धि तथा दैव सिद्धिशक्ति प्राप्तिका लागि जपिने शब्दमात्र नभई लागोभागो झार फुकमा प्रयोग हुने मुख्य शब्द हुन् । ॐ शब्दका अ, उ, मले ब्रह्मा, विष्णु र महेश्वरलाई जनाउँछ । ॐ शब्द एउटा बीज मन्त्र हो र यसलाई यन्त्रको रूपमा पनि लिइन्छ । यदि एउटा वृक्ष ब्रह्म हो भने बीज एउटा पिण्ड हो तथा बीजले सम्पूर्ण विकसित गर्ने क्षमता राख्दछ । ॐ शब्दले सम्पूर्ण शक्ति नतमस्तक हुन्छ । ओ ११, ए ३, म २५, न २०, म २५, जम्मा चौरासी अङ्क शिव ३३ वा २४ या २१ जम्मा चौरासी यसरी बनेको ॐ शब्दलाई प्रणव भन्दछन् । पको अर्थ प्रकृतिद्वारा प्रकट भएको यस संसारबाट तार्ने प्रकाश भएको, ण को अर्थ छैन, व को अर्थ आत्मा अर्थात् आत्मामा प्रपञ्च छैन भने दिव्य ज्ञान दिलाउने भएकाले प्रणव भन्दछन् ।

प्रणव उच्चारण गर्दा अ, उ, म मध्ये अले पृथ्वीतत्त्व र जलतत्त्वको प्रतिनिधित्व गर्दछ । यसलाई सृष्टितत्त्व मानिन्छ । उलाई वायुतत्त्व मानिन्छ । यसले प्राणतत्त्वको प्रतिनिधित्व गर्दछ । मले आकाशतत्त्वको प्रतिनिधित्व गर्दछ र यसलाई आत्मतत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ। ॐ लाई बीजमन्त्र भनिन्छ। इसाईहरूले ॐ लाई अमिन भन्दछन्, बौद्धहरूले मनेपेमे भन्दछन्। प्रणवले प्रणवको जग र अर्थ विचार गरेर समाधिलाभ हुन्छ। प्रणवको जगले मात्र पुग्दैन। आत्माभित्र गहिरो चिन्तन गर्नुपर्दछ। एकाग्रले चित्तको चञ्चलतालाई नष्ट गर्दछ। जप, ध्यान पूजा गर्नु भनेको भक्ति गर्नु हो। भक्तिविना भगवान् प्राप्त हुन सक्दैन।

अल्फातरङ्ग

भगवान्प्रति प्रेमा भक्ति बढ्दै गएपछि शक्ति बढ्दै जान्छ र आनन्दको अनुभूति बढ्दै जान्छ, अनि अल्फातरङ्ग उठ्दछ। वैज्ञानिकको भनाइ के छ भने जब मानिसको अल्फातरङ्ग उठ्छ ऊ शान्तवृत्तिको हुन्छ। केही योगी ध्यानीहरूले ध्यानको प्रयोगद्वारा वैज्ञानिक डाक्टरहरू आश्चर्यचकित भएको पाइएको छ। दिल्ली मेडिकल इन्स्टिच्युटका डाक्टरहरूको एक दलले परीक्षण गर्दा उनीहरूले के देखे भने ध्यान गर्नाले आफ्नो इच्छा शक्तिद्वारा अल्फातरङ्ग पैदा गर्न सकिन्छ। एकपल्ट अमेरिकन वैज्ञानिक सल्टर भन्नेले धेरै विषयमा अनुसन्धान गरेका थिए। उनको विचार आयो कि मानिस ध्यान गरेर शान्त बनेर ध्यान गर्दा उसको मष्तिष्कमा अल्फातरङ्ग हुन्छ भने पशुपंक्षी जनावरमा हुन्छ कि हुँदैन भन्ने सोची बिरालोलाई समाई प्रयास गर्न लागे। एउटा बिरालोलाई दुई तीन दिन भोकै राखी उसलाई बिजुलीको झट्का दिइयो। जतिजति बिजुलीको झट्का दियो उति उति मस्त र लट्ठ बनेको बिरालोलाई अल्फालतरङ्ग छुट्नासाथ दूध मिठाई दिइयो। बिरालो अल्फालतरङ्ग भएपछि दूध मिठाई पाइन्छ भनी शान्त भयो। अल्फातरङ्ग उठ्नुलाई आत्मज्ञान, आत्मविकास भएको मानिन्छ। जोत बाइटले ध्यानबारे खोज गरे। उनको बहुचर्तित पुस्तक द मिटिङ अफ साइन्स एन्ड स्पिरिट नामक पुस्तकमा ध्यानलाई जीवनका लागि उपयोगी विभिन्न प्रकारका लाभहरू भएको उल्लेख गरेका छन। उनका अनुसार मानसिक तनाव एवम् चिन्ता हिंसा प्रवृत्तिमा कमी आउँछ र आत्मज्ञान आत्मविकास हुन्छ। उनले ध्यानबाट ७ वटा कुरा देखाएका छन्।

१. दैनिक जीवनमा शान्ति एवं स्वतन्त्रताको बोध,
२. तनाव, थकान, उदासीनता आदिमा कमी,
३. विभिन्न दुखाइ, कपाल जोर्नी दुखाइबाट मुक्ति,
४. अन्य रोग विषयमा लाभ,
५. असीम धैर्य एवं अरूप्रति स्नेह सहानुभूतिको विकास,
६. परमात्माप्रति श्रद्धा एवं विश्वासमा वृद्धि,
७. सामाजिक जीवनमा सुखी मनोवृत्तिको बढोत्तरी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान गर्दा प वर्गलाई अमल गर्नु

"प" को अर्थ : परिश्रम गर्नु, पाप कर्म नगर्नु, पापबाट कमाएको धनले मनलाई, शरीरलाई शान्ति दिँदैन । जप गर्दा माला गन्नुपर्दछ । मालाको सङ्ख्या १०८ हुन्छन् । जसलाई निवृत्ति र प्रवृत्ति भन्दछन् । एकको अर्थ आत्मा र शून्यको अर्थ निराकार परमात्मा । तान्त्रिक मन्त्रसिद्धिका लागि अङ्गुष्ठ एवं अनामिकाले जप गर्नुपर्छ । खाली भूमिमा बसेर जप गर्दा पावर अर्थिङ हुन सक्छ । सकारात्मक सोचाइ मुक्तवाणी निरन्तर जप गर्नाले शक्ति प्राप्त हुन्छ । डा.हसन भन्दछन् कि दैनिक मन्त्र उच्चारणले यस्तो तरङ्ग प्रचुर भएको हुन्छ कि वरिपरिको वातावरण पनि भाव अनुकूल बनाउँदछ । माला जप गर्दा घर्षणद्वारा तरङ्ग उत्पन्न हुन्छ । जुन धार्मिक काममा जप गर्दा माला लिन आवश्यक हुन्छ ।

शिवलिङ्गबारे

शिवजीले विष्णु भगवान्लाई भन्नुहुन्छ तिम्रो साहसिक कार्यलाई म सहयोग गरुँला, तिम्रो कीर्तिको विशेषता तिम्रो दुःख कष्टको उद्धार गर्नेछु । तत्पश्चात् विश्वकर्मालाई बोलाई तिमीले मेरो आज्ञाले सम्पूर्ण देवतालाई सुन्दर लिङ्ग बनाइदिनू भनी अह्राउनु भयो र विष्णुको आदेशअनुसार विश्वकर्माले विभिन्न देवताहरूलाई विभिन्न प्रकारको लिङ्ग बनाई दिनुभयो । लिङ्ग तीन प्रकारका हुन्छन् ।

१) उत्तम : चार अङ्गुलको लिङ्गलाई महर्षिहरूले शास्त्रमा उत्तम मानेका छन् ।

२) मध्यम : उसको आधा मध्यम मानिएको छ ।

३) अधम : उसको आधा अधम मानिएको छ ।

विभिन्न देवताका लागि विभिन्न लिङ्ग

१) इन्द्रलाई पद्मरागमणिको शिवलिङ्ग

२) कुबेरलाई स्वर्णमणिको सुवर्णमय लिङ्ग

३) वरुण देवतालाई श्यामवर्णको लिङ्ग

४) विष्णुलाई इन्द्रतिलमय लिङ्ग

६) ब्रह्मालाई हेममय शिवलिङ्ग ।

७) विश्वेदेवहरूलाई चाँदीको शिवलिङ्ग

८) वसुगणलाई पित्तलको शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९) अश्विनीकुमारलाई पार्थिव शिवलिङ्ग
१०) लक्ष्मीदेवीलाई स्फटिकमय लिङ्ग
११) आदित्यगणहरूलाई ताम्र शिवलिङ्ग
१२) सोमलाई मोतीको शिवलिङ्ग
१३) अग्निलाई वज्रहीराको शिवलिङ्ग
१४) श्रेष्ठ ब्राह्मण तथा उनकी पत्नीलाई माटोको शिवलिङ्ग
१५) मायासुरलाई चन्दनद्वारा निर्मित शिवलिङ्ग
१६) नागगणहरूलाई मुगाको शिवलिङ्ग
१७) देवी ध्युले वनाएको शिवलिङ्ग
१८) योगीजनलाई भस्ममय लिङ्ग
१९) यक्षागणलाई दहीद्वारा निर्मित शिवलिङ्ग
२०) छायादेवीलाई पिठोले बनाएको शिवलिङ्ग
२१) ब्रह्माकी पत्नीलाई रत्नमय शिवलिङ्ग
२२) बाणासुरलाई पारद पार्थिव शिवलिङ्ग

अन्य जनहरू पनि यसरी शिवलिङ्ग विश्वकर्माद्वारा निर्माण गरी पूजा गर्दथे। वायव्यसंहिताअनुसार प्रत्येक मासको शिवलिङ्ग बेग्ला बेग्लै उत्तम मानिएको छ। (पृष्ठ नं. ७११)

वैशाखमासमा हीराको शिवलिङ्ग, जेष्ठमासमा मरकतमणिको शिवलिङ्ग, आषाढमा मोतीको शिवलिङ्ग, श्रावणमा तिलमणिको शिवलिङ्ग, भाद्रमासमा पद्मरागको शिवलिङ्ग, कार्तिकमा मुगाको शिवलिङ्ग, मंसिरमा वैदूर्यमणिको शिवलिङ्ग, पौषमा पुष्पराजको शिवलिङ्ग, माघमा सूर्यकान्तमणिको शिवलिङ्ग, फाल्गुणमा चन्द्रकान्तमणिको शिवलिङ्ग, चैत्रमा सूर्यकान्तमणिको शिवलिङ्ग उत्तम मानिएको छ।

लिङ्गको अर्थ

लिको अर्थ लीयते र गको अर्थ गम्यते। यसको संयुक्त अर्थ हो। लीन भएको क्रिया लिङ्ग न स्त्रीको चिह्न न पुरुषको चिह्न, दुवै साक्षी चिह्न हुन्।

शिवलिङ्गहरू स्थापना गर्नेबारे

१. एक हातदेखि तिन हांतसम्म उचाइको लिङ्ग अधम
२. चारदेखि छ हातसम्म उचाइको लिङ्ग मध्यम
३. सातदेखि नौ हातसम्म उचाईको शिवलिङ्ग उत्तम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ्गलाई तीन पात गरेर ३३ शिवलिङ्ग बनेको छ ।

१. पात १ हात सवा १ हात र डेढ हात
२. पौने २ हात, २ हात, सवा २ हात अढाइ हात
३. पौने ३ हात, ३ हात, सवा ३ हात, साढे ३ हात
४. पौने ४ हात, ४ हात सवा ४ हात, साढे ४ हात
५. पौने ५ हात, ५ हात, सवा ५ हात, साढे ५ हात
६. पौने ६ हात, ६ हात, सवा ६ हात, साढे ६ हात
७. पौने ७ हात, सवा ७ हात, साढे ७ हात
८. पौने ८ हात, ८ हात, सवा ८ हात, साढे ८ हात
९. पौने ९ हात, ९ हात

विभिन्न शिवलिङ्गहरू

१. गुजरातको वैखवलमा सत्ययुगमा सोम राजाले सुनको, रावणले चाँदीको, कृष्णले काठको, मयले ढुङ्गाको शिवलिङ्ग बनाएका थिए ।
२. आन्ध्र प्रदेशको कुर्नुमा शिव मन्दिर सत्ययुगमा भगवान् विष्णुद्वारा स्थापना गरिएको थियो ।
३. आन्ध्र प्रदेशको यिशव नदी तटमा उज्जैननगरमा इन्द्रपुरी बतिमा महाकालेश्वर शिवलिङ्ग सत्ययुगमा देवताहरूका शिल्पकारले बनाएका हुन् ।
४. वैजनाथ झारखण्डको शिवलिङ्ग रावणले बनाएका हुन् ।
५. महाराष्ट्रमा त्रैयम्बकम् शिव मन्दिर सत्ययुगमा विष्णुले बनाएका हुन् । त्रेतायुगमा राम वनवास जाने अवस्थामा द्वापर युगमा युधिष्ठिरका साथ पाँच पाण्डवहरू वनवास जाँदा गौतमी ऋषिले अर्जना पूजा गरेका थिए ।
६. विश्वेश्वर महादेव सत्ययुगमा विश्वनाथले स्थापना गरेका थिए । इ.सं. ५०५ बाट १४८५ को बिचमा त्यहाँ बुद्धले एकपटक दर्शन गरेका थिए ।
७. धनेश्वर महादेव पार्वतीले स्थापना गरेका हुन् । इलाहावादको शिवमन्दिर भगवान् सूर्यले बनाएका हुन् । यो स्थानमा ब्रह्माजीले अश्वमेध यज्ञ गरेका हुन् ।
८. उडिसाको जगन्नाथ पुरीको शिव मिन्दर रामले बनाएका हुन् ।
९. नेपालमा विष्णुमती र मनोमतीको बिचको सङ्गममा करुणेश्वर महादेव भगवान् गौतम बुद्धले स्थापना गरेका हुन् ।
१०. इन्डोनेसियामा ८ औं शताव्दीमा शिव मन्दिर राज बलि तुङ्गाले बनाएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. श्रीलङ्काको कोलराजा वरार भेटीकाले सातौं शताब्दीमा कोटश्वर महादेव शिवलिङ्ग सन् १९८७ मा स्थापना गरेका हुन् ।
१२. पाटनको कुम्भेश्वर महादेव सत्ययुगमा ब्रह्माले स्थापना गरेका हुन् ।
१३. कम्बोडियाका राजा जयवर्द्धनले नवौं शताब्दीमा शिव, ब्रह्मा, विष्णुको त्रिमूर्ति बनाएका हुन् ।
१४. विरूपाक्ष मन्दिर भगवान् रामले बनाएका हुन् ।
१५. साइबेरियामा एउटा सहरको नाम ॐ राखिएको थियो ।
१६. अमेरिकाको भेरीलेय्यूमा पशुपतिको मन्दिर छ ।
१७. पाकिस्तानमा नाकेश्वर महादेव स्थापना गरिएको छ ।
१८. रामेश्वर रामले बनाएका हुन् ।
१९. गोपालेश्वर महादेव कृष्णले बनाएका हुन् ।
२०. कुम्भेश्वर महादेव पुलस्त्यले बनाएका हुन् ।
२१. हनुमान्ले अनुमति महादेव बनाएका हुन् ।
२२. कुम्भक ऋषिले कुम्भेश्वर महादेव बनाएका हुन् ।
२३. भीमसेनले रामेश्वरबाट एउटा शिला ल्याई दोलखा भीमेश्वर बनाएका हुन् ।
२४. ॐ कारमा बनेको शिव मन्दिर राजा जयवर्द्धन हलियाबाट नवौं शताब्दीमा कम्बोडियाका चोम राजा र अणदेवले विष्णु, शिव, ब्रह्मा, तीनओटा मन्दिर बनाएर मूर्ति राखे, निर्माणमा १२ सय मिलियन खर्च भयो ।
२५. इन्डोनेसियाको टापु बालीमा शिवमन्दिर सबैभन्दा ठूलो छ । सन् ९१३ मा राजा केसरी वामदेवले बनाएका हुन् ।
२६. श्रीलङ्काका कोलराजा वरार भटिकलले सन् १९८१ मा काशीबाट शिवलिङ्ग लगेर शिवमन्दिर बनाएका हुन् ।
२७. भारतको तमिलनाडु राज्यको रामनाथपुरको रामेश्वर महादेव त्रेतायुगमा सीताको खोजीमा जाँदा राम सुग्रीवसँग मित्रता गरेर उसको विशेष दूत हनुमानको सहायताले पत्ता लाउने उद्देश्यले रावणले सङ्ग्राम गर्नको लागि बाँदरको सेनाले सङ्गठित गरी दक्षिण समुद्रको तिरमा शिवको पार्थिव लिङ्ग बनाई रामले विधिपूर्वक पूजा गरेका थिए ।
२८. भारतको उत्तर प्रदेशमा वाराणसीको वरुणा र असि नदीको गङ्गाको सङ्गममा सत्ययुगमा विष्णुले विधिपूर्वक शिवलिङ्ग स्थापना गरी पूजा गरेका थिए ।
२९. महाराष्ट्रको शिवपुर अमृतेश्वर महादेव मन्दिर विष्णुले शिव पार्वतीको विवाह गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापित गरेका हुन् ।

३०. आन्ध्रप्रदेशको महबुबा नगरको ब्रह्मेश्वर महादेवमन्दिरमा ब्रह्माद्वारा नौवटा शिवलिङ्ग स्थापित छ । उडिसाको जगन्नाथ पुरीमा लोकनाथ महादेव भगवान् रामद्वारा स्थापना गरिएको हो ।

३१. इन्डोनेसियामा ८ औं शताब्दीमा निर्मित प्राचीन मन्दिर शिव, ब्रह्मा, विष्णु महेश्वरको मन्दिर राजा बतलुङ्गाले बनाएका हुन् । यो मन्दिर दक्षिण एसियामा सबभन्दा ठूलो मानिन्छ । मन्दिरको प्रवेश शुल्क रु ५५०। नगद लाग्दछ ।

३२. श्रीलङ्काको कोलम्बोमा सातौँ शताब्दीमा गोकर्णेश्वर महादेव कोडराज भेटेनले बनाएका हुन् ।

३३. इन्डोनेसियाको बालीमा ब्रह्मा, विष्णु र शिवको मन्दिर छ, त्यसलाई वैशाखी त्रिमूर्ति भन्दछन् ।

३४. युरोपका हिप्पीहरू भारतमा हुँदा शिवका मूर्ति र फोटो देख्दा ओहो हाम्रा गुरुहरूको मूर्ति र फोटो यहाँ रहेछ भनी पूजा गर्ने गर्थे ।

भक्तिको प्रकार

१.नवधा भक्ति : श्रवण, कीर्तन, स्मरण र वन्दना आदि गर्नु नवधा भक्ति हो ।

२. अनन्य भक्ति : तेलको धाराजस्तै अटुट रूपमा ईश्वरको स्मरण गर्नु अनन्य भक्ति हो ।

सर्वत्र देवताको वास छ । सबैभन्दा नजिक आफ्नै आत्माभित्रको देवतालाई पुज्नू । भगवान्ले स्पर्श गरे सूक्ष्म ध्वनिको आवाज स्पष्ट सुन्न सकिन्छ । देववाणी सुन्न पाइन्छ । शिक्षा, ज्ञान, धर्म ईश्वर र स्वर्ग यी ५ वटा चिज निष्पक्ष हुन्छन् । यिनले धनी, गरिब जनजाति छुवाछुत लिङ्ग भेद छुट्याउँदैन । यी ५ तत्त्व सम्भवतः मानवजातिका साझा हुन् ।

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवो तस्माद् भावो हि कारणम् ।।

अर्थ : देवता न काठमा, न ढुङ्गामा, न माटोमा हुन्छन्, देवता त भावनामा हुन्छन् त्यसैले भाव नै कारण हो ।

भक्तियोगका प्रकार

१. श्रवण : एक चित्तले सुन्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. भजन : कीर्तन अथवा गायन वादन ।
३. स्मरण : भगवान्‌को नाम याद गर्नु ।
४. अर्चना : शास्त्रअनुसारको भगवान्‌को पूजा गर्नु ।
५. पाद सेवा : पाउमा पूजा गर्नु ।
६. वन्दना : दिनहीन भाव लिई ईश्वरको वन्दना गर्नु ।
७. दया : स्वार्थलाई दासले जस्तै ईश्वरमा समर्पित हुनु ।
८. सख्य : ईश्वरलाई स्वामीको रूपमा प्रेम गर्नु ।
९. आत्मनिवेदन: विनाघमण्ड ईश्वरप्रति आफ्नो मन समर्पित गर्नु ।

शैव धर्म

संसारको प्राचीन धर्म शैव धर्मलाई मानिन्छ । शैव धर्मको प्रादुर्भाव सर्वप्रथम मिश्रबाट भएको मानिन्छ । मिश्रका अनुसार आइसिर जातिहरूबाट नै लिङ्गको प्रभाव भएको मानिएको छ । रोममा पनि प्रतिष्ठित थिए । उनीहरूको मन्दिरमा अग्नि प्रज्वलित भइरहन्थ्यो । वैदिक कालमा सर्वव्यापी थिए । परम शक्तिशाली शत्रुनाश गर्ने शक्ति उनमा थियो । शिवको प्राचीन मूर्ति सन् १९३० मा उत्खननमा फरदो नदीको किनारमा काजेसीस तेलहन अमरा प्राचीन तेल काशीमा प्राप्त भयो । उक्त प्राप्त मूर्ति अन्तप्यो कारसिस सङ्ग्रहालयमा सुरक्षित राखिएको छ । सिन्धु उपत्यकामा भएको उत्खननमा प्राप्त मुद्रा कुतमान साढे भएको माटाका मुद्रा थिए । भारतीय शासकहरूका मुद्रामा पनि साढे चिह्न थियो । नेपालका लिच्छविकालमा वृषभ मुद्रा पनि साढे भएका मुद्रा थिए ।

मिश्रका शक्तिशाली शासक फिरोद थोमोप्तस प्रथमले आफ्नो शक्ति र सत्ताको प्रतीकको रूपमा शिवरूप धारणा गरी शिरमा सर्पको आकृति भएको धातुको पत्र लगाउने गर्दथे । त्यो धातु सर्पको टाउको बेरिएको अनि अघिल्तर फणा उठाई निधारमाथि पर्ने गरी लगाउने गर्दथे ।

तिब्बतमा चार रामायण

नेपालमा आनन्द रामायण, तुलसीकृत रामायण, भानुभक्त रामायण, अध्यात्म रामायण भएजस्तै तिब्बतमा पनि चारओटा रामायणहरू छन् । जस्तै : तेनहाङ, माङचोङ, नुदेतेला, चारशिम्बु भन्दछन् । रामलाई भारजोङ्ग, लक्ष्मणलाई रमन, रावणलाई लकम, भरतलाई भामसेन, सीतालाई रतनदन, गणेशलाई सकुन्दा भन्दछन् ।

भगवान् एउटै हो । भगवान्‌को नाम देश, जाति, भाषाअनुसार फरक फरक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दमा पुकारिन्छ । Truth Good and Beauty यसलाई हिन्दू धर्ममा सत्यम् शिवम् सुन्दरम् भनिन्छ । हिन्दू धर्मग्रन्थ प ञ्चतन्त्रलाई न्युडरले १८२५ मा अनुवाद गरे । अर्का अनुवादक श्री डी घोषले १८३५ मा अनुवाद गरे । हड्सनले के लेखेका छन् भने भगवान् गीता जहिले पनि अन्तरात्मा एवं अध्यात्मसँग बढी सङ्गत भएको ग्रन्थ हो । गीताको अनुवाद सन् १७८५ मा चार्ल्स विलियम कन्सले गरेका थिए । द सङग अफ गडको परिचयमा स्वामी परमानन्द र क्रिस्टोफर इसावुड्ले लेखेका छन् कि गीता समस्त वान हेल्ट बोल्ट हो । इमर्सन अमेरिका जस्ता बुद्धिजीवीबाट प्रशंसा पाएको हो । यसले हेगल र स्टोफनी हर्टजस्ता विचारकलाई काफी प्रभावित पारेको थियो । एटोमिक एनर्जी कमिशनका प्रथम अध्यक्ष रोबर्ट आपन हेगनले प्रथम अणुबमको विस्फोटको अवस्थामा न्यू मेक्सिकोमा गीताको अध्याय ११ र १२ को श्लोक उल्लेख गरेर स्तब्ध पूरा संसार चकित मात्र भएनन् उनले एक सम्मेलनमा भनेका थिए कि हिन्दूको देवता विष्णु, शिव र अन्य देवी देवताको याद दिलाएका थिए ।

माया र मोह

माया, प्रेम र मोह एकआपसमा गाँसिएका शुभ शब्दहरू हुन् । प्रेम नगरे माया हुँदैन । माया र प्रेम बलियो भए यी दुईको माध्यमबाट महजस्तै गुलियो भएर टाँसिन्छ । जीव प्राणीमा सचेतना होस् या नहोस् सबैलाई माया र प्रेमको आवश्यकता पर्दछ । तपाईले कुनै बगैँचामा फलफूल लगाउनुभयो त्यसलाई माया प्रेमपूर्वक सेवा सुसार गरे मनग्ये फल पाउँदछ । रोपेर मात्र राखे बीज (बोट) पनि हराउन सक्दछ । सपेराहरूले सर्पलाई मायाप्रेम गरेकाले बाँसुरीको तालमा नाच्दछन् । मानिसलाई खाने बाघलाई माया र प्रेमवशमा पारी मानिसले लट्ठीले धपाएरै लखेट्छन्, मानिसले चिथोर्ने भालु नचाउँदछ । जुम्लाका मानिसहरूले शिखारी बाज चरालाई समाउनलाई पासो थाप्दछन् । पासोलाई सपटी भन्दछन् । पासोमा परेका बाज चरालाई हातमा छालाको पञ्जा लगाई बाजको आँखा सिलाई सात दिनमा खोलिन्छ र उसलाई जङगलबाट चरा लिएर आउँछन् । यो माया, प्रेम, मोहको प्रस्तुति हो ।

आयो गयो बढ्यो माया मोह
आएन गएन माया घट्यो भयो को हो को हो !!

प्राकृतिक धर्म

शिव धर्म हिन्दु धर्ममा सनातन मात्र नभई प्राकृतिक धर्म पनि हो । शिवलाई कालपुरुष पनि भन्दछन् । दुर्गालाई प्राकृतिक भन्दछन् । कालपुरुष शिवले प्राकृतिक दुर्गा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मेरो संसर्गले सबै जीव तथा प्राणीको उत्पत्ति हुन्छ, म सबैको पिता हुँ, प्राकृतिक दुर्गा अष्याङ्गी सबैका माता हुन् भनेका छन् । यसैले प्राकृतिक दुर्गा अष्टाङ्गीबाट उत्पन्न तिनै गुणलाई विभाजन गरी रजोगुण ब्रह्मालाई, सद्गुण विष्णुलाई, तमोगुण शिवलाई विभाजित गरी अन्य प्राणीहरूलाई बन्धनमा बाँधेको छ । शिव र बोन्पोहरू प्रकृतिवादी हुन् । उनीहरू माला लिँदा दाहिने हातमा लिने गर्दछन् । रुखको लहरा दायाँबाट बेरिएको हुन्छ । शिवको नाग दायाँबाट बेरिएको हुन्छ । त्यसैले तन्त्रमन्त्रको गुरु नै शिव हुन् । विश्वमा पहिले प्राकृतिक धर्म थियो । प्रको अर्थ प्रकाश र कृतिको अर्थ कृति । प्राकृतिक धर्म र अप्राकृतिक धर्म यी दुईको सम्मिश्रणबाट संसारको धर्मस्वरूप बनेको छ । प्राकृतिक धर्म नभए सनातन धर्मको सञ्चारी आधार छैन र सनातन धर्म नभए प्राकृतिक धर्मको अस्तित्व छैन । प्राकृतिक धर्म र सनातन धर्ममा मातापिता, पुत्रजस्तै सम्बन्ध रहेको छ । जस्तै : छोराछोरी जन्माउनु पिताजस्तै हुनु, अप्राकृतिक, कार्यसम्बन्ध गर्न प्रत्येक तहबाट माथि उठ्नुपर्छ ।

जस्तै : १.पृथ्वी, २. जल, ३. तेज, ४. आकाश, ५. ईश्वर जलचर, स्थलचर, वनस्पति, श्वासप्रश्वासको सृष्टि भयो ।

गुडे मधुरता चाग्नेरुष्णत्वं प्रकृतिर्यथा ।
शून्यं च सर्वधर्माणां प्रकृतिरिष्यते ।।

अर्थः गुडमा मिठो, आगोमा तातो, पानीमा चिसो सबै प्राकृतिक धर्म हो । त्यसैले सबै धर्म प्राकृतिक शून्यता हो ।

प्रकृति

माटो, पानी, प्रकाश, (तातो) र हावा यी चार कुरा मिलेर जीव बन्दछ अर्थात् जीवको रूप देखापर्दछ । असिन देखापरेका वस्तुलाई नै रूप मानी कल्पना गरेर संज्ञा बनाई रहेकाले हावा, पानी, तातो (प्रकाश) यी तीन कुरा एकै ठाउँमा मिलेर अन्न, फलफूल, वृक्ष, रुख आदि भएर आउने हो, त्यसैले प्राकृतिक आराधनाको ठूलो महिमा छ । सूर्यलाई वीर्य र पृथ्वीलाई रज भन्ने दुईवटा प्रकार छ । देउतालाई मान्ने दुईवटा प्रकार छ ।

१. भक्ति मार्ग : भक्तिमार्ग भनेको लयबद्ध रूपमा गाएर देवताको गुणगान गर्नु हो । देवताको भजन गरी मानिस उसको भक्त बन्दछ । भक्ति भनिने सम्पूर्ण कार्यलाई भक्तिमार्ग भन्दछन् ।

२. ज्ञानमार्ग : आफूले श्रद्धा गरी मानेको देवतालाई सर्वोपरि मानी मानिस आफ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताको दाससिबाय अरू केही होइन भनी मान्ने ।

रुखमा वास गर्ने देवतालाई गन्धर्वदेव भन्दछन् । बुद्ध भगवान्ले रुखको छायाँमा बसी ज्ञान प्राप्त गरेकाले बुद्धिष्टहरू प्राकृतिक धर्म रुख धर्मलाई बढी महत्त्व दिन्छन् । एकपटक बुद्ध भगवान् जाँदै गर्दा बाटोमा बुद्धका अनुयायीहरू पीपलको बोटहरू बलि दिई राखेको पाएर बुद्ध भगवान् पनि त्यस समारोहमा भेला भई पूजा गरेको कुरा दुगमजातक ५० मा उल्लेख गरिएको छ । शिक्षा, ज्ञान, धर्मको कर्म शुभकार्यहरू जति गरे पनि पूरा हुँदैन । अपुग हुन्छ, समाप्त हुँदैन । शुरु मात्र हुन्छ । अशुभ कार्य सुरु गर्नासाथै अन्त्य हुन्छ । जस्तै गोरुले गाडा तान्छ? गोरुको पाइला गाडाको टायरले मेट्दै ल्याउँछ । त्यस्तै नराम्रो कार्य सुरुसँगै अन्त्य हुन्छ । कर्म शब्द सांस्कृतिक मूल शब्द हो । कर्मको अपभ्रंश भएर काम भयो । मनले कर्मलाई जगाउँदछ । कर्मले शरीरलाई खेलाउँदछ । कर्म र शरीर (मन) एउटा डोरीको दुईतिरको नसा हुन् । भगवान् प्राप्तिका लागि आहारा शुद्ध हुनुपर्छ । हामीले खाएको पदार्थ तीन भागमा विभाजित हुन्छ । सर्वप्रथम स्थूल भाग मल भएर जान्छ । अलिकति भाग मासु बन्दछ, अलिकति भाग पानी तथा पिसाब बन्दछ । केही भाग रगत बन्दछ र केही भाग प्राण बन्दछ । त्यसैले आत्मशुद्धि चाहिन्छ ।

मुखले भन्छ शिव शिव कर्मले गर्छ पाप
निबुवा रोपेर कहाँ फल्छ आँप ।

ध्यान भनेको मनको परम सङ्कल्प हो । ध्यान भनेको अर्थ एक्लै रहन सक्ने क्षमता हो । हामी पूजा गर्दछौँ । पू को अर्थ पवित्रता र जा को अर्थ हाम्रो शरीरलाई शुद्धीकरण गर्ने हो । शुद्धीकरण गर्ने भनेर साबुन पानीले धुनुमात्र होइन । हाम्रो मनभित्रको इन्द्रिय शुद्धताले धुनुपर्दछ । मनको अर्थ शरीरको अर्थ साधना गर्नु हो ।

ज्ञानको आँतको खेतमा ज्ञानको हलोले जोत
आफ्नो हृदयभित्र भगवान् खोज
मनभित्रको अरिङ्गाल र बारुला फाल
मह दिने मौरी र सिमकोशी पाल ।
जपतप ध्यान गर्नु छैन जान्दैन कर्मको गति
कर्मैबाट प्राप्त हुन्छ प्रगति र अधोगति ।

हिटलरले अन्तिम समयमा आफ्नो डायरीमा यदि विश्राम लिनु छ भने प्रकृतिभित्र शरण लिनू भनेर लेखेका छन् । हिन्द महासागरको किनारमा ५०० मिटरको लामो पेन्जी समुद्रको तटमा वि.सं.२०७२ वाट स्थानीय सरकारले अफ्रिकाको पहिलो नाङ्गो पर्यटक गन्तव्य बनाउन मान्यता दिएको छ । दक्षिण अफ्रिकाको राष्ट्रिय प्रकृतिवादी सङगठनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यक्ष सार्ग्या पामलो भिक्ले समुद्र तटमा नाङ्गै दिन बिताउन निकै रमाइलो हुन्छ। नरनारी कसैले कसैको वास्ता गर्दैनन् भन्दछन् । यहाँ नाङ्लो आउनेले भलिबल र बोरा दौड प्रतियोगिता आयोजना गरेर हामीलाई बधाई शुभकामना दिएर आएका थिए । नाङ्गै घाम ताप्न अति रमाइलो लाग्दछ । आजसम्म आचारसंहिता पालना भएको पाइन्छ ।

भावना – सम्भावना– कुभावना

भावना भन्नु भनेको सोधाइ हुन् । सोधाइ एकत्रित भए सफलता पाइन्छ । भगवान् लाई फू परिकारभन्दा भावनाको फलफूल चाहिन्छ । हामी यान चढ्दा वा व्यापारीले व्यापार परस्परमा धूप दिने गर्दछन् । खोलानालालाई नमस्कार गरिन्छ । भगवान् नमस्कार गरेका वस्तुमा हुँदैनन् भावनाभित्र हुन्छन् । भगवान् मनभित्र हुन्छ । चाणक्य नीतिअनुसार

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवो तस्माद् भावो हि कारणम् ।।

मनभित्र २ वटा भाव हुन्छन् । सुधार भावना, नकारात्मक भावना

पौराणिक कथाअनुसार १ जना मानिस अर्कै गाउँमा गएका थिए । बाटो परिसरमा १ जना ज्यामी ढुङ्गाको काम गर्दै थिए । बटुवालाई केका लागि ढुङ्गा काट्दै हुनुहुन्छ भनी प्रश्न गरे । जवाफमा ढुङ्गे भन्छन् "आफ्नो काम गरेर बालबच्चालाई पाल्नका लागि ढुङ्गा कुँद्दैछु " । बटुवा हिँड्दै जाँदा अर्को १ जना टन्टलापुर घाममा ढुङ्गा कुट्दै थियो । उसलाई पनि त्यही प्रश्न गरियो । प्रश्नको जवाफमा पेट पाल्नका लागि ढुङ्गाको काम गर्दैछु भन्यो । तेस्रो ढुङ्गा कुट्नेलाई टन्टलापुर घाममा त्यही प्रश्न सोधे । ढुङ्गा कुट्ने भन्दछन् "गाउँमा भगवान् शिवको मन्दिर बनाउँदैछन् शिव पूजा गर्न टाढा जानुपर्दैन । शिवको आराधना पूजा गर्नका लागि मन्दिर बनाउँदैछु " भनेर जबाफ दिए ।

शिवजीको शरीर

आश्चर्यमेक एव रचना दृष्ट्वा तु कौतूहलम्
शीर्षं चाष्ट पदाष्ट जिह्व नवकम् वक्रोष्ठ पृच्छद्वयम् ।
नेत्रं सत्यत्रयम् च द्वादशभुजं वेदाः प्रमाणं स्थितम्
चतुर्दिशा प्रतिदिनं कुर्वन्तु नो मङ्गलम् ।।

अर्थः शिवजीका शिर ५, पार्वतीका १, सर्पको २, गोरुको १ गरीशिवजीको ९ वटा टाउको हुन्छ । शिवजीको जिब्रो ५ वटा, पार्वतीको १, सर्पको २, गोरुको१ गरी जम्मा ९ वटा जिब्रो हुन्छ । शिवजीको पाउ २, पार्वतीको२, गोरुको ४ गरी शिवजीको जम्मा ८ वटा पाउ हुन्छ । शिवजीको आँखा १५ वटा, पार्वतीको २ वटा, सर्पको २, गोरुको २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वटा गरी जम्मा शिवजीको आँखा २१ वटा हुन्छ । गोरुको १ र सर्पको १ गरी जम्मा २ वटा पुच्छर हुन्छ । यस्ता प्रकारका भगवान्ले हामीलाई रक्षा गरुन् भनी माथिको श्लोकमा उल्लेख गरिएको छ ।

शिर

शिवजीका - ५
पार्वतीको - १
सर्पको - २
गोरुको - १

जिब्रो

शिवजीका - ५
पार्वतीको - १
सर्पको - २
गोरुको - १

पाउ

शिवजीका - २
पार्वतीको - २
गोरुको - ४

नेत्र

शिवजीका - १५
पार्वतीको - २
सर्पको - २
गोरुको - २

पुच्छर

सर्पको - १
गोरुको - १

शिवको घरमा समन्वय

१) शिवको वाहन बसाहा
२) देवीको वाहन बाघ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) शिवको गहना सर्प
४) गणेशको वाहन मुसा
५) कार्तिकेको वाहन मयूर

यसरी पृथक् पृथक्लाई समावेश गरी बस्न सक्नु शिवको महानता हो ।

<u>जप गर्दा</u>

जप गर्दा भगवान्ले स्पर्श गरे शरीर सनसनाउँदछ र बोल्नमा गद्‌गद् हुन्छ र गला रोकिन्छ । कम्पन हुन्छ हर्षले आँसु आउने रोचक हुन्छ । त्यसकारणले त्यसलाई प्रतिवाद नगर्नू । जब ध्यान भजन सधैं भावपूर्ण र पवित्र हुन्छ यसमा आवश्यकता र शुद्ध आचारमा घर पर्दछ । शुद्ध आचरण मानिन्छ । यसै प्रति समर्पित हुनु भनेको धर्म, ज्ञान, विज्ञान दुईवटा नै हो । यावत बोली अर्थात् बोल्ने वेलामा आदि लक्षाण प्रकट हुन्छ । भगवान् शरीरमा चढेपछि दाहिने तर्फ तान्दछ । जहाँसम्म तान्दछ त्यहाँसम्म लैजानुपर्छ । बिचमा तानेमा गडबडी हुन्छ । उपासनको अर्थ समीप (नजिक) को आसन हो । देवताको नजिक मनलाई बसाउनु अर्थ हो । उपासना पनि भक्ति र योग हुन्छ । श्रद्धाविना कुनै साधना सफल हुँदैन । श्रद्धा साधना अर्थात् विश्वास हो । हामीले एउटा बीज अर्थात् अन्नको बिऊ रोपेर धेरै फल पाउँछ । हाम्रो मन सबल हुन्छ, आनन्द लिन्छ । श्रद्धाको खेतीलाई रहर लाग्दो बनाएपछि आनन्द हुन्छ ।

जप ध्यान गर्नु छैन जान्दैन कर्मको गति
कर्मैबाट हुन्छ प्रगति र अधोगति

जप ध्यानद्वारा भगवान्द्वारा चार प्रकारको आशीर्वाद दिइन्छ ।

१. आयुवृद्धि   २. बुद्धिवृद्धि
३. लक्ष्मीवृद्धि   ४. कीर्तिवृद्धि

<u>जप तप</u>

तपस्या तिन प्रकारबाट गरिन्छ ।

<u>१. सात्त्विक</u>

सात्त्विक परमार्थसँग मन, वचन र कर्मले पवित्र भावना बनेर केहीको आशा नगरी समर्पित गरेर गरेको जपतप तपस्या सात्त्विक हो ।

<u>२. राजस</u>

कसैले गरिदेला भनेर आशा गर्ने वा कसैबाट सहायता पाउने आशापूर्वक गरेको जपतप तपस्या राजस तपस्या हो । त्यसको कुनै स्थिरता हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. तामस

एकोहोरो ढिपीसाथ शरीरलाई अनावश्यक रूपमा सताएर हुने तपस्या तामस हो । यस्तो तपस्याले केही क्षण सफल भए पनि पछि गएर असफल हुन्छ । भगवान्ले आफ्नो इच्छाअनुसारको फल दिने गर्नुहुन्छ । तामसीहरू लुटपिट, हानमार गर्दछन् । केही क्षण उनीहरू भौतिक रूपमा आनन्दित देखिन्छन् । वास्तवमा उनको हृदय कमजोर हुन्छ र ज्यूँदै नर्कमा डुब्दछ । उसको आँत खोक्रो बनिरहेको हुन्छ । असन्तोषी हुन्छ, अनिन्द्रा हुन्छन् ।

जपसङ्ख्या

सत्ययुगमा १० वर्ष गरेको फल त्रेतायुगमा १ वर्षमा फल प्राप्त हुन्छ । त्रेतायुगमा १ वर्ष गरेको फल द्वापरयुगमा १० महिनामा प्राप्त हुन्छ । द्वापरयुगमा १० महिनामा गरेको फल कलियुगमा १ दिनमा प्राप्त हुन्छ भनेर वेदव्यासले लेखेका छन् । यसमा श्रद्धा र भक्तिलाई आधार हुन् भनिएको छ । भगवान् शिवको १ क्षण १ मुहूर्त पनि कसैले पूजा गर्दैन भने उसको कार्य सफल हुँदैन । जो मानिस प्रतिदिन शिवप्रति आस्था राख्छ र भक्ति गर्दछ उसले क्षणक्षणमा सबै प्रकारका चिज प्राप्त गर्दछ, मनले चिताएको पुग्दछ । जप गर्दा १ लाख जपे शारीरिक शुद्धता, २ लाख जपे पूर्वजन्मको याद आउँछ । ३ लाख जपे काम्यवस्तु प्राप्त गर्दछ । ४ लाख जपे सपनामा भगवान् शिवको दर्शन मिल्छ । १० लाख जपे अष्टसिद्धि प्राप्त गर्दछ ।

रसबारे

मानिसले देवकार्य, पितृकार्य, अतिथि सत्कार, उत्सव भोज आदिमा रसलाई प्रयोग गर्ने गर्दछन् । रस ३ प्रकारका हुन्छ् । साङ्र्गसंहितामा ६ प्रकारको देखाएको छ । रामको पालामा आठ प्रकारका रस प्रयोग गर्दथे ।

१. अन्नको रस
२. सोमरस : फलफूलबाट निकालेको रस
३. देवरस

अन्नरस

यसलाई मदिरा भन्दछन् । यसलाई तुच्छ मान्दछन् र देवकार्य, पितृकार्यमा प्रयोग गर्दैनन् । यसले मानिसलाई अचेत तुल्याउँछ । बेहोसीबाट आफ्नो श्रीमती छोरा छोरीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृत्युमा पुऱ्याएको थाहा हुँदैन, सिस्नो काँडा समातेको थाहा हुँदैन, दिसापिसाबमा सुतेको थाहा हुँदैन । यसलाई निच, तुच्छ रस मान्दछन् ।

सोमरस

फलफूलबाट बनाएको रसलाई सोमरस भन्दछन् । यो हाल विकास भई धेरै प्रकारका बनिसके तापनि मुख्यत: नेपालको सिन्धुपाल्चोक जिल्लाको दुम्जा पर्वतमा हाल जिल्ला सिमाना विभाजनमा हेरफेर हुँदा रामेछापमा परेको धुम्जामा पाइने एक प्रकारको लहरोलाई कुटेर रस निकाली दूधसँग मिसाएर खानेलाई गवाशिर, दहीसँग मिसाएर खानेलाई दध्याशिर भनिन्छ । यसले मानिसको शरीरमा विचित्रको स्फूर्ति उमङ्गको सञ्चार गर्दछ । मनमस्ती भई उत्साहवृद्धि गराउँदछ । स्वर्गका राजा इन्द्रले सोमरस आदि पिउँदथे । रसको उमङ्गमा परस्त्री आक्रमण गर्दथे । त्यसको फलस्वरूप कुन्तीबाट अर्जुन जन्मिए । अधिक रसकै कारण शाम्बा ऋषिको दासनगर ध्वस्त पारेका थिए ।

देवरस

देवरस असली रस हो । देवरसले भगवान्लाई एकाग्र गराई जब ध्यान कीर्तनमा मस्त गराउँछन् र मानिसलाई आनन्द तुल्याउँछन् । जीवन बितेको थाहा नै हुँदैन । भोक, प्यास, लाज, शर्म, पचिसकेको हुन्छ । कदम्य ऋषि एउटा गङ्गाको किनारमा सुकेको वृक्षमुनि आँखा चिम्लिएर वरको पात ओडी ध्यानमा बस्दा उनको दुई खुट्टाको पैतालाबाट वर र पीपल उम्रिएर त्यस रुखमा चराहरूले गुँड लगाएको, उसको शरीरमा धमिराले गोलो लगाएको, सर्पहरू ओहोर दोहोर गरिरहेको, मृगहरू उसको आङमा दलिरहेको दृश्य राजा युधिष्ठिरको अश्वमेध यज्ञको घोडा नफर्किएकाले विराजमान, हंसवाहन, अर्जुन, बभ्रुवाहन र मयूरले घोडा खोज्न जाँदा देखेका थिए भन्ने वेद पुराणहरूमा पाइन्छन् । त्यस्तै ब्रह्माका मानसपुत्रहरू सात भाइ सप्तऋषिहरू मुक्तिनाथको दर्शन गर्न जाँदा सात भाइले एक एकवटा लट्ठी टेकेर मुक्तिनाथ गएका थिए । जपध्यानको अवस्थामा लट्ठी गाडेर ध्यान गरिरहँदा ध्यानबाट ब्युँझिएपछि उक्त लट्ठी पलाइसकेका रहेछन्, तर उखेल्न नसकी त्यही छोडेर गए । त्यसलाई गणपीपल भन्दथे हाल त्यसलाई भोटे पीपल भन्दछन् । यो मुक्तिनाथमा प्रशस्त पाइन्छन् । यो साउनबाट कार्तिकसम्म भुवा उडिरहन्छ । यो शिवजीलाई चढाउने गर्दछन् ।

देवरसले गर्दा शिवपुरी बाबाले बागद्वार नजिकको रुखको टोड्कामा २३ वर्षमा जप तप गरे । उनको २०१९ सालमा १३७ वर्षको उमेरमा मृत्यु भयो । त्यसलाई टोट्के बाबा भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महायोगी मिलरेपाको कैलास पर्वतको नजिकमा बिच्छुबुटी खाई तपस्या गर्दा ज्यान हरियो भइसकेको थियो । बहिनी पेताँ दाजुलाई भेट्न जाँदा दाजु निर्वस्त्र नाङ्गै देखेकाले दाजुलाई लाज छोप्नका लागि आफूसँगको सानो कपडाको टुक्रा दिई तर उनले स्वीकार गरेनन् । उनी भन्छन् नाङ्गै आयो नाङ्गो जानु छ वस्त्र चाहिँदैन भनी स्वीकार गरेनन् ।

दक्षिण अफ्रिकाको हिन्द महासागरको सेन्डीपेन्टी समुद्रको तटमा हाल पनि कैयौं महिला, पुरुष छ्यासमिस गरी जप ध्यानमा मस्त हुन्छन् । कसैले कोहीप्रति वास्ता गर्दैनन् । भस्मासुर राक्षस शिवभक्त थिए । उनले उँधो मुन्टो गरी झुण्डेर बाह्र वर्ष तपस्या गरे । भगवान् खुसी भई वरदान दिँदा घमण्ड चढेर त्यही वरले भस्म हुनुपर्‍यो ।

सुरापान

शिवलाई सुरापान गर्ने भनी निन्दित गर्दछन् । शिव तान्त्रिक मन्त्रका रचयिता हुन् । तान्त्रिक विद्यामा सुरापान चाहिन्छ । सुरापान नगर्नेलाई असुर भन्दथे । एक पटक शुक्राचार्यसँग कचले मृतसञ्जीवनी विद्या सिक्न गएका थिए । वरिपरिका मानिसहरू कचले सञ्जीवनी विद्या सिक्न आउँदा हलचल भयो । राजा भस्मप्रभले शुक्राचार्यबाट विद्या सिक्ने डरले कचलाई मार्ने नियत गरी कचलाई मारी कचलाई सुरामा हाली शुक्रचार्यलाई पिलाउनुभयो । बेलुका अबेरसम्म कच नआएकाले खोजी भयो । अन्त्यमा कचलाई सुरामा मिसाई आफूलाई खुवाएको थाहा पाए । त्यसपछि शुक्रचार्य रिसाएर अब उप्रान्त ब्राह्मण जातिले सुरा नपिउनू भनेकाले ब्राह्मणले छोड्न बाध्य भए । सुरापानले लट्ठ परेका यादवहरू आपसमा लडी सखाप भएकाले श्रीकृष्ण भगवान्‌ले अबदेखि क्षेत्रीले सुरापान नगर्नू, गरेमा श्राप दिन्छु भनेकाले उनीहरूले खान छोडे ।

रामका पालामा पेय पदार्थ

१. किथ्यसुर : यो केही वस्तुहरू मिसाएर बनाएको हुन्थ्यो ।
२. शिरब : यो मसलाबाट तयार गर्ने गर्दथे ।
३. मध्य : यो बेहोस तथा मदवाला बनाइदिने ।
४. मन्ध्या : यो साधारण पेय पदार्थ ।
५. सुरव : यो नामको पेय पदार्थ उपर्युक्त पेयको मिश्रण थियो । उक्त पेय प्राकृतिक विधिबाट बनाइन्थ्यो ।
६. सिन्धु : यो गुडले बनेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. सोवक्रम् : यो गरिबले खाने पेय पदार्थ हो ।
८. वरुणा : यो सबभन्दा कडा पेय पदार्थ हो । यो खाएर लरबराउँथे ।

कर्म

मानिसको मन, चेतना, शरीर, कर्म र साधना यो पाँचवटा चिज एक अर्काको पूरक हो । मनले चेतनालाई जगाउँछ । चेतनाले शरीरलाई झक्झकाउँछ । साधना गरेर कर्म गरे फल प्राप्त हुन्छ । यी मानिसले साधना गरे फल प्राप्त हुन्छ । खाद्य वस्तुको कमी साधना नगरे मानिसले भोकमरी अनिकाल ब्यहोर्नुपर्छ । शिक्षा कर्मको साधन नगरे मानिस मूर्ख बन्दछ । अकर्मको साधनाले मानिसलाई जिउँदै मार्दछ । शुभकर्मको साधनाले मानिसलाई मरेर पनि अमर बनाउँछ । कर्मको मूल शब्द संस्कृत हो । यसबाट अपभ्रंश भएर नेपालीमा काम भयो । काम शरीरबाट हुन्छ । शुभचिन्तक शुभ कार्यको जति गरे पनि सुरु मात्र हुन्छ । जुनसुकै कार्य गर्दा पनि कर्म चाहिन्छ । निर्देशन आत्माबाट हुन्छ । आत्माको चेतना शक्तिबाट हुन्छ । शक्तिबाट गरिएको कर्म (काम) हरू जति पनि समाधान हुन्छ । धर्म गर्दा पनि कर्म चाहिन्छ । कर्मको धर्म र कर्म एउटै अङ्ग हुन् । कर्मबाट तिर्खा मेटिन्छ, शान्ति मिल्दछ । कर्म उल्टो परेमा विग्रह हुन्छ । उदाहरणको रूपमा घरको मान्छेले कर्म नपुऱ्याए खाद्यान्न स्वादिलो हुन्न । तेलको सट्टा अमिलो नुनको सट्टा चिनी राखेजस्तै हुन्छ । अमिलो रोपर सुन्तला फल्दैन । त्यसैले धर्म कर्म गर्दा कर्म पुऱ्याउनु आवश्यक छ ।

देवलक

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।।

अर्थः अर्काको राम्रोसँग आचरण गरेको धर्मभन्दा आफ्नो गुणरहित भएपनि आफ्नो पितृद्वारा लिएको प्रचलित स्वधर्म उत्तम हुन्छ । आफ्नो धर्ममा मरण पनि कल्याणकारक हुन्छ । पितृपुर्खाको आर्जनले जसरी हामीलाई वचाई राखेको छ त्यही धर्मलाई हेयको दृष्टिले हेरेमा पितृको सराप लाग्दछ । आफ्नो पितृद्वारा सञ्चालित धर्मलाई नमान्ने पितृ परम्परालाई के हो र भन्ने अर्थात् घमण्डी, कुलको उपहास गर्ने पितृ धर्मप्रति कृतघ्न भई द्रव्यलाभ, राजनीतिक लाभमा परी परम्परागत पितृलाई अर्कालाई बेची उनीहरूको बाकसमा बन्द गरी अर्काको पितृ पुज्नेलाई देवलक भन्दछन् । देवको अर्थ पितृदेवता लकको अर्थ बन्द गर्नु वा साँचो लगाउनु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मा र विष्णुको उत्पत्ति

प्राचीनकालमा सारा चराचर जगत् नष्ट भई संसार सर्वत्र अन्धकार थियो । न सूर्य देखिन्थ्यो न चन्द्रमा देखिन्थ्यो र नक्षात्रहरू केही देखिन्थ्यो । त्यस समयमा न दिन हुन्थ्यो न रात पर्दथ्यो । अग्नि, पृथ्वी, वायु, जल शान्त प्रधान तत्त्व प्रकृतिरहित आकाशमात्रै देखिन्थ्यो । एकदिन शिव आनन्दवनमा डुलिरहनु भएको थियो । त्यस अवस्थामा मनमा सृष्टिका लागि दोस्रो व्यक्तिको आवश्यकता महसुस गरे, जसलाई सृष्टिको अभिभारा दिने इच्छाले भगवान् शिवले वाम अङ्गबाट भक्त अमृतको मैला निकाली त्यहाँबाट एक भव्य पुरुष प्रकट गर्नुभयो जो तिनै लोकमा अत्यन्त सुन्दर थियो । ऊ इन्द्रतिलकमणि समान श्यामसुन्दर थियो । ऊ रेशमी पिताम्बरमा शोभायमान देखिन्थ्यो । उसले भगवान् शिवसँग प्रभु मेरो नाम राखिदिनुहोस् भनेर अनुरोध गऱ्यो । उसको कुरा सुनेर शिव हाँस्दै तिम्रो नाम विष्णु हो भनी नामकरण गरिदिनु भयो । विष्णुलाई शिवले ज्ञान दिनुभयो । विष्णु दीर्घकालीन कठोर तपस्यामा लागे र विष्णुको अङ्गबाट एक प्रकारको जलप्रवाह भयो । विष्णु त्यस जलाशयमा सुत्नुभयो । शिवको इच्छाले विष्णुको नाभिबाट कमलको फूल उत्पन्न भयो । कमलको फूलमा भगवान् शिवको मायाले ब्रह्माजीलाई राखिदिनुभयो । ती ब्रह्माजी चारमुख भएका, त्रिपुण्ड धारण गरेका थिए । आफू त्यहाँ कहाँबाट आएको ? आफ्नो स्वरूप के हो ? आफ्नो पिता को हो ? इत्यादि कुरामा उनी अन्जान थिए । उनले आफ्नो उद्गमस्थल कमलको फूलको आदि अन्त्य लगाउन प्रयास गरे तर उनी सफल भएनन् । शिवले उनको अन्योल हटाउन उनलाई तपस्या गर भन्ने आकाशवाणी भयो । त्यो आकाशवाणी सुनेपछि ब्रह्मा बाह्र वर्ष तपस्यामा बसे । तपस्याबाट चार भुजा, सुन्दर नेत्र, शङ्ख, चक्र, गदा, पद्म धारण गरेका, मुकुट लगाएका विष्णुको पत्ता लाग्यो । ती दुई जनाले शिवलिङ्गको आदि र अन्त्य खोज्न प्रयास गरे । विष्णु तल लागे र ब्रह्मा माथि लागे । ब्रह्माले केतकी फूल र कामधेनु गाईलाई म शिवलिङ्गको आदि अन्त्य पत्ता लगाउन आएको हुँ तर मैले पत्ता लगाउन सकिनँ, विष्णुसँग ब्रह्माले पत्ता लगाए भनी साक्षी बसिदिनुहोला भने । उनी दुई जना साक्षी लिएर आए । विष्णु शिवलिङ्गको आदिअन्त्य पत्ता लगाउन नसकेर अँध्यारो मुख लगाएर बसेका थिए । ब्रह्मा हर्षित हुँदै आए । ती चार जनाबिचको जमघटमा शिवलिङ्गको टुप्पो मैले पत्ता लगाएँ, त्यसको साक्षी यी दुई हुन् भनेर ब्रह्माले केतकी फूल र कामधेनु गाईलाई देखाए । ती दुईले ब्रह्माको समर्थन गरे । त्यस अवसरमा ब्रह्माले ढाँटेका हुन् भनी आकाशवाणी भयो । त्यसपश्चात् ब्रह्मालाई विष्णुसरह नमान्नु, केतकी मलाई नचढाउनू, गाईको मुख जूठो होस् भनी शिवले श्राप दिए । त्यसैले ब्रह्मालाई विष्णुसरह मानिँदैन, केतकी फूल शिवजीलाई चढ्दैन तर गाईको मुख जुठो हुन्छ भन्ने मान्यता छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्जन्मको फल

कम्पिला नगरमा चित्रदत्त नामको प्रसिद्ध एक ब्राह्मण थिए । उनी बडा सदाचारी थिए । उनको एउटा मात्र पुत्र थियो, जसको नाम गुणनिधि थियो । ऊ अति दुराचारी र भ्रष्ट थियो त्यसैले उसलाई पिताले घरबाट निकालिदिए । उसले कैयौं दिनसम्म खान नपाई भोक भोकै बस्नुपरेको थियो ोकले आत्तिएको गुणनिधिले नजिकै एउटा शिवमन्दिर देख्यो । ऊ मन्दिरभित्र भक्तहरूले चढाएको फलफूल, नैवेद्य होला त्यही चोरेर खान्छु भन्ने सोचेर मन्दिरभित्र पस्यो । मन्दिरभित्र अँध्यारो थियो । ऊसँग आगो थियो । उज्यालो बनाउन आफ्नो कपडा केही च्यात्यो । भोकले आत्तिएको गुणनिधिले मनमनै यहाँ खाने वस्तु यो प्रकाशले देखर मैले प्राप्त गर्न सकूँ भनी प्रथम पटक भोकले गर्दा शिवप्रति आस्था जाग्यो । आफूसँग भएको कपडा च्याती भगवान्‌को नाममा दियो दान गऱ्यो । उसले त्यहाँ आनन्दसाथ भोजन गऱ्यो । अन्त्यमा ऊ चोरकाण्डमा पक्राउ परेर त्यहाँको नियम अनुसार जेलमा परेपश्चात् शिवभक्त बन्यो । उसलाई मृत्युदण्ड दिइयो । मृत्युदण्डपश्चात् भगवान् को भक्त बनेका कारण कालान्तरमा कलिङ्गका राजा अरिन्दमको पुत्रका रूपमा उसको पुनर्जन्म भयो । त्यहाँ उसको नाम दम रह्यो । पहिलेको संस्कारले दम शिवको नाममा धूपबत्ती चढाउने, दान गर्ने आदि काम गर्दथ्यो । पिताको मृत्युपश्चात् ऊ कलिङ्गको राजा भयो । राजा मृत्युपश्चात् पद्‌मकालमा ब्रह्माका मानसपुत्र पुलस्त्यऋषिको पुत्र विश्रवा, विश्रवाको पुत्र कुबेर भई जन्मे ।

धृतराष्ट्रको राजधानी हस्तिनापुर हो, उनी चन्द्रवंशका हुन् । यिनकी माता अम्बिका हुन् । अम्बालिकाबाट पाण्डु जन्मे । धृतराष्ट्र जन्मान्ध थिए । पाण्डुका दुईवटी श्रीमती कुन्ती र माद्री हुन् । कुन्तीबाट युधिष्ठिर, भीम र अर्जुन तथा माद्रीबाट नकुल र सहदेव जन्मिए । कौरब र पाण्डवको राजनीतिक कारणले नभइकन अंशबण्डाको कारणले लडाइँ भयो । त्यस लडाइँमा अन्धा धृतराष्ट्रका सय भाइ छोराहरूको मृत्यु भयो । शोकाकुल अन्धा धृतराष्ट्रले भगवान् कृष्णकहाँ गई मेरो कुन कर्मले गर्दा एकै पटकमा १०० भाइ छोराहरूको मृत्यु भयो भनी प्रश्न गर्दा कृष्णले तिम्रो पूर्वकालको कर्मले भनी चित्र देखाए । धृतराष्ट्र अघिल्लो जुनीमा सिकारी थिए । एकदिन सिकारमा जाँदा रुखहरूमा चराहरू प्रशस्तै देखे उनले चराको बथानमा बल्दो ज्वालाको बाण हानेका रहेछन् । ज्वालाको आगोले केही चराहरू डढेर भस्म भए भने यो केही अधकल्चो भएर भुईमा खसे, कोही उडेर गए । पूर्वजन्मको यो दृश्य कृष्णले देखाएका थिए । उनले पूर्वकालका कर्म भोग्नै पऱ्यो । धृतराष्ट्र अन्धा हुनुमा पूर्वजन्ममा अग्निबाणद्वारा चराचुरुङ्गी डढाइदिने गरेकाले त्यसैको फल मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवजी प्रकृतिबारे

मानिस वा व्यक्तिको तीन तहको शरीर हुन्छ । १. शरीर २. मन ३. आत्मा । हामीले शरीरलाई आफ्नो र अर्काको भनेर देख्ने गर्दछौं । यो प्रथम तहको शरीर हो । दोस्रो तहको शरीर मन र तेस्रो तहको शरीर आत्मा हुन्छ । जुन दोस्रो र तेस्रो हामीले देख्न सक्दैनौं । उसले हामीलाई छोड्यो भने हाम्रो प्राण जान्छ । त्यो दुई थरिलाई हामीले न देख्न सक्छौं, न त्यो विना बाँच्न सक्छौं, आत्मा र मन न हामीले देख्न सक्छौं, न त्यसको आकार देख्न सक्छौं, न बोलेको आवाजको धुन सन्न सक्छौं । सूर्य चन्द्रको प्रकाश हामीमा परिरहेको छ, त्यसको रङ र आकार हामीलाई थाहा छैन । हामी स्वयं प्रकृतिवादी छौं । हामीले खान्छौं, पिउँछौं, प्रकृतिले नै बाहिर निकाल्दछ, त्यसैले प्राकृतिक धर्म निराकरण धर्म हो ।

शिवजीका विभिन्न नामहरू मध्ये भैरव रूपलाई विनाशकारी मान्दछन् । उनी शत्रुक्षय गर्न सक्ने भएकाले प्राचीनकालबाट राजाहरूले राज्यको सीमा संरक्षणका लागि कोट स्थापना गरी भैरव र दुर्गाको पूजा गर्ने गर्दछन् ।   देशको राजा राज गर्ने, धनको मालिक मोज गर्ने, आम जनता दुःख गर्ने, गरिब भोकै मर्ने, भ्रष्टचारी घूस खोसी सयल गर्ने, हिंसावादी रगतले मोटाउने, फूल फुलेपछि एकदिन मर्नै पर्छ, नाङ्गै जन्मन्छन्, नाङ्गै जान्छन् । धनको पोको लिएर जाँदैन । श्रीमती त घाटसम्म पुग्दैनन् । धर्म र पाप लिएर जान्छन् र हातमात्र हल्लाएर जान्छन् । बालकले काठ, काठको भोडा वास्तविक ठान्दछन् । तिलभित्र तेल र ढुङ्गाभित्र आगो छ भन्ने थाहा हुँदैन । एकदिन परिवारको रुवावासी हुनेछ । स्थूल शरीर खरानी भएर जानेछ । कर्मअनुसार फल भोग्नुपर्दछ । भगवानले दिएको यो चोला फेरि पाउन सकिन्न । भगवान्मा ध्यान र माया गरेर भर पर । भगवान् प्राप्तिका लागि सिद्धि साधना गरी आत्मशान्त भएर सम्पूर्ण अज्ञान नष्ट गर ।

शिव भन्नुहुन्छ, प्रकृतिदेवी मेरा श्रीमती हुन् । हामी दुई जनाको संसर्गबाट ब्रह्माण्डको सृष्टि भएको हो । म ब्रह्माण्डको पिता हुँ । दुर्गा माता सबैका माता हुन् । प्राकृतिक निराकरण हुन्छन् । यो हामी आफैंभित्र सञ्चालित छ । परको आवाज सुनिन्छ । आँखाले कुनै वस्तु देखिन्छ । त्यो चिजको हामीले उपभोग गरेका छौं । तर हामीले त्यसको न रूप देख्छौं न रङ्ग । शरीरमा ताप छ , तापलाई हामीले देख्न सक्दैनौं ।
शिवको दिनरात हुँदैन भनेर कूर्मपुराणको पृष्ठ ७८ मा उल्लेख भएको छ । प्रकृतिले मानिसलाई मात्र होइन जनावरदेखि लता, वृक्ष, प्राणीसम्मलाई खुबी दिएको पूर्वीय दर्शनहरूमा पाइन्छ । गुरुङहरूले तिब्बती ज्योतिषशास्त्रको प्रयोग गर्दछन् । त्यस शास्त्रमा वर्ग, महिना, तिथि, घडी, पला सबै पशुपन्छी र रुखवृक्ष र पाँच तत्त्वमा आधारित भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलेको हुन्छ । शिवजीको दाहिने कन्धामा नागको मालाको टाउको दाहिनेतिर बेरिएको हुन्छ । लहराहरू फलफूहरू र लहराहरू देब्रेबाट दायाँतिर बेरिएको हुन्छ । शिवजीको अनौठो प्रकारको रूप छ । उनको न बाबाआमा छन् न जात छ, न गोत्र छ । उनको न रूप छ, न रङ्ग छ, न निश्चित रूप छ । उनले रूप जुनसुकै वेला बदल्न सक्छन् । शिवको रूप कसैले १०८ वटा बताएका छन भने कसैले ४८ वटा बताएका छन् । उनको रूप बदलिरहन्छ । भगवान् शिव भैरव, महाकालको रूप धारण गर्दा राँगा बलि गर्छन् । कार्तिक पूर्णिमाको दिन पशुपतिनाथमा पञ्चरङ्गी धागो महाकालमा बाँधी छुवाई राँगा बलि दिने गर्दछन् । रुद्र धारणा गर्दा रुद्रीपूजा गर्ने गर्छन् । रुद्री पूजा गर्दा शिवजीलाई रक्सी चढाउने पनि कुनै समुदायमा चलन छ ।

भगवान् प्राप्तिका तिनवटा मार्ग बताइएको छ :

१. वेद (ज्ञान)को माध्यमबाट

२. दानको माध्यमबाट

३. भक्तिको माध्यमबाट

मानिसको मनभित्र अ र न हुन्छ । अ को अर्थ आस्तिक र न को नास्तिक हुन्छ ।

१. आस्तिक मानिस हामीले जुन भूमिमा उभिएका छौं, माटो, ढुङ्गा, खोलानाला, पर्वत सबै देखेका छौं । यसलाई हामीले भगवान्को फल हो, भनी स्वीकार गरी पूजा गर्छौं । जस्तै : बाँस व्यापारीले बिहान काटिराखेको बाँसलाई विक्री होस् भनी धूप दिने गर्दछन् । दोकानेले दोकान खोल्दा, यात्रुहरूले जहाज चढ्ने र गाडी चढ्ने अवस्थामा नमस्कार गर्दछन् ।

आस्तिक मानिसले सबैका लागि सोच्ने, सचेत बनाउने प्रयास गर्छ । यो आस्तिक मानिसको सकारात्मक दर्शन हो ।

२. नकारात्मक मान्छे अल्छी हुन्छन् । नास्तिक मान्छे जे पनि छैन र हुँदैन भन्छन् । अरूका लागि बोल्दैनन् । भोलि, भोलि भन्छन् । यो नकारात्मक दर्शन हो । नकारात्मक मान्छे सेल माग्दछन् । सेल दियो भने घुमाउरो सेल माग्दछन् । सेल दिए रोटी माग्दछन् । यी नकारात्मक पक्ष हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवाष्टकम्

तस्मै नमः परमकारणकारणाय
दीप्तोज्ज्वलज्ज्वलितपिङ्गललोचनाय
नागेन्द्रहारकृतकुण्डलभूषणाय
ब्रह्मेन्द्रविष्णुवरदाया ॐ नमः शिवायः.......१

श्रीमत् प्रसन्न शशिपन्नगभूषणाय
कैलासमन्दरमहेन्द्रनिकेतनाय
लोकत्रयार्तिहरणाय ॐ नमः शिवायः.........२

पद्मावदातमणिकुण्डलगोवृषाय
कृष्णागरूप्रचुरचन्दनचर्चिताय
भस्मानुषक्तविकचोतलमल्लिकाया
नीलकण्ठसदृशाय ॐ नमः शिवायः.......३

लसत्पिङ्गजटामुकुटोत्कटभैरवाय
दंष्ट्राकरालाविकटोत्कटभैरवाय
व्याघ्राजिनाम्बराधराय मनोहराय
त्रैलोक्यनाथनमिताय ॐ नमः शिवायः...........४

दक्षप्रजापतिमहामहनाशनाय
क्षिप्रमहात्रिपुरादानवघातनाय
ब्रह्मोर्जिध्वर्गकरोटिनीकृन्तनाय
योगाय योगनमिताय ॐ नमः शिवायः...........५

संसारसृष्टिघटनापरिवर्तनाय
रक्षोपिशाचगणसिद्धसमङ्कुलाय
सिद्धोरगग्रहगणेन्द्रनिषेविताय
शार्दूलचर्मावसानाय ॐ नमः शिवायः..........६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भस्मानुरागकृतरूपमनोहराय
सौम्यवदातावनमाश्रिताय
गौरीकटाक्षनयनार्धनिरीक्षणाय
गौक्षीरधारधवलाय ॐ नमः शिवायः..........७

आदित्यसोमवरुणानिलसेविताय
यज्ञाग्निहोचवरधूमनिकेतनाय
ऋक्सामवेदमुनिभिस्तुतिर्युताय
गोपाय गोपनमिताय ॐ नमः शिवायः..........८

शिवाष्टकमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ।। ९

शिवापराधाक्षमापनस्तोत्र

आदौ कर्मप्रसङ्गात् कलयति कलुषं मातृकुक्षौ स्थितं मां
विण्मूत्रामेध्यमध्ये क्वथयति नितरां जाठरो जातवेदाः
यद्यद्वै तत्र दुःखं व्यथयति नितरां शक्यते केन वक्तुं
क्षन्तव्यो मेऽपराध शिव शिव शिव भो श्रीमहादेव शम्भो.....१

बाल्ये दुःखातिरेको मललुलितवपुः स्तन्यपाने पिपासा
नो शक्तश्चेन्द्रियेभ्यो भवगुणजनिता जन्तवो मां तुदन्ति ।
नानारोगादिदुःखादुदनपरवशः शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराध शिव शिव शिव भो श्रीमहादेव शम्भो....२

प्रौढोऽहं यौवनस्थो विषयविषधरैः पञ्चभिर्मर्मसन्धौ
दष्टो नष्टो विवेकः सुतधनयुवति स्वादसौख्ये निषण्णः ।
शैवीचिन्ताविहिनं मम हृदयमहो मानगर्वाधिरूढं
क्षन्तव्यो मेऽपराध शिव शिव शिव भो श्रीमहादेव शम्भो.....३

वार्द्धक्ये चेन्द्रियाणां विगतगतमतिश्चाधिदैवादितापैः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापै रोगैवियोगैस्त्वनवसितवपुः प्रौढिहिनं च दीनम्
मिथ्यामोहाभिलाषैभ्रमति मम मनो धुर्जटिर्ध्यानशून्यं
क्षान्तव्यो मेऽपराध शिव शिव शिव भो श्रीमहादेव शम्भो.....४

शिवजीको वरदान

गोसाइँकुण्डमा मातृपितृको तर्पण दिने गरिन्छ । त्यस स्थानलाई नेवारी भाषामा शिव ल्हुति भनिन्छ । ल्हुतिको अर्थ नुहाउनु हुन्छ । त्यस स्थानमा शिव भगवान्‌ले नुहाउने हुनाले ल्हुति भनिएको पाइन्छ । त्यहाँ कुष्ठ रोगीहरूले नुहाए कुष्ठरोग निको हुन्छ भन्ने भनाइ छ । प्राचीनकालमा कुष्ठरोगीले छोयो भने रोग सर्छ भन्ने भावना थियो । औषधोपचारको अभावमा गाउँनिकाला गर्दथे । समुद्रमा क्याल्सियम हुने हुनाले त्यहाँ नुहाउने गर्दथे । कुष्ठरोगीहरू ल्हुति गोसाइँकुण्डमा नुहाउने गर्दथे । एकपटक शिव स्वयम् गोसाइँकुण्ड नुहाउन जान बाटोमा अशक्त कुष्ठरोगी भई बसेका थिए । यात्रीहरूलाई मलाई पनि कुष्ठरोग लाग्यो त्यहाँसम्म लगिदेऊ भनेर आग्रह गरे तर कसैले मानेनन् । उल्टो हामीलाई सर्छ भनी गाली गर्न थाले । अन्त्यमा ललितपुरका एक ज्यापु कुष्ठरोगी वाहनाको शिवदेखि टिठ लागेर गोसाइँकुण्ड ल्हुति पुगे । उनले त्यहाँ बिसाउनासाथ ज्यापुले धनधान्यले परिपूर्ण होस् भन्ने शब्द सुने । बोकेर लैजाने मान्छे अल्पिए ।

शिवपार्वती

शिवपार्वती भोजन गर्दा सँगै गर्नुहुन्थ्यो । एकपटक शङ्कर भगवान् भोजन गर्न बस्नुभयो । उहाँले भोजन गर्न पार्वतीलाई बोलाउनुभयो । त्यस अवस्थामा पार्वतीले विष्णुशास्त्र पाठ गर्न बाँकी छ, भन्नुभयो । शिव भन्नुहुन्छ, रामे-रामे रामे-रामे भनेर शास्त्रनामबाट नै यस्तो भनेपछि शास्त्रनामको राम नाम जपेर शङ्करको भजन गरे । पार्वतीलाई स्त्रीमा सर्वश्रेष्ठ मानी अर्धनारीश्वर माने । पर्वतकी छोरी गौरीले शिव पति पाऊँ भनी तपस्या गरिन् ।

सम्भवतः सहस्र मूल फल खाए सागु खाई सात वर्ष
गावाए कति दिन भोजनबारे बबास किए
कठिन कधु दिन उपास वेल वात्वाय महि परै
सुखाई तिनी सहस्र
सम्बन्ध सोही खाई पुना यरी हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुख नेक परान
एमहि नामो तब भए ऊ अपहरण
देखि उमाही तब खिन शरीर
ब्रह्मगिरि भई गागन गम्भीर

अर्थः पार्वतीले शिवजीको अति प्रेम भएर आफ्नो शरीरसम्म बिर्सनुभयो । १००० वर्ष फलफूल खाएर बस्नुभयो । केवल सागपात खाएर १०० वर्ष बिताउनु भयो । केही दिन जलवायु मात्र खाएर बसे र केही दिन कडा उपासना निराहार बसे । ३००० वर्ष भूमिमा खसेका पातपतिङ्ग्गर सुकाएर खानुभयो, फेरि ती सुकाएका पात पतिङ्ग्गर पनि खान छाड्नुभयो । शिवको नाममा अर्पण गर्नुभयो । पार्वतीको तपस्यामा अटल धैर्य देखेर आकाशबाट ब्रह्माले भन्नुभयो कि,

गिरिराज कुमारी परीहरू दुःख हटोस्
सब अब मिली तिरपरी
गिरिराज तिम्रो मनकामना पूरा भयो
शङ्का मान्ने छैन ।

हे पार्वती ! शिवसँग विवाह गर्दा तिमी मात्र ठगिने हैन तिम्रा बाबुआमा पनि ठगिन्छन्, तिम्रा बाबुका आमा वर्ग र दाजुभाइ, इष्टमित्र सबै ठगिन्छन् किनभने कन्याले सुन्दर वर रोज्नुपर्छ, शिवसँग त्यो नहुने भयो । शिवलाई सारा संसारले विरूप भन्दछन् । कन्याका बाबुले शास्त्र जानेको, इलम जानेको वर रोज्नुपर्दछ । शिवसँग त्यो पनि छैन । शिवले अहिलेसम्म कसैलाई गुरु मानेर केही मन्त्र पनि सुनेको छैन । कन्याको मातापिताले धनदौलत भएको वर रोज्नुपर्दछ । शिवसँग धन दौलत केही पनि छैन । उनी जीवनभर नाङ्गो मसानघाटमा बस्ने कपालधारी केही नभएको र कन्या पक्षकाले मातापिता वा धनले परिपूर्ण कुलघरानमा खोज्नुपर्दछ । ऊसँग त्यो पनि नहुने भयो । शिवका आमाबाबु कोही पनि छैनन् । विवाहमा भोज भनेर सब हुनुपर्छ, उसँग त्यो पनि नहुने भयो ।

अब सुख शोभता
सोचु नाहि भिख मागी
भव खाही
सहज एक केन्द्र के भावना कवह
किनारी खटहि

शिव आनन्दसँग सुत्छन्, मनमा शोक फिक्री छैन । भिख मागेर खान्छनु । एक्लै बस्छन् । यति भन्दा पनि पार्वती मान्दिनन् र विवाह हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सतीदेवीको पूजा

एकदिन नारद ऋषि दक्षका घर गएका थिए। दक्षका छोरी सतीदेवीलाई देखिन् र सतीदेवीसँग जगदीश्वर महादेवलाई तिमीले पतिको रूपमा प्राप्त गर, शिव तिमीविना कुनै स्त्रीलाई पत्नी बनाउन चाहँदैनन् न त गर्छन्, न त चाहन्छन्। शिव तिम्रा पति हुन्, तिमीलाई सुहाउँछ अरूलाई सुहाउँदैन भनी कुरा उप्काए। यस्तो कुरा गरेर दक्षाको घरमा धेरै समय बिताए। नारदको कुरा सुनेर राजा दक्षप्रजापतिमा मानसिक चिन्ता कम भयो। दक्षले आफ्नी छोरीलाई काखमा लिएर कौमार अवस्था पार हुनेवाला, कौमार बितेको अवस्था सती आफ्नी माता विरणीसँग शङ्करको प्रसन्नताका लागि शिवको आराधना गर्न स्वीकृति मागिन्। माता विरणीको आज्ञा भयो। महादेव पति पाउनका लागि सतीदेवीले आफ्नो घरको केही पर शिवको आराधना गर्न लागिन्।

१. आश्विन मासको नन्दा तिथी (प्रतिपदा) षष्ठी र एकादशीका दिन भक्तिपूर्वक गुडभात नुन, चढाई शिवको पूजा गरिन्।

२. कार्तिक चर्तुदशीमा मालपुवा खीर, चढाई शिवको आराधना गरिन्।

३. मार्गशीर्ष कृष्णपक्षाको अष्टमी तिथिमा तिल, जौ, चामल, ज्योति, दीपावली, आरती गरी दिन बिताइन्।

४. पौष मास शुक्लपक्षाको सप्तमी रातमा जाग्राम बसी प्रातः कालमा खिचडीको नैवेद्य बनाई शिवको पूजा गरिन्।

५. माघ पूर्णिमाको रात जाग्राम बसी सबेरै नदीमा नुहाई चिसो वस्त्र सहित नदी तटमा बसी शिवको पूजा गरेकी थिइन्।

६.फाल्गुनको कृष्णपक्षाको चतुर्दशीको रातमा जाग्राम बसी राती चारै प्रहर शिवको विशेष पूजा गरी आरती गरेर बसिन्।

७. चैत्र शुक्लपक्ष चतुर्दशीको दिनरात शिवको स्मरण गरी समय बिताई ढाकको फूलले तथा दमनाको फूलले शिव पूजा गरिन्।

८. वैशाख शुक्ल तृतीयाको राति तिल खाएर नयाँ जौको तेलले रुद्रदेवको पूजा गरेकी थिइन्।

९. जेष्ठ पूर्णिमाका रातमा सुन्दर वस्त्र तथा भट्मटियाको फूलले शङ्करको पूजा गरिन्।

१०.आषाढको शुक्लपक्षाको चतुर्दशीमा कालो वस्त्र र मटमटियाको फूलको रुद्रको पूजा गरेकी थिइन्।

११. श्रावणको शुक्लपक्षमा अष्टमी र चतुर्दशीमा पवित्र वस्त्र तथा कुशको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्रले पूजा गरेकी थिइन् ।

१२. भाद्र कृष्ण पक्षाको त्रयोदशी तिथिमा नाना प्रकारको फूलले शिवको पूजा गरिन् ।

१३. जल मात्र पिएर ध्यान गरे र उता आश्विन मासको अष्टमीको तिथिमा उपवास बसी भक्तिभावले शिवको पूजा गरेकी थिइन् ।

यस प्रकार व्रत पूर्ण भएकाले शिवले नवमी तिथिका दिनमा ध्यानमग्न सतीदेवीलाई प्रत्यक्ष दर्शन दिए । सती लज्जित भई झुकिन् । म तिम्रो तपस्याबाट सन्तुष्ट छु भन्ने शब्दले सती अवाक भइन् । शिवले सतीको मनोभाव बुझेका थिए । तिम्रो अभिलाषा, इच्छाअनुसारको वर माग भनी सतीलाई भन्दा, सतीले प्रभु मेरो इच्छाअनुसार वर दिनुहोस् भन्दा शिवले तिमी मेरो माया हो भन्ने वचनबाट सतीदेवी घर गई बाबाआमालाई प्रणाम गरिन् ।

शिव पार्वतीको विवाह

एक दिन नारद विष्णु भगवान् कहाँ गई हे भगवान् हिमालय पर्वतकी छोरी बतीस लक्षणले युक्त छिन्, ती कन्या हजुरलाई सुहाउने खालकी छिन् । त्यसैले तपाईले विवाह गरेमा सारा संसार खुसी हुने थियो भन्ने सल्लाह दिए । महादेव आज्ञा गर्नुहुन्छ, के हिमालयले मलाई देला र ? भनी प्रश्न गरे । अब हिमालयमा कसलाई पठाउने भन्ने सल्लाह भयो । नारद भन्नुहुन्छ, "प्रभुबाट आज्ञा भए म ठिक ठाक पार्छु चिन्ता गर्नुपर्दैन भनी दुवै जनाको सल्लाहबाट नारद पर्वत राजाकहाँ पुगे, नारदलाई पर्वत राजाले सम्मान गरे र नारदले हजुरको छोरी पार्वती विष्णु भगवान्‌लाई सुहाउने खालका छन् । त्यसैले विष्णु भगवान्‌को कुरा लिएर उपस्थित भएको हुँ । उहाँलाई कन्यादान गर्नु भए सारा जगत् खुसी हुने थियो । नारदको कुरा सुनेर विष्णुलाई छोरी दिन तयार भए । छोरीको विवाहको जन्ती जान तयार भयो । विष्णुले देवता ऋषिहरूलाई निम्तो गरे । विवाहको समयमा मेनकाले छोरीलाई वस्त्र पहिऱ्याउने अवस्थामा पार्वतीका सङ्गिनीहरू जया र विजयाले आज तिम्रो विवाह विष्णुसँग हुँदैछ भनी सुनाए । यही अवस्थामा पार्वती त्यहीँबाट भागेर नदीका तटमा गई बालुवाको शिवलिङ्ग बनाई शिव पति पाऊँ भनी तपस्या गर्न लागिन् । विवाहको समयमा पार्वती गायब भएकाले विष्णुलाई विवाह आज हुन सकेन भनेर पर्वतका राजाले विष्णुका समक्ष गई "तपाईँलाई छोरी दिएको हुँ, अनुकूल परेन, कुनै दिन शुभ दिनमा विवाह गराँला" भनी जन्ती फिर्ता पठाए । नदीको तटमा तपस्या गरिरहेकी पार्वती कहाँ योगीको रूप धारण गरी शिव पुगेर तिमी यहाँ एक्लै अबला के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिरहेकी छौ ? के तिमी मसँग विवाह गर्न चाहन्छौ ? भनी मन चोर्न लागे, अपरिचित मानिस योगी भेषधारीले विवाहको प्रश्न गर्दा पार्वतीलाई रिस उठ्यो र मलाई विवाह गर्न विष्णु जन्ती लिएर आएका थिए, म शिवविना विवाह गर्दिनँ भनी तपस्या गरेकीलाई यस्तो प्रश्न गर्ने अपरिचित व्यक्तिले म बालकलाई यस्तो भन्ने ? तपाईलाई श्राप दिन्छु भन्नासाथ शिवले आफ्नो रूप धारण गरेर प्रकट भई शिव भन्नुहुन्छ, "म तिमीदेखि प्रसन्न भएँ, शिव पार्वतीको मिलन हुने अवस्था आयो । यो कुरा पर्वत राजाले थाहा पाए र राजाले बृहस्पति ऋषिहरूलाई विवाहको लग्न निकाल्न लगाए । ज्योतिषहरूले विवाहको लग्न वैशाख शुक्लपक्षाको अक्षय तृतीया मङ्गलवार जुराए । यसरी शिव र पार्वतीको तृतीया तिथि, कृत्तिका नक्षत्र, सौभाग्य योगमा विवाह भएको थियो । उक्त शुभयोग नेपाली ज्योतिष शास्त्रअनुसार वि.सं.१८८१ मा परेको थियो । तत्पश्चात् १९१ वर्षमा वि.सं.२०७२ सालको अक्षय तृतीया उक्त सबै वार, तिथि, नक्षत्र, सौभाग्य योग परेको थियो । लगन गाँठो पार्ने अवस्थामा शिवजीको गोत्र सोधे । नारद भन्नुहुन्छ, गिरिराज जसको मायाको भरमा सृष्टि नाश हुन सक्छ, भगवान् शिवको नाता सम्बन्ध छैन । महादेवको मातापिता छैनन्, नातागोत्र केही छैन भनी सुनाए । विवाहपद्धति वैदिक धर्मअनुसार सात वर्षको बालकलाई स्तन ननिस्केको बालक भन्दछन् । त्यस बालकलाई कन्यादान दियो भने स्वर्ग जान्छ भन्दछन् । आठ वर्षकी बालिकालाई गौरी भन्दछन् । ९ वर्षकीलाई रोहिणी भन्दछन्, १० वर्षकीलाई कन्या भन्दछन् ।

कश्यप ऋषिले सात वर्षकी पार्वतीलाई ८ वर्ष भनी गौरी बनाइएकाले पार्वतीलाई गौरी भन्दछन् । विवाहपश्चात् शिव पार्वतीको जन्ती कहाँ पुग्यो भनी रुखमा चढेर भट्ट ब्राह्मणले हेर्दा रुखको हाँगो भाच्चिएर भट्ट ब्राह्मणको मृत्यु भयो । (यो कुरा कूर्मपुराणको ४० र वामनपुराणको २७ मा उल्लेख छ ।)

लिङ्गपुराणअनुसार शिवको तालु अकार, निधार आकार, दाहिने आँखा इकार, बायाँ आँखा ईकार, दाहिने कान उकार, दाहिने गाला ऋ ॠ, देब्रे गाला ऋ ॠ, दुवै कानको प्वाल एकार, माथिल्लो ओठा आकार, तल्लो ओठ ओ ओ औं दुवै दन्तको पङ्क्ति भएको छ । कदेखि ङसम्म ५ अ र उसको दायाँ औंला, च देखि ज सम्म बायाँ औंला हुन् । ट देखि ण सम्मका पाँच अक्षर दायाँ गोडाको औंला, त देखि न सम्म बायाँ गोडाको औंला हुन् । प पेट, फ दायाँ पिठ्युँ, प बायाँ पिठ्युँ, भकार कोखा हो भने मकार हृदय हो । हकार आत्मा रूप हुन् । क्षकार क्रोध रूप हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्वतीको माइतप्रस्थान

एक दिन नारायणकी श्रीमती लक्ष्मी माइत जाने कुरा पार्वतीले थाहा पाइन्। लक्ष्मीका साथ आफू पनि सँगै माइत जाने विचार प्रकट गरिन्। पार्वतीले लक्ष्मी गहनापात लगाएर जालिन्, मेरो गहनापात केही छैन अर्काले खिल्ली गर्लान् लाज मर्दो हुनेछ भनी शिवसँग अनुरोध गरिन्। शिव भन्नुहुन्छ म मसानघाट कन्दरामा बस्ने, भूतप्रेत पिशाच मेरा सहचारी हुन्। मसँग केही छैन। केही दिन पनि सक्दिनँ। यो विभूति लगेर कुबेरकहाँ जानू यसको तौल बराबरको सुन साटेर लगाउनू भनी विभूति दिए। विभूति लिएर कुबेर कहाँ जाँदा बाटमा परैबाट पार्वती आएको कुबेरले देखे। कुबेरले तपाईं के कामले यहाँ पाल्नुभयो भनी अनुरोध गर्दा पार्वतीले आफ्नो वृत्तान्त सुनाइन्। कुबेरलाई लाग्यो खरानीको तौल कति नै हुन्छ र ? कुबेरले सटही गर्न मन्जुर गरे। कुबेरले पार्वतीको कुरा सुनेर १ चम्चा विभूतिलाई केही सम्झेनन् र विभूति तौलिन लागे। विभूति बराबर सुन जति राखे पनि तौल पुगेन। भण्डार खाली भयो। उनलाई पसिना आयो र अन्त्यमा शिव शङ्करको ध्यान र आराधना गर्नुपर्‍यो। शिवजीले उनलाई अपूरोलाई पूरा गराउनु भयो।

शिवको नीलकण्ठ

शिवको घाँटी नीलो भएको कारण शिवलाई नीलकण्ठ र शितिकण्ठ २ प्रकारले पुकारिन्छ। शिवको नीलकण्ठ बारेमा भिन्नभिन्न लेखहरू पाइन्छ।

१) भागवत पुराणअनुसार समुद्र मन्थन गर्दा मन्थनबाट उत्पन्न विष खाएर घाँटी नीलो भएको भनेर व्याख्या गरिएको छ।

२) हरिवंश पुराणमा दक्ष प्रजापतिको यज्ञको समयमा विष्णु र शिवको कलहमा विष्णुले शिवको कपाल (जगल्टा) समातेकाले शिवको कपाल समातेपछि शिवको घाँटी नीलो भएको उल्लेख छ।

३) स्कन्दपुराणमा इन्द्रले शिवजीलाई परिचय गराउँदा शिवजीले जवाफ नदिएकाले इन्द्रको वज्रप्रहार गरी वज्र प्रहारबाट शिवको घाँटी नीलो भएको उल्लेख छ।

४) महाभारतमा शुक्राचार्यले महादेवको कपाल जटा परिवर्तन गर्न कपाल काट्दा नीलो भएको भनेर भनेको पाइन्छ।

शिवजीको श्राप

पार्वती र शिवको विवाहमा पार्वतीलाई ऋषिमुनिका श्रीमतीहरूले पतिप्रति पत्नीले गर्नुपर्ने कर्तव्य मर्यादाको बारेमा शिक्षा दिएका थिए। त्यही शिक्षालाई हृदयंगम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी शिवजीलाई माया प्रेम गर्दथिन् । शिव र पार्वती छिन घडीसम्म पनि छुटिँदैन थिए । त्यसैले शिवलाई अर्धनारीश्वर भन्दछन् । अर्धनारीश्वरको अर्थ आधा शरीर पुरुष र आधा शरीर नारीलाई भन्दछन् । उनीहरू दुईजना वनविहार गर्न निर्जन जङ्गलमा गएर दुवैजना निर्वस्त्र बसिरहेका थिए र त्यही अवस्थामा अकस्मात् ऋषिमुनिहरू आइपुगेको थाहा पाए । पार्वतीले अति लाज मान्दै वस्त्र पहिरिन् । शिवले यो जङ्गलमा जो पुरुष आउँछ ऊ स्त्री होस् भनी श्राप दिएको जङ्गल थियो त्यो । मनु ऋषि सन्तानहीन थिए । उनले सन्तान उत्पन्न गराउन वशिष्ठ ऋषिको तत्त्वावधानमा पुत्रेष्टि यज्ञ गरेका थिए । यज्ञको समयमा मनु र उनकी श्रीमती केवल दूधमात्र पिएर व्रत बसेका थिए । मनुकी श्रीमतीले ऋषिहरूसँग मनुले थाहा नपाउने गरी पुत्रको सट्टा पुत्री पाऊँ भनी अनुरोध गरे । मनुहरूले पुत्री पाउने मन्त्र पढी आहुती गरे फलस्वरूप पुत्री जन्मे, बालिकाको नाम इला राखे । ऋषिहरूसँग यस्तो किन गरेको भनी प्रश्न गरे । वशिष्ठ भन्नुहुन्छ, हे ! राजन् उल्टो सङ्कल्प आहुतीले यस्तो हुन गयो । वशिष्ठले धन्दा नमान पुत्र नै बनाइदिन्छु भनी पुत्र बनाए । इलालाई पुत्र बनाई उसको नाम सुद्युम्न राखे । सुद्युम्न जवान हुँदै गएर सिकार गर्न मन पराउने भए । एक दिन सुद्युम्न मेरु पर्वतको तल एक निर्जन जङ्गलमा शिकार गर्न जाँदा सुद्युम्न र आफ्नो साथीहरू सहित लिङ्गपरिवर्तन भई स्त्रीरूप भएका पाए । उनीहरू चकित भए लिङ्गपरिवर्तन किन भयो भनेर अध्ययन गर्दा शिवजीले श्राप दिएको जङ्गल भएको थाहा पाए ।

इतिहास अध्ययन गर्ने हो भने शिवलिङ्गलाई विश्वका विभिन्न राष्ट्रमा विभिन्न नामले पुकारेको पाइन्छ ।

१. ग्रीकमा फल्टुस

२. इजिप्टमा इजिष्ट निवासी प्रियसी भन्दछन् ।

३. चाइनिजहरूले इव्यूङ हुवेङ हि फुङ

४. जापानको आइसनगरवासीहरूले चिनकेशी शान्तिको रूपमा मान्दछ ।

५. आयोलिया राज्य हाङगेरीकाले वडगे स्याक

६. इरानमा ज्वालामय शिवलिङ्ग छ ।

७. केन्टीसियामा घना लिङ्ग छ ।

८. पेरुमा पार्थिवेश्वर महादेव छ ।

९. स्कटल्याण्डको इस्लागोभा भन्ने ठाउँमा सुनको शिवलिङ्ग छ ।

१०. बेबिलोनमा १२००घन फुटको शिवलिङ्ग छ । त्यसलाई शिव कुञ्च भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. आइसेरियाको विलासनगरमा ३०० घन फुटको शिवलिङ्ग छ ।

१२. फ्रान्सको गिरजाघरमा आज पनि ढुङ्गाको शिवलिङ्गको रूपमा राखिएको छ ।

१३. सिरियामा शिव पूजा हुन्छ ।

१४. मिश्रमा शिव पूजा हुन्छ ।

१५. अमेरिकाले शिख देव भन्दछन् ।

१६. रोमनीहरू शिवलिङ्गको पूजा गर्दछन् ।

१७. प्राचीन चिनमा शिवलिङ्ग पूजा हुन्छ ।

१८. मिश्रको ओररिया सहरले लिङ्गको सामुन्ने साँढे राख्दछ ।

१९. यहुदीहरू शिवको वाहन मानी बछेडा राख्दछ ।

२०. मक्काको लिङ्ग भविष्यपुराणअनुसार मक्केश्वरनाथ महादेव हुन् । मक्केश्वरको पूजा अघि मिश्रीहरूले पनि गर्ने गर्दथे ।

२१. मोहम्मद पैगम्बरको पालासम्म ४ जना पण्डाहरूले पूजा गर्दथे ।

२२. फ्रान्समा पनि शिवलिङ्गको व्यवस्था छ ।

२३. ब्राजिलमा पनि शिवलिङ्गको पूजा हुन्थ्यो ।

२४. इन्डोनेसियाको टापु बालीमा शिवलिङ्ग छ ।

२५. कम्बोडियाको विशालबजारमा पहिला बुद्धको मूर्ति थियो, पछि विशाल शिवालय छ ।

२६. जावामा शिवलिङ्ग छ ।

२७. सुमात्रामा शिवलिङ्ग छ ।

२८. बर्मामा शिव मन्दिर छ ।

२९. स्याममा लदिसममा शिवलिङ्ग पूजा गर्दथे ।

३०. मेक्सिकोमा शिव पूजा गर्दथे ।

३१. टर्कीमा १११ मीटर अग्लो शिवलिङ्ग छ ।

३२. अजरबैजानमा कोवा कुम्भको ज्योतिर्लिङ्गलाई पशुपति भन्दछन् ।

३३. नेपालमा विष्णुमती र मनमतीको सङ्गममा भाद्र शुक्ल अष्टमीको दिन बुद्ध भगवान्ले स्थापना गरेको करुणेश्वर महादेव छ ।

३४. साइबेरियामा एउटा सहरको नाम ॐ छ ।

३५. हनुमान्ले स्थापना गरेको हनुमदीश्वर महादेव

३६. अगस्त्य ऋषिले स्थापना गरेको कुम्भेश्वर महादेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्वतीलाई उपदेश

शिव र पार्वतीको विवाहपश्चात् देवगणहरू खुसी भई पार्वती शिवसँगै प्रस्थान गर्ने अवसरमा ब्राह्मणीहरूले पार्वतीलाई ११ वटा उपदेश दिए ।

१. पतिलाई ढोगेर सेवा गर्नू ।
२. पतिको भोजनपश्चात् भोजन गर्नू ।
३. पति सुत्नुपश्चात सुत्न जानू ।
४. पति उठेपछि आफूले बिस्तारा छोड्नू ।
५. सदा प्रिय भई बस्नू ।
६. स्वामीको खराब आचरण सुने पनि आफूले खराब वचन नगर्नू ।
७. पतिले अह्राएको काम प्रसन्नतापूर्वक पूरा गर्नू ।
८. घरको ढोकामा धेरै बेर नबस्नू ।
९. अरूको घरमा विनाकाम नजानू ।
१०. पतिको आदेशविना कुनै तीर्थ नजानू ।
११. पति नै महातीर्थ हो ।

धर्म र इतिहास

१) अष्ट्रेलिया र तास्मानियाको धर्म जादू, टुना सम्बन्धी विश्वास हराएको छैन । जादू र टुनामा तीव्र विश्वास रहेको पाइन्छ । जीवलाई शक्ति मानेर उपासना गर्नेहरू फेला परका छन् । हरेक समुदायमा झाँक्री वा औषधीबारे बुझेको एउटा व्यक्ति हुन्थे । त्यस्ता सिद्ध व्यक्तिहरूले मन्त्र पढेर वा चुसेर शरीरभित्रको ढुङ्गा, रोग निकाल्ने गर्दथे । झाँक्रीले कुनै मौसममा कुन जनावर कुन दिशामा पाइन्छ ? घामपानी कहिले पर्छ ? भविष्यवाणी गर्थे । यो अठारौं शताव्दीबाट हट्दै गयो । अष्ट्रेलियामा मृत्यु, टुनामुनाकै कारण ठान्दथे । प्रेतात्मा बोलाउने, पूर्वजहरूको सम्मानका लागि मानिसको आकार बनाई मूर्तिपूजा गर्दथे । सरदारलाई देवताको रूपमा मान्दथे । मूर्तिलाई बलि चढाउँदथे । मालानेशियाहरू धामी, जादूगर, साधू, प्रेतात्मा बोलाउने व्यक्ति आदिमा विश्वास गर्दथे ।

२) जापान : जापानको उत्तरी कोईको टापूमा बस्ने अइलो जातिले भालुलाई सम्मान गरी पर्वतको देवताको सन्तानको रूपमा मान्दथे र विशेष पर्वको आयोजना गरी पूजा गर्दथे ।

३) तिब्बत र मङ्गोलियामा जनजातिहरूमा बोनधर्म प्रचलित थियो । प्रेतात्मामा विश्वास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दथे र पूजा गर्दथे । प्रेतात्मालाई ढुङ्गा चढाई ढुङ्गालाई देवता मान्दथे ।

४) अमेरिकाको एस्कीमो जातिहरू भारफुक टुनामुनामा विश्वास गर्दथे । हजुरआमा, हजुरबुबाको आत्मा नातिनातिनीमा प्रवेश गरेको विश्वास गर्दथे । कसको आत्मा कसकोमा प्रवेश गरेको भन्ने कुराको घोषणा झाँक्रीले गर्दथ्यो । अमेरिकाका रेड इण्डियनहरू चन्द्रमा, वायु, पानी आदि प्रकृतिको पूजा गर्दथे । चारवटा प्रकृतिका लागि चार दिशाको रङ्ग दिइन्थ्यो । पृथ्वी उत्तर दिशा नीलो रङ्ग, आगो पूर्वदिशा रातो, हावा दक्षिण दिशा कालो, पानी पश्चिम दिशा पहेंलो । उनीहरूमा भूमिलाई नर बलि दिए उब्जनी बढ्छ भन्ने विश्वास थियो । अमेरिकी जनजाति समाजमा भालुलाई विशेष शक्तिशाली, संरक्षक जनावरको रूपमा लिन्थे ।

५) अफ्रिकाको ब्रुसम्यान जनजातिहरूमा आदिम राज्यमा न्याय दिनुअघि जादु वा मन्त्र प्रयोग गरी अपराधी पत्ता लगाउने चलन थियो । पछि यो पूरेतको जिम्मामा गयो । अभियुक्तलाई विशेष किसिमको विष मिसाएर खुवाइन्थ्यो । ऊ बिरामी भएमा अपराधी ठहरिन्थ्यो, बिरामी नभए निर्दोष ठहरिन्थ्यो ।

६) उत्तर साइबेरिया : उत्तर साइबेरियामा बौद्ध, इसाई प्रवेश हुनुअघि झाँक्रीप्रथामा आधारित साइमोत प्रथा थियो । प्रेतात्मासँग कुरा गरेर झाँक्री वा धामीले समाजलाई राम्रो गर्छ भन्ने विश्वास थियो । उनीहरूको विशेष पोशाक घण्टी, माला, साङ्लो आदि अनुसन्धानका समयमा प्रयोग गर्दथे । हरिण, घोडा, गोरुको छाला प्रयोग गर्दथे । झाँक्री बन्नका लागि झाँक्री खानदानकै अथवा प्रेतात्माले विश्वास गरेको व्यक्ति चाहिन्थ्यो । मन्सी जनजातिमा भालुको पूजा गर्ने चलन थियो । उनीहरू भालु र आफ्नो एउटै गोत्र भएको सम्झन्थे । भालुको उत्सव गर्न भालुको बच्चा समाई ल्याई त्यसलाई घरघरमा घुमाइन्थ्यो ।

७) ककेशिया - ककेशियन जनजातिमा विधुवा महिलाले एकवर्षसम्म मृतक श्रीमान् लाई बिस्तरा लगाई राति अबेरसम्म श्रीमान्को प्रतीक्षामा जागै बसेर बिहान उसलाई हातमुख धुने व्यवस्था गर्नुपर्थ्यो, खेतीपाती बढाउनका लागि पूजापाठ लगाई जादुटुना गर्दथे ।

८) बेलायतको रोमनवादमा - रोमनहरू आउनुपूर्व त्यहाँका बासिन्दाहरू रोमनवादको तातोपानीमा भगवान्को आत्मा हुन्छ भन्ने विश्वास गर्दथे । रोमनहरू आएपश्चात् त्यसमा विशाल घर बनाई विभिन्न कोठाहरू बनाई नुहाउने कुण्ड बनाएका थिए र त्यसभित्र १६ नं. कोठामा नुहाउने र बस्ने ठाउँ बनाएका छन् । कोठा नं.१०१ मा देवताको नाममा बाख्रा र भेडालाई पूजा गर्ने ठाउँ बनाई बाख्रा र भेडाको मुटु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलेजोको जोखना हेर्न नजिकै एउटा चौतारो जस्तो बनाइएको छ । १०६ नं. मा धामी झाँक्रीहरूबाट गरी हेर्ने, झारफुक गर्ने आदि कार्य हुन्छ ।

तन्त्रअनुसार कुन देवतालाई के चढ्दैन?

दुर्गालाई दुबो
विष्णुलाई अक्षता
गणेशलाई तुलसी
महादेवलाई केतकी

निर्णयसिन्धुअनुसार बाजा कुन देवतालाई सुहाउँदैन ?

दुर्गालाई बाँसुरी
सूर्यलाई शङ्ख
शिवलाई मल्लका

पञ्चतत्त्वका प्रतीक

१. आकाशको प्रतीक फूल
२. वायुको प्रतीक धूप
३. अग्निको प्रतीक वत्ती
४. अमृतको प्रतीक नैवेद्य
५. आलम माटोको प्रतीक श्रीखण्ड (गीता अध्याय ८)

शरीरको मैला

साबुनपानीले शरीर शुद्ध हुन्छ, ज्ञानले मनको मैलो शुद्ध हुन्छ । मानिसको शरीर मर्दछ, नाश हुन्छ, विचार कहिल्यै पनि मर्दैन । भगवान् कृष्णले गीतामा भन्नुभएको छ, मानिस मरेपछि दोस्रो जन्म लिनुपूर्व जन्मको राम्रो-नराम्रो विचार, आचरण दोस्रो जन्ममा पनि अघिल्लो कर्म अनुसार दुःखसुख भोग्न बाध्य हुन्छ । भगवान्को नाम लिन समय धेरै लागेर मालाको सङ्ख्या धेरै गनेर खोक्रो मनले ध्यान पूजा गरे भगवान्ले स्पर्श गर्दैनन् । शरीरको रङ्गी बिरङ्गी फूल, मानिसको मूर्ति बनाएर सजाएका हुन्छन् । बाहिरबाट राम्रो देखिन्छ । तर त्यसको महत्त्व र साखत्व त्यसमा हुँदैन ।
भावार्थ-

देवतारूपं चिन्तनं च निरन्तरम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाच्यवाचक भावेन अभेद्यो मन्त्रदेवयो: ।।

अर्थ: मन्त्रको जप र देवताको रूप एक चिन्तनसाथ जानुपर्छ । नाभिमुनि कर्मस्थान चिन्तन गर्नुपर्छ । भक्ति साधन ज्ञान हो । ईश्वर भक्तिको वशमा हुन्छ । भक्तिले भगवान्लाई भक्तिसामु सादर गराउन बाध्य हुन्छ ।

बृहत् सभा

एकपटक देव ऋषिमुनिहरूले प्रयागमा बृहत् सभाको आयोजना गरेका थिए । उक्त सभामा देवताहरू, ऋषिमुनिहरू यक्षागन्धर्व सबै उपस्थित भइसकेका थिए । दक्ष प्रजापति र शिवको आगमन भइसकेको थिएन । सबै सभासद्हरू उनीहरू दुई जनाको आगमनको पर्खाइमा थिए । शिवको आगमनमा देवता ऋषि मुनिहरू सबै जना उठेर आआफ्नो स्थानबाट अभिवादन सत्कार गरे र केही समयपश्चात् दक्षप्रजापतिको आगमन भयो । देवता ऋषिमुनिहरूले शिवलाई गरेजस्तै दक्षप्रजापतिलाई सबै जनाले यथास्थानमा उभिएर स्वागतसत्कार गरे तर शिव, नन्दी र भृङ्गीले गरेनन् । शिवले नमस्कार सत्कार नगरेको दक्षप्रजापतिले देखिरहेका थिए । दक्षप्रजापतिले शिवलाई लक्षित गरी यो सभा अछुतोहरूको हुन अशोभनीय हुने, सभामा बस्दा अशोभनीय हुने पहिरनको जमघट ठाउँमा बस्नु बेठीक भनी कराए । शिवले आफ्नो हुललाई सङ्केत गरेको सम्झी नबोलिकन बसे । उनको मनमनमा दक्षप्रजापतिले सभाको अपमान गरेको सम्झी शिवले जवाफमा जवाफी स्वरूप उनकी छोरी माग्ने विचार गरे । मरीचिका पुत्र कश्यप ऋषिको जन्मभूमि काश्मिर थियो । काश्मिरबाट कश्यप सागर नाम रह्यो । कश्यप ऋषिले साठी छोरीमध्ये दक्षका तेह्रवटा छोरी विवाह गरेका थिए । धर्मलाई १०, सोमलाई २६, बहुपुत्रलाई २, अरिष्ट नेमीलाई ३, कुशम्मालाई २, अङ्गिरालाई २ छोरीहरूमध्ये एक छोरी मात्र बाँकी थिइन् जुन सतीदेवी थिइन् ।

अरू छोरीहरूको विवाह भइसकेको थियो । दक्षको मनमा विष्णु भगवान्ले छोरी माग्न आए दिने विचार थियो । एक दिन शिव सतीलाई माग्न दक्षका घरमा आफैँ गए । दक्षाले शिव उसको घरमा आएको परैबाट देखे । उसलाई देख्नासाथ विराट्सभामा उसलाई स्वागत सत्कार नगरेको सम्झेका थिए । उसलाई बस पनि भनेनन् ।

एक ठाउँमा बसिरहेका शिवले आफू आएको कामको चर्चा गरे । शिव भन्नुहुन्छ तपाईका सबै छोरीहरू ऋषिमुनिहरूलाई दिई सक्नुभयो, मैले विवाह गरेको छैन, सती मलाई दिनुहुन्छ कि भनी माग्न आएको हुँ । तिमीलाई मेरो छोरी ज्वाइँ गर्न नसुहाउने, ऋषिमुनि देवगणका अगाडि तिमी बसाहा, राँगा चढ्ने, लट्टा पाल्ने, सर्पको माला लगाउने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खरानी घस्ने, भूतप्रेत अघिपछि लगाउने, हेर्दै डरलाग्दा यस्ता कुकृत्य गर्ने भनी हातमा समाई बसेको ठाउँवाट उठाइदिए । शिव घरबाट निस्कदै मन नलागे दिन्न भने हुन्थ्यो, किन मलाई गाली गलौज गरेर पाखुरामा समाई घिसार्नुपर्‍यो भन्दै बाहिर निस्के । शिवले मनमनै अर्को तर्क गरे– विष्णुले विवाह गरेका छैनन्, विष्णुकहाँ गई गर्नुपर्‍यो । विष्णु र शिवको सल्लाहले विष्णुले छल गरी दक्षको छोरी शिवको हात पारे ।

दक्षप्रजापतिले आफ्नो महायज्ञमा छोरी सती र ज्वाइँ शिवलाई बोलाएनन् । त्यहीं नारायण गई दक्षका घरमा यज्ञ भइरहेको अवगत शिवलाई गराइयो । सती यज्ञमा जान जुर्मुराइन् । शिव भन्नुहुन्छ, तिम्रो पिताले हामीलाई नसम्झेपछि जान अशुभ हुन्छ भन्दा जिकिर गरी नारायणका साथ यज्ञस्थलतर्फ लागिन् । यज्ञस्थल देवगण, ऋषिमुनि, यक्ष, गन्धर्वहरूले खचाखच भरिएको थियो । सतीको प्रश्नमा तिम्रो लोग्ने यस स्थलमा सबैको सामु अशोभा हुन्छ । अगोत्र यस यज्ञमा शोभा नहुने भन्नासाथ सती ॐ नमः शिवायः भन्दै यज्ञकुण्डमा होमिइन् । शिवले सतीको लास लिई हजारौं वर्ष पृथ्वीको भ्रमण गरे । विह्वल शिव मृतक सतीको लास बोकी हिँडेको देखेर विष्णुले चक्रले ५१ टुक्रा पारी खसालेको पाइन्छ ।

पितृबारे

पूर्व पाषाणकाल आजभन्दा एकलाख चालिस हजार वर्षअघि मानिन्छ । त्यस समयका मानिसहरू गुफाभित्र बस्ने, जङ्गली जनावर सिकार गर्ने नियन्डर थल मानिसहरू थिए । दक्षिण अफ्रिकाको रेर्गुदुको गुफामा नियन्डर थल मानवले भालुको पूजा गरेको प्रमाण फेला परेको छ । त्यसपछि चालिस हजार वर्षदेखि अठार हजार वर्षसम्म ढुङ्गा र हड्डीको औजार प्रयोग गर्नेहरू होमो सेफिनस भन्ने मानव थिए । इथियोपियाका वैज्ञानिकहरूले अठ्ठाइस लाख वर्ष पुराना मानिसको अवशेष फेला पारेका छन् । नवपाषाण युगबाट देवी देवताको पूजा गर्ने प्रचलन सुरु भएर निकै फैलिएको पाइएको छ । मानिसको चेतनामा जतिजति अभिवृद्धि हुँदै गयो त्यति धर्मको क्रम बद् यो । धर्मको अर्थ धारण गर्नु हो । एसियाको तटबन्ध भागको विभिन्न प्रायद्वीपहरू फ्रान्स, ब्रिटेन, स्कैन्डेभियाका मुलुकहरूमा नवपाषाणकालको माटो, ढुङ्गाको मूर्तिहरू अझै भेटिएका खबरहरू पाइन्छन् । विकास र सभ्यताको इतिहास हेर्दा संसारको जुनसुकै ठाउँमा बसोवास गरेका व्यक्ति र समूह सबैले पहिला आफ्नो पितृको सम्झना, मर्यादा र पूजा आदरका साथ गरेको पाइन्छ । पितृधर्मलाई हामीले त्याग्यौ भने त्यस्तो पितृधर्मले हामीलाई मार्ने काम गर्छ भने पितृधर्म रक्षा गर्नाले हामीलाई त्यसले रक्षा गर्दछ । अर्काको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरमा बसेर आफ्नो पितृहरूको श्राद्ध गर्न निषेध गरिएको छ । अर्काको घरमा श्राद्ध गरेमा श्राद्धको फल त्यसै भूमिको मालिकका पितृले हरण गर्दछन् । आफ्नो घर नभएकाले गङ्गाको किनार, मठमन्दिरमा गर्न हुन्छ भनिएको छ ।

पितृमा श्रद्धा भक्ति छैन भने सन्तानको अभाव हुन्छ । पितृमा श्रद्धा राखी हरेक औँसीमा श्रद्धा गरे सबै फल पाउँछ । आमाको दूधको भार पिताको पालनपोषणको भाग तिर्नलाई सम्पूर्ण पृथ्वी दिए पनि पुग्दैन । त्यो भार तिर्ने उपाय बाबाआमालाई सन्तोष गराउनु हो (वैदिक संस्कृति)

पितृका लागि समूहमा बसेर श्रद्धा दिनेलाई गोष्ठीशास्त्र बन्दछन् । त्यसलाई शुद्धिशास्त्र पनि भन्दछन् । प्रायश्चित्तका अङ्गहरू मातृश्रद्धा, पितृश्रद्धा, मातामह श्रद्धा ३ वटा श्रद्धा हुन्छन् ।

पितृबारे छोरा ज्ञानी सज्जन भए पितृ भक्त भए मनुष्यको जन्म सार्थक हुन्छ । ज्ञानी छोराले एकै कुलमा बार्दछ । श्राद्ध गर्न पनि श्रद्धा चाहिन्छ । (वैदिक संस्कृति पृष्ठ ६५)

हामीलाई पिताको रूपमा पालना गर्ने, उत्पन्न गर्ने हामी तिमीहरूको सन्तान पुरातन यो सम्बन्ध सधै स्मरण गर्दछौं । (ऋग्वेद पृ. ३०७)

यादर मक्रन्न पितृ परिवृषि वेशण दर्शनाथी । अहिददाननु पासा शाख्यामा यन्दिरस, पुठीमहवमन मनाही (ऋग्वेद ३५७)

अर्थः सन्तानले आफ्नो माता पिताको सेवा सुसार गरेर महन्तका परिचय दिए पछि असल कर्मले स्वयं बलशाली बनाएका थिए ।

जुन आमाले तिमीलाई जन्मायो त्यसको मन नदुखाऊ, जुन बाबाले तिमीलाई पालनपोषण गर्‍यो यसको मन नदुखाऊ, मातापिताको मुखबाट निस्केको वचन आशीर्वाद शिवजीले दिएसरह हुन्छ । मातापिताको चरणमा पर्नु तीर्थको फल हो ।

गर्भधारणदेखि नमरुन्जेल आफ्नो सन्तानप्रति स्नेह राख्ने पितृको चित्त नदुखाऊ । पितृको जीवनमा समर्पित होऊ, माता र पिता ईश्वरको प्रतिनिधि हुन् । भेदवाणी

मातापिताको पाउ धुनाले चार धामको तीर्थको फल पाउँदछ । जसले पितृप्रति धर्म छोड्छ त्यसलाई पितृको धर्मले छाड्दछ ।

पाकपत्र (पकाउने भाँडो)

श्राद्धमा पितृभोग लगाउने पदार्थहरू पकाउँदा फलामको भाँडामा पकाउन निषेध गरिएको छ । त्यसैले फलामको धुपारोमा धूप दिन पनि हुँदैन किनभने फलामका पात्रहरू देख्नेबित्तिकै पितृहरू टाढैबाट फर्कन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृलाई चढाउने वस्तुहरू

पितृलाई तिल, जौ, धान, कालो ऊखु, फलफूल चढाउँदा त्यसले पितृ एक महिना खुसी हुन्छन् । त्यसैगरी माछाले २ महिना, मृगको शिरले ३ महिना, भेडाको शिरले ४ महिना, हरिणले ८ महिना, कस्तुरीले ९ महिना, सुङ्गुर भैंसीले १० महिना, खंगेस कछुवाले ११ महिना, गाईको दूधले १२ महिना तृप्त हुन्छन् ।

भोजनमा निषेध

मिठो भन्दैमा महबाट तयार भएको वा मह मिसिएको वस्तुहरू श्राद्धमा भोजनमा निषेध छ तर पञ्चामृतमा, सिधामा दानमा र पिण्डमा मह नभई हुँदैन हुन्छ ।

पानीबारे

चैत्र र वैशाखमा पानी नपरी खडेरी पर्दा शिवजीसँग पानी माग्ने गर्दछ । पानी माग्नेपूजा गर्दा विभिन्न प्रकारले शिवजीको आराधना रुद्री पाठ गराउने पीपलको पातमा १००० पीपलको पातमा ॐ नमः शिवायः लेखी खोलामा बगाउने गर्दछन् । घर घरमा हर हर महादेव पानी देऊ भन्दै जत्था हिँडी घरबेटीले पानीले छ्याप्ने पनि गर्दछ । नेपालमा ३ वर्षमा पानी परेन । पानी परोस् भन्ने कामना गर्दै मनिता सङ्गीताको गणदेवता नामको कोष बनाई पशुपतिनाथमा पूजा गरी समाप्त गरेको, पछि ठूलो वर्षा भयो भन्ने कुरा गोपाल वंशावलीमा छ । पानी नपर्दा पानी माग्नको लागि विभिन्न आयोजना गर्ने प्रचलन छ, जस्तै पशुपति क्षेत्रमा आषाढ महिनामा सम्पन्न गरिने त्रिशूल यात्रा पनि एक प्रकारको यात्रा हो । त्रिशूल यात्रा पानी नपरी बालीनाली सुख्खा हुँदा गरिन्छ । शिवको शिरबाट गङ्गा बगेको प्रस्ट्याइन्छ । नेपालका तत्कालीन लिच्छवि राजा गुणदेवका पालामा वि.सं. ६१४ बाट ३ वर्ष पानी परेन, तत्पश्चात् पानी परोस् भनी पूजा गरेपश्चात् पानी परेको कुरा गोपाल राजवंशावलीमा छ । अघि नेपालमा पानी नपर्दा ५ सय खोलाको गोल्जुङ ग्याँको दुतोपलामाले वि.सं.१९६० चैत्र पूर्णिमाका दिन टौदहमा जप ध्यान पूजा गरेको ५ दिन भित्र पानी परेकाले श्री ३ चन्द्रशमसेर खुशी भई थुतो लामालाई २ सय पुरस्कार बौद्ध निवासी बुद्ध वज्राचार्य लामाको जाहेरी त्यस उपर तोक आदेशबाट प्रस्ट हुन्छ । पुरस्कार पाएको व्यहोरा परराष्ट्र मन्त्रालयमा सङ्ग्रहित छ ।

दक्षको यज्ञ

दक्ष प्रजापतिको यज्ञमा ऋषिमुनिहरू, देवगणहरू, यक्ष राजाहरू र विष्णुसहित उपस्थित थिए । दधीचि ऋषिले त्यस यज्ञमा शिवलाई नदेख्दा शङ्का लागि दधीचि ऋषि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उठेर ऋषिमुनिहरू देवगणहरूलाई सम्बोधन गर्दै यस यज्ञमा छोरी ज्वाइँको उपस्थिति देखिएन । म सत्य कुरा गर्दछु कि शिव विनाको यज्ञ अपवित्र हुन्छ शोभा छैन । ब्रह्माजी वा विष्णुलाई पठाएर शङ्करका साथै छोरीलाई उपस्थित गराउनुपर्दछ । शिव विनाको यज्ञ असफल हुन्छ । सफल हुन असमर्थ छ भनेर कड्केका थिए । नन्दीले समर्थन जनाए । यज्ञमा खलबलि मच्चियो, दक्ष प्रजापति आक्रोशित हुँदै, सबै देवदेवताहरू विष्णु भगवान्सहित यस महायज्ञमा बोलाई उपस्थित भइसकेको छ, के कुराको कमी रह्यो भनेर दक्ष प्रजापति कड्किए । यस यज्ञमा उचित पात्रहरू वेद वेदार्थका तत्त्व ज्ञाता एवं जति पनि छन् उहाँहरू सबै आउनुभएको छ । शङ्करसँग मेरो कुनै मतलब छैन । मैले छोरी दिएर ग्रहण गरेँ । मेरो छोरा सरह भयो, तर उसलाई शिष्टाचार मर्यादा भन्ने थाहा नै छैन। प्रणाम गर्न छोडी दिनोस् बोलीले पनि मलाई सत्कार गर्दैन । अगोत्र अकुललाई यस यज्ञमा शोभा छैन भनेपश्चात् दधीचि ऋषि भन्नुहुन्छ, नीलकण्ठ रुद्र जटाधारी शङ्कर, आदित्य भगवान् सूर्य हुन् । शिव शङ्करविना यो यज्ञ नै हुँदैन, त्यसबाट तिमीहरूको विनाश हुनेछ भनी श्राप दिएर दधीचि ऋषि उठेर गए । दक्ष प्रजापति भन्नुहुन्छ, भलो भयो म पनि त्यही चाहन्छु, शिवलाई आर्यहरूको छोरी विवाह गरे पनि ऊ कहिल्यै पनि वैदिक धर्ममा रहेनन् । त्यसैले आर्यहरूले छोरी दिए पनि उसलाई उक्त यज्ञमा बोलाएनन् । ऋषिहरूको श्रापले गर्दा यज्ञ विध्वंशमात्र नभई यज्ञकर्ता दक्ष प्रजापतिलाई दधीचि ऋषिको श्राप लागेर मृत्यु हुन पुग्यो ।

योगद्वारा प्राप्त गर्न सकिने सिद्धिहरू

१. अणिमा २. महिमा ३. गरिमा
४. लघिमा ५. प्राप्ति ६. प्राकाम्य ७. ईशित्व
८. वशित्व

१. अणिमा- इच्छा गरेअनुसार अरूजस्तै साह्रै सानो हुन सक्ने क्षमता
२. महिमा-इच्छा गरेअनुसार ठुलो अग्लो हुनसक्ने क्षमता
३. गरिमा-इच्छाअनुसार वजन बढाउन सक्ने ।
४. लघिमा-इच्छाअनुसार सानो बन्न सक्ने ।
५. प्राप्ति-इच्छा गरेअनुसारको वस्तु तुरुन्त पाउन सक्ने ।
६. प्राकाम्य-इच्छा अनुसारको रूप बनाउन सक्ने ।
७. ईशित्व-साहस गर्न सक्ने शक्ति प्राप्त हुने ।
८. वशित्व-सबैलाई आफ्नो अधीनमा ल्याउन सकिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरूको हतियार

१. शङ्करको त्रिशूल २. विष्णुको चक्र ३.ब्रह्माको शङ्ख ४. वायुको धनु
५. इन्द्रको वज्र ६.यमराजको काल दण्डा
७. ब्रह्माको कमण्डलु ८. सूर्यको किरण
९. कालको तरबार

कैलासबारे

कैलास र मानसरोवर तिब्बतको अलि प्रान्तमा पर्दछ । हिमालय अध्ययन गर्ने भूगर्भशास्त्री, वैज्ञानिकको दृष्टिले करिब ८० करोड वर्ष अघिसम्म कुनै प्राणी थिएन । स्वर्गलोक, वैकुण्ठलोक, भूगोलअनुसार अल्याणबाट २४० कि.मी. माइल ईशानकोणमा पर्दछ । तिब्बतको राजधानी ल्हासाबाट ८०० माइल पश्चिम समुद्र सतहबाट २२,०२८ फिट उचाइमा छ । मानसरोवर १४,००० फिट उचाइमा पर्दछ । कैलासपुरीको लगभग २८ माइल पर तीथ पुरी नामको तीर्थस्थल छ । पुराणमा भस्मासुर भस्म भएको मानिन्छ । ब्रह्माका छोरा पुलस्त्य, पुलस्त्यका छोरा विश्रवा ब्रह्माका नाति छोराहरू कुबेर रावण, विभीषण, विस्रवाकी श्रीमती राक्षस जातिकी निसा हुन् । निसा विवाह गरी वर्णशङ्कर छोराहरू जन्मिए । रावण शिवको तपस्या गर्न कैलासमा गए । कैलास दर्शन गरेपश्चात् तल मानसरोवर ताललाई रावणले दर्शन गरेपश्चात् राक्षसताल भन्न थालिए । स्कन्दपुराणअनुसार ताल अशुद्ध मानी ताल शुद्ध गर्नका निमित्त एउटा सुनौलो माछाले मानसरोवर र रहस्य तालको बिच एक अङ्गुल मान्ने सूत्र प्वाल आउटलेट पारी मानसरोवरको पानीलाई राक्षस ताल मिसाएर त्यसलाई पवित्र पारेपछि मात्र राक्षस ताल हेर्ने प्रचलनले गर्दा हिजोआज सबैले हेर्न सकिन्छ ।

तिब्बतको पौराणिक कथाअनुसार महाभारतको प्रसिद्ध महारथी कर्ण दार्चुलाको बाटे हुँदै मानसरोवर मार्गमा पर्ने ज्वालामुति भन्ने ठाउँमा रहेको गोरी तथा काली नदीको धार सङ्गमबाट भएर महारथी कर्ण तिब्बत प्रवेश गरी त्यहाँ आफ्नो राज्य कायम गरेको उल्लेख छ । त्यसैले अर्को कथाअनुसार महाभारतको युद्धमा कौरवहरूको तर्फबाट युद्ध गर्ने रूपती नाम गरेको राजा युद्धमा हार खाएपश्चात् भागेर तिब्बत प्रवेश गरी त्यहाँको राज्य सञ्चालन गरेको भनेको छ । त्यसै गरी चीनका प्रसिद्ध यात्री ह्वेनसाङ कतुरीको शासनकालमा त्यहाँ पुगी भ्रमण गरेको आफ्नो तिब्बती यात्रा गरेको उल्लेख छ । तिब्बतको घरेलु नाम बोध भनेका छन् । भारतका महान् सम्राट अशोक इ.पुर्व २५९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माधवका राजा धर्मपुत्र देवपालले ८१८,८१४ तथा कर्ण ध्वजका राजा ध्वजराज प्रकयले ८३६ को शासनकालमा हिमालयप्रदेश अर्न्तगत तिब्बतको ल्हासासम्म थिए । १२ औं शताब्दीमा महान् बुद्धिष्ट म्हिलारेपा र न्हुरूपहुज्यू बिच जादु शक्ति प्रर्दशनमा न्हुरूपहुज्य हारे र हार खाएपछि कैलासमा बुद्धिष्टहरूको एकाधिकार भएको पाइन्छ ।

कैलासको चार दिशामा चारवटा पर्वतहरू छन् । धान्यपर्वत यज्ञ गर्दा सुमेरु पर्वतको चार दिशा छन् ।

१. मेरु पर्वत २. मन्दर पर्वत
३. सर्पश पर्वत ४. मुकुन्द पर्वत

हिन्दूहरूले सुमेरु पर्वतलाई धान्य पर्वतको रूपमा पुज्दा सुमेरु पर्वतको लागि १०० मुरी धान र चार दिशाका चार पर्वतलाई दुई दुई मुरीको रास बनाई १०८ मुरीको धान दान गरिन्छ । १. कैलास पर्वतको पूर्वतर्फको चन्द्रप्रवाह पर्वतमा यहाँ सबै किसिमको धातु विभूषित सुगन्धित पर्वत छ । २. कैलास पर्वतको दक्षिणतर्फ लालवर्णको हिमश्रृङ्खला पर्वत छन् । यहाँ सबै प्रकारको औषधी पाइन्छ । यहाँबाट ब्रह्मपुत्र नदी बग्दछन् । कैलास पर्वतको पश्चिम दिशामा ककुद्मान पर्वत छ । कैलासको उत्तरतर्फ हिरण्यशृङ्ग पर्वत छ ।

<u>कैलासमा चार गुम्बाहरू</u>

१. कैलासको पुर्वमा जुदुल गुम्बा
२. कैलासको पश्चिममा छुकु गुम्बा
३. कैलासको उत्तरमा फूक गुम्बा
४. दक्षिणमा गेङ्रा गुम्बा

<u>बुद्धका पाइलाहरू</u>

कैलासमा बुद्धिष्टहरू जति घुम्न सक्छन् उति धर्म हुन्छ भन्ने भावना छ । धनीमानीहरू आफूले परिक्रमा गर्न नसके अरूलाई ज्याला दिएर परिक्रमा गर्न पठाउँछन् । बुद्ध भगवान् स्वयं आफू नै परिक्रमा गरेको हुनाले चार दिशामा चारवटा पदहरू छन् ।

१. पूर्वतर्फ गौरीकुण्डको ओरालोमा सब्जेडाँडाको नजिक
२. पश्चिमतर्फ यमद्वारभन्दा केही अगाडि
३. उत्तरतर्फ गावोफेङ्गोको केही अगाडि तामादिन जाङ्खा नजिक
४. दक्षिणतर्फ जङ्ठुला फुकेर गेङ्ख गुम्बानजिक

बुद्धलाई पुज्नु भनेको शिवलाई पुज्नु हो । इतिहासकार सिल्भाँ लेभी पृष्ठ १९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म सिन्धुअनुसार शिवलाई चढाउने फूलहरूमा बासी हुँदैनन् भनेका छन् । कसैमा बेलपत्र ३०, कसैमा ५ दिन भनेका छन् । शिवलाई मन पर्ने फूलहरू तुलसी, कमलफूल, करवीर, आँक, बकुल्ला, सेतो फूल चढाउँदा सुनदान गरेको फल पाइन्छ भनेका छन् । बकुल्ला पुष्प चढाउँदा विष्णुलाई दिनमा नुहाउन हुँदैन । शिवलाई दिनमा धतुरो चढाउन हुँदैन, रातमा मात्र हुन्छ भन्ने कुरा मदनरत्न नामक पुस्तकमा लेखिएको छ ।

देवता पुजा गर्दा शुभ दिनहरू

१. श्रावण नक्षात्रयुक्त द्वादशी अभिजित मुहूर्त फलदायक हुन्छ ।

२. आषाढको पूर्णिमाको सन्ध्याकालमा जटाधारी शिव बाबा सर्प बेरेर बाघको छालामा शयन हुन्छ ।

३. आश्विन शुक्ल पक्षाको मूल नक्षात्र अष्टमीलाई दुर्लभ नवमी भन्दछन् ।

४. आश्विन महिनाको शुक्ल पक्षाको अष्टमीको आधा रातको समयमा पूर्वषाडा नक्षात्रमा भद्रकाली रूप धारण गर्दछ ।

५. सोमवार कृतिका नक्षात्रका दिन शिव पूजा गरे दरिद्र नाश हुन्छ ।

६. कृष्ण पक्षाको सोमवार शुक्ल पक्षाको शनिवार फलदायी ।

७. सूर्य कृत्तिका नक्षात्रको पहिलो भागमा र चन्द्र विशाखा नक्षात्रको चौथो भागमा सूर्य विशाखा नक्षात्रमा तेस्रो भागमा चन्द्रमा, कृत्तिका नक्षात्रको प्रथम भागलाई विसङ्खु नामको समय हुन्छ । यो समय शुभ छ ।

८. रविवार सप्तमी तिथि जुन वार भए पनि बुधवार दिनमा शुभ कार्य नगर्नू ।

९. रविवार हस्त नक्षात्र सोमवारको मृगसिरा नक्षात्र मङ्गलवारको आश्विनी नक्षात्र, बुधवारको अनुराधा नक्षात्र, गुरुवारको तिष्य नक्षात्र, शुक्रवारको रेवती नक्षात्र, शनिवारको रोहिणी नक्षात्र सिद्धियोग हुन्छ । जपतप कार्य सफल हुन्छ । आद्र नक्षात्रयुक्त नवमीको दिन देवी पूजा गर्दा एक पटकमा गर्दा १० वर्ष गरेको फल पाइन्छ भन्ने शास्त्रीय वचन छ ।

ज्योतिर्लिङ्गको उत्पत्ति

शिवजी सतीदेवीको लासलाई लिएर हजारौं वर्ष डुल्दै गर्दा अन्त्यमा विष्णुबाट माखा उत्पन्न गराई सतीदेवीको शरीर पतन भएपश्चात् शिवजी बेहाल, बेसुरमा हिँड्न थाले उसलाई खान पिउन त परै जावस् आफ्नो शरीरमा वस्त्र छ, छैन त्यो पनि थाहा भएन । डुल्दै जाँदा बाटोमा ऋषिमुनिहरूका श्रीमतीहरू पँधेरोमा थुप्रै थिए । शिव नाङ्गै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको देखी ऋषिमुनिका श्रीमतीहरू पँधेरामा गाग्रो छोडी सबै शिवका पछि लागे। उनीहरूलाई पनि आफू कहाँ पुगियो, समय कति भयो यादै भएन। साँझसम्म श्रीमतीहरू नआएपछि ऋषिमुनिहरूले ध्यान दृष्टिले हेर्दा नाङ्गो शिवको पछाडि घुँइचो लागेर गएको देखे। ऋषिहरूले सोचे, हामीसँग असन्तुष्ट श्रीमतीहरू शिवले हरण गरेर लगेछन् भनी ऋषिहरूले शिवको लिङ्ग भस्म होस् भनेर श्राप दिए। शिव लिङ्गबाट अग्नि प्रज्वलित भयो। संसार, ब्रह्माण्ड भस्म हुने अवस्थामा पुग्यो। ऋषिमुनिहरू आत्तिँदै विष्णु भगवान्का शरणमा पुगे । विष्णुले त्यस लिङ्गलाई साम्य पारे।

गङ्गाजलको उत्पतिबारे

नारद ऋषि वीणा बजाउँदै भगवान् शिवलाई खुसी पार्न गएका थिए। नारद ऋषिको वीणाको तालसुरले शिव प्रभावित भए। शिवको मन गलियो र मन जलजस्तो पातलो भयो। पुराणहरूमा ब्रह्मा द्रव्य भन्दछन्। हाम्रो सभ्यतामा गङ्गा जललाई अति पवित्र मान्दछन्। त्यसैले काठमाडौंवासीले मृत्युको अवस्थामा पशुपतिको आर्यघाटमा लगेर मैला पानीमा मृत अवस्थाको विरामीलाई नुहाई दिने गर्दछन्। मृतकलाई पनि गङ्गाजलले नुहाई दिने गर्दछन्। गङगाजलबारे वैज्ञानिकहरूको भनाइमा एकमत पाइन्छ। इटालिका वैज्ञानिकहरूले गङ्गाजल र अन्य नदिको छुट्टाछुट्टै गरेर सिसीमा राखेर पाँच वर्षपछि माइक्रोस्कोपद्वारा परीक्षण गर्दा गङ्गाजल निर्मल पहिलाको भन्दा स्वच्छ देखियो। अन्य पानी दूषित देखियो। गङ्गाजल स्वच्छ र पवित्र हुनुको कारण पहाडी इलाकाहरूबाट झरेको पानी पहाड हिमालमा अमूल्य जडिबुटी खनिज पदार्थहरूको रसायन लिएर बग्दछ र प्रवाह भएको पानी शुद्ध भएको हो। केही उदाहरणहरू -

१) कैलासको उत्तरतर्फ एक प्रकारका वनस्पति पाइन्छ। त्यसलाई खाए त्यो मानिसले त्यही बसी सिङ्गै नेपाल देख्न सकिन्छ। मानसरोवर कैलासको मानसरोवर उत्तरतर्फबाट सिन्धुबाट सानातिना ५ सय खोलानाला बगेको छ। पूर्वबाट ब्रह्मपुत्र नदी सानातिना ५ सय नदी बगेको छ। पश्चिमबाट सतलज गङ्गा ५ सय नदीहरू बगेको छ। दक्षिण कर्णाली नदी ५ सय नदी लिएर महासागर बनेको छलिएर महासागर बनेको छ। प्रत्येक नदीको ५ सयबाट २ हजार लिएर महासागर बनेको छ।

१) सतलज गङ्गाको पानी चिसो पाइन्छ।
२) सिन्धु नदीको पानी गरम पाइन्छ।
३) ब्रह्मपुत्रको पानी तातो पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) कर्णालीको पानी गरम हुन्छ ।

प्राचीन कालमा कुष्ठरोगीहरू गङ्गाको क्याल्सियम रसायन पिउने, नुहाउने गर्दथे । कुष्ठरोगी विरूपाक्ष गङ्गाजल नुहाएर नै निको भएका थिए । गङ्गानदी कृष्णपक्षको षष्ठी तिथिबाट औंसीको दिन १० दिनसम्म पृथ्वीमा रहन्छ । चैत्र महिनाको शुक्लपक्ष अष्टमीको दिन पुनर्वसु नक्षात्र बुधवार परेको दिन गङ्गास्नान गर्नाले वाजपेय यज्ञ गरेको फल पाइन्छ ।

कालीगण्डकीको उत्पत्तिबारे

मुक्तिनाथ यात्री आदि ऋषिमुनिहरूलाई पार्वतीले पूजा गरी वस्त्र, द्रव्य, भेटी, फलफूल कन्दमूल भोजन गराएका थिए । तृप्तिको कारण शरीरबाट पसिना आई बायाँ पाउबाट भरेको र आएको पसिनाको जल प्रवाह भएर आत्रेय मुनि ऋषिवाट एउटा तलाउ बन्यो । सर्वप्रथम त्यस तलाउमा तपस्यारत वयोवृद्ध गण्डक ऋषिले स्नान गरे, सन्ध्या तर्पण साध्य गरी कुटीमा फर्कंदा जलदेवीले थाहा पाउनुभयो र गण्डक ऋषिलाई इच्छाअनुसारको तपस्या गरी बस्नू अन्तमा मुक्ति पाउनेछ भन्ने वरदान दिए । त्यस जलाशयमा सर्वप्रथम गण्डक ऋषिले प्रवेश गरेको हुनाले नदीको नाम गण्डक रहन गयो ।

भागिरथी गङ्गाको उत्पत्ति

कैलासको दक्षिण दिशामा लाल वर्ण हिमश्रृङ्खला नामको विशाल पर्वत छ । त्यहाँ भगिरथले शिवजीको तपस्या गरेका थिए । भगिरथको तपस्याबाट शिव प्रसन्न भएर भगिरथलाई सप्तधारा गङ्गा प्रवाहित गर्नुभयो । तपद गङ्गा तीनवटा धारा पूर्वतर्फ, तीनवटा धारा पश्चिमतर्फ विभाजन गरी एउटा धारा आफैँसित राखे । पूर्वतर्फ बगेको तीन धारा नालिनी, लादिनी र पार्वती, पश्चिमतिर बगेको तिनवटा धारा सीता गङ्गा, चक्षु गङ्गा र सिन्धु गङ्गा सातौं धारा आफूसँग रहेको धारा दक्षिणतिर गई भागिरथी बनेको छ ।

कैलासलाई अलकापुरी पर्वत भन्दछन् । शिव त्यस पर्वतमा कुबेरसँग बस्दछन् । त्यसको पाउमा मन्दक नामकको सरोवरबाट मन्दाकिनी नदी प्रवाहित भएको छ । कैलासको उत्तरमा हिरण्यश्रृङ्ग नामको विशाल पर्वत छ । त्यसको तल विन्देश्वर नामकको दिव्या सरोवर छ । यहाँ राजा भागिरथले तपस्या गरेका थिए । त्यहाँ त्रिपात् गङ्गादेवीले रातमा चम्किने गरी दर्शन दिइन् । गङ्गादेवी स्वर्गलोक, अन्तरिक्षलोक, भूतल पवित्र बनाएर भूलोकमा आएर गङ्गादेवी शिवजीको मस्तिष्कमा परिन् । शिवजी रिसाएर रोके, गङ्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गादेवी क्रोधित भएर उसका केही बुँदाहरू पृथ्वीमा खसे । राजा भगिरथको नशामा घुसे, भगवान् शिवले रिसाएर रोकेको भगिरथको तपस्या देखेर प्रसन्न भई आफ्नो तेजले रोकेको गङ्गा नदी छोडिदिनुभयो र सातओटा धारा बने । भागिरथी गङ्गा जेष्ठ मासको शुक्ल पक्षको द्वादशी तिथि मङ्गलबार हस्त नक्षत्रमा पृथ्वीमा झरेकी हुन् ।

मानसरोवरको उत्पत्ति

आफ्ना मानस पुत्रहरूलाई ब्रह्माजीले अब तिमीहरू सात भाइहरूले सृष्टितर्फ लाग भन्दा सात ऋषिहरू सृष्टितिर नलागी आत्मज्ञानतिर लाग्ने विचार गर्दा ब्रह्माजीले मेरो वचन उल्लङ्घन गर्नेलाई श्राप दिन्छु भन्नुभयो । सात भाई श्रापको डरले कैलासमा शिवजीको दर्शन गर्नलाई एक एक वटा लौरो टेकेर मुक्तिनाथ हुँदै आउनुभयो । मुक्तिनाथमा लौरो छाडेर पूजा गरेर ध्यान गर्दा उनीहरूको लौरो पलाई सकेको रहेछ र त्यहीं छोडेर कैलासमा पुगे । कैलासमा शिवजीले सात भाइको श्रद्धा जान्नका लागि तीन वर्षसम्म शिवजीले पानी नपारी सात भाइलाई टाढाबाट ल्याएर खानुपर्‍यो । शिवजीले तीन वर्षको लगातार भगवान्‌को श्रद्धा र भक्तिले गर्दा शिवजीको मानसबाट मानसरोवरको उत्पत्ति भयो र मानसरोवर भनियो ।

ब्रह्माजीका मानस पुत्रहरू

१) सनक २) सनन्दन ३) सनातन
४) कपिल ५) आसुरी ६) वोढु ७) पञ्चशिख

यिनीहरू एक दिन कैलासमा शिवजीका दर्शन गर्न गएका थिए । बाह्र वर्ष तपस्या गर्दा पनि दर्शन दिएनन् । उल्टो आकाशबाट पानी नपारी वारिपारिका पानीको मुहानहरू सबै सुके । ऋषिमुनिहरू पानीले हाहाकार भए । ऋषिमुनिहरू स्वच्छ पानी पिउनका लागि मन्दाकिनी नदीबाट ल्याएर काम चलाउँथे । शिवले उनीहरूमा आफूप्रति दृढ विश्वास मानेर मानसरोवरको उत्पत्ति गराए । मानसरोवर कैलासबाट ४००० मिटरको उचाइमा रहेको छ । समथर चार दिशाबाटै चारवटा नदीको तलाउ बनाई धार्मिक स्थल बनाए ।

जम्बूद्वीपको उत्पत्ति

मानसरोवरमा न्हुरूपहुजूर म्हिलरेपा कैलास वरिपरि लापुको दक्षिण किनारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यूरी गुम्बामा म्हिलारेपाको गुफा र दीको बायाँ किनारमा न्हुरूपहूजुको गुफा थियो । उही दुई जनाको समय समयमा तन्त्रमन्त्रको होडबाजी भइरहन्थ्यो । म्हिलारेपाले तालको बिचमा पानीभित्र हात घुसारी जमिन उठाएकाले बोन्पोहरूले त्यस ताललाई रेउ ताल भन्दछन् । रेको अर्थ उठाउने र उको अर्थ ओढारजस्तो परेको हो । यसलाई हिन्दूहरूले जम्बूद्वीप भन्दछन । बिचमा जुन उठेको जमिन छ त्यसमा वृक्षामा रातो फल फलेको हुन्छ, त्यसलाई भारतबाट ठूलो माछा आई खान्छन् र बाँकी रहेको हीरा हुन्छ भन्ने उखान छ । कैलास पुराणमा उल्लेख भएअनुसार,

१) जम्बूद्वीपको पूर्व किनारमा सोलुङको आसपासमा पाँच प्रकारका धातुहरू जस्तैः चाँदी, पिरोज, सुन, मुगा, फलाम पाइन्छन् ।

२) जम्बूद्वीपको दक्षिण किनारमा लोको आसपासमा अर्थात् ठूलो लोको आसपासमा सुन पिरोज, मुगा, चाँदी, मोती र पाँच प्रकारको धूप पाइन्छ ।

३) जम्बूद्वीपको पश्चिमतिर ४ प्रकारको शङ्ख पाइन्छ ।

४) जम्बूद्वीपको उत्तरतिर ५ प्रकारका रत्नहरू पाइन्छन् ।

श्रीलङ्काको उत्पत्तिबारे

एकपटक शिव र पार्वती एकान्तमा बसिरहेका थिए । पार्वतीले शिवलाई भन्नुभयो, हामीले गर्नुपर्ने काम धेरै हुन्छ । त्यसैले हाम्रो वासस्थान एकान्त स्वच्छ वातावरणमा चाहिन्छ । म ठूलो घर होस्, सुखसुविधा होस् भन्दिनँ तर एउटा सानो घर बनाइदिनुहोस् । त्यसपछि शिवजीले भन्नुभयो, हामीलाई किन चाहियो घर ? त्यो झन्झट किन ? जति सक्यो भगवान्को भजन गरे भई हाल्यो नि ? आज तिमीले यस्तो कुरा गर्‍यौ अब उप्रान्त यस्तो कुरा नगर । तर पार्वतीले शिवको कुरा मान्नुभएन र प्रभु आजसम्म मैले हजुरको कुरामा जिद्धि लिएको छैन, यसमा केही छ भन्ने सोचिदिनुहोस् भन्नुभयो । शिवजी भन्नुहुन्छ, शिवजी तिम्रो जिद्धिसँग झुक्नै पर्‍यो नि भनेर घर बनाउन विश्वकर्मालाई बोलाएर मलाई घर पनि चाहिएको छैन, इच्छा पनि छैन, पार्वतीले बल गरिन् म घर बनाउन परेपछि सानो किन बनाउने समुद्रको बिचमा नभुतो नभविष्यति यति ठूलो घर न त अघि थियो न त भविष्यमा बन्नेछ त्यस्तो घर समुद्रमा बनाउनुपर्‍यो भनी विश्वकर्मालाई अह्राउनुभयो । घर बनेपछि विश्वकर्माले समुद्रमाथि विशाल दरबार बनेको सूचना शिवलाई दिए । शिवले विश्रवा ऋषिलाई गृह प्रवेश गर्ने शुभ मुहूर्त शुभ लगत हेर्न लगाए । ऋषिले दिएको शुभ मुहूर्तमा गृह प्रवेश गरी स्वस्तिशान्ति गरेपश्चात् शिवले ऋषिलाई दानदक्षिणा गर्न बिर्सिनुभएछ त्यसैले शिवजी भन्नुहुन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यारहित, श्रद्धारहित तथा दक्षिणारहित यज्ञ तामासी हुन्छ । दान दक्षिणाविनाको घरमा कलह क्लेशको कारण सुख शान्ति हुँदैन । त्यसैले शिवजीले विश्रवालाई दक्षिणा माग्न आग्रह गर्नुभयो । शिवको कुरा सुनेर विश्रव ऋषिको महत्त्वाकाङ्क्षी बढेर आयो र प्रभु तपाईँ मलाई माया गर्नुहुन्छ भने मलाई दिनुपर्ने दक्षिणामा त्यो सुन्दर महल दिनुहोस् भने । शिवले तथास्तु भनिहाले । आफू बस्न बनाएको घर शिवले बिचारै नगरी दान दिँदा पार्वती चकित परिन् । त्यही बेलामा विश्रवा ऋषि पनि त्यहीँ आइपुगे । पार्वतीलाई विश्रवा ऋषिसँग रिस उठिरहेको थियो त्यसैले तिम्रो यो राजभवनमा कहिल्यै पनि सुख शान्तिसँग नहोस्, तिम्रा छोरा नातिहरू परिवारका सबै सदस्यहरू मारियून् । त्यो समुद्रको महलमा भोलि हेर्दाहेर्दै विशाल नगर बन्नेछ । तिमीले हेर्दा हेर्दै बलशाली बाँदरले त्यसलाई उडाएर नष्ट गरोस् भनी श्राप दिइन् । त्यो दरवार रावणको हातमा पऱ्यो । सीता हरण गरेकाले त्यही दरवारमा रावणको कुल नष्ट भयो । त्यस ठाँउलाई श्रीलङ्का भन्दछन् ।

तुलसीको उत्पत्ति

राजा धर्मध्वज र उनकी पत्नी माधवी गन्धमादन पर्वतको सुन्दर वनमा क्रीडा गर्दै आनन्दमा डुबिरहेका थिए । धेरै कालसम्म सन्तानहीन हुँदा पत्नीसँगको सहवास त्यागेर धर्मध्वन भगवान्को ध्यान गर्न जान लागे । पत्नी माधवी दुःखित भइन् । माधवीले मैले गर्भधारण गरिसकेको छु, कुरा यताउता नगर्नोस भनी बिन्ती गरिन् । राजाले पत्नीको कुरामा विश्वास गरेनन् र कार्तिक शुक्ल पूर्णिमा शुक्रवारका दिन शुभयोग, शुभक्षाण र शुभलगनमा माधवीले पुत्री जन्माइन् । पुरोहितले बालकको नाम तुलसी राखे अनि बालक अवस्थामा नै तुलसी वृन्दा भन्ने जङ्गलमा तपस्या गर्न गइन् । उनी गर्मीको समयमा पञ्च आगो ताप्ने, जाडेको समयमा पानीमा पसेर तपस्या गर्ने गर्दथिन् । वर्षाकालमा भुइँमा आसन लगाएर तपस्या गर्दथिन् । उनको कठोर तपस्याबाट भगवान् शिव खुसी भई दर्शन दिनुभयो । भगवान्ले म तिमीबाट सन्तुष्ट छु, के वर माग्छौ माग भन्नुभयो । तुलसी भन्नुहुन्छ हजुरको अगाडि मलाई केको लाज म पूर्वजन्ममा द्वापर युगमा तुलसी नामक गोपिनी थिएँ । गोलोक मेरो वासस्थान थियो, त्यस समयमा म कृष्णको अति प्रिय हुने सौभाग्य पाएको थिएँ । एक दिन राजाले कृष्णको प्रिय भएको थाहा पाए । राजा रिसाएर मलाई मानवयोनिमा जन्म होस् भनी श्राप दिए । भगवान्ले मलाई तिमी भारतवर्षमा गई तपस्या गर नारायण तिम्रो पति हुनेछ भनी भनेकाले अहिले पनि उहाँलाई पति पाउनका लागि तपस्या गरेको हुँ । हजुरबाट नारायणलाई पति पाउनका लागि बिन्ती गर्दछु । शिव भन्नुहुन्छ, राधिकाको श्रापबाट नारायण श्रीखण्डको नामबाट प्रख्यात छन् । तिमी पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीमा गएर वृक्ष बनेर रहनू, समस्त वृक्षमा नारायणलाई मन पर्ने फूलको रूपमा प्राप्त हुनेछ भनी वरदान दिए। भगवान् नारायण विष्णुको प्यारो फूल हुनेछ। नारायणलाई तिम्रो फूल नचढाए अपुरो हुनेछ भनी वरदान दिए।

भगवान् करवीरको उत्पत्ति

काश्मिरमा गौरी र शंकर ब्राह्मण ब्राह्मणी थिए। उनीहरू विद्वान्, पण्डित र धनाढ्य पनि थिए तर सन्तानहीन थिए। उनीहरूको वासस्थानमा मुसलमान धर्मको बाहुल्य थियो। उनीहरू सन्तानप्राप्तिका लागि भगवान् शिवको उपासना गर्दथे। शिवपुराण निःस्वार्थ रूपमा सुनाउँदै हिँड्दथे। कसैबाट पैसाको लालच थिएन। कसैले दिइहाले त्यसबाट उनीहरूको भण्डारणमा खर्च गर्दथे। उनीहरूलाई जबर्जस्ती मुसलमान बनाइयो। मुसलमानले उनको घरमा आएर आजदेखि मुसलमान भयौ भनी घरमा पानी छर्किए। उनीहरूलाई जबर्जस्ती मुखमा पानी हालिदिए। सबै कपडामा पनि पानी छर्किए। उता हिन्दु ब्राह्मणहरूले यिनीहरू मुसलमान भए भनी भाइचाराको नाता तोडे। उनीहरू जबर्जस्ती मुसलमान बने तापनि आत्मा परिवर्तन भएको थिएन। शिवको नाममा पूजा प्रार्थना गोप्य रूपमा गर्ने गर्दथे। गौरीशङ्करको नाम मुसलमान प्रचलनअनुसार गौरीको निमा, शङ्करको निरु राखे। उता शिवपुराण भन्दै हिँड्ने पुजारीहरू कथा भन्न छोडे। त्यसबापत आएको दानबाट भण्डारा बन्द भयो। अब के गरौं ? कसो गरौं ? भन्ने सल्लाहले जुलाह (कपडा बुन्ने काम) काम गरे। जुलाहको भण्डारमा पैसा रहेन। उता ब्राह्मणहरूले गौरी र शङ्कर मुसलमान भएकाले गङ्गाघाट (गङ्गानदीमा)मा स्नान गर्न हिन्दुहरूले बन्द गरे। तिमीहरू मुसलमान हौ भनेर हेंला गर्न थाले। निमा र निरुको शिवप्रतिको आस्थामा कमी आएन। त्यहाँ लहरतारा नामको ठूलो सरोवर थियो। उनीहरू सूर्योदयपूर्व प्रतिदिन सरोवरमा नुहाउने गर्दथे। सन १३८८ वि.सं.१४४५ जेष्ठ मास पूर्णिमाका दिन सदा झैं स्नान गर्न दुवै जना गएका थिए। बाटोमा निमाले हामीले साधारण हृदयदेखि बिर्सन छोड्न सकेनौं। हामी वर्षौं देखि गरेको कर्म भुल्न सकेनौं भगवान् हजुरको धर्म एउटा बच्चा बालकको कमी हुन गयो। हामीलाई एउटा बालक दिनु भए हाम्रो जीवन सपफल हुन्थ्यो भन्दै रुँदै डांको छोड्दै जाँदै थिए। उनको श्रीमान् निरुले भन्यो कि निमा नरुनु, प्रभुको इच्छा भए हामीले एक पुत्र प्राप्त गर्न सक्छौं। यसरी रोएर तिम्रो शरीर कमजोर हुन्छ, आँखा देख्न बन्द हुन्छ। निमा हाम्रो भाग्यमा सन्तान छैन, भए पाउने थियो भन्दै रोएर कमजोर नबनाऊ भन्दे लहरतारा तलाउमा पुगे। अलिअलि अँधेरो थियो। निमास्नान गरेर तलाउबाट बाहिर आइन्। कपडा फेर्न लागेको अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमाको आँखा तलाउतर्फ पऱ्यो । निरु एकसुरमा स्नान गर्दै थिए । सूर्य उदाउने अवस्थामा एउटा बालक खुट्टा मुखमा हालेर चुस्दै थियो । अर्को खुट्टा हल्लाएको अवस्थामा निमालाई कमलको फूलमा सर्प भएको भान नयो । निमाले सर्पले पतिलाई डस्ने त होइन भनी ध्यान लगाएर हेर्दा कमलको फूलमा बच्चा देखिन् । बच्चा खस्ला जस्तो देखिन् । निमा चिच्याउँदै त्यो बच्चा पानीमा खस्ला भनी चिच्याइन् । पतिसँग गुहार मागिन् र निरुलाई बच्चाको चक्करमा भएको निमालाई बच्चाजस्तो लाग्यो होला । पानीमा सर्प नभई बच्चा बस्छ होला र भनी अकमक भए । निरुले बालक कमलको फूलबाट खस्ला भनी चिच्याउन थालिन् । निरुले कमलको फूलतिर हेर्दा कमलको फूलमाथि नवजात शिशु सुतिरहेको देखे । निरुले फूलसहित बच्चा उठाएर निमालाई ल्याएर दिए । निमाले भगवान् शिवले वर्षौंदेखिको मेरो मनोकामना पूरा गरिदिए भनी शिवको पूजा आराधना गरिन् । निमा भन्दछन्, अहिले हामी करबलले मुसलमान बनेका छौँ । आफ्ना दाजुभाइ इष्टमित्र हिन्दूहरूसँग द्वेष छ । पहिले यही अवसरको फाइदा मुसलमानले लिए । हामीलाई मुसलमान बनाए । हाम्रो हिन्दू साथी छैन यो बालकको माता पिता को हो ? कहाँबाट ल्यायौ ? तिमीहरूले कसको बच्चा चोरेर ल्यायौं भनी प्रश्न गर्लान्, हामीले कसरी जवाफ दिने ? कमलको फूलमा पाएको बच्चा भन्दा पत्याउने कसले ? त्यसैले यो बालक यहीं छोडेर जानुपर्छ । त्यही समयमा पोल्टाका बालकले निमालाई तँलाई आपत् आउँदैन भने पछि यो कुनै सिद्ध पुरुषको अवतार होला भन्ने लागेर घर लगे । सबै स्त्री पुरुष बालक हेर्न आए । यस्तो राम्रो तेजोमय बालक हामीले आजसम्म देखेका थिएनौं भन्दै सबै खुसी भए । उक्त बालकको नाम करवीर राखियो ।

तिलको उत्पत्ति

भगवान् विष्णुको राक्षसहरूसँग लडाईं भयो । भगवान् विष्णुलाई बढी परिश्रम भयो र भगवान्को शरीरमा पसिनाका थोपाहरू भुईंमा खसे, पसिनाका थोपा सेतो, कालो, कैले ३ प्रकारको थोपाहरू भए । त्यसैबाट ३ प्रकारका तिलको उत्पत्ति भयो ।

दुबोको उत्पत्ति

भगवान् कृष्ण सधैं यमुनापारि दुर्वासा ऋषिको कुटीमा जानुहुन्थ्यो । एकदिन भगवान् कृष्ण अबेर गरी आउनुभयो । सबैजनाले तपाईं सधै यमुना पारी जानुहुन्छ । अबेर आउनुहुन्छ किन ? भनी प्रश्न गरे । कृष्ण भन्नुहुन्छ, यमुनापारि दुर्वासा नामक गुरु हुनुहुन्छ, म सदा उहाँकहाँ जान्छु । सबैले तपाईंलाई हामीले त्रिलोकका मालिक सम्झेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छौं । के तपाईंले मान्ने ऋषि पनि छन् ? कृष्ण भन्नुहुन्छ, दुर्वासा ऋषिलाई मान्नु हामी सबैको कर्तव्य हो । दुर्वासा ऋषिको मृत्युपछि उनको समाधिमा दूबो उत्पत्ति भयो ।

अबिर र सिन्दूरको उत्पत्ति

ब्रह्माजीका दुईवटा श्रीमती थिए । एउटी स्वजाति श्रीमतीबाट ऋद्धि र सिद्धि जन्मे । बिजातिबाट अबिर र सिन्दुर जन्मे । चारवटा छोरीहरू थिए । स्वजातिबाट जन्मेका ऋद्धि र सिद्धिलाई विवाहका लागि वर आउने गर्दथे । ऋद्धि र सिद्धिका लागि आउने विवाहका जन्तीलाई अविर र सिन्दुरले खुवाउने गर्दथे । अविर सिन्दुरले विष हाली खुवाई वरलाई मार्ने गर्दा रहेछन् । अन्त्यमा ब्रह्माजीले गणपतिलाई नै ज्वाई बन्न अनुरोध गरे । गणेशको जन्ती आउँदा अविर र सिन्दूरले खाना बनाउन लाग्दा लड्डुमा विष हालिरहेको गणेशले देखे । गणेशले अविर र सिन्दूरलाई मारी अविर र सिन्दुरको रगतले ऋद्धि र सिद्धिलाई सिन्दूर हाली विवाह गरे र यसरी अविर र सिन्दूरको उत्पत्ति भयो ।

जौको उत्पत्ति

ऋग्वेदको दश अध्यायमा भनिएको छ, पृथ्वीमा मानवको सृष्टि हुनुभन्दा तीन युगपहिले वनस्पति लतावृक्षाको सृष्टि भएको उल्लेख गरिएको छ । उतवरक, आँप, स्वामी र पाखुरी फलफुल जुन बगैंचामा पञ्चपल्लव रोपिंदैन, त्यो बगैंचा अधुरो बन्दछ । मन्त्रमा नमिल्ने अक्षार औषधिमा नमिल्ने वनस्पति हुँदैन । औषधि ऋग्वेदमा भनिएको छ । औषधी वनस्पति माता हुन् । नक्षात्र काल गणना र श्रुति परम्पराअनुसार यिनीहरूको सृष्टि ईसापूर्व १ लाख पुरानो मानिएको छ । मतस्या पुराणको तेस्रो अध्याय पृष्ठ आठमा सत्त्व रज तम त्रिमूर्ति एउटै हो भनेका छन् । जसको माता पता हुँदैनन् । उनी प्राकृतिक हुन् । महर्षि राजा पृथुले कृषि विकासको लागि देवगणहरू पुरुषार्थी विद्वान्हरूको साथ राजा पृथुले बन्चरोद्वारा भूमिमा रहेको रुख विरुवा ढुङ्गा हटाई खेतीको प्रारम्भ गरेको थियो । यी मानदेव मधुन संयुक्त यव भनेर अर्थ बेग्लै लगाएको छ । अर्थववेदको ६३०१ मा पृथ्वीमा कृषि अन्नका रूपमा सर्वप्रथम यव (जौ) को बिजलाई देवगणहरूले छरेर मधुर्ययुक्त जौको खेती गरियो । वैदिक परम्पराअनुसार कृषिको सर्वप्रथम जौको उपज देवगणहरूद्वारा गरिएकोले उत्तम मानिएको छ । हिन्दू धर्ममा प्रत्येक शुभ अशुभ कार्यमा जौको प्रचलन छ । जौको उत्पत्ति महर्षि दयानन्द सरस्वतीले ऋग्वेदकालमा ईसापूर्व नौ लाख वर्ष पुरानो मानेका छन् । राजा पृथुले कृषिविद्याको अध्ययन गरेर देवतालाई साथ लिई उत्कृष्ट परसु (हतियार) बनाई त्यसद्वारा भुइँमा रहेको रुख, विरुवा, ढुङ्गा आदि हटाई खेती आरम्भ गरे भनिएको छ । त्यसैले उत्कृष्ट पहिलो अन्न भएको हुनाले यज्ञयगादिमा जौं प्रयोग गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामीको उत्पत्ति

स्वामीको रुखलाई हिन्दू धर्मले अति महत्त्वपूर्ण वनस्पतिको रूपमा मान्दछ। संस्कृत भाषामा स्वामी वैज्ञानिक भाषामा प्रोसोपिस पिरा भन्दछन्। स्वामीलाई विजयको प्रतीक मानिन्छ र विजयादशमीमा कतिपयले स्वामीको पूजा गर्दछ। बङ्गालमा दुर्गा पूजाको बेला स्वामीको पातलाई सुनको प्रतीक मानिन्छ र चढाइन्छ। पूजा घरमा ढुकुटीमा राख्दछन्। स्वामीको उत्पत्तिबारे उर्वशीको बिछोडमा राजा पुरुरवा विरक्तिएका थिए। राजा पुरुरवाले यज्ञ बनाई होम गरेको यज्ञ स्थलमा उम्रिएको वृक्ष यसको पात गणेशको प्रिया स्वामीले हानिकारक ग्याँसको नष्ट गर्दछ भनी मुनिहरूले बताएका छन्। स्वामीको जरामा साना साना गाँठहरू हुन्छन्। जसले नाइट्रोजन एकत्रित गरेर जमिनको उर्वरा शक्ति बढाउदँछ। बच्चा जन्माउन नसक्ने ढिलो गर्नेलाई त्यसको रस खुवाउँछन्। यसको पवित्र रुख भनी पाँच पाण्डवहरू वनवास जाँदा स्वामीको रुखमा हातहतियार झुण्डाएर गएका थिए। रामचन्द्र भगवान् चौध वर्ष वनवास जाँदा स्वामीको हाँगाको झुपडी बनाएर बसेका थिए। वैदिक कालमा यज्ञ होम गर्नुपर्दा ऋग्वेदमा आगो बनाउँदा स्वामी र ग्यनही दुईको बिचमा ठाडो मदानी नेती बनाई विशेष गरी एक आगो उत्पन्न गराएका थिए। आगो आविष्कार गर्नेहरू उरु र अग्नेपाका छोरा अंगिरस थिए। मङ्गोलियनहरूले प्रचलनमा ल्याएको ज्योतिष शास्त्रमा दुई थरिको आगो हुन्छन्।

१. क्हुमरमी : क्हूमरमी मथेर निकालेको आगोलाई क्हुमरमी भन्दछ। यो आगो काठ, पानीसँग मिल्दछ।

२. ल्हीमरमी : जुन दर्शनढुङ्गो र फलामबाट निकालिएको हुन्छन्। त्यो आगो र पानीसँग मिल्दैन। यो आगोले जलाउने खरानी पार्ने मात्र हुन्छ भनेर प्रयोग गरी राखेको हुन्छ।

दम

मनलाई इन्द्रियहरूको वशमा हुन नदिनेको नाम हो दम। मनुष्यहरूको मन इन्द्रियको राजा हो। जतातिर मनले इन्द्रियहरूलाई हिडाउँछ, इन्द्रियहरू त्यतै तिर दोडिन्छ। यसो हुनाले जबसम्म मनलाई वृद्धिद्धारा दमन गर्दैन, तबसम्म इन्द्रियहरूको वशमा निग्रहता पुग्न सक्दैन। मन पनि इन्द्रियको पछाडि दौडियो भने मनले धेरैप्रकारको नाश गर्दछ। मन अति चञ्चल हुन्छ, इन्द्रियले मनलाई वशमा पार्ने प्रयास अभ्यास गर्नुपर्दछ। मनको दमनबारे महाभारतमा मनको दमन गर्न तेज बढाउन मनले पूरा प्रयास गर्नुपर्छ भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले नौ वटा काम गर्नु अति आवश्यक छ ।

९ वटा कार्यहरू :

१. श्रवण २. कीर्तन ३. स्मरण

४. सेवन ५. दास्य ६. अर्चना

७. वन्दना ८. सङ्ख्या ९. आत्मसर्मपण ।

१. श्रवण- स्थिर आसनमा बसेर मन एक चित्त भएर ध्यान गर्नुलाई श्रवण भन्दछन् ।

२. कीर्तन- ज्ञानलाई हृदयंगम गरी सम्झी भजन गर्नु कीर्तन गर्नुलाई कीर्तन भन्दछन् ।

३. स्मरण- सदा हृदयमा सर्वव्यापी भगवान् परमात्मालाई सम्झी स्मरण गर्नुलाई स्मरण भन्दछन् ।

४. सेवन- धर्म विपरीत नहुने बस्तु प्रयोग हुनु, प्रयोग खानु, पिउनु लगाउनु सेवन हो ।

५. दास्य- भगवान्को सेवामा परायण भएर आफ्ना मन इन्द्रियहरूलाई भगवान्को सेवामा लगाउनुलाई दास्य भनिन्छ ।

६. अर्चना- सधैं भगवान्को अनुकूल गरी पूजा गर्नुलाई अर्चना भन्दछन् ।

७. वन्दना- मनवचन कर्मद्धारा उच्चारण गरी ध्यान गर्न आठै अङ्ले पृथ्वी स्पर्श गर्नुलाई वन्दना भनिन्छ ।

८. सख्य- शुभ अशुभ जे भए पनि ईश्वरीय इच्छाले हुन्छ मेरा लागि मङ्गल हो भन्नुलाई सख्य भनिन्छ ।

९. आत्मसमर्पण- देह परमात्मालाई अर्पण गर्नु सधैं शून्यमा रहनुलाई आत्मसर्मपण भनिन्छ ।

मुक्तिनाथ क्षेत्र

मुक्तिनाथ पर्वतको मध्यभागमा पानीमा अग्नि अवहन् गर्दै व्रह्माजी वसेका थिए । व्रह्माजीले अग्नि सिद्ध गर्नु भयो र चरुको आह्वान् गर्नुभए पश्चात अग्निमा पानी निस्किए । यद्यपि पानी र अग्नि दुवै विरोधी भए पनि यी दुवेको देह एकै भयो । व्रह्माजीले जलमा अग्नि आह्वान गरि सकेपछि देवताहरू त्यस ठाउँमा अग्निको शरीरमा प्रवेश भएको अग्निमा प्रवेश भएर दूध दही र ध्यू र मह रहेबाट सिद्ध पदार्थ ग्रहण गरे । एक पटक विष्णुले यही क्षेत्रमा धेरै कालसम्म ठूलो तपस्या गर्नुभयो । यस तपस्यावाट ठूलो तेज प्रकट भयो । शिवजीले आफ्ना गणहरू सहित त्यस क्षेत्रमा तपस्या स्थलमा गई विष्णुसँग किन नपस्सा गरिरहनु भएको भनी सोध्नुभयो । विष्णुले मैले त्रिलोकको कल्याणको लागि तपस्या गरेको हुँ । वरदानको इच्छा गरेर तपाईंको दर्शन तपस्या गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएँ। तपाईंको दर्शन पाएर म आन्द छु भनी विष्णुले विन्ती गरे। शिवले विष्णुको इच्छा प्ररा हुने वरदान दिनुभयो। त्यस क्षेत्रमा दर्शन गर्ने मानिसहरू मुक्ति प्राप्त हुन्छ भन्ने कुरा स्कन्दपुराणमा उल्लेख छ। मुक्तिनाथलाई सती सावित्रीको मुख खसेको पाइन्छ। एकातिर जुम्लेलीहरू आफ्ना पितृ मानी प्रूत्येक वर्ष दुई तीन दिन हिँडेर शङ्ख घण्टी चढाउन आउँदछन्। त्यहाँका धार्मिक विषय अनुसार त्यहाँ काकभुसुन्डीले एकस्थलमा तपस्या गरेका थिए। सप्तऋषिहरू मुक्तिनाथ तपस्या गर्न सप्तऋषिहरूले १/१ वटा काठको लट्ठी टेकेर आएका थिए। काकभुसुन्डीले तपस्या गरेको ठाउँलाई काका भुसुन्डी भनिन्छ। कागबेनीमा गएर ऋषि सात भाइले हामी यहाँ तपस्या गर्छौं भनी आग्रह गरे। काकभुसुन्डी गाउँ ठाउँमा गएर तपस्या गरे त्यसलाई कागबेनी भनिन्छ। सप्तऋषिहरूले टेकेर आएको सात वटा लट्ठी भुइँमा गाडेर तपस्या गर्न लागे उनीहरूले तपस्याबाट जागरण हुँदा लट्ठी पलाइसकेको रहेछ। सप्तऋषिहरूले गाडेको लट्ठीको रुख आजकल मुक्तिनाथको वरपर देखिन्छ। त्यसलाई गड पीपल भन्दछन्। त्यसलाई आजकल भोटे पीपल भन्दछ। श्रावणबाट कार्त्तिकसम्म चार महिना ठाडो पीपल गाडेको, आजकल भोटे पीपल एक किसिमको भुवाजस्तो आकाशमा उठिरहेको हुन्छ।

भगवान्को पूजा कहिले शुभ हुन्छ ?

मार्ग कृष्ण चतुदर्शी आधा रातमा कोटि सूर्यसमान सोम हृदय लिङ्ग महादेवको लिङ्ग प्रकट भएको थियो। दुई दिन चतुदर्शी परेमा पहिलो दिन छोडी दोस्रो दिनको रातमा गर्नु सूर्य अस्त हुनुसम्म चतुर्दशी उत्तम हुन्छ। सूर्य कृत्तिका नक्षात्रको प्रथम भागमा चन्द्र विशाखा नक्षात्र प्रथम भागमा सूर्य कृत्तिका नक्षात्रको प्रथम भागमा चन्द्र विशाखा चौथो भागमा सूर्य विशाखा नक्षात्रको तेस्रो भागमा चन्द्र नक्षात्रको प्रथम भागलाई विसोङ्खु नाम भन्दछन्।

१) श्रावण नक्षात्रको द्वादशीमा विष्णु पूजा गरे अनिष्ट फल पाउँछ।

२) आश्विन मासको शुक्ल पक्षको द्वादशीमा पूजा गरे अनिष्ट फल प्राप्त हुन्छ।

३) सूर्य सङ्क्रान्ति युक्त अर्ध नक्षात्रको योगमा शिव पूजा गरे अनिष्ट फल पाउँछ।

४) श्रावण महिनाको आर्दा नक्षात्रयुक्त द्वादशी अभिजित् मुहूर्त हुन्छ। त्यस कालमा पूजा गरे भगवान् शिव खुसी हुन्छन्।

५) कार्तिक महिनाको शुक्ल पक्षको योदशी तिथि शनिवार पर्छ भने त्यस दिनको योग निकै उत्तम दुर्लभ भाग्यमानी मानिन्छ।

६) आर्द्रा नक्षात्रयुक्त नवमीका दिन देवीको पूजा गर्नाले एक पटक गर्नाले सय वर्ष फल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त हुन्छ ।

७) आश्विन शुक्ल मूल नक्षात्रयुक्त अष्टमी त्रिलोकमा दुर्लभ महानवमी भनिन्छ ।

८) मुस्ताङको गिलुङ गुम्बामा कृष्ण पक्षको चतुर्दशीको दिनमा गेन्पो र महाकालको पूजा गर्दछ ।

९) लुम्बिनीको गुम्बामा प्रत्येक महिनाको चतुर्दशी अर्थात् २८ गते महाकालीको पूजा हुन्छ ।

१०) चतुर्दशीकादिन आद्र नक्षात्र परेमा रुद्री गरेमा स्वभाविक फल पाउँछ ।

११) मङ्सिरको अर्ध नक्षात्र परेमा ठूलो फल पाउँछ ।

१२) प्रत्येक दिनको सूर्य अस्ताएपछिको २ घडीलाई प्रदोष काल भन्दछ । उक्त कालमा भगवान् शिव सहित गण बलसहित सभामा उपस्थित जनाउँदछन् । यो स्कन्दपुराणमा लेखिएको छ ।

१३) आषाढ महिनाको पूर्णिमाको सन्ध्याकालमा जटाधारी शिव सर्प बेरेर बाघको छालामा शयन हुन्छ ।

१४) आश्विन महिनाको शुक्ल अष्टमी मध्यरातको समयमा पूर्वखााडा नक्षात्रमा भद् कालीको रूप लिई पार्वती प्रकट हुन्छ ।

देवताको तिथि

तिथि घटबढको मान्यता हुंदैन । (निर्णयसिन्धु २६३)

१. भगवान् शिवको प्रिय तिथि अष्टमी

२. गणेशको चतुर्थी

३. कुमारस्कन्द या कार्तिकको षष्ठी तिथि

४. सूर्यको सप्तमी

५. दुर्गाको नवमी

६. ब्रह्माजीको दशमी

७. रुद्रको एकादशी

८. विष्णुको द्वादशी

९.कामदेवको त्रयोदशी

१०. कृष्ण पक्षको जुन चतुर्दशी आधा रातसम्म रहन्छ । त्यसमा उपासन गर्नु ,

११. कात्तिक महिनाको शुक्ल पक्षको त्रयोदशी तिथि शनिबार पर्छ भनी त्यही दिनको योग निकै दुर्लभ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. आर्द्रा नक्षत्रयुक्त समयमा देवी पूजा गरेमा एकपटक गर्नाले सय वर्षको फल पाउँछ भन्ने पुराणहरूमा लेखिएको छ ।

देवतालाई मान्ने दुई मार्ग छन्

१. भक्ति मार्ग : लयबद्ध रूपमा भजन गर्नु, आफूले मानेको देवताको पूजा गर्नु ।

२. ज्ञानमार्ग : जपतप गर्ने ज्ञान मार्ग ।

विभिन्न देवताहरूले पूजा गरेको स्थान

१. द्वापरयुगमा शोभा भगवतीबाट आएर कनकमुनिले गुह्येश्वरीमा पूजा गरेका थिए ।

२. काशीबाट आएर काश्य बुद्धले स्वयम्भु र गुह्येश्वरीमा दर्शन गरेका थिए।

३. वंशावली अनुसार विपश्विबुद्धले गुह्येश्वरीमा कमल रोपेका थिए ।

दुम्जी पूजा

सोलुखुम्बुको नाम्चे बजारको उत्तर ट्यावोजे गुसम्बा छ । शेर्पा भाषामा हल्याण्ड भन्दछ । यस गुम्बामा मानिसहरू बेलाबखत रिङ्दुपूजा र दुम्जी पूजा भइरहन्छ । हिन्दुधर्मको समानान्तर मानिने दुम्जी पूजा ट्याबोजेमा प्रत्येक वर्षको आषाढमा जुना बेसीमा चैत्रमा गरिन्छ । दुम्जी पूजा भनेको खास गरी गुरु पूजा फुर्वा र गफ शिवको पूजा गरिन्छ। प्रायः दुम्जी पूजा चैत्र कृष्ण एकादशी देखि पूजा पाठ शुरु गरी द्वादशीमा विधिवत् नाचगान हुन्छ । गुरु शिवको फुर्वा पुस्तक पाठ गरेर शान्ति र स्वस्ति पूजा गरी ग्रहदशा भूतप्रेत गाउँबाट धपाउने. चलन छ । त्रयोदशीका दिन राँगाको आन्द्रा फुकेर अन्नमाथि स्थापना गरी छ्याङको सिसी र तोरण आदिले सिङ्गारिन्छ । त्यस्तै खोटाङ जिल्लाको हलिसे महादेव हिन्दू र बौद्धहरूको साझा पवित्र स्थल हो । त्यहाँ शिवरात्रीमा शेर्पाहरू र लामाहरूले गुरु रिम्बुछेको रूप मान्दछन् । उनीहरूको भनाई अनुसार गुरु रिम्बुछे शिव हुन् । शेर्पा लामाहरू शिवरात्रीको रातभरि १०८ बत्ती बाली पूजा आजा गर्ने प्रचलन छ। सोलुखुम्बु जिल्लाको सर्वोच्च टाकुरा सगरमाथाको काखमा उच्च हिमाली पहाड हिमाली क्षेत्र चीनको स्वशाषित क्षेत्र तिब्बतलाई छोएको छ । त्यस जिल्ला २ भागमा विभाजित छ । सोलुखुम्बु यसको उत्तरी क्षेत्र खुम्बु नामले प्रसिद्ध छ । यहाँ शेर्ष जातिको बसोवास छ । शेर्पा जातिको प्रमुख धर्म बौद्ध धर्म हो । उनीहरू बौद्ध धर्ममा कट्र हुन्छन् । बौद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म शेर्पा जातिको गुरु वा पुरोहितलाई लामा भन्दछन् । लामा २ थरिका हुन्छन् । एक थरि पढेर लामा हुन्छन् । एकथरी जातै लामा हुन्छ । पढेमा तामाङ पनि लामा हुन्छन् । गुम्बा दुई थरीका हुन्छन् । व्यक्तिगत र सामूहिक ती गुम्बाहरूमा समय समयमा दुम्जी पूजा गरिने, पूजाको नाम बेग्लाबेग्लै हुन्छन् । दुम्जी पूजा मनि हिन्दू पूजा आदि । हिन्दू धर्ममा सत्यनारायणको पूजा समानान्तर मानिने दूम्जी पूजा स्याबोजे गुम्बामा प्रत्येक वर्षको आषाढ महिनामा शिर्वो गुम्बामा कात्तिक महिनामा च्याल्स गुम्बामा आषाढ महिनामा लुके, जुन बेसीमा प्रत्येक वर्षको चैत्रमा औंशीको ५ दिन अगाडिको एकादशीदेखि औंसीसम्म पूजा हुन्छ । गुम्बा आज भन्दा ३०० वर्ष अगाडि तिब्बतबाट आएका ३ दाजुभाइ लामाहरूद्वारा स्थापना गरिएको भनी समाधिको रूपमा चैतक बनाएको छ ।

हलेसी महादेव

प्राचीनकालमा वृत्तासुर अघोरी शिवको तपस्या गर्न कैलास पुगेका थिए । शिव प्रसन्न भएर वर माग भन्दा उसले मेरो हात जसको टाउकोमा राख्दछ त्यो मानिस भस्म होस् भन्ने वर मागे । शिवले तथास्तु भनी वर दिए । उसको विचारमा शिवलाई भस्म गरी पार्वतीलाई हत्याउने मनसाय थियो । पार्वतीको शिरमा हात राख्न खोज्दा दुवैजना भागाभाग भए । पार्वती हलिसेमा आइपुगे र त्यहाँको ठुलो गुफा भित्र लुके यसको अर्को १००० दक्षिण पश्चिम मा अर्को गुफा छ उनीहरू दुवै त्यहाँ लुके ।

इतिहांस अध्ययन गर्ने हो भने शिवलिङ्गलाई विश्वका विभिन्न राष्ट्रमा विभिन्न नामले पुकारेको पाइन्छ ।

१. ग्रीकले फल्टुस
२. इजिप्टले इजिप्ट हुवेङ हि फुङ
३. चाइनिजहरूले इब्युङ हुवेङ हि फुङ
४. जापानको आइस नगरवासीहरूले चिनकेशी शान्तिको रूपमा मान्दछ ।
५) आयोलिया राज्य हाङ्गेरीकले वङगे स्याक
६) पेरुमा पार्थिवेश्वर
७) अमेरिकाले शिख देव
८) अजरवैजानमा कोवा कुम्भको ज्योति लिङ्गलाई पशुपति भन्दछन् ।

शिवजीको पूजा कहाँ कहाँ गर्दछन् ?

१. इरानमा ज्वालामय शिवलिङ्ग,
२.केन्टीशियामा घनालिङ्ग,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. स्कटल्याण्डमा इस्लागोभा भन्ने ठाउँमा सुनको शिवलिङ्ग छ ।
४. बेवुलनमा १२०० घन फुटको शिवलिङ्ग छ ।
५. आशेरियाको विलास नगरमा ३०० घन फुटको शिवलिङ्ग छ ।
६. फ्रान्सको गिरिजाघरमा आज पनि ढुङ्गाको शिवलिङ्गको रूपमा राखिएको छ ।
७. सिरियामा शिव पूजा हुन्छ ।
८. मिश्रमा शिव पूजा हुन्छ ।
९. रोमनीहरू शिवलिङ्गकोपूजा गर्दछन् ।
१०. प्राचीन चिनमा शिवलिङ्ग पूजा हुन्छ ।
११. मिश्रको ओसरिया सहरले लिङ्गको सामुन्ने साढे राख्दछ ।
१२. यहुदीहरू शिवको वाहना मानी बछेडा राख्दछ ।
१३. मक्की लिङ्ग भविष्य अनुसार मक्केश्वरनाथ महादेव हुन् ।
१४. मोहमद पैगम्वरको पालासम्म ४ जना पाण्डहरूले पूजा गर्दथे ।
१५. फ्रान्समा पनि शिवलिङ्गको व्यवस्था छ ।
१६. ब्राजिलमा पनि शिवलिङ्गको पूजा हुन्थ्यो ।
१७. इन्डोनेशिया
१८. कम्बोडिया
१९. जावा
२०. सुमात्रा
२१. बर्मा
२२. स्याममा लदिसममा शिवलिङ्ग पूजा गर्दथे ।
२३. मेक्सिकोमा शिव पूजा गर्दथे ।
२४. टर्कीमा १११ मिटर अग्लो शिवलिङ्ग छ ।
२५. हनुमानले स्थापना गरेको गोपालेश्वर महादेव
२६. अगस्ति ऋषिले स्थापना गरेको कुम्भेश्वर महादेव

चरित्रको बारेमा

चरित्र मानिसको ठूलो सम्पत्ति हो । चरित्र निर्माण गर्नका लागि मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमानदारी साथ काम गरेर कयौं मिहिनेत पश्चात प्राप्त हुन्छ । चरित्र एउटा सादा कागज हो । सादा कागजमा कालो दाग लागेमा न पानीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धोएर जान्छ न पुछेर जान्छ । कागजलाई नै च्यातेर फाल्ने अवस्था आउँछ । लुटपाट, चोरी, डकैती, हत्याद्धारा प्राप्त धनले कागजमा दागलागे जस्तै हुन्छ । धन भनेको वस्तुले वेश्या पनि करोडपति हुनसक्छे तर त्यसको महत्त्वमा कमी आउँछ र अस्तित्व रहँदैन । चरित्रको निर्णय गर्न समय लाग्न तर चरित्र फाल्न क्षण लाग्दैन । पश्चिमी दार्शनिक शेक्सपियरले भनेका छन्, पैसाको दुरुपयोग भयो भने केही नाश भयो, स्वास्थ्यको हानी भयो भने केही नाश भयो तर चरित्रमा दाग लाग्यो भने सर्वस्व नाश हुन्छ । चरित्रहीन मानिस दिन रातको घटनाले, आत्मा पिरिराखेको हुन्छ । आत्मसन्तुष्टि मानिसका लागि अमूल्यवान मार्गदर्शक हुन्छ । चरित्र बनाउन समय, मेहनत लाग्छ, तर नष्ट गर्न समय लाग्दैन । निर्धन भए पनि चरित्र जोगाई रहनुपर्छ । चरित्र बिगारेर धन जम्मा गर्ने, न त ठूलो हुन्छ नै, न त सुखी हुन्छ । कीर्ति खोज्नेले चरित्रको लागि चरित्र खोज्नुपर्छ । चरित्र अघिअघि कीर्ति पछि पछि दगुर्छ । कीर्ति चरित्र गाडा तान्ने गोरुजस्तै कीर्ति पछि दगुर्छ । त्यसैले बुद्ध र उसको धर्ममा मर्दा मासु खानु, मुर्दाको भोजन नगर्नु, कसैको प्राप्ति हत्या नगर्नु भनिएको छ । मुर्दा भनेको पशुपंक्षीको मुर्दा नभई आफ्नो स्वार्थको लागि मार्नु, पिट्नु, बाध्य पार्नु, चोरी गर्नु, झुठो बोल्नु, ठगी गर्नु, व्यभिचार गर्नु, अर्काको आत्मालाई मुर्दा बनाएर खानु, घुस खानु, मुर्दाको मासु खाए सरह हुन्छ । जीवधारी प्राणीहरू जन्मेपछि एकदिन मर्नै पर्छ । मानिस मर्दा दुईवटा "आ-आ हुन्छ । एक "आ" सुगन्धित मनलाई प्रफुल्लित बनाउने हुन्छ जसलाई ओहो भनिन्छ । दोस्रो "आ" आची यसको अर्थ दुर्गन्धित अथवा सडेगलेको दिसालाई भनिन्छ । मानिसको मृत्यु दुई प्रकारको हुन्छ । एउटा मृत्यु पहाड पर्वतभन्दा पनि गह्रुङ्गो हुन्छ । दोस्रो मृत्यु कपासभन्दा हलुको, धुवाँभन्दा पातलो हुन्छ । एक न्यायाधीशलाई मार्ने मान्छेले प्रहरीको खोरमा थुनिँदा आनन्द आयो भन्छ रे । एकजना कलाकार कालगतिले मृत्यु भयो, त्यसै समयमा लुटपाट, हत्या गर्ने व्यक्ति प्रहरीको गोलीबाट मृत्यु भयो कलाकारलाई तत्काल सरकारबाट राष्ट्रिय सम्मान साथ आर्यघाटमा दाहसंस्कार गरे र लुटपाट गर्दा प्रहरीद्वारा मारेकालाई सत्र दिन सम्म कुहाएर राखे । सबैले छि:छि दुर्गन्ध आची भन्दै दाहसंस्कार गरे ।

प्राणी जीव तीन प्रकारको हुन्छ :

१) रुख, वृक्ष, वनस्पतिमा चेतना र विवेक छैन तर प्राण छ ।
२) पशुमा प्राण छ चेतना छ तर विवेक छैन ।
३) मानिस तीनवटै चिजले भरिपूर्ण छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

<u>मन्त्रतन्त्र</u>

मन्त्रतन्त्र भनेको शिवजीको मुखबाट निस्केको मन्त्रतन्त्र हो । यसको प्राचीन नाम अ.ग.म हो । यो तीन अक्षरले बनेको छ । यसको बेग्लाबेग्लै अर्थछ ।अ : को अर्थ शिवबाट आएको, गः को अर्थ पार्वतीले सुनेको, मः को अर्थ विष्णुले मानेको अर्थ प्रसिद्ध छ । शिवको पूजा नभई शक्तिको पूजा हुन सक्दैन । पशुपतिमा दैनिक तन्त्रबाट पूजा हुन्छ । यसले नेपालमा परम्परा मान्दै आएको छ । नेपालीको जीवनलाई भन्नेहो भने समग्र रूपमा तन्त्रको प्रभाव पर्दछ ।राज प्रताप मल्ल तन्त्रका प्रसिद्ध साधक थिए । धनशमशेर जबरा तान्त्रिक थिए र साधना गर्दथे । पोखरामा वि.सं.२००६ सालको अग्निकाण्ड बडाहाकिम धन शमशेरले विन्दुवासिनीमा पूजा गर्न लगाउँदा तन्त्र बिग्रिएर होमको आगाले विन्दुवासिनीका वरिपरिका घरहरू ध्वस्त पारेका थिए । धनशमसेर तन्त्रसाधना बिग्रिएर मरेको मानिन्छ । जामुन गुभाज्यू स्वयं तान्त्रिक थिए । पृथ्वीनारायण शाहले भारतका लर्किक तान्त्रिक साधुद्वारा जपेका हतियार लिएर नेपाल एकीकरण गरेका थिए । पृथ्वीनारायण शाह काठमाडौं, बनारस, नुवाकोट, कीर्तिपुर विजय गर्दा गोरखनाथको तन्त्रको साधना गरेका थिए । मकवानपुर पर्सा हुँदै काठमाडौं हान्न आएको अङ्ग्रेजको शक्ति परास्त गर्न आएका भीमफेदीभन्दा माथि चिसापानीको गढीमा भैरव जगाएर राखेका दुईवटा तोप राखेका थिए । एकपटक पड्केमा दर्जनौं गोला निस्कन्थे। कीर्तिपुरका गुभाज्यूहरूले आफ्नो किल्ला वरिपरि भैरव जगाएर राख्दथे र हातहतियार सहित आएका शत्रुहरू रगत छादेर मर्थे । धर्म भनेको मनको धारण हो या मनमा लिनु हो । श्रद्धाले गरेको कामलाई भक्ति भनिन्छ । भक्तिद्वारा अध्यात्मज्ञान र तत्त्व प्राप्त हुन्छ । भक्तिद्वारा नै सबै लागु हुन्छ । हाम्रो शरीरको हृदयलाई अन्तःकरण भन्दछन्। शरीरको कण्ठ अर्थात् घाँटीलाई घाँटी प्रदेश र नाभीमण्डलको मध्यभागमा अर्थात् छातीको बिचलाई हृदय । यसलाई नेपालीमा मुटु, हिन्दीमा दिल र अङ्ग्रेजीमा हर्ट भनिन्छ ।

त्यसैले मानिसलाई षणस्वरूप भनिन्छ । त्यसमा प्राणीको षड्जस्वरूप हुन्छ।

१) षड्ज स्वर देवतालाई,
२) ऋषभ स्वर ऋषिमुनिहरूलाई
३) गन्धर्वस्वर पितृहरूलाई
४) पञ्चम स्वर, देव, पितृ र महर्षिहरूलाई,
५) निषाद स्वर यक्षालाई,
६) वैधता स्वर : सम्पूर्ण भूत प्रेतहरूलाई प्रयोग हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुन बेला कता खुल्छ

१. नेपालको दोलखा भीमेश्वर महादेवमा प्रातः ४ बजेबाट १० बजेसम्म बोका बलि चढाउँदछन् । १२ बजे उप्रान्त रुद्री गर्दछन् । २ बजे पश्चात् विष्णुलाई गहना आदिले सिंगार्छन् र पूजा गर्दछन् ।

२. आन्ध्र प्रदेशको महाकालेश्वर मन्दिर प्रातः ४ बजे खुल्दछ । महाराष्ट्रको त्रियवक्कम प्रातः ६:३० बजे खुल्छ । वाराणसीको विश्वेश्वर प्रातः २:३० मा खुल्दछ ।

३. राजस्थानको एकलेश्वर महादेवमा गर्मीमा प्रातः ४:०० र जाडोमा ४:३० मा खुल्दछ । केरलाको बेकम शिव मन्दिर प्रातः ३:३० बजे र साँझ ५:०० बजे खुल्दछ ।

केदारनाथ

कौरव पाँच पाण्डवहरूको युद्धमा गोत्र हत्या गरेकाले गोत्रहत्या माफी माग्न शिवकहाँ, पाँच पाण्डवहरू काशीमा गएका थिए । शिवलाई त्यहाँ नदेखेर खोज्दै जाँदा किमालको कैलास गौरीकुण्डमा जाँदा पनि पाइएन । त्यस अवस्थामा नकुल र सहदेवले एउटा भैंसी देखे ।शिवले हाम्रो परीक्षा गर्न भैंसी भएको सोची भीमले गधा प्रहार गरी भैंसी घायल बनाए । भैंसीको मुख भुईंमा धसियो । भीमले पुच्छरमा समाती हान्दा मुख नेपाल आइपुग्यो, शरीर भएको ठाउँ केदार नाम रह्यो । केदारनाथमा बेलपत्र फलफूल चढाइँदैन, देवतालाई घ्यू मालिस गर्ने गर्दछन् । नेपालको पशुपति यिनै हुन् भन्दछन् ।

पशुपति

पृथ्वी उत्पत्ति भएको ४, ५ खर्ब वर्षअघि मानिएको छ । विश्व ब्रह्माण्डमा २० करोड वर्षअघि भूभाग छुट्टिँदै गएको उत्तर खण्ड LAURASIA दक्षिण खण्ड NGARALAND दक्षिण खण्ड भएर छुट्टियो । पृथ्वीको व्यास १९,६९,५०,००० भित्रको नेपाल १,४७,१८१ माइलको छ । त्रेतायुगको अन्त्यतिर अन्दाजी ३३०० वर्ष अगाडि हालको युग भन्दा ९ लाख वर्ष अगाडि एकदिन भारतको काशीमा शिवपार्वती सँगै बसिरहेका थिए । त्यस अवस्थामा शिवलाई के सनक चल्यो पार्वतीसँग यताउता जान्छु नभनी पार्वतीले थाहा नपाउने गरी भागे र उनी नेपाल आइपुगे । श्लेषमान्तक जङ्गलमा मृगरूप धारण गरेर मृगसँग खेल्न लागे । उता ब्रह्मा, विष्णु, देवगणहरूले शिवजीको खोजतलास गरे, कहीँ पाउन सकेनन् । ब्रह्मा विष्णु खोज्दै स्कन्धवनमा आउँदा मृत रूप धारण गरी मृतसँग डुल्दै गरेको देखे । विष्णु र ब्रह्माले जेरुसलेम काशी फर्कन अनुरोध गर्दा भाग्न सुरु गरे । दुईजनाले एकएक सिङ्मा समाउन खोज्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिङ भाचिएर चार टुक्रा भए । ब्रह्मा विष्णुसँग म यहाँ मृगरूपी पशु भएर बसेकाले यसको नाम पशुपति मृगस्थली राख्दछु भने । ब्रह्मा र विष्णुले एउटा टुक्रा त्यहीं स्थापना गरेर पशुपति राखे । ब्रह्मा र विष्णुले मुक्तिका दाता शिव यहाँ बसेकाले यो खाडललाई मुक्तिको पुरी राख्दछु भने । त्यसैले नेपालको नाम मुक्तिकापुरी रह्यो । दोस्रो टुक्रा दक्षिण समुद्रको किनार गोकर्णमा, तेस्रो चन्द्र प्रवाहमा, चौंथो स्वर्गपुरी अमरावती पुर्याए र चारवटा शिवलिङ्ग बनाए । मुक्तिका दाता शिव नेपालमा बसेकाले ऋषिमुनिहरूले मुक्तिकापुरी नेपालको हिमालय पर्वतहरूमा तपस्या गरेका थिए । अनुसन्धानकर्ताहरूले पछिल्लो भयानक भुईंचालो प्रलय २४ करोड बर्ष अघि भएको थियो भनेका छन् । त्यस प्रलयमा करिव ९५ प्रतिशत जलचर र ७० प्रतिशत थलचल प्राणीहरू नष्ट भएका थिए । अमेरिकाका वैज्ञानिकहरूले साइबेरियाको ज्वालामुखीहरूको अन्वेषण गरी यो कुरा पत्ता लगाएका थिए । भूकम्पपश्चात् ब्रह्मा र विष्णु पहिल्ये स्थापना गरिराखेका शिवलिङ्गहरूको अनुसन्धान गर्दै हिंड्दा पशुपति पुरिएर भग्नावशेष मात्र थिए, लिङ्ग पुरिसकेको थियो । गाईले त्यसैमा धार दिइराखेको फेला पारे । त्यस अवस्थामा पशुपति पुनः फेला परे । त्यसवेला गोपालवंशका राजा भुक्तमान थिए । त्यसलाई पशुप्रेक्ष्य राजाको पालामा मन्दिर सुनको पाताले मोडे । सन् १८२९ मा गोर्खाका राजा राजेन्द्र विक्रमले पशुपति नै पुरिने गरी १ लाख २५ हजार सुन्तला चढाएका थिए भने सन् १८६० तिर भक्तिनी गङ्गारानीले सुतद्धारा मन्दिरबाट ४/५ मिनेटको दूरीमा आफ्नो दरबार जोडेका थिए । दरबार पवित्र बनाउन इस्वी १० औं शताब्दीअघि सूर्यवंशी राजा शिवदेवले पनि त्यस्तै गरेका थिए । तेह्रौं शताब्दीमा पाल्पाका राजा मुकुन्दसेन नेपाल हमला गर्न आएका थिए । पाल्पाली फौज १५ दिनभित्र नष्ट भयो, मुकुन्दसेन तर्सिएर भागेका थिए, पछि नेपालको सीमानामा नै मरे ।

नेपाल नाम

विश्व भूखण्डको अनुसन्धानकर्ताहरूले २४ करोड वर्षअघि पछिल्लो महाप्रलय भएको थियो । पहिलो प्रलयमा डाइनोसरको अन्त्य भएको थियो । पछिल्लो प्रलयमा ९५ प्रतिशत समुद्री जीव र ७० प्रतिशत स्थल प्राणी नष्ट भएको तथ्य चीन र अमेरिकाको वैज्ञानिकहरूले साइबेरियाको ज्वालामुखीको अवशेष अनुसन्धानबाट पत्ता लगाएका थिए । त्यस अवस्थामा ब्रह्मा र विष्णु पशुपति लिङ्ग हेर्न नेपालको वाणस्थली आउँदा शिवलिङ्ग पुरिएको थियो । त्यहाँको शक्ति कमजोर भएको अवस्थामा दानासुर राक्षसले उपत्यकाभित्रका पानी थुनी जलमग्न भएकालाई सङ्कट कटाउन कृष्ण भगवान्ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुदर्शन चक्रबाट चोरलाई काटी पानी निकाला गरी दानासुरसँग लडाइँ भयो । दानासुरको मृत्युपश्चात् कृष्णले दानासुरको छोरी उषासँग विवाह हुने क्रममा उनको जन्तीका रूपमा आएका यादवहरू हिमालको सुन्दर घाँटी हुँदै आएका थिए । यादवहरूले गाइ चराउने उपयुक्त ठाउँ भएको महसुस गरी यही नेपालमा बसोवास गर्ने विचार गरे । त्यसअनुसार गोपालवंशीहरू एक समूह गाईसहित पहाडै पहाडको बाटो हुँदै स्वयम्भूतिर पसी त्यही स्वयम्भूडाँडामा बसेका थिए । त्यसमध्येको एकजना नेपा नाम गरेको ग्वाला थियो । नेपा ग्वालाका बहुह्री नामको दुधालु गाई थियो । पशुपति क्षेत्रमा गाई चराउन पुगेपछि गाईले दूध दिन छाडे । गाईलाई पछ्याउँदै जाँदा प्रत्येक दिन वाग्मतीको किनारमा पुगेपछि गाईले आफ्नो दूध झारेको नेपाले देखेर आश्चचर्य परे उक्त दूध झरेको ठाउँ खोस्राउँदा पशुपतिको ज्योतिर्लिङ्ग उत्पत्ति भयो र नेपा ग्वाला भस्म भए । नेपा ग्वाला भस्म भएकाले नेपाल नाम रह्यो । यसलाई गोपाल वंशावलीका अनुसार राजा भूमि गुप्तले अघिको मूर्ति प्रतिष्ठा गरी अग्निनानु शर्माद्वारा पूजा चलाएको हो । मुक्तिदाता शिवले बाणस्थलीमा पशुरूप लिएर बसेकाले नेपाललाई मुक्तिपुरी भनियो । उक्त शिवलिङ्ग भूकम्पले ३० हजार वर्ष पुरिएको पशुपति त्रेतायुगको ३०० वर्ष अगाडि अर्थात् आजभन्दा ९ लाख वर्ष अगाडि पशुपति पत्ता लागेको थियो । त्यस अवस्थामा नेपालमा गोपालवंशका राजा भुक्तमान थिए । गोरखाका राजा राजेन्द्र विक्रमले १२५००० सुन्तलाको दाता पशुपति पुर्ने गरी चढाएका थिए । सन् १६०० मा महारानी गङ्गा रानीले पशुपतिबाट चार पाँच किलो मिटर टाढा आफ्नो दरबारमा तोरण टाँसेका थिए । राजा प्रताप मल्ले पनि त्यसै गरेका थिए ।

पशुपतिको बारेमा

पशुपति पत्ता लगाउने गाईको सिङ्बाट गौश्रृङ्बाट निस्केको नदी चक्रपर्वतबाट झरेको चक्रतीर्थ सङ्गम भएर मूल ढुङ्गाबिच गोश्रृङ्ग तीर्थ बनेको छ ।यो हिमवत्खण्डमा उल्लेख गरिएको छ । हामी बौद्धमार्गीहरू शिवमार्गीहरू विष्णुमार्गीहरू भनेर समाजलाई विभाजन गरेका पाउँछौं । एउटै देवतालाई विभिन्न नाम दिएर पूजा गरेको पाइन्छ । मूर्तिलाई हिन्दूहरूका गोर्खाली सिपाहीहरूले महाकाल भनी पूजा गर्दछ । बौद्धमार्गीहरू यसलाई अभिताभ श्रीपेच राख्ने पद्मपाणि भनी पूजा गर्दछन् । पृथ्वीमा देवीदेवतामा नामले विभिन्न पशु बलि दिने काटमार गर्ने भएकाले त्यसलाई मत्थर पार्न विष्णु भगवान्ले बुद्धको पूजा गर्ने विधानहरू पनि छ भने लेखक सिल्भाँ लेबीले लेखेका छन् । नेपालका देवताहरू मञ्जुश्री (विश्वकर्मा) मातृ अष्टमातृका ब्रह्मा विष्णु महेश्वर सबै एकै हुन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी लेखेका छन् । वेद शास्त्रहरूमा रुखमा रुखभित्र निवास गर्ने आत्मालाई गन्धर्व, अप्सरा संज्ञा दिइन्छ । एकपटक बुद्ध भगवान् डुल्दै जाँदा भक्तहरूले पीपलको रुखलाई नरबलि दिँदै भेटी चढाएको अवस्थामा बुद्ध पनि त्यहाँ सम्मिलित भएर भाग लिएको कुरा बुद्धशास्त्र दुग्मे जातको ५० पृष्ठमा उल्लेख गरिएको छ ।

पूजारी

प्राचीन कालमा पशुपतिनाथको पूजा गर्ने जिम्मा बौद्ध धर्मालम्बीहरूलाई दिएको थियो । उनीहरूले काम चलाउन नसकेकाले हिन्दूहरूलाई दिएको भनेर वंशावलीमा भनेको छ भनेर नेपाल इतिहास तयार पार्ने राइटरले लेखेको छ । भाषा वंशावलीअनुसार वि.सं. ११९९ मा भारतबाट आएका आर्मदक आग्नेयमठको परम्पराका शङ्कराचार्य नेपाललाई काठमाडौं उपत्यकामा आफ्ना प्रभाव फैलाउनका लागि दक्षिण भारतका ब्राह्मणहरूलाई ल्याई पशुपतिको पूजारी बनाउने परम्परा चल्यो । यो क्रम १६ औं शताब्दी रत्न मल्लका पालासम्म चल्यो । त्यसपछि सन्यासीहरूको पूजाक्रम चल्यो । त्यो दुई शताब्दी चल्यो र राजा भूपेन्द्र मल्लले एकजना सन्यासीको कुरा लिएर विवाद चर्कियो । सन्यासी पूजारी राख्ने नराख्नेमा ठूलो तर्क वितर्क भयो भन्ने वंशावलीमा लेखेको पाइन्छ । तत्पश्चात् पुनः भारतीय ब्राह्मणले पूजा गर्ने क्रम पुनः आयो । यो क्रम पनि विचैमा टुट्यो राजा जगत्जयले वि.सं.१७९२ मादक्षिण भारतमा त्रैलङ्गलका ब्राह्मण सदाशिव भट्टलाई एउटा लालमोहर गराई दिएका थिए । वि.सं.१७१४ भन्दा अगाडि पशुपतिका पूजारीहरू सन्यासी थिए । त्यसपछि राजा यक्ष मल्लका छोरा रत्न मल्ले भारतबाट ४ जना पूजारी १०६ जना भण्डारीहरू ल्याएको ताम्रपत्रमा उल्लेख छ ।

पशुपतिमा बलि

पशुपतिको दक्षिण मुहार नैर्ऋत्य कोणमा कीर्तिभैरव छ । कीर्तिभैरव शिवको रूप मानिन्छ । हरेक वर्षाको कार्त्तिक पूर्णिमाको साँझमा पशुपति देवतामा पञ्चरङ्गको धागो बाँधी भैरवमा बांधिन्छ । भैरबबाट राँगोमा बांधी बलि दिइन्छ । शिव बलिअन्तर्गत हाँस, बोका, राँगा बलि दिइन्छ । शिवरात्रीका दिन ४ प्रहरमा चारवटा बोका बलि दिइन्छ । शिवलाई नुहाई शृङ्गार गरी पूजा गरिन्छ । त्यसपछि बलि दिइन्छ । भाकल गर्नेले बिहान ४ बजेतिर भट्ट ४ जनाले १/१ वटा बोका बलि दिइन्छ । त्यस्तै भैरब र भीमसेनलाई महोदव मान्दछन् । पशुपति बिहान ४ बजेवाट ढोका खुल्दछ । ९ बजेबाट पूजा शुरु हुन्छ । ९:३० मा कलश जल शेजन पछिल्लो ढोकाबाट दिइन्छ । १२ बजे पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलश पूर्व ढोकाबाट गरिन्छ । २ बजे सङ्गजल दक्षिणढोकाबाट गरिन्छ । ७ बजेआरती उत्तर ढोकाबाट गरिन्छ । नेपालको पशुपति हाल हिन्दुहरूको आराध्यदेव भएका छन् । चन्द्रशमसेरका पालामा पशुपतिलाई किराँतेश्वरहरूको देवता हुन् भनी हेंला गरी गैर हिन्दू भनी हैंला गर्दथे । वेर उपवेदलाई नपुजी पशुपतीलाई पुजिएको कारणसहित शुक्रराज शास्त्रीका पिता माधवराज जोशीलाई प्रधानमन्त्री चन्द्र शमसेरले पशु पिटेजस्तो पिटी रगताम्य बनाई पशुपति पुज्नेलाई यस्तै हुन्छ भनी देखाउन गल्ली डुलाएका थिए । आर्यहरू शिव पूजा गर्दैनथे । शिवको पूजा गर्ने, दान लिने, काट्ठो खाने तुच्छ मानिन्थ्यो ।

पशुपतिमा भोग

पशुपतिमा प्रत्येक दिन ३ पाथी, ३ मान, ३ चुटी, चामल, आधा माना दाल, ३ पाउ साग, १ पाउ ध्यू, ४ माना जति दूधको खीर, तारेको आलु दैनिक भोग लगाउँदा मौसव अनुसारको वर्षको २पटक कार्तिक शुक्ल पुर्णिमाको दिन वर्षमा भोग लगाउँदा ६ मुरी, ६ पाथी, ६ चुटी चामल भोग लगाइन्छ । हरेक हण्डामा १६ पाउ ध्यू, १७ पाउ सखर, १७ हण्डर खिर, १७ पाथी दूध दही, ११ पाथी मह पशुपतिमा चढाई महाभोग गरिन्छ ।

पशुपतिमा तोडफोड

नेपाल भारत र चीन, श्रीलङ्का बौद्ध धर्मावलम्बीहरूको नेपालका स्वयम्भू तथा बौद्ध चैत्य दर्शन गरेर पशुपतिमा पुगी शिवको दर्शनगर्ने प्रचलन थियो । जुनसुकै देवालय भेदभाग थिएन । यस देशको धार्मिक सहिष्णुता धनधान्यले परिपूर्ण देवस्थलको महिमा बङ्गालका मुस्लिम सुल्तानले थाहा पाएर राजा जयराज देव र देयल देवीको संयुक्त शासनकालमा ४७० तिर उपत्यका तोडफोड गरी आक्रमण गरे । समसुद्दीनको फौजले पशुपति ध्वस्त पारे पश्चात समसुद्दीनको फौज स्वयम्भू गई जग खन्न थाले त्यस समयमा एक्कासि पानी परेर पानीको मूल फुटी मुस्लिम फौजलाई आच्छुआच्छु पारेका कथाहरू पाइन्छ । त्यस समयमा नेपालको कमजोर शासन रहेको अवस्थामा ईश्वरीय शक्ति प्रकट भई मुस्लिम फौजलाई त्यहाँ टिक्न नसक्ने गरी कठ्याङ्ग्रिएर यस प्रकारको प्रकोप सहन नसक्ने गरी असिना पानी वर्षा भयो । ठण्डी खप्न नसकी प्रशस्न सम्पत्ति लिएर फर्किएको भन्ने पाइन्छ ।

घमण्ड र झमण्ड शमशेर

घमण्ड शमसेर र झमण्ड शमसेर वस्नेतका दुई दाजुभाई थिए । २३ वर्षको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उमेरमा भाइ झमण्ड शमसेर खुब बिरामी भई अब बाँच्न सकिँदैन भनी हिन्दुधर्मपरम्परा अनुसार पशुपति आर्यघाटमा लगिएको थियो । दाजु घमण्ड शमशेरले आफ्नो टोपी हातमा लिएर पशुपतिनाथको लिङ्गको अगाडि गएर हे परमेश्वर, मेरो स्वास्थ्य भाइले पाओस् र ऊ बाँचोस् मेरो भाइको रोग व्यथा मसँग सरोस् र म मर्न पाऊँ भनी भाइको टोपी आफूले लगाए आफ्नो टोपी भाइलाई लगाई दिए । त्यसै रातबाट घमण्ड शमशेरलाई ज्वरो आई बिरामी हुन शुरु भयो । भोलिपल्टबाट भाइ झमण्ड शमसेर तङ्ग्रिँदै गए । झमण्ड शमसेर निको भएर घर फर्के ।घमण्ड शमसेरको त्यहीँ नै मृत्यु भयो ।

दानका चार भेद

समय वा कालको भेद अनुसार दान गर्नका लागि ४ भेदहरू छन् :

१. नित्य
२. नैमित्तिक
३. काम्य
४. मृत्युदान

१. नित्य दान- भगवान्लाई जल अन्न फलफूल वस्त्र भेटी आदि चढाएको लाई नित्यदान भन्दछ ।

२. नैमित्तिक :- पुण्यकाल अवस्थामा पुर्णिमा, औंसी, एकादशी, सङ्क्रान्ति, व्यक्तिपात योग वैधृति योग, औसी कृष्ण त्रयोदशीको काललाई सर्वश्रेष्ठ मानिएको छ ।

३. काम्य- व्रत बस्दा देवताको निमित्त समग्रह भावको दान काम्यदान ।

४. मृत्युदान:- मृत्युको कालमा अथवा मृत्युको समयमा जे जति सक्छ, त्यसलाई मृत्युदान भन्दछ । त्यो पुण्यदायक मानिन्छ । यस सन्दर्भमा पुण्यदायक यस सन्दर्भमा भगवान् विष्णु भन्नुहुन्छ, दान पाउनेहरूमा बहिनीको पुत्र भान्जा भान्जी, पुत्रीको पुत्र नातिलाई दिएको दान अति पुण्य मानिन्छ । यसरी नै ज्वाई कन्याको पनि वा गुरु उत्तम पात्र मानिन्छ ।

दान ६ प्रकारको हुन्छ

१. धर्म दान:- कुनै इच्छा नगराखी दिएको दानलाई धर्मदान भनिन्छ ।

२. अर्थदान :- मनमनै कुनै कुराको इच्छा राखी त्यसको निमित्त भनी दिएको दानलाई अर्थदान भनिन्छ ।

३. निरर्थक दान:- योग र कामको लागि सुरापान र जुवा व्यय गर्नदिएको दानलाई निरर्थक दान भनिन्छ ।

४. लाहदान:- मानिसले भरिएको आमसभामा सम्बन्धित सामु याचना गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएको लाजसरमले दिएको दानलाई लाहदान भनिन्छ ।

५. हर्षदानः- कुनैं खुसियालीमा दिएको दानलाई हर्षदान भनिन्छ ।

६. भयदानः- कुनै कुरा लुकाउन त्रास अरूको निन्दा गर्न दिएको दानलाई दान भनिन्छ ।

चार नदी कहाँबाट निस्केको ?

१) सतलज गङ्गा : मानसरोवरबाट ३७ माइल पर टुल्चुको आसपासबाट निस्केको छ। कैलास पर्वतको पूर्वबाट निस्केर साना ठुला गरी ५०० वटा स्रोत पश्चिमतर्फ बगेको छ। लाम्चेत खम्बा (हातेमुखे नदी) त्यो नदीको पानी शीतल हुन्छ। त्यहाँको जल पिउँदा हात्तीको जस्तो बल आउँछ भनिन्छ ।

२) सिन्धुनदीः यसको उद्गमस्थल कैलास मानसरोवरबाट ६२ माइल पर सिडके खाम्बमा छ । दक्षिणबाट साना ठूला गरी ५०० वटा पानीको स्रोतबाट उत्तरतर्फ बगेको छ । सिङ्गी खम्बा (सिङ्गमुखे नदी सिंहको मुखबाट निस्केको नदी) त्यस नदीको पानी पिउँदा सिंहको जस्तो बल आउँछ भन्ने विश्वास गर्दछ ।

३) ब्रह्मपुत्र नदी : तम्वाखम्वबं कैलासको आग्नेय कोणमा ६३ माईल पर हिमाली त्रैमासुमडुङको हिउँ पारिबाट निस्केको छ। पश्चिम तर्फबाट सानाठूला गरी ५०० पानीको स्रोतबाट पूर्वतर्फ बगेको छ। ताम्जुङ खम्भव (घोडा मुखे पानी) त्यहाँको पानी पिए घोडाको जस्तो बल आउँछ भन्दछन् ।

४) कर्णाली नदी : माम्चुम्नामको ३० माइल परबाट निस्केको छ। उत्तरतर्फबाट सानाठुला गरी ५०० पानीको स्रोतबाट दक्षिणतिर बगेको छ । यस नदीलाई भारतमा पुगेपछि सरायु नदी र धर्मशास्त्रमा धर्मगङ्गा भन्दछन् । यही नदीमा रामचन्द्र भगवान्ले आत्महत्या गरेका हुन् । माच्वखम्बब (मयूर मुखे पानी) त्यहाँको पानी शीतल र शुद्ध हुन्छ ।

धर्मको सिद्धान्त

धर्मको सिद्धान्त २ वटा हुन्छ

१) आत्ममूलक सिद्धान्त

२) प्राकृतिक सिद्धान्त

आत्ममूलक सिद्धान्तअनुसार मानिसको शरीरमा अर्को जीव रहन्छ र मानिस मृत्युपश्चात् त्यो प्रतिरूपले खाना आशा गर्दछ भन्ने विश्वास गर्दछु । यसैबाट धर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृपूजाबाट भएको विकसित भएको आधार बलियो भयो । कुरुक्षेत्रको लडाइँमा भीष्म पितामह घाइते भए । युधिष्ठिरले घाइते भीष्म पितामहसँग मानिसको वंश बढाउन के गर्नुपर्दछ ? भनी सोधेका थिए । भीष्म पितामह भन्नुहुन्छ, पितृहरू देवताको पनि देवता हुन् । जसले तनमन लगाएर पितृको श्रद्धा गर्दछ । तिनीहरू प्रसन्न हुन्छन् पितृ र देवतालाई चढाएको पदार्थ रस र गन्ध प्राप्त गर्दछन् र हामीले गरेका भोजनको रस हाम्रो आत्मा (शरीर) मा प्रभाव भए जस्तै पदार्थहरू हामीले गुदद्वारबाट फालेजस्तै हुन्छ । धर्मको अन्त्य हुँदैन, सुरुमात्र हुन्छ । अर्धको सुरुसँगै अन्त्य हुन्छ ।

धर्म र कर्म दुई भाग हुन्छन्

धर्म भनेको मनको धारण हो अर्थात् विश्वास हो । धर्ममा कुनै सानो ठुलोको भेद हुँदैन । आफ्नो धारणा विश्वासअनुसारको फरक फरक हुनसक्छ । शाकाहारी र मांसाहारीको बिचमा विरोध हुनसक्छ । जस्तै : मूर्ति पूजा गर्ने र मूर्ति पूजा विरोधी बिचको तर्फ पिठ पिठ फर्कन्छन् । प्राचीनकालमा सबै धर्मावलम्बीहरू प्रकृतिवादीहरू थिए । जति मानिसको चेतनाको अभिवृद्धि भयो त्यति धर्मको पनि विकास भयो ।

१) सूर्य
२) हावा
३) पृथ्वी
४) जल

प्रकृतिको गुणको आधारमा पशुपंछी रुख, वृक्षको क्रियाकलपाको आधार मानी प्रकृतिलाई पूजा गर्दथे । जति मानिसको चेतनामा अभिवृद्धि हुँदै थयो उतिउति मात्रामा उद्देश्य उपसनाहरूको रचना वृद्धि हुँदै गयो । धर्मको रचना कल्पना गरी विभिन्न धर्मको रचना भयो । एउटै धर्ममा विभिन्न हाँगाहरू भए र त्यही परम्परमा कला हुँदैछ । वैष्णव धर्म मान्नेहरूले गुरुले गुहाएको पानी पिउँदछन् । लोग्नेस्वास्नी एकजना वैष्णव धर्म मान्ने भए एकले अर्काले छोएको पानी पनि पिउँदैन । बावुआमा छोरा वैष्णव भए आमाबावु मान्दैनन्, गोत्र अच्युत राख्दछन् । बाबा आमाको किरिया गर्दैनन् । अध्यात्मसृष्टिको चेतना शक्तिको विज्ञानको धर्म उसको चेतना प्राप्त गर्ने एउटा विधि हो । आत्मा र धर्म अलग अलग वस्तु होइन ।

विभिन्न भए एक्लै अगाडि बढ्न सक्दैन । धर्म ढुङ्गा र सवारसँगै नभए पार हुन र गन्तव्य स्थलमा पुग्न असम्भव हुन्छ । मोक्षप्राप्तिको स्थान एउटै हो । विधानहरू फरक फरक हुन सक्छन् । जुन बाटो जान खोज्छ, त्यो बाटो राम्रोसँग समाउन सक्नुपर्छ । मानिसको जीवनमा धर्म अनिवार्य छ । विनाधर्ममा मानिस जीवजन्तु पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै जातीय धर्म स्वभावको धर्म पालना गर्दछ । उनीहरूको खानपिन उठबस व्यवहार क्रियाकलापहरूमा उनीहरूको आफ्नै जातीय स्वभाव बोकेको हुन्छ ।

नेपालका नदीको उद्‌गम स्थल

१. अन्नपूर्ण हिमालबाट झरेको मादी गङ्गा ।
२. दूधपोखरीबाट झरेको पम्फावती नदी चेपे ।
३. मनाङबाट झरेको नदी मर्स्याङदी नदी ।
४. नागदहकुण्डबाट झरेको बूढीगण्डकी ।
५. नारदकुण्डबाट झरेको धर्मदा नदी दरौदी ।
६. गोसाईकुण्डबाट झरेको त्रिशुली ।

सप्तगण्डकी पानी

पश्चिमाञ्चलमा सप्तगण्डकी
गण्डकी नदीमा मिश्रित नदीहरू
१. बूढी गण्डकी
२. काली गण्डकी
३. त्रिशूली
४. दरौदी
५. मर्स्याङ्दी
६. मादी
७. सेती मिलेर नारायणी बनेको छ ।

तपस्यारत पार्वतीका गालाबाट पसिना खस्दै जाँदा जहाँ जहाँ पार्वतीको पसिना खस्यो त्यहीँ जल उत्पन्न भई त्यहीं नदहिरू उत्पन्न भए । ती नदीहरूमा ऋषिहरूले स्नान जप गर्न लागे ।

१) केश
२) शिर
३) निधार
४) आँखा
५) ओठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६) पाउ
७) चिउडोबाट पसिना खस्दा

- धर्मधारा
- यशोधारा
- विशोधारा
- श्वेता
- सेतो धारा
- कृष्ण प्रभा
- कालीगण्डकी (रत्नधारा) यी नदी हुन् । विष्णुधारा भने सरयू नदी हुन् ।

सप्तकोशी

१. अरुण
२. तमोर
३. दूधकोशी
४. लिखु
५. सुनकोशी
६. इन्द्रावती
७. तामाकोशी

१. मानसरोवरका सिन्धु नदी भारत हुँदै बङ्गालको खाडीमा मिसिनुअघि शुभश्री नदी र धनेश्वरी नदी भएका छन् । यी दुई नदी ब्रह्मपुत्र नदीका सहायक हुन् ।

२. ब्रह्मपुत्र नदी भारत हुँदै बङ्गालको खाडीमा मिसिनुअघि दुईवटा भङ्गाल भई मेघा नदी र बद नदी भएका छन् ।

३ं कर्णाली नदी भारतमा गएर सरयु नदी बनेको छ । रामचन्द्र भगवान्ले जलसमाधि लिएको यिनै नदीमा हो ।

भावनाको देवता

सिन्धु देशको पल्ली नगरमा कल्पना नाम गरेका राजा थिए । उनको श्रीमती इन्द्रमती हुन् । विवाह गरेको कयौं वर्षमा उनको छोराछोरी भएनन् । उनीहरूले पुत्रपुत्री पाउनका लागि भगवान् शिवको प्रार्थना-अर्चना पूजा गर्न थाले । उनीहरूको प्रार्थना पूजाआजाबाट भगवान् सन्तुष्ट भएर एउटा पुत्र जन्मे । त्यो राजाले पुत्र जन्मोत्सवमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षुहरूलाई अन्न, वस्त्र, नगद दान गरे । बालकको नाम बल्लाल राखे बालक हुर्किंदै गएपछि साथीहरूसँग खेल्दै जाँदा जङ्गल तर्फ गएका थिए । उनी त्यहाँ एउटा ढुङ्गालाई गणेश देउता भनी पूजा गर्न थाले । दैनिक साथीहरू लगेर त्यो ठाउँमा पूजामा समावेश गराए । पूजा गर्ने क्रम चलिरह्यो । बल्लाल साथीहरू साथ अबेर फर्कन्थे । साथीहरूका बाबाहरूले राजासँग बल्लालको कुरा गर्न थाले बेलुका छोरालाई सम्भाए, तर छोराले स्वीकार गरेनन् र एकदिन राजा चियो गर्न गए । त्यसबेला छोरा र साथीहरू ढुङ्गाको वरिपरि बसेर गणेशको पूजा गरिरहेका रहेछन्, राजा आश्चर्यमा परे । राजाले छोरालाई ढुङ्गा फालेर घर हिँड भन्नुभयो । यो ढुङ्गा गणेश होइन, तपाईंले ठिक भन्नुभो, तर मेरो मनमा यो ढुङ्गाभित्र गणेश छन् । मेरो मनले यो ढुङ्गा गणेश हुन् म फाल्न सक्दिनँ भनेर अटेर गरे । बल्लालले यो ढुङ्गा फाल्न सक्दिनँ भन्नासाथ बाबाले थप्पड हानी तेरो देवतासँग बस् भनी ढुङ्गा नजिकको रुखमा बाँधेर राखे । अरू साथीहरू तितरबितर भएर भागे । बल्लाललाई तेरो गणेशले फुकाउनेछन् भनी रुखमा बाँधेर राखे । जङ्गलमा रुखमा बाँधेर राखेको बालक रातभरि गणेशलाई सम्भिँदै पुकार्न थाले । रातभरि रुखमुनी बाँधिइरहे । बिहानपख भगवान्ले डोरो फुकाएर उनी घर गए । त्यस ढुङ्गामा पछि राजाले गणेश मन्दिर बनाएर पूजा गर्दैछन् । (अधिमकथाहरू ११५)

क्षीर सागर

विश्वमा पहिलोपटक अण्डाको रूपमा अण्डा उत्पत्ति भयो । अण्डाबाट एक हजार वर्षसम्म क्षीर सागर नै रहिरह्यो । तत्पश्चात् अण्डा फुटेर त्यहाँबाट एक दिव्य पुरुष निस्के ती नारायण थिए । अण्डाबाट जल निस्के जसको घर बासस्थान जलमा छ । क्षीर सागरको उत्पत्ति र ईश्वरीय सृष्टिको स्वर्ग भन्दछ । महाप्रलयमा ब्रह्माजीको ब्राह्मणसँगै क्षीर सागर पनि प्रलय भयो । त्यसपछि सम्पूर्ण सृष्टि परम पुरुष भूमा अथवा बैंकुण्ठमा लीन भयो । यो लीन मात्र भएन, प्राणीहरूको मोक्ष पनि भयो । प्राकृतिक देवी क्षीर सागरमा सुषुप्त निद्रामा सुतिरहेकी थिइन् । यी प्राकृतिक कालको प्रभावले क्षीर सागरमा ५ वय तत्त्वहरू थिए ।

१. पहिलो तत्त्व-नारायण
२. दोस्रो तत्त्व - भू देवी पृथ्वी
३. तेस्रो तत्त्व - वृन्दा (पृथ्वी)
४. चौंथो तत्त्व - लक्ष्मी या शक्ति
५. पाँचौं तत्त्व - नारायणका पत्नीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. छैठौं तत्त्व - जल

क्षीर सागर ब्रह्मलोकभन्दा टाढा छ । के क्षीर सागरमा यस्तो जल छ ? जुन पृथ्वीमा छ । क्षीर सागरमा तीन रूप प्रकट भइन् ।

१. तमोगुणी शक्ति भूदेवीको रूपमा

२. रजोगुणी शक्ति वृन्दाको रूपमा,

३. सत्त्वगुणी लक्ष्मीको रूपमा

हालको क्षीर सागर पृथ्वीमा छ । क्षीर सागरको उत्पत्ति सृष्टिको उत्पत्तिबारे शास्त्रहरूमा भनिएको छ । पर ब्रह्म शिवले एकबाट अनेक गर्नु भएको हो । भगवान्ले सबैभन्दा पहिले क्षीर सागर प्रकट गर्नुभयो । क्षीर सागरको अर्थ पानीको सागर होइन, दूधको समुद्र हो ।

ध्यान र समाधि

आफ्नो मनलाई आफैँभित्र अड्याएर राख्नु ध्यान हो । आफैँभित्र मनलाई अड्याउन या धारणा गर्न दुई किसिमका तरिका हुन्छन् ।

१. मनलाई आफ्नै स्वभावलाई चिनेर त्यसलाई चिनाई राख्नु,

२. मनको आफ्नै स्वभावलाई नचिनेर आफै मनमा अड्याई राख्नु ।

यी दुईमध्ये पहिलोलाई लोकोत्तर ध्यान भनिन्छ । दोस्रोलाई लौकिक ध्यान भनिन्छ । ध्यानको अर्थ मनमा एउटै कुरा मात्र ध्यान भइरहनु हो, त्यसैले जे कुरा मनमा एकाग्र भइरहन्छ, त्यही नै ध्यान हो । ध्यानको शब्द संस्कृत भाषाको ध्यै चिन्तायाम् गहिरो चिन्तन गर्नु भन्ने अर्थ हो । ध्यै धातुबाट बनेको शब्द ध्यान हो । हामीले आफ्ना मनका पाँच चिजलाई कमजोर नपारेसम्म ध्यान समाधिमा जान सकिँदैन । पाँच चिजहरू निम्न छन् :

१. कामच्छन्द : कामवासना, यौन तृष्णा बलियो छ भने कमजोर नपारेसम्म जान सकिँदैन,

२. व्यापता : मनमा रहेको द्वेष, रिस, हानी प्रवृत्ति बलियो छ भने समाधिभित्र पर्न गाह्रो हुन्छ ।

३. लय वा निमग्नता : चित्त अलिकति शान्ति हुन थाल्नेबित्तिकै ध्यानमा लट्ठ परेको मनलाई भन्दछ । ध्यान गर्दा निन्द्रामा परिणत भए प्रवेश गर्न गाह्रो हुन्छ ।

४. औद्धत्य, कोकृत्य : औद्धत्य भनेको मनको चञ्चलता, मनभित्र कुरा खेलिरहने हो भने कौकृत्य भनेको पहिलो कुराको याद आएर पश्चात्ताप हुनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. विचिकित्सा : शङ्का या अविश्वास । मैले ध्यान गरेर सक्दिनँ । कि गुरुले दिएको उपदेश पूरा छैन कि यो विद्या कामयाब छैन । कि मैले गरेको तरिका ठीक छैन जस्ता शंका , अविश्वासलाई विचिकित्सा भनिन्छ ।

ध्यान र समाधिबिचको भिन्नता

ध्यानचर्यामा सबभन्दा पहिला समाजमा व्याप्त भएको शब्द ध्यान हो । ध्यान भनेको कुरा एउटा वस्तुमा मात्र एकाग्र भएर लिप्त हुनु हो । अरू सम्पूर्ण काम बिर्सने प्रकृया जो छ त्यसलाई ध्यान भनिन्छ । एउटा विषयमा मात्र मन केन्द्रित भएपछि ती शक्तिहरू तितरबितर हुँदैनन् । एकै ठाउँमा जम्मा हुनासाथ स्वत: नै त्यो शक्तिमा वृद्धि हुँदै जान्छ र त्यही शक्ति वृद्धिबाट नै भगवान् देवीदेवताको शक्ति आउँछ । यसरी शक्ति एकै ठाउँमा केन्द्रित गराउने प्रक्रिया जो छ एकै ठाउँमा जम्मा गराउने प्रक्रिया नै ध्यान हो । ध्यान गर्दा आनन्दमा डुब्दछ । आनन्द प्राप्त भएपछि त्यो व्यक्ति सधैं त्यसैमा रमाउँदछ । यसै रमाउने भएपछि केही व्यक्ति घण्टौं घण्टासम्म अथवा दिनभर रमाएर बस्ने प्रकृयालाई समाधि भनिन्छ ।

जोनह्वाइटले ध्यानको बारे खोजी गरेर उनको बहुचर्चित : Meeting of Science And Spread (मिटिङ अफ साइन्स एण्ड स्प्रेड) नामकको पुस्तकमा ध्यानलाई जीवनकै लागि उपयोगी विभिन्न प्रकारको लाभ प्राप्त हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । शारीरिक, मानसिक तनाव एवं चिन्ता हिंसावृत्ति कम हुन्छ भनी ध्यानबाट सातवटा फाइदा देखाएका छन् ।

१. ध्यानबाट दैनिक जीवनमा शान्त स्वतन्त्रता आउने,
२. तनाव थकान उदासीनता मनोविकारमा कमी,
३. विभिन्न सानातिना दुखाइहरू कपाल दुख्ने, हाडजोर्नी दुख्नेबाट मुक्त हुने,
४. आन्द्र रोग विनाश,
५. असीम धैर्य र अरूप्रति माया, मोह, स्नेहको विकास हुने,
६. परमात्माप्रति विश्वास बढ्ने,
७. सामाजिक जीवनमा सहयोगको भावनाको वृद्धि हुने ।

ध्यान गर्नका लागि नियमित रूपमा एउटा समय निर्धारित गर्न सकियो भने धेरै उपयोगी हुन्छ, किनभने हाम्रो शरीर हाम्रो मन यन्त्र हो । जस्तै : ९ बजे खाने बानी पर्‍यो भने ९ बजे नै भोग लाग्ने गर्छ । त्यस्तै समयमा ध्यान गरे हाम्रो शरीरको मन उस्तै समयमा ध्यानको भोक लाग्छ । भगवान्ले छोए तिम्रो शरीर बिजुली लागेको जस्तो हुन्छ, कम्पन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनसक्छ । तिमीले त्यसको प्रतिरोध नगर्नू, त्यसलाई सहयोग गर्नू । प्रतिरोध गरे आफैं विरोधी हुन्छ । मुख बन्द गरेर नाकबाट श्वासलाई ओहोरदोहोर गर्न नसके भगवान्बाट छुन असम्भव छ । कहिलेकाहीँ श्वास बन्द भएजस्तो लाग्छ, त्यसलाई प्रतिरोध नगर । तिमीलाई दायाँबायाँ तान्न सक्छ, प्रतिरोध नगर । बिहानको रातको प्रातःकाललाई उषाकाल भन्दछन् । मध्य भागलाई उषाकाल भन्दछन् । बेलुका सूर्य अस्ताउनुअघिको निष्फल हुन्छ ।

ऋषिको श्राप

हिन्द्र धर्ममा ध्यानबाट समाधिमा उक्लेपश्चात् ज्ञान प्राप्त हुन्छ । ज्ञान प्राप्तिपश्चात् साक्षात्कार प्राप्त हुन्छ ।

१.कुटिचार

२. बहुदक

३. हंसक

४. परम हंस

समीक ऋषि बहुदक साक्षात्कार थिए । उनी एक नदीको किनारमा वा तलाउको नजिक तपस्यारत थिए । एकपटक राजा परिक्षित डुल्न गएका थिए । डुल्दै समुद्रको किनारमा समीक ऋषि ध्यानमस्त भएको देखे । त्यही अवस्थामा अचानक उसको अगाडि एउटा सर्प देखा पऱ्यो । राजा परीक्षितले सर्पलाई समाती समीक ऋषिको गालमा फाले समीक ऋषि झस्किएर हेर्दा गलामा सर्प र परीक्षित राजा देखे । समीक ऋषिले मलाई तिमीले सर्पले तर्सायौ, तिम्रो मरण सर्पले टोकेर नै होस् भन्ने श्राप दिए । राजा परीक्षित तक्षक नागले डसेर मरेका पुराणहरूमा पाइन्छ ।

साक्षात्कार गर्ने

साक्षात्कार गर्ने सबैको शुभ लाभ र शान्तिको कामना गर्दै जीवनलाई उत्सर्ग गर्ने केही व्यक्तिहरूको मार्गमध्ये चारवटा मार्गहरू छन् ।

१. कुटीचर : कुटी बनाएर बस्ने साधारण जोगीहरू,

२. बहुदक : ठूलाठूला नदीहरूको निकार वा घाटमा, तलाउ वा जलाशयको नजिक या ओडार ठुल्ठूला ढुङ्गाको करोरमा, ठूलो रुखको फेदमा वा गुफामा बस्ने जलधारी,

३. हंसक : कडा नियमको पालना गर्दै सात दिन एक थलोमा बस्ने र त्यसपछि अर्को थलोमा हिँडी हाल्ने अर्धनग्नहरू हठयोगीहरू समेतलाई भन्दछ ।

४. पर हंसक : पूरा दिगम्बर सधैँ नाङ्गो एक स्थानमा एक रात मात्र बस्ने डुलुवा एक रातभन्दा बढी एक ठाउँमा कहिल्यै पनि नबस्ने घुमक्कड फिरन्तेहरू ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाक्षरी दान मन्त्र

शुक्राचार्य र पार्वतीलाई पञ्चाक्षरी मन्त्र शिवजीले दिएका हुन् । शिव पार्वतीलाई भनुहुन्छ, हे पार्वती ! मन्त्र जप गर्दा समुद्रको किनारमा, देवालयमा, पवित्र स्थानमा, पवित्र घरमा, पवित्र तीर्थमा, शुभ नक्षत्रमा मैले दिएको ज्ञान उर्वशी माला जप गर्दा जोर औँलाको बिचमा बूढी औँलाले स्पर्श गरी जप्नु पवित्र हातले पूजा गर्नु रोएको अवस्थामा, रिसाएको अवस्थामा छिक आउँदा, थुक आउँदा, सिँगान आउँदा, मन चिन्ता ब्याकुल हुँदा जप नगर्नू ।

बुद्ध भगवान् कैलास पर्वतमा शिव पार्वती दर्शन गर्न गएका थिए ।

१. कैलास पर्वतको पूर्वतर्फ जुदुल गुम्बाको नजिक बुद्धको पदचिह्न छ ।

२. उत्तर तर्फ ठिधिनफुक गुम्बा नजिक पदचिह्न छ ।

३. पश्चिम छुकु गुम्बा नजिक पदचिह्न छ ।

४. दक्षिण गाँ गुम्बा नजिक बुद्धका पदचिह्नहरू छन् ।

३/४ ठाउँमा धार्मिक यात्रीहरूले आफ्नो रगत वा कपाल चढाउने गर्दछन् । कैलास पर्वत १९००० फिट उचाइमा छ । डोल्मा नजिक शिवतस भन्ने ठाउँमा पार्वतीले शिव प्राप्त गर्न तपस्या गरेको ठाउँ छ । कैलास परिक्रमा गर्दा बुद्धिष्टहरूले आफ्नो शरीरलाई यातना दिई पाप नष्ट हुन्छ भन्ने विश्वासले आफ्ना दाँत कपाल उखेलेर चढाउँछन् । बुद्धिष्टहरू आफूले पर्वत परिक्रमा गर्न नसक्नेले हिन्द्रहरूले दान दिए जस्तै अर्को व्यक्तिलाई पर्वत घुम्न लगाइन्छ । पार्वतीको तपस्या स्थलमा वस्त्र आदि चढाइन्छ । कैलास वरिपरि ५ वटा मानसरोवर वरिपरि ८ वटा बुद्धको स्तूपहरू छन् ।

कसले के के बनाए?

१. उडिसाको जगनाथपरी भगवान् रामले बनाएको,
२. ॐ कारमा बनेको शिव मन्दिर राजा जयवर्धन दुतियाबाट ९ औं शताब्दीमा कम्बोडियाकै चामराजा अर्नदेवले ब्रह्मा, विष्णु शिवको तीनओटा मूर्ति बनाएर राखे निर्माणमा सय मिलियन खर्च भयो ।
३. इन्डोनेसियाको शिव, व्रह्मा, विष्णुको मन्दिर राजा बलितुङ्गाले बनाएको ।
४. इन्डोनेसियाको टापुको बालीको शिव मन्दिर सबभन्दा ठूलो हो । सन् ९१३ मा राज केशर वमदेवले बनाएको ।
५. नेपालको विष्णुमती र मनोमतीको सङ्गको करुणेश्वर महादेव बुद्ध भगवान्ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाएको ।

६. श्रीलङ्कामा कोलराजा वरार भेटिकनले सन् ९८१ मा काशीबाट शिवलिङ्ग ल्याेर शिवेश्वर मन्दिर बनाएका हुन् ।

७. कटस राजा मेधिना पाकिस्तानमा महाभारत कालमा युधिष्ठिर पाण्डवका साथमा आएका थिए । प्यास लागी बाणद्वारा पानी निकालेर खाएपश्चात् त्यस कुण्डमा पाण्डवहरूले शिवलिङ्ग स्थापना गरे ।

८. रामेश्वर महादेव रामले बनाएका हुन् ।

९. अनुमति महादेव हनुमानले स्थापना गरेका हुन् ।

१०. गोपालेश्वर महादेव कृष्णले स्थापना गरेका हुन् ।

११. कुम्भेश्वर महादेव अगस्त्य ऋषिले स्थापना गरेका हुन् ।

१२. जगनाथपुरीको लोकनाथ महादेव रामले स्थापित गरेका हुन् ।

१३. गुजरातको बेरबलममा सत्ययुगमा सोम राजाले सुनको, रामले चाँदीको, कृष्णले काठको, भीमले ढुङ्गाको शिवलिङ्ग बनाएका थिए ।

१४. मध्यप्रदेशको सिप्रानदीको तटमा इन्द्रपुरीमा महाकालेश्वर महादेव सत्ययुगमा देवताहरूको शिल्पकारले बनाएका हुन् । द्वापरयुगमा सान्दीपनी मुनिको आश्रम थियो ।

१५. झारखण्ड जिल्लाको वैज्यानाथ शिव मन्दिर रावणले स्थापित गरेका हुन् ।

१६. भारतको महाराष्ट्र जिल्लाको त्रेयमकम महादेव सत्ययुगमा विष्णुद्धारा स्थापित गरेका हुन् ।

१७. भारतको तामिलनाडु राज्यको रामनाथपुरको रामेश्वर महादेव त्रेता युगमा शिवजीको खोजमा जाँदा राम र सुग्रीवले मित्रता गरे, उसको विशेष दूत हनुमानको सहायताले पत्ता लगाउने उद्देश्यले रावणको संहार गर्नको लागि बाँदरको सेना सङ्गठित गरी दक्षिण समुद्रको तिरमा शिवको प्रत्येक लिङ्ग बनाई रामले विधिपूर्वक पूजा गरेका थिए ।

१९. भारतको उत्तर प्रदेश वाराणसीको महावरणा र असी नदीको गङ्गाको सङ्गममा सत्ययुगमा विष्णुले शिवलिङ्ग स्थापना गरेका थिए ।

२०. भारतको इलहावादमा त्रेतायुगमा सूर्यद्धारा शिव मन्दिर वनाएका हुन् ।

२१. महाराष्ट्रको शिवपुर अमृतेश्वर महादेव मन्दिरमा विष्णुले शिव पार्वतीको विवाह गराएका थिए ।

२२. आन्ध्र प्रदेशको मल्वुवा नगरीको ब्रह्मेश्वर महादेव ब्रह्माद्धारा नौवटा शिवलिङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गरे ।

२३. उडिसा जिल्लाको जगन्नाथपुरीमा लोकनाथ महादेव भगवान् रामद्वारा स्थापना गरिएको हो ।

२४. कम्बोडियाको राजा जयवर्धनले नौ शताब्दीमा ब्रह्मा, विष्णु र महेश्वर तीन ओटा मूर्ति बनाएर शिव मन्दिर बनाए । त्यहाँ दैनिक चार पाँच हजार मानिस आउँदछन् ।

२५. इन्डोनेसियामा ८ औं शताब्दीमा निर्मित प्राचीन मन्दिर शिव, ब्रह्मा र विष्णुको मूर्ति राजा बलि तुङ्गाले बनाएका हुन् । यस मन्दिर दक्षिण एसियामा सबभन्दा ठूलो मानिन्छ ।

२६. इन्डोनेसियाकै बाल्टीमा ब्रह्मा, विष्णु र शिवको मन्दिर छ, त्यसलाई वैशाखी त्रिमूर्ति भनिन्छ ।

२७. लङ्काको कोल्बमा ७/८ औं शताब्दीमा स्थापित त्रिकोणेश्वर महादेव कोला राजा बारा भेट्नेले बनाएका हुन् ।

विभिन्न शिवलिङ्ग कसले बनाएका थिए

१. गुजरातको वैखवलमा सत्ययुगमा सोम राजाले सुनको, रावणले चाँदीको, कृष्णले काठको, भयले ढुङ्गाको बनाएका थिए ।

२. आन्ध्र प्रदेशको कुर्नुमा शिव मन्दिर सत्ययुगमा भगवान् विष्णुद्वारा स्थापना गरिएको थियो ।

३. आन्ध्र प्रदेशको शिव नदी तटमा उज्जैन नगरमा इन्द्रपुरीवतीमा महाकालेश्वर शिवलिङ्ग सत्ययुगमा देवताहरूको शिल्पकारले बनाएका हुन् ।

४. वैजनाथ झारखण्डको शिवलिङ्ग रावणले बनाएको हो ।

५. त्रेकमवम महाराष्ट्र त्रेकमवम शिव मन्दिर सत्ययुगमा विष्णुले बनाएको हो । त्रेतायुगमा राम वनवास जाने अवस्थामा द्वापर युगमा युधिष्ठिरका साथ पाँच पाण्डवहरू वनवास जाँदा गौतमी ऋषिले अर्चनमा पूजा गरेका थिए ।

६. विश्वेश्वर महादेव सत्ययुगमा विश्वनाथको स्थापना गरेका, इ.सं.५०५ बाट १४८५ को बिचमा त्यहाँ बुद्धले एकपटक शिव दर्शन गरेका थिए ।

७. धनेश्वर महादेव पार्वतीले स्थापना गरेको हो । इलाहावादको शिव मन्दिर भगवान् सूर्यले बनाएका हुन् ।

८. उडिसाको जगन्नाथ पुरी शिव मन्दिर रामले बनाएका हुन् ।

९. इलाहावाद शिव मन्दिर भगवान् सूर्यले बनाएका हुन् । यो स्थानमा ब्रह्माजीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अश्वमेध यज्ञ गरेका हुन् ।

१०. नेपालमा विष्णुमती र मनोमतीको बिचको संगममा करुणेश्वर महादेव भगवान् गौतम बुद्धले भाद्र शुक्ल अष्टमीमा स्थापना गरेका हुन् ।

११. इन्डोनेसियामा ८ औं शताब्दीमा शिव मन्दिर राजा बलितुङ्गाले बनाएका हुन् ।

१२. श्रीलङ्काको कोलराजा बरार भेटीकाले सातौं शताब्दीमा कोटेश्वर महादेव शिवलिङ्ग सन् १९८७ मा स्थापना गरेका हुन् ।

१३. महाभारत कालमा पाकिस्तानका कटस्त राजा भेडिना प्यास लागि पानी निकाली खाएका थिए । त्यो कुण्ड पाण्डवद्वारा स्थापना भएको ।

१४. पाटनका कुम्भेश्वर महादेव सत्ययुगमा ब्रह्माले स्थापना गरेका हुन् ।

१५. कम्बोडियाका राजा जयवर्द्धनले नवौँ शताब्दीमा शिव, ब्रह्मा, विष्णु त्रिमूर्ति बनाएको छ ।

१६. विरूपाक्ष मन्दिर भगवान् रामले बनाएका हुन् ।

१७. साइवेरियामा एउटा सहरको नाम ॐ राखिएको थियो ।

१८. अमेरिकाको भेरीलेययूमा पशुपतिको मन्दिर छ ।

१९. पाकिस्तानमा नाकेश्वर महादेव स्थापना गरिएको छ ।

२०. रामेश्वर रामले बनाएको हो ।

२१. गोपालेश्वर महादेव कृष्णले बनाएको हो ।

२२. कुम्भेश्वर महादेव पुलस्त्यले बनाएको हो ।

२३. हनुमानले अनुमति महादेव बनाएको हो ।

२४. कुम्भक ऋषिले कुम्भेश्वर महादेव बनाएको हो ।

२५. भीमसेनले रामेश्वरबाट एउटा शिला ल्याई दोलखा भीमेश्वर बनाएको हो ।

२६. ॐकारमा बनेको शिव मन्दिर राजा जयवर्द्धन हलियाबाट नवौं शताब्दीमा कम्बोडियाका चोम राजा र अरूणदेवले विष्णु, शिव, ब्रह्मा, तीनओटा मन्दिर बनाए मूर्ति राखे, निर्माणमा १२ सय मिलियन खर्च भयो ।

२७. इन्डोनेसियाको टापुमा बालीमा शिव मन्दिर सबैभन्दा ठूलो छ । सन् ९१३ मा राजा केशरी वामदेवले बनाएका हुन् ।

२८. श्रीलङ्काका कोलराजा वरार भटिकलले सन् १९८१ मा कास्थाबाट शिवलिङ्ग लगेर शिव मन्दिर बनाएका हुन् ।

२९. भारतको तामिलनाडु राज्यको रामनाथपुरको रामेश्वर महादेव त्रेतायुगमा सीताको खोजीमा जाँदा राम सुग्रीबसँग मित्रता गरेर उसको विशेष दूत हनुमानको सहायताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्ता लाउने उद्देश्यले रावण सङ्ग्राम गर्नको लागि बाँदरको सेनाले सङ्गठित गरी दक्षिण समुद्रको तिरमा शिवको पार्थिव लिङ्ग बनाई रामले विधिपूर्वक पूजा गरेका थिए ।

३०. भारतको उत्तर प्रदेश वाराणसीको वरुणा र असि नदीको गङ्गाको सङ्गममा सत्ययुगमा विष्णुले विधिपूर्वक शिवलिङ्ग स्थापना गरी पूजा गरेका थिए ।

३१. महाराष्ट्रको शिवपुर अमृतेश्वर महादेव मन्दिर विष्णुले शिव पार्वतीको विवाह गर्न स्थापित गरेका थिए ।

३२. आन्ध्र प्रदेशको महावुवा नगरको ब्रह्मेश्वर महादेव ब्रह्माद्वारा ९ शिवलिङ्ग स्थापित छ । उडिसाको जगन्नाथपुरीमा लोकनाथ महादेव भगवान् रामद्वारा स्थापना गरिएको हो ।

३३. इन्डोनेसियामा ८ औं शताब्दीमा निर्माण भएको प्राचीन मन्दिर शिव, ब्रह्मा, विष्णु महेश्वरको मन्दिर राजा बलितुङ्गाले बनाएका हुन् । यस मन्दिर दक्षिण एसियामा सबभन्दा ठूलो मानिन्छ । मन्दिरको प्रवेश शुल्क ५५० नगद लाग्दछ ।

३४. श्रीलङ्काको कोलम्बोमा ७/८ शताब्दीमा गोकर्णेश्वर महादेव कोडराज भेटेनले बनाएका हुन् ।

३५. इन्डोनेसियाको बालीमा ब्रह्मा, विष्णु, शिव मन्दिर छ, त्यसलाई वैशाखी त्रिमूर्ति भन्दछन् ।

३६. यूरोपका हिप्पीहरूले भारतमा आउँदा शिवजीको फोटा र मूर्ति देख्दा ओहो हाम्रो गुरु यहाँ पो रहेछ भनी दर्शन पूजाआजा गरेका थिए ।

कसले केको पूजा गर्दछ?

१. अष्ट्रेलियामा विशेष जातिको जीवलाई टोटवाद भन्दछन्, टुनामुना गर्दछन् । उनीहरूले कङ्गारु, फेरिटी, मुर्गा, न्याउरी मुसा, ब्वाँसो, सर्प, बिच्छीलाई मान्दछन् ।

२. ट्युनेसियामा जादू टुनामुनामा विश्वास गर्दथे । मन्त्र पढेर पानी पार्ने विश्वार थियो । उनीहरूमा कुखुरा, सुँगुर, कुकुरलाई कहिलेकाहीं नरबलि दिन्थे ।

३. दक्षिण एसियाको जापानमा भालुलाई पर्वतको देवनाको सरह मान्दथे । भालुलाई सम्मान गर्न विशेष समारोह गर्दथे र सर्पलाई पूजा गर्दथे ।

४. अमेरिकाको रेड इन्डियनहरू झारफुक गर्ने टुनामुना गर्ने, शरीरबाट ढुङ्गा निकाल्ने गर्दथे । दक्षिण अमेरिकामा मानिसले पशुको रूप धारण गर्ने विश्वास थियो । सरस्वतीको रूपमा खरायोलाई मान्दथे । कसैकसैले उसलाई सृष्टिको उत्पत्ति पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दथे । अमेरिकन इन्डियनहरू चन्द्रमा, वायु, पानी, प्रकृतिलाई पूजा गर्थे । भूमिमा नरबलि दिए उब्जनी बढ्छ भन्ने विश्वास थियो । विरामीलाई उपचार गर्नका लागि सामाजमा झाँक्री रहन्थ्यो । भालुलाई विशेष शक्तिशाली संरक्षकको रूपमा मान्दथे ।

५. अफ्रिकी आदिवासीहरू पितृको पूजा पितृको रूप नै विश्वास गरी सरदार र राजाका पूर्वजहरूलाई देवताको रूपमा मान्दथे । जादू मन्त्र प्रयोग गरी अपराधी पत्ता लगाउँथे । पुरेत झँक्री जादू टुना गर्ने गर्दथे ।

६. जर्मनमा चौंथो र दशौं शताब्दीको बिचमा इसाई धर्म सुरु भयो । निकै पछिसम्म बलि दिने चलन थियो ।

७. अमेरिकीहरू टुनामुना, झाँक्री, पशु, ढुङ्गा आदि पूजा गर्दथे ।

८. साइबेरियामा टुनामुना झाँक्री प्रथा भालुको पूजा गर्ने चलन थियो ।

९. ककेसियामा खेती राम्रो बनाउन, पशुको सङ्ख्या बढाउन आदिका लागि पूजापाठ टुनामुना गर्दथे ।

१०. प्राचीन जर्मनमा भेडा र कागलाई ओडि नामक देवताको प्रतीक मान्दथे । ढुङ्गाको पूजा गर्ने चलन थियो ।

११. प्राचीन केल्डामा झारफुक टुनामुना गर्दथे र बाँदरको बलि दिन्थे ।

१२. मध्य अमेरिकाको मेथ्लीको धर्म कृष्णसँग सम्बन्धित अनजेटक धर्म मुख्य थियो। उनीहरू अनुचि देवताको पूजा गर्दथे भने पानी पार्नको लागि टुनामुना गर्दथे। नरबलि दिन्थे । पशु, रुख, ढुङ्गा आदिलाई मानिस देवता मानिन्थ्यो । भालुलाई पर्वतको देवताको सन्तान भनी सम्मान गर्दथे ।

१३. जापानमा झाँक्री प्रथा थियो । कृषि सम्बन्धीको जादुटुना र लिङ्गपूजा आवश्यक थियो । जापनमा बाँदर, स्याल, चितुवा आदि जनावरको पनि पूजा गर्दथे। झाँक्रीमा विश्वास थियो ।

१४. बेबोलोनमा पुरोहितले विभिन्न मन्त्र पढेपछि विरामी ठीक हुन्छ भन्ने विश्वासले यसका लागि विभिन्न अनुष्ठान गर्दथे । बेबोलोनहरू बलि दिएको मुटु हेरेर भविष्यवाणी गर्दथे ।

१५. फेनिस फिनहरू देवता खुसी पार्नको लागि बालकको बलि दिन्थे ।

१६. इरानीहरू आर्यहरू जस्तै : गाई, कुकुर, काग पूजा गर्दथे ।

१७. युनानीहरू जादू टुनामुनामा विश्वास गर्दथे । युनानी डेल्पी जातिहरू एउटा विशेष ढुङ्गाको पूजा गर्दथे । सधैँ घ्यूले ढुङ्गा नुहाएर पूजा गर्ने चलन थियो । कर्मकाण्डमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीव बलि दिएर देवतालाई भेटी चढाउने, आगोलाई रक्सी चढाउने, देवतालाई फलफूल आदि भोग लगाउने जनावरले बलि दिने प्रथा अपनाएका थिए ।

१८. रोमनहरू आकाशको बिजुली चम्केको पन्छीको उडान, कुखुराको चारो खाने तरिकाले शुभ अशुभ थाहा हुने विषय थियो ।

अविनाशी आत्मा

मानिसको शरीर दुई भागमा हुन्छ ।

१. आत्मा   २. मस्तिष्क

मस्तिष्क एक अत्यन्त महत्त्वपूर्ण अङ्ग हो । शरीरको सबै भागबाट नसाहरू सबै भागमा पुगेको हुन्छ । यिनैको माध्यमबाट मानिस तन्दुरुस्त हुन्छ । शरीरको अङ्गहरू नियन्त्रण गर्नेहुन्छ । त्यसकारण मृत्यपश्चात् मानिसको मस्तिष्कले काम गर्दैन मस्तिष्कको मृत्यु नै मानिसको मृत्यु हो । आत्मा मृत्युपश्चात् पनि मर्दैन । आत्माले शरीर छोडेपछि आत्माले अर्को शरीरमा वास गर्न पुग्छ । आत्माको अस्तित्व कहिल्यै पनि मेटिँदैन भनेर गीतामा भनिएको छ ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

अर्थः आत्मालाई न कुनै हतियारले काट्न सक्छ, न पानीले भिजाउन सक्छ, न आगोले डढाउन सक्छ, न त हावाले उडाउन सक्छ । आत्मालाई सुकाउने फल्ने फूल्ने गराउने आफ्नै पाप र धर्मको कर्मले मात्र सक्दछ । मृत्युपश्चात् पापधर्मअनुसारको पुनर्जन्म हुन्छ । मानिसको पुनर्जन्म तीन प्रकारको हुन्छ ।

१. कसैले स्वर्ग प्राप्त गर्दछ ।
२. कसैले भोकाएको भूतको रूपमा पुर्नजन्म पाउँछ ।
३. कसैले नर्क प्राप्त गर्छ ।

जो नम्र, दयावान्, धर्मात्मा छ उसले स्वर्ग प्राप्त गर्दछ, महत्त्वाकांक्षी, निर्दयी व्यक्ति नर्कमा पर्दछ । कहिल्यै पनि सन्तोष नहुने बढी महत्त्वकांक्षी व्यक्ति भूतप्रेतको रूपमा जन्मिन्छ ।

मानिसको आत्मा

कम्प्यूटर जस्तैको त्यसलाई चलाउने नियन्त्रण गर्ने आत्मा हो । यदि आत्माको अस्तित्व नभएको भए आत्मा अजर अमर भएकाले पुर्नजन्म लिनेले अघिल्लो जन्मको कुरा हिन्द्र र बुद्धिष्टमा निकै पाइन्छ । एक पटक एउटा कृषि फार्मको कटेजभित्र उडफर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामको महिला बसेकी थिइन् । उनले एउटा कुइनी नामको कुकुर पालेकी थिइन् । कुइनीले चार ओटा बच्चा जन्माएको थियो । संयोगवश मालिक उडफडा बाहिर जानुपर्ने अवस्था आइपऱ्यो । हतारमा कुकुरका छाउराहरू बाहिर मचानमा माउचाहिँ कटेजभित्र भएको यादै भएन र बन्द गरेर गए । अकस्मात् कारणवश दुई दिनपछि फर्कनुपऱ्यो । फर्केर उडफडले कटेजको ढोका खोले, खोल्लासाथ कुइनी हतपत्त बाहिर आएर बच्चा हेर्न मचानमा चढ्न पुगे । माथि चढ्ने काठको लिस्नुको माथिल्लो भाग हिंउ जमेर चिप्लेको थियो कुइनी त्यही हिउँमा चिप्लेर मचानबाट तल खसे । दुर्भाग्यवश मचानको तल राखेको बञ्चरोमा टाउको परी मृत्यु भयो । कुइनीको आत्मा तत्काल कुकुनीमा जन्म लिन पुगेर त्यस बच्चाको डक्सी राखे । डक्सी ५ वर्षको हुँदा एडभर्ड आफ्ना पत्नीको साथ डस्की लिएर क्यालिफोर्निया तर्फ गाडी १०० कि.मी.को दौडमा जाँदै गर्दा कृषि फाराम नजिक पुग्दा डक्सी झसङ्ग झस्केर एडभर्ड भएको काखबाट फाल हाली कृषि फारामभित्र उत्तेजित हुँदै पसे । एडभर्डको श्रीमान् श्रीमती आश्चर्य मान्दै फार्मभित्र पसे । कटेजभित्र उडफड नामकी वृद्ध महिलामात्र थिइन् । उक्त वृद्ध महिलालाई देखेर खुट्टा चाटेर प्यार गरे । कुकुर उफ्रेर कटेजभित्र पसी तुरुन्तै निस्केर नजिकैको अचानमाथि चढेर खोजतलास गरे । केही पाएनन्, उनी निराश भएर क्रियाकलाप बारे सोध्दा ६ वर्षअगाडि पालेको कुकुरको सम्झना गराए । सम्पत्ति दान गर्ने व्यक्तिको पुनर्जन्म ऐश्वर्य प्राप्त मानिसको कोखमा हुन्छ । सत्कर्म नगर्नेलाई त्यो सौभाग्य प्राप्त हुँदैन र गरिब कुलमा जन्म हुन्छ ।

चन्द्रमाको क्षय

दक्षप्रजापतिको ६० वटा छोरी थिइन् । ती मध्ये २७ ओटी चन्द्रमाले विवाह गरेका थिए । २७ मध्येकी रोहिनी चन्द्रमाको बढी प्यारो थियो । रोहिणी र चन्द्रमाको त्यस किसिमको व्यवहार देखर २६ जना दिदी बहिनीहरूले मन परेन । २६ जना दक्षप्रजापति कहाँ गई बेलिविस्तार गरेपछि छोरीहरूको कुरा लिएर दक्षप्रजापति चन्द्रमाकहाँ पुगे । चन्द्रमालाई सम्झाए तर चन्द्रमालाई केही प्रभाव परेन, टेरपुच्छर लाएनन् । दक्षप्रजापतिलाई अति रिस उठ्यो, चन्द्रमा तिमी बढ्ता चढेको रहेछ । तिमी क्षय होस् भनी श्राप दिए । चन्द्रमा क्षय भई सारा संसार अन्धकार भयो, चन्द्रमालाई पनि पछुतो भयो र चिन्ता भयो । भगवान् शिवसँग चन्द्रमा उद्धारका लागि इन्द्रजी देवतागण विशिष्ट भगवान्सँग प्रार्थना गरे । भगवान् चन्द्रमा शुक्ल पक्षाको प्रत्येक दिन उकल वढ्दै गई पुर्णिमा पूरा हुनु, कृष्णपक्षबाट एकल थप हुँदै जाने वरदान दिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु नानक

एकपटक गुरु नानक डुल्न गएका थिए र एक सभामा एक ठूला धनपति आएर भने गुरु मसँग धेरै धन छ मर्ने बेला भयो यो सम्पत्ति खर्च गर्न चाहन्छु, उपाय दिनोस् भने, ती मानिस अपूतो छोराछोरी नभएका धनीमानी थिए तर खानपीनमा कन्जुस्याई गर्थे । गुरु नानकले ती व्यक्तिको शरीर तलमाथि हेर्दै तिमी त एकदम गरिब जस्तो छौ भन्नुहुन्छ, तिमीसँग सम्पत्ति छ जस्तो लाग्दैन मलाई, त्यो मानिस भन्दछ म साधारण पोशाकमा छु । गुरु नानकले मकहाँ हजारौं मानिस आउँछन् जान्छन् म आँखा हेरेरै थाहा पाउँछु । म तिमीलाई केही पनि देख्दिनँ । नानकले एउटा सियो दिएर भने यो सियो सानो छ त यसको काम ठूलो छ । तिमी प्रयोग गर, तर तिमी मरेपछि सियो मलाई फर्काइदिनू भनेर सियो दिएर उनले लिएर उनी घरतिर लागे । उनले बाटोमा मनमनै सम्भे क नानक बौलाएको हो ? के पागल भएको हो ? मनमनै सोच्दै घर पुगे, उनले रातभरि सोचे यो सियो म मरेपछि कसरी फर्काउन सक्छु र ? ऊ भालिपल्ट ४ बजे उठेर सियो लिएर गुरु नानक कहाँ गयो, तपाईंको सियो लिनुहोस् म मरेपछि फर्काउन सक्दिनँ । म मर्दा सम्पत्ति लिएर जान सक्दिनँ भने । त्यसपश्चात् त्यो मानिसले यथाशक्य दान धर्म गर्न थाले ।

विरूपाक्ष

विरूपाक्षलाई कसैले ब्राह्मण, कसैले क्षेत्री, कोहीले वैश्य भन्दछन् । ऊ गर्भमा उहँदा बाबा बितेको हुनाले उसलाई गर्भे पनि भन्दथे । ऊ १२ वर्षको अवस्थामा एक दिन चिना हेर्ने (ब्राह्मण) ज्योतिष डुल्दै उसको घरमा आइपुगे र उसँग विधुवा आमाले छोराको जन्म कुण्डली हेर्न लगाइन् । ज्योतिषीले आनाकानी गर्दै यो बालकको चिनामा आमासँग सम्भोगको योग परेको छ भनेर बताए आमा खिन्न हुनु भयो । एउटा आमा एउटा छोरासँगै बस्नुपर्ने बाध्यता थियो । लेखेको मेटिंदैन भन्ने उखान छ । तैपनि बार बारे तील जोगिन्छ भनेजस्तै १२ बर्षमा हुर्केको छोराको अवस्थासँगै बस्नुहुंदैन भन्ने सोचेर आमालाई छोडी सन्यासी भएर हिंडे । छोरा गर्भमा हुँदा श्रीमान् बित्ने, १२ वर्ष हुर्केको छोराको मुख हेरेर बसेकी आमा बस्नु या वन पस्नुजस्तै भयो । उनी भ्रामरीजस्तै भइन् ।रुँदै रुँदै छुटेको आमा छोरा एकले अर्कालाई माया नगर्ने प्रश्नै आएन । आमाले घर धानेर बस्नुपर्ने, छोरा सम्पत्ति त्यागी हिंडेको अवस्थामा मलाई यो घर गृहस्थीको के आवश्यक भनी आमा पनि मुडेर गए । आमा र छोरा को कता कता गए । कति वर्ष भयो भेट्ने अवस्थै आएन । धेरै वर्षपश्चात् महाशिवरात्रिका दिन शिव मन्दिरमा शिवको दर्शन गर्नका लागि आमा गएकी थिइन् । परिस्थितिवश छोरा पनि त्यहीँ आएको रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जोगीहरूको बिचमा उनीहरूले कसैले कसैलाई चिन्ने अवस्था थिएन । छोराको उमेर बढ्दो र आमाको उमेर घट्दो भएकोले कसैलाई चिन्ने अवस्था आएन । साँझपख गुरु बा गुरुआमा भन्दै एउटा कुनामा ध्वनि लगाउँदै बस्न थाले । रात काट्न सकिएन । दुवै जना एक ठाउँमा गुटमुटिएर सुते । लेखेको भाग्य कहाँ मेट्छ सक्छ र ? दुबैको बिचमा सम्भोग भयो । सम्भोग रङ्ग मेटेपश्चात् गुरुमा भन्नुहुन्छ छोरा गर्भमा हुँदा पुरुष बित्नुभयो छोरा र ममात्र घरमा बस्न बाध्य भयौं । उक दिन डुल्दै घरमा ज्योतिष आइपुगे, मैले छोराको भविष्य कस्तो छ भनी उत्सुकता राखेर चिना हेर्न दिएँ । ज्योतिषले मातृगमनको योग छ भनेर भने । बार बारे तिल जोगिन्छ भनी छोरा मलाई र सम्पत्ति त्यागेर हिंडे, मैले पनि सम्पत्तिको आशा नगरी छोराको विह्वलमा घर र सम्पत्ति त्यागेर हिडें । पतिको देहान्तपछि यो सम्भोग भयो । मेरो कहिले कति वर्ष पछाडिको सहवास हो । विरूपाक्ष भन्दछन् १२ वर्षको उमेरमा घर छोडेर जाने विरूपाक्ष भन्ने म नै हुँ । आमा दुःखित भइन् विरूपाक्ष दुःखित भए । अब यो पापमुक्त गर्न शिवबाहेक अरूले सक्दैन भन्ने सोची विरूपाक्ष शिवकहाँ गई सबै बेलीविस्तार कहे । महादेव भन्नुहुन्छ, विरूपाक्ष तिमीले १२ धार्नी तामा पगालेर खानु पापमुक्त हुन्छ भन्नुभयो । यसबाट आफ्नो ज्यान जाने सोची एक भिक्षुको पासमा गए । भिक्षुले एउटा मन्त्र र रुद्राक्षको माला दिए । माला नखिइन्जेल जप्नु जप सकिएपछि पापमुक्त हुन्छ भनी उपदेश दिए । एकै ठाउँमा बसेर माला जपिरहनु गाह्रो थियो । विरूपाक्षले माला गन्न बिचैमा छोडेर हिंड्दै जाँदा एकजना मानिसले सियोको टुप्पाले रुख काटिरहेको देखे र के गरिरहेछौ भनी सोधे । उनी भन्दछन्, म रुख काटिरहेकोछु भनी जवाफ दिए। सियोले कसरी रुख काट्न सक्छौं ? भनी सोधे। उनी भन्दछन्, सबैभन्दा ठूलो धैर्य हो । धैर्य गरे जुनसुकै काम पनि सफल हुन्छ भने विरूपाक्षले पुनः जप गर्न थाले । यो पनि धेरै दिन टिक्न सकेन । एक दिन हिंड्दै जाँदा एउटा मानिसले मुठीभर माटो लिएर जम्मा गरिरहेको देखे यो माटो किन जम्मा गरेको भनी सोधे, त्यसको जवाफमा सुमेरु पर्वतको आकारको पहाड बनाउने प्रयासमा छु । विरूपाक्ष भन्दछन्, तपाईंको मुट्ठीभरको माटोले कसरी सुमेरु पर्वत बन्न सक्छ भने । माटो ओसार्ने भन्दछन्, पहिला आफ्नो योजना ठिक बेठिक के छ निर्णय गर । निर्णयपश्चात् आत्माले विश्वास गरेर साहस गर्नुपर्दछ । असम्भव भन्ने नै हुँदैन सबै कुरा विश्वास र प्रयास दत्तचित्तमा भर पर्दछ । त्यसबाट पाएको प्रेरणाले पुनः माला जप्न थाले । माला जप्न झर्को लागेर माला जप्न छोडे । तेस्रो पटक एउटा चराले मुखको चुच्चोबाट पानी ल्याई खाली भाँडा भर्दै गरेको देखेर आश्चर्य मानी हेरिरहे । उनले हेर्दाहेर्दै भाँडाभरि पानी भयो । यी तीन कुराबाट प्रेरणा पाई पुनः माला जप्ने निश्चय गरे । त उनी मलाई ज्यान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान सक्ने बाटो देखाउने महादेव भनी शिवलिङ्ग देख्नासाथ शिवलिङ्गलाई तोड्ने कोशिस गरे । अन्त्यमा पशुपतिमा पुगे, पशुपति भगभित भई पशुपतिले बुद्धलाई सम्झन लागे ।पशुपतिले सम्झाई क्षमादान दिए । श्रीपेच बुद्धलाई चढाई शिवलिङ्ग सुरक्षित भयो ।

सिन्धुली जिल्लाको दुम्जामा लीलावती कोशीको सङ्गममा कुम्भेश्वर महादेवको मन्दिर छ । यसलाई आदिनाथ पनि भन्दछन् । पार्वती देवीको पसिनाबाट उत्पत्ति भएको लीलावती यहीँ गएर मिसिन्छ । कोशीका नदीको तटमा आश्रममा जमाएर बसेका ने मुनि ऋषिमुनिको दर्शनका लागि जानु भयो । विरूपाक्षालाई यस तीर्थको महत्त्व बताएपश्चात् आमाको सङ्गमबाट सम्भोगको पापले कुष्ठरोगी भएको विरूपाक्षाले सर्वप्रथम कुम्भेश्वर महादेव सिन्धुलीबाट शुरु गरे । कुष्ठरोगको लागि विरूपाक्षले दर्शन गरेको शिव लिङ्गहरूको केही वर्णन गरिन्छ ।

१. कुम्भेश्वर महादेव शिवलिङ्ग ।
२. ललितपुरको नवालेश्वर महादेवको विरूपाक्षले पूजा गरे ।
३. गोकर्ण महादेव काठमाडौंको विरूपाक्षले पूजा गरे ।
४. ललितपुरको लुभुको गोभराटेश्वर ।
५. गुटुखोला भक्तपुरको अनातश्वर महादेव ।
६. काठमाडौं टोखामा रहेको टण्डीकेश्वर महादेव ।
७. असिनेश्वर शिवलिङ्ग ।
८. पनौती काभ्रेको इन्द्रेश्वर महादेव ।
९. काठमाडौं फर्पिङको उछानेश्वर महादेव ।
१०. मकवानपुर टिस्टुङमा रहेको उन्वारेश्वर महादेव ।
११. काठमाडौंको सुन्दरीजलमा रहेको कालेश्वर महादेव ।
१२. ललितपुरको लेलेको कालेश्वर महादेव ।
१३. काभ्रे मण्डनमा कश्यपेश्वर महादेव ।
१४. भक्तपुरको किलेश्वर महादेव ।
१५. ललितपुरको कुप्तेश्वर महादेव ।
१६. मकवानपुरको चिसापानी ।
१७. कुटेश्वर महादेव माघ शुक्ल पञ्चमीमा दर्शन गरे।
१८. गुप्तेश्वर महादेव ललितपुर सिद्ध विनायक ।
१९. गुप्तेश्वर महादेव काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. मकवानपुर टिस्टुङ गोखुरेश्वर महादेव ।
२१. गोलोकेश्वर महादेव ललितपुर ।
२२. मकवानपुर चम्पकेश्वर महादेव ।
२३. ललितपुर चम्पकेश्वर महादेव ।
२४. काठमाडौं साँखुको चाँगु ज्योतिर्लिङ्ग ।
२५.बनेपा काभ्रे धनेश्वर महादेव ।
२६. काठमाडौं धर्मेश्वर शिवलिङ्ग ।
२७. मकवानपुरको ममेश्वर महादेव ।
२८. मकवानपुर चिसापानी नन्दिकेश्वर महादेव ।
२९. भक्तपुर कालापानी गाँउ नारायणेश्वर महादेव ।
३०. काठमाडौं पर्वतेश्वर महादेव ।
३१. मकवानपुर पाण्डुकेश्वर महादेव ।
३२. नुवाकोटको कबिलासमा भैरवेश्वर महादेव ।
३३. काठमाडौं पशुपतिमा भस्मेश्वर महादेव ।
३४. पनौती काभ्रेमा रहेको भालेश्वर महादेव ।
३५. दोलखाको कोशी नदी दोभानमा भीमेश्वर महादेव ।
३६. भक्तपुरको उध्देटोलको मङ्गलेश्वर शिवलिङ्ग ।
३७. काठमाडौं हल्लनचोक घण्टेश्वर शिवलिङ्ग ।
३८. साँखु योगेश्वर शिवलिङ्ग ।
३९. महादेव पोखरी काभ्रे ।
४०. रत्नचूडेश्वर महादेव ।
४१. लेलेको रामेश्वर ।
४२. काठमाडौंमा पशुपति रुद्रागारेश्वर महादेव ।
४३. भक्तपुर चुते खोला वाघेश्वर महादेव ।
४४. काठमाडौं वानेश्वर महादेव ।
४५. भक्तपुर हनुमान धारा वाल्मीकेश्वर शिवलिङ्ग ।
४६. साँगा काभ्रे विगुरेश्वर शिवलिङ्ग ।
४७. भक्तपुरको डोलेश्वर महादेव ।
४८. भक्तपुर तर्सगलाको विश्वरूपेश्वर महादेव ।
४९. ललितपुरको सर्वेश्वर महादेव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०. नुवाकोटको भीडावारी ईशानेश्वर महादेव ।
५१. ललितपुरको पाटन त्रिलिङ्गेश्वर महादेव ।
५२. नेपालको रामेछाप र सिन्धुली जिल्लाको केन्द्रविन्दुमा रहेको सुवर्ण कोशी र सुनकोशी र तेल नदीको सङ्गममा रहेको देवस्थल वेनीघाटमा रहेको भीष्मेश्वर महादेवको दर्शन गरेको ।
५३. श्री खण्डपुर वनेपाको धनेश्वरको महादेवको पूजा माघ षष्ठीका दिन पूजा गरेको ।
५४. तनहुँको विकडेश्वर महादेव ।
५५. ललितपुरमा सुख स्रहव नदीको सङ्गमा पनौतीमा रहेको भालेश्वर महादेवको दर्शन गरी गुह्येश्वरीको पूजा गरेका थिए ।
५६. विरूपाक्षले प्रभावतीमा आस्नात गरी लेलेको टीकाभैरवको दर्शन गरेको ।
५७. काठगेश्वर शिवलिङ्ग वारा विसे सिन्धुपाल्चोक स्वर्ण कोशीका नदी र शैलवती ।
५८. भोटे कोशीको सङ्गममा रहेको शिव लिङ्गमा विरूपाक्षले फाल्गुण कृष्ण पक्ष औंसीका दिनमा दर्शन गरी पाप मुक्त भएको ।
५९. विरूपाक्षले माघ षष्टीका दिन सिन्धुपाल्चोकको फट्केश्वरमा पूजा गरे ।
६०. विरूपाक्षले मार्ग एकादशीका दिन श्रीखण्ड बनेपामा धनेश्वर महादेवको पूजा गरेका थिए ।
६१. तनहुँमा विकटेश्वर महादेवको पूजा गरेका थिए ।
६२. विरूपाक्षले प्रभावतीमा स्नात गरी लेलेमा रहेको तिलेश्वर महादेव ।
६३. नेपालको विष्णुमती र मनमतको सङ्गममा रहेको करुणेश्वर ।
६४. काठमाडौं कुम्भेश्वरबाट शुरु गरी कङ्गेश्वर शिवलिङ्गमा बाह्रबिसेमा दर्शन गरी पाप मुक्त भएको कुरा हिमवत् खण्ड पृष्ठ २६ मा उल्लेख छ ।

आत्मा

आत्मा र आकाश कहिल्यै पनि नष्ट हुंदैन । त्यस्तै शरीर नष्ट भए पनि देहबाट आत्माको सम्वन्ध मात्र टुट्छ, आत्मा नष्ट हुँदैन । हामीले देह नष्ट हुनासाथ आत्मा नष्ट हुन्छ भन्ने सम्झिन्छ, त्यो झुट्टा हो । आत्मा देहले गरेका भोग अपराध भोग्दछ । आत्मा आकाशभन्दा निर्मल छ । आत्मा सदा सर्वदा विद्यमान छ । त्यसैले आत्मा उत्पत्तिरहित अविनाशी छ । त्यसैले मानिस आत्मज्ञान लिन आवश्यक छ । मानिसको आत्मा जस्तो छ, पुनर्जीवन उस्तै हुन्छ । वेद शास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तअनुसार यो मन नै यस जगत्को उत्पत्ति र नाशक हो । ज्ञान र अज्ञान आत्मामा हुन्छ । मन उदय भए जगतै उदय हुन्छ । मानिसको मन समुद्री छाल जस्तै तरङ्ग उठिरहन्छ । मन नै पाप पुण्य ज्ञान-अज्ञान धर्म-अधर्मको जग हो । मनले भगवान् प्रति ध्यान दिएर मनले जपतप, पाठ तथा समिाधिको अभ्यास गरी अनमा यी विजय प्राप्त गर्न मनको समस्त विकृति नष्ट गर्न मनलाई भगवान् मा विजय अग्रसर गर्नुपर्छ । मनलाई शुद्ध गर्ने ४ उपायहरू :

१. सज्जनसँग सङ्गत गर्नु,
२. तृष्णा त्यागनु,
३. वेदशास्त्रको अध्ययन गर्नु,
४. प्रणव गर्नु ।

यी चार कुराको अभ्यास गरे मनोरथ पूर्ण हुन्छ । सत्यं शिवम् सुन्दरम् भनी अर्चना गर्नु । भगवान् शिवलाई अन्धक नामक दैत्यले शिरमा प्रहार गरी त्यहाँबाट झरेका रगतले ५ वटा भैरवहरू उत्पत्ति भयो ।

मानिसको तपस्या ३ प्रकारको हुन्छ ।

१. शरीरको तपस्या
२. मनको तपस्या
३. वाणीको तपस्या

१. शरीरको तपस्या भनेको आहारविहार, उपयुक्त काम जुन उपयुक्त आहारले शरीर स्वास्थ्यको साथै मानसिक स्वास्थ्यलाई बढाउँदछ । जुन आहारले अरू प्राणीलाई सताउँदैन, तयस्तो शुद्ध सुखद निर्दोष आहार खानुलाई शरीरको तपस्या भन्दछन् ।

२. मनको तपस्याको अर्थ मन प्रसन्न रहनु । कसैप्रति अहित कल्पना नगर्नु र दुःख नदिनेलाई मनको तपस्या भन्दछन् ।

३. वाणी तपस्या बोल्दा अरूलाई नबिझाउने, साँचो मिठो बोल्ने, अरूको हितका लागि बोल्ने, शास्त्रास्त्र अध्ययन गर्ने यी वाणी तपस्या हुन् ।

मुक्ति

मानिसलाई ४ प्रकारको मुक्ति चाहिन्छ ।

१. सालोक्य
२. सामीप्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सारूप्य
४. सायुज्य
यस्तो ४ प्रकार भगवान्‌को आराधना पूजा गर्दछ ।

१. सालोक्य : (दिव्यलोकमा बस्न चाहने) प्रथम जो स्त्री पुरुष धन, भोग, पदार्थका लागि भजन गर्दछ, जसमा ध्रुव यस्तो भक्ति थिए ।

२. सामीप्य : (भगवान्‌को नजिक रहने) दोस्रो भक्ति जो छ, दुःखनिवृत्तिको लागि भजन गर्दछ । द्रौपदी र गजेन्द्र यस्ता भक्त थिए ।

३. सारूप्य : (भगवान्‌को रूपमा सम्मान प्राप्त गर्ने) तेस्रो सारूप्य जो भक्ति छ त्यसमा केवल भागवत तत्त्व जान्नका लागि निरन्तर भजन ध्यान गर्दछ । जस्तो उद्धव थिए ।

४. सायुज्य : (भगवान्‌को रूपमा मिल्ने) चौथो सायुज्य भक्ति निष्काम भक्ति हो । त्यस्तो भक्त प्रह्लाद थिए ।

पूजा गर्दा भगवान्‌लाई श्रद्धा चाहिन्छ । तिथि नक्षत्रलाई भगवान्‌को शरीर मान्दछन् । नक्षत्र गडबढको महत्त्व हुँदैन ।

रातमा व्रत बसे आश्वमेघ यज्ञसरह मानेको छ । माघ कृष्ण चतुर्दशीको आधा रातमा कोटि सूर्यसमान महादेवको लिङ्ग प्रकट भएको थियो । दुई दिन चतुर्दशी परेमा पहिलो दिन छोडी दोस्रो दिनको रातमा गर्नू, सूर्य अस्त हुँदासम्म चतुर्दशी उत्तम हुन्छ ।

१४. सूर्य कृतिका नक्षत्रको प्रथम भागमा चन्द्र विशाखा नक्षत्र प्रथम भागमा, सूर्य विशाखा नक्षत्रको तेस्रो भागमा, चन्द्र नक्षत्रको प्रथम भागलाई विसङ्खुनामा भन्दछन् ।

१५. श्रावण नक्षत्रको द्वादशीमा विष्णु पूजा गरे अभीष्ट फल पाउँछ ।

१६. आश्विन मासको शुक्लपक्षको द्वादशी अभीष्ट फल प्राप्त हुन्छ ।

१७. सूर्य सङ्क्रान्तियुक्त आद्र नक्षत्रको योगमा शिव पूजा गरे अभीष्ट फल पाउँछ ।

१८. मंसिर महिनाको कुनै तिथिमा आर्द्रानक्षात्र अति उत्तम हुन्छ ।

१९. कार्त्तिक महिनाको शुक्ल पक्षाको त्रयोदशी तिथि शनिवार पर्छ भने त्यसदिनको योग निकै उत्तम दुर्लभ भाग्यमानी मान्दछ ।

२०. आर्द्रा नक्षात्रयुक्त नवमीका दिन देवीको पूजा गर्नाले एक पटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नाले समय वर्ष फल प्राप्त हुन्छ । चतुर दिशा दिन अर्ध नक्षत्रमा रुद्री गरे अभीष्ट फल पाउँछ । मङ्सिर महिनाको आर्द्रा नक्षत्रमा रुद्री गरे ठूलो फल पाउँछ ।

२१. श्रावण महिनाको कृतिका नक्षत्रयुक्त अभिजित मुहूर्त त्यसकालमा जटाधारी बाबा सर्प बेरेर बाघको छालामा शयन हुन्छ ।

२२.आषाढ पूर्णिमाको सन्ध्याकालमा जटाधारी शिव सर्प बेरेर बाघको छालामा शयन हुन्छ ।

२३. आश्विन शुक्ल अष्टमीको मध्यरातको समयमा पूर्वषाडा नक्षत्रमा भद्रकाली रूप लिई पार्वती प्रकट हुन्छन् ।

छोराहरूको झगडा

एकदिन भगवान् शिवको छोराहरू गणेश र स्वामी कार्तिक दुई भाइ विवाह कसले अगाडि गर्ने भन्ने बारेमा झगडा भयो । दुवै जनाले म अगाडि भन्नेमा हानथाप परे । गर्दागर्दै कुरा चर्केर भगवान् शङ्कर र माता पार्वतीद्वारा तिमी दुई जना कलह नगर तिमी दुई जना पृथ्वी परिक्रमा गरी जो पहिला फर्कन्छ, त्यही नै अगाडि विवाह गर्ने भनी सुझाव दिए । मातापिताको सुझाव लिएर कार्तिक दौडिहाले । गणेश मातापितालाई दण्डवत् गरी सातपटक मातापितालाई घुमी दण्डवत् गरेर पृथ्वीलाई परिक्रमा गरेको जनाए । कार्त्तिक पृथ्वी परिक्रमा गरेर फर्कंदा गणेशले ब्रह्माका छोरीहरू ऋद्धि र सिद्धि नामको कन्यासँग विवाह गरिसकेका थिए । ऋद्धिबाट क्षमा नामको बालक र सिद्धिबाट लाभ नामको बालक जन्मिसकेका थिए ।

विश्वकै ठूलो हिन्दू मन्दिर

कम्बोडियामा ६ महिना उल्टो, ६ महिना सुल्टो बग्ने टोल्नेल्याप नदी बग्दछ । प्राचीनकालमा हिन्दु साम्राज्यको राजधानी टोल्नेल्यापको तालको किनारमा रहेको सिमडीपन नजिकै सन् १४३२ मा शक्तिशाली हिन्दुराजाले खमीर संस्कृतिको विकास गरेका थिए । त्यस क्षेत्रमा १००० भन्दा बढी हिन्दु तथा बौद्ध मन्दिरहरू छन् । विभिन्न ठाउँहरूमा महाभारत, रामायण, समुद्र मन्थन, बुद्धको जीवन आदि कथाहरू ढुङ्गामा कुँदेर देखाएका छन् । हिन्दु विष्णुको मन्दिर सन् १११३ बाट राजा सूर्य वर्माले शुरु गरी ३ वर्ष लगाएर बनाएका थिए । यो मन्दिर २० हेक्टर जमिनमा बनेको छ । चारैतिर २००० मिटरको चौडाइ ५.५ वर्गाकारको तालले घेरेको छ । मन्दिरको उचाइ २१३ मिटर छ । तीन तहमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल कुँदिएको ढुङ्गाहरूले ५ वटा स्तूपहरू बनाएका छन् । ४ हात भएका विष्णुको मूर्ति पनि राखिएको छ ।

बद्रीनाथको उत्पत्ति

कैलास पर्वतदेखि ७००० फिट दक्षिणमा थोलिङ गुम्बा पर्दछ । गुम्बाको पूजारी झुमा र झोमो त्यहीँ बस्दथे । उनीहरूको आचरण त्यत्ति राम्रो थिएन । खानपिनमा बिथोलिदिने गर्दथे । एकरात बुद्ध भगवान् त्यहाँबाट सर्नको लागि पूजारीहरू मस्त निद्रामा परेको अवस्थामा राती झ्यालको प्वालबाट निस्किएर भागे, पूजारीहरू बिउँझिदा भगवान् लाई नदेख्दा उनीहरू यत्रतत्र खोज्न थाले । उनीहरू खोज्दै जाँदा भेटाउन लाग्ने अवस्थामा भगवान् गायब भए । भगवान् त्यही चौरको एउटा गाईको पुच्छरमा घुसेछन् र उनीहरू बिचबाट फर्केर आए । चौरको सिरानबाट पुनः चौरतिर हेर्दा भगवान् पुनः गइरहेको देखे । पुनः लखेट्दै जाँदा दोहोरो डाँडाको खोंचमा पुग्ने अवस्थामा भेट्टाउला भेट्टाउलाजस्तै गरे । भगवान्ले त्यही साँघुरो बाटोमा आगोको राप निकालिदिए र एउटा लामाले त्यो रापलाई फड्केर नाघ्दा लामाको आगोले दारी जुँगा खाइदियो । ती लामाले पोलेको ठाउँमा मुसार्दै गर्दा भगवान् दौडिहाले त्यसैले त्यो लामाको सन्तानको दारी जुँगा आउँदैन । भगवान् त्यहाँबाट गएर भारतमा गएर बसे । अहिले त्यस मन्दिरलाई बाबा बद्रीनाथ भन्दछन् ।

बद्रीनाथ हरिद्वारबाट १९९८ कि.मि. अर्थात् १२४ कोष पर्दछ । हृषिकेशबाट २९८ कि.मि.मा पर्ने अलका नदीको किनारमा प्रसिद्ध बाबा बद्रीनाथ १२६० फिटको उचाइमा रहेको छ । हिमालय पर्वतको नरनारायण पर्वतको विशाल घाँटीमा रहेको अलका नदीको तटमा गुरु शङ्कराचार्यले गरेका थिए । वेदव्यासले त्यही एउटा गुफामा वसी १८ पुराण रचना गरेका थिए । त्यही गुफालाई व्यास गुफा भनिन्छ ।

बुद्धिष्टलाई अम्रिसो चाहिन्छ किन ?

एकदिन भगवान् बुद्ध लौरो टेक्दै गएका थिए । एक ठाउँमा आँगनको डिलको पर्खालमा अम्रिसोको रुखको आडमा बसी आराम गर्दै थिए । त्यही अवस्थामा भगवान् बुद्धनिरको अम्रिसोको बोटपछाडिबाट गाईले हान्दा बुद्ध डराई झस्किए । हातको लट्ठीले अचानक गाईको नाकमा हिर्काइदिए । गाईले मैले खानेकुरा खान नपाउने अब तिमीलाई सराप दिन्छु भन्न थाले । बुद्ध भगवान् भन्नुहुन्छ, म अचानक झस्किएँ, मलाई सराप नदिनुहोस् । मेरो शुभ-अशुभ कार्यमा तपाईंलाई नै अगाडि प्रयोग गर्छु भनेकाले उनलाई क्षमा दिए । त्यो गाईको दाँतको चिह्न अद्यापि अम्रिसाको पातमा हुन्छ । त्यसैले हिन्दुहरूले कुश प्रयोग गरेजस्तै बुद्धहरूको पूजामा पनि अम्रिसोको प्रयोग भएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्ध धर्म र हिन्दू धर्म कति फरक ?

बुद्ध भगवान्लाई विष्णुको दसौं अवतार मानिएको छ । पृथ्वीमा भएका देवी देवताहरूको मन्दिरमा धेरै काटमार गर्ने भएकाले विष्णु भगवान्ले बुद्धको अवतार मानिएको धर्मशास्त्रमा उल्लेख गरिएको छ । नेपालमाहात्म्यमा विष्णुको अवतार बुद्धको पूजा गर्ने विधिविधान छ । बौद्धमार्गी, शिवमार्गी, विष्णुमार्गी भनेर मान्नु समाजलाई विभाजन गर्नु हो भनेर फ्रान्सेली इतिहासकार सिल्भाँ लेभीले लेखेका छन् ।

बुद्ध

गौतम बुद्ध सम्पन्न परिवारका हुन् । उनको वंशलाई शाक्यवंश भन्दछन् । गौतम बुद्धले ८ वर्षको उमेरमा शिक्षा प्राप्त गरेका थिए । त्यसकालमा धान छर्ने उत्सवलाई बप्रमङ्गल भनिन्थ्यो । प्रत्येक वर्ष धान छर्ने उत्सवमा जग्गाधनीले नै हलो जोत्ने प्रचलन थियो । उनी ९ वर्षको उमेरमा उत्सवमा गोरु जोती थाकेर जामुनको रुखमुनि थकाई मार्दा ध्यानको आकर्षण भयो । शाक्यहरूको नियममा २० वर्षदेखि ५० वर्षसम्मका पुरुषहरूले शाक्यसङ्घको सदस्य हुनुपर्दथ्यो । बुद्धलाई २० वर्षको उमेरमा शाक्य सदस्य बस्न कै लाग्यो । सदस्यहरूर्ले पुरोहितबाट दीक्षा लिएर सपथ खानुपर्दथ्यो । उनी २० वर्ष पुगेर शाक्य सदस्य बन्न पुगे । पुरोहितद्वारा सपथ खुवाइयो । सेनापतिले समितिले गर्नुपर्ने नियमबारे अवगत गराए ।

नियम १ तन, मन, धनले शाक्यहरूको स्वार्थ रक्षा गर्नुपर्ने ।

नियम २ सदस्यहरू सबै सभाको दिनमा उपस्थित हुनुपर्ने ।

नियम ३ कुनै पनि शाक्यको दोष, गाली, डर नमानीकन पक्षपात रहित भएर खुल्ला गर्नुपर्ने ।

नियम ४ आफूमाथि कसैले दोषारोपण गरेमा रिसाउन नहुने ।

बुद्धले भारतमा गई ज्ञान प्राप्त गरे । संस्कृत भाषामा ज्ञानको सङ्कलन भयो । भृकुटी चीनमा गएपछि त्यहाँ बुद्धधर्मले प्रश्रय पायो । भारत सरकार र चीन सरकार सम्भौता गरी बुद्धधर्मको आदान प्रदान गर्ने सम्भौता भयो । सम्भौताअनुसार भारतका ६ जना विद्वान्, चीनका ४ जना विद्वान्हरू बसेर संस्कृतमा लेखिएका बौद्ध ग्रन्थहरू अनुवाद गर्न थाले ।

अनुवादकर्ताहरू :

चीनबाट : ज्ञानकुमार, विरोचन, अपज्ञान र ज्ञानसेन ।

भारतबाट : विमलमित्र, शान्तरक्षित, धर्मकृत, बुद्धगुह्य, कर्मशिला, विवुसिद्ध ।

संस्कृत भाषालाई तिब्बती भाषामा अनुवाद गर्नु कठिन थियो । कठिन शब्द जस्ताको जस्तै राखे । तिब्बती भाषामा धर्म भन्ने शब्दको अर्थ तिब्बती भाषामा पाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकेन, त्यसैले धर्म नै राखे । सम्भोट लिपिपश्चात् धर्मलाई छांज भनेर राखे । ॐ शब्द जस्ताको तस्तै राखे । बुद्ध धर्ममा तोरमा अथवा कैदु फाल्दा चण्डमहारोषण धारणा पढ्नुपर्दछ । ॐ शुम्भनिशुम्भ हुम् फट्, ॐ गुङ्ण हुम् फट् अग्रिपय अनय हो भगवान् विद्याधरका राजा हुम् फट् भनेर फालिन्छ । नेपालमा ४ वटा रामायणहरू छन् । जस्तै :

१. तुलसीकृत रामायाण,
२. आनन्द रामायाण,
३. भानुभक्त रामायाण,
४. अध्यात्म रामायण ।

तिब्बतमा पनि ४ वटा रामायणहरू छन् । जस्तै :

१. तनाहङ
२. माङचोङ
३. नुदतेव
४. सिन्धु

रामलाई भारजोङ, लक्ष्मणलाई रमन, रावणलाई लक्का, भरतलाई भामसेन, सीतालाई रनदन, गणेशलाई सुकुन्दा भनिन्छ । बुद्धहरूको धम्मपद धम्मपाली भाषा हो । धम्मको अर्थ प्रकृति हुन्छ । बुद्धले प्रकृतिद्वारा धर्म प्राप्त गरेका थिए । दलाई लामाको भनाइ थियो, हिन्दूधर्म र बुद्धधर्मको बिचमा समाधि, योग, तन्त्रजस्ता समान छन् । जो बौद्धहरूले हिन्दूहरूबाट सिकेका भनेका थिए । भुटानका राजा जिग्मेसिमे वाङ्चुकले म दशैंमा सक्रियसाथ भाग लिन्छु, मेरा इष्ट देवता महाकाल हुन् भनेका थिए । उनले म शिव र विष्णुलाई मान्दछु भनेका थिए । बुद्धधर्म ग्रन्थको नामथर भन्ने किताबमा जुनसुकै कार्यको थालनीमा ॐ नमः शिवायः भने भूत प्रेत हट्छ भनेर डा. युल शेर्पाले भनेका छन् । पद्मसम्भव डुल्दै जाँदा एक ठाउँमा बुद्धिष्टहरू भेला भएर पीपलको बोटलाई बलि दिई पूजा गरिरहेको अवस्थामा बुद्ध पुगेका थिए । सो पूजामा स्वयं बुद्ध भगवान् सामेल भएका थिए भनेर दिग्मे जातक ५० मा लेखिएको छ ।

बुद्ध भगवान्ले शिवजीको दर्शनका लागि परिक्रमा गर्दा ४ दिशामा बुद्धका ४ पद चिह्नहरू छन् ।

१.पूर्वमा गौरीकुण्डको ओरालोमा सब्जे डाँडाथोकको अगाडि जुदुल गुम्बाको नजिक,
२.पश्चिमतर्फ यमद्वारभन्दा केही अगाडि छुकु गुम्बानजिक,
३. उत्तरतर्फ गा बो फेडको केही अगाडि लामडिन डोङख अगाडि ठिधनफुक गुम्बानजिक,
४.दक्षिणमा जुङ्ठुला फुक्कर गेट्टा गुम्बाको नजिक छ । डोल्मा शिवतल भन्ने ठाउँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्वतीले शिवजी पति पाऊँ भनेर तपस्या गरेको ठाउँ हो । यस ठाउँमा धार्मिक यात्रीहरूले आफ्नो रगत वा कपाल उखेलेर चढाउने गर्दथे । यसो गर्दा पाप नष्ट हुन्छ भन्ने सम्झेर दाँत, नङ, पार्वतीको तपस्यास्थलमा चढाउने गर्दथे । हाल त्यस ठाउँलाई रागत कपाल, दाँत, नङ सम्झेर वस्त्र चढाउने गर्दछन् । कैलास १९०० फिटको उचाइमा छ । कैलासलाई बुद्धिष्टहरूले जीवनमा १पटक परिक्रमा गरे पाप नष्ट हुने धारणा छ । १० पल्ट परिक्रमा गरे १ कल्पको पाप नष्ट हुने, १२ पटक परिक्रमा गरे ऋषिमुनि वा देवताको कोखमा जन्म लिइन्छ, १३ पटक परिक्रमा गरे साक्षात् बुद्ध हुन्छ भन्ने धारणाको व्याख्या तिब्बती पुराणहरूमा छ । हिन्दूहरूले ब्राह्मणलाई पूजाआजा गरी दान दक्षिणा दिएजस्तै तिब्बतीहरू परिक्रमा गर्न नसक्ने धनीमानीहरूले पैसा दिएर आफ्ना अनुकूलको मानिसलाई परिक्रमा गर्न लगाउँछन । एकपल्ट श्रीलङ्काको रावणले कैलासमा शिवजीको दर्शन गर्न आएका थिए । शिवजीको दर्शन पाउनका लागि धेरै समयसम्म तपस्या गरे । तर शिवले दर्शन दिएनन् । रावणले शिवजी तपस्यामा हुनुहुन्छ भनी बिउँझाइदिन्छु भनी कैलासलाई हल्लाई दिएर बिउँझाउने प्रयास गरे । शिवजीले दर्शन दिएनन् । दर्शन नदिएको झोँकमा कैलास पर्वतलाई बोकेर लङ्कामै लान्छु भन्ने विचार गरे । शिवले रावणको बदमासी देखी त्यहाँबाट निस्कन नसकोस् भनी पर्वतलाई पाउले दबाइदिए । रावण शिवको शक्तिदेखि डराई आफ्नो बदमासी महसुस गरी शिवलाई रिझाउन आफ्नो एउटा टाउको काटी त्यसैको सितारा बनाई ताण्डवनृत्य गीत रचना गरी शिवको प्रार्थना गरेपश्चात् भगवान् खुसी भई वरदान दिए । कैलास पर्वतको दक्षिण भागमा गोलाकार चिह्न देखिन्छ । त्यस गोलाकार चिह्नलाई रावणले कैलास पर्वतको लागि बाँधेको डोरीको डाम हो भनिन्छ ।

दलाई लामाको खोज

तिब्बतको ल्हासाबाट पुर्व ८० कि.मि.मा ग्याछार ग्यूला भन्ने ठाउँमा ल्हामे ल्हासो भन्ने ठाउँमा एउटा पानीको ताल छ । दलाई लामा र पञ्चाई लामा खोज्नुपर्दा उनीहरू कहाँ पाइन्छ भनी त्यो तालमा गएर हेर्नुपर्दछ । चौधौं दलाई लामा खोजी गर्दा भू.पू. रिजेटरिट रिपोर्टर त्यस तालमा गई हेर्दा दलाई लामाको चित्रजस्तो देखियो तर ठम्याउन सकिएन । दोस्रो पटक हेर्न जाँदा भावी दलाई लामाले लगाउने पोशाक, घर र आभासहित देखाप-यो । सो अनुसार दलाई लामालाई ल्याएको बुद्धधर्ममा उल्लेख छ ।

बुद्धधर्ममा धूप बत्ती चढाउँदा

१. लामाहरूले ॐ वज्र आरागम आ हुम् ।

२. ॐ वज्र पुष्पे आ हुम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. ॐ वज्र धुपे आ हुम् ।
४. ॐ वज्रगन्धे आ हुम् ।
५. ॐ वज्रआलोक्य आ हुम् ।
६. ॐ वज्रनैवेद्य आ हुम् ।
७. ॐ हयग्रीव हुम् फट् ।
८. ॐ स्वभावशुद्धो धर्मस्वभावे शुद्धो आ हुम् ।।

यी मन्त्रहरू तीनपटक जप्नुपर्दछ । बोन्पो धर्मगुरु पद्मबहादुर गुरुङका अनुसार बोन्पो लामाले तस्या, किह्स्या, खिरूपा, तङथिङ (हात्ती), मर्च्या (मयुर) को मासु चढाउनुपर्दछ । यो लामा साँगे भन्ने किताबमा छ भनिएको छ । मैले वि.सं. २०५० जेठमा तामाङ महायान बौद्ध सङ्घका महान् नायकको कार्यालय दाउन्ने पर्वत नवलपुर परासी विहारका छेन साङ्गे लिङ गुम्बाका भिक्षु ज्ञानसागर लामालाई लिखित रूपमा प्रश्न लेखेर साधेको थिएँ । तीमध्ये केही यहाँ छोटकरीमा जानकारी गराउँदछु ।

१. ॐ देव लोकको बुद्ध,
२. ॐ म असुरलोकको बुद्ध,
३. णी मुनष्य लोकको बुद्ध,
४. पद पशुलोकको बुद्ध,
५. मे प्रेतलोकको बुद्ध,
६. हुम् नागलोकको बुद्ध ।

यसलाई षष्ट उद्धार मन्त्र भनिन्छ । पद्मसम्भवले त्रिशूल लिएको किन ? जवाफमा दोस्रो बुद्ध पद्मसम्भवले हातमा त्रिशूल लिई धातु उद्धार गर्ने प्रतीक्षाको चिह्न हो । त्यसमा तीनओटा मोहोडाहरू छन् । त्यो मोहोडाको अर्थ मानवको राग, द्वेष, मोह दमन गर्नका लागि त्रिशूल लिएको छ भन्नुभएको थियो । दोस्रो बुद्ध पद्मसम्भवको अवतार हो । तेस्रो लोकेश्वर बुद्ध म्हिलारेपा हुन् । चौथो बुद्ध भैरव भन्नुभएको थियो । लामाहरूले कैंदु (त्वर्म फाल्दा) चण्डमहारोषण धारणी मन्त्र पढ्दछन् ।

ॐ शुम्भ निशुम्भ हुम् फट् गृह्ण हुम् फट् स्वाहा
ॐ गृह्ण पय हुम् फट् स्वाहा अनय हो भनेर फाल्दछन् ।

बोन्पो लामाहरूले नाच्दा छत्रे टोपी ओढ्ने गर्दछन् । छत्रे टोपीमा दुइटा काठ ठड्याउने गर्दछन् । त्यसलाई टुहुसा भन्दछन् । त्यस टुहुसामा दुइता नागस्वरूप टाँस्दछन् । बुद्धले ज्ञान प्राप्त विभिन्न रुखका छायाँबाट प्राप्त र नागनागिनी डमरु, त्रिशूल धारणाले बुद्धधर्म र शिवमार्ग एउटा रुखको एउटा काण्डका दुई हाँगाजस्ता देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्मसम्भव

पद्मसम्भवको जन्म दिने माता पिता छैनन् । उनी राजाले तालको बिचमा कमलको फूलमा प्राप्त गरेका हुन् । एक दिन पद्मसम्भव बाघको छाला बेरी हातमा त्रिशूल लिई दरवारको छतमा नाच्दै थिए । तल हेर्ने अवस्थामा हातबाट त्रिशूल फुत्की मुख्य मन्त्री कलेन्द्रका पुत्रको मृत्यु भयो । राजदरबारका कर्मचारीहरूले राजाकहाँ गई देशको नियमअनुसार गर्न बिन्ती गरे । देशको नियम मृत्यु दण्ड, देश निर्वासित वा धनजन जफत थिए । राजाले मैले जन्माएको पुत्र होइन, धर्मपुत्र ल्याएको हुँ, यसलाई मृत्युदण्ड दिएर वा धनमाल जफत गरेर यसलाई निर्वासित गरिदिनू भनी शिलत वनको भयङ्कर डरलाग्दो बाघ, भालु, डङ्किनीहरू, भूतप्रेतको बिचमा दिएर छाडे । उनले मुर्दासँग ल्याएको चामल खाने, मुर्दाको मासु खाने गर्दथे । उनी डङ्किनीहरूबाट ज्ञान प्राप्त गरेपछि भारतको उडियानको गाउँसो भन्ने ठाउँमा गए । त्यहाँ पापिष्ठ राजा सक्रराजले जनतालाई अति दुःख दिई अत्याएका थिए । पद्मसम्भवले त्यहाँ गई कपालमा सर्प बाँधी मानिसको छालाको लबेदा, बाघको छालाको धोती बनाई हातमा फलामको धनुषबाण लिई दुष्ट राजा शुक्रराजलाई मारी उनको रगत पिई मासु खाएका थिए । त्यसपश्चात् उनको नाम शान्तरक्षित रह्यो ।

शङ्ख किन बजाउँछन ?

हामीहरू पूजापाठ गर्दा वा मृत्युको संस्कारमा शङ्ख किन बजाउँछौं भने शङ्खको ध्वनिले त्यहाँको वरिपरि वातावरण शान्त हुन्छ भन्ने धार्मिक शास्त्रमा लेखिएको छ । त्यस्तै शङ्ख पनि किराबाट नै बनेको हुन्छ । खपट चिप्लो किराजस्तो हुन्छ । शङ्ख दुई प्रकारको हुन्छ दायाँ घुम्ने र बायाँ घुम्ने । शङ्खभित्र समुद्रजस्तो आकार हुन्छ । हामीले शङ्ख फुक्दा त्यो समुद्र जस्तो धर्सोमा हाम्रो श्वास ठोकिन्छ र समुद्रको जस्तो आवाज हेर्न आउँछ । दाहिने शङ्ख अति पवित्र हुन्छ । शङ्खको आवाजले आवाज सुनेको वरपर भूतप्रेत पन्छाई पवित्र हुन्छ भन्ने धारणा छ । मानिस मर्दा विभिन्न प्रकारका किरा फट्याङ्ग्राहरू मृतकका शरीरमा आश्रय लिन्छन् र मृतक बोकेर जानेहरूलाई पनि आक्रमण गर्दछन् । त्यो सबै शङ्ख ध्वनिद्वारा हटाउने हुँदा शङ्ख फुक्दछन् ।

चेतना

बोट बिरुवाहरूमा प्राण छ, चेतना छ तर विवेक छैन । पशुमा प्राण छ, चेतना पनि छ, तर विवेक छैन । मानिसमा प्राण छ, चेतना छ र विवेक पनि छ । मानिसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सचेतना भएर विवेकद्वारा भगवान्मा आश्रित हुन आवश्यक छ । हाम्रो शरीर हाम्रै छायाँले पछ्याइराखेको छ । ओम मन्त्र, मन्त्रको बिच मन्त्र हो । मनको अर्थ शरीर, त्र को अर्थ साधना गर्नु हो । ध्यान भनेको धर्मको परम सङ्ग्रहालय हो । पूजा गर्दा पू को अर्थ शरीरको पवित्रा हो र जा को अर्थ शरीरको शुद्धतालाई पूजा भन्दछन् । शरीरलाई साबुन पानी लगाएर शुद्धीकरण गरे जस्तै आत्मालाई आहारा शुद्धी नभई आत्म शुद्ध हुँदैन । आहार विहार बुद्ध नभई आत्म शुद्ध हुँदैन । आहारविहार शुद्ध भए चित्त शुद्ध भए ध्यान लाग्दछ । जस्तै चामल निकाल्नका लागि पहिला माथिको भुस फाल्नुपर्दछ । यहुदीहरूको एउटा किताबको नाम तमुदा भन्ने छ । त्यसले भगवान्ले तिमीलाई यति सुख अवसर पाएको छ किन, के गर्‍यो, के गरेन भनेर लेखेको छ ।

असला माछा

विभिन्न कार्यहरूमा यज्ञ चोखो वा शुद्धीकरणका लागि विभिन्न पुरोहितहरूको आ आफ्नो धर्मअनुसारका चिजबाट शुद्ध गर्ने गरिन्छ । जस्तै : हिन्दुहरूको कुशले, बुद्धिष्टहरूको धोर्जेले, बोन्पोहरूको ध्याबै, पच्युहरूले असला माछा प्रयोग गर्ने गरिन्छ । गुरुङहरूको श्राद्धमा असला माछा अनिवार्य हुन्छ । असला माछा जलबाट उत्पत्ति भएको मानिन्छ । त्यस माछाको नाम विभिन्न देशका धर्म, भाषा अनुसार बेग्ला बेग्लै हुन्छन् । वैज्ञानिकहरूले प्राथमिक चरणको मानवको उत्पत्तिको अवशेष २८ लाख वर्ष पुरानो इथोपियामा भेटेका छन् । संसार जलमग्न थियो । जब पृथ्वी छुट्टिँदै गएर तालतलैया, खोला, सागर बनेपश्चात् तालमा प्रथम माछो उत्पत्ति भयो, यही माछोको रूप संसारमा प्रथम जल प्राणी हुन् । शोधकर्ताहरूको अनुसार माइक्रोब्रेसियस डिकी नामको माछा नै पहिलो र करिब ८ से.मि. लामो माछा ३८ करोड ५० लाख वर्ष पहिले स्कटल्यान्डको तलाउको भग्नावशेष यथावत छ । शोधकर्ताहरूले मानिसको जन्म त्यहींबाट शुरु भएको मानेका छन् । पू को अर्थ पवित्र, ज को अर्थ शरीर शुद्ध गर्नु हो । समग्रमा शरीर शुद्धीकरणको लागि पूजा गर्नु हो । मानस तपस अभ्यासले हाम्रो मन स्वच्छ राख्न सक्दछ, यसबाट हाम्रो मन निश्चल निर्मल स्वयं नियन्त्रण हुन्छ । भावना र विचारको शुद्धीकरण हुन्छ । जब भगवान्ले हामीमा प्रवेश गरिसकेपछि ध्यान अवस्था र निन्द्राअवस्था दुवै एकसाथ रहन्छ । बाहिरको मन शुद्ध र आन्तरिक मन ध्यान मग्न रहन्छ ।

अलेक्जेन्डरको मृत्यु

मेसोडोनियाका राजा फिलिपको मृत्युपश्चात् उनको पुत्र अलेक्जेन्डर (सिकेन्दर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इ.पू.३३६ मा राजा भए । त्यस अवस्थामा उनी २२ वर्षको उमेरका थिए । राजा र सेनापति दुवै पद आफैँले ग्रहण गरेका थिए । उनी पिताले गरेको राज्यलाई विस्तार गर्ने युवा जोशमा आए । ASIA MINOR आक्रमण गरी विजय प्राप्त भयो । उनका जोश वृद्धि भई नाइल नदी र मध्य सागरको संगम जितेर त्यस विजय भूमिको नाम अलेक्जेन्डर राखे । तत्पश्चात् इरान हमला गरी इरान विजय गरी इरानका राजाका कन्याकुमारी रोशनी विवाह गरे । विवाह पश्चात् ३२६ B.C मा पञ्जाब जिते । उनलाई महान् अलेक्जेन्डर नाम दिए । भारत पनि कब्जा गरी भारतको आन्ध्र प्रदेशमा रातो र तामिलनाडुमा सेतो चन्दन फेला पारे । भारतमा आउने बेलामा उनको देशका मानिसहरूले भारतमा जोगी भन्ने हुन्छन् रे त्यस्तो पनि लिएर आउनू भनेका थिए । अलेकजेण्डरले योगी सेनासँग कुरा नमिल्नाले लान सकेनन् । उनलाई ११ जुन ३३० मा सन्निपातको ज्वरो आयो । औषधिले फेला नपारेपश्चात् उनले आफ्नो विचार व्यक्त गर्न आफ्नो परिवारका नातेदार इष्टमित्र र मन्त्रीहरूको संयुक्त सभा बोलाई संयुक्त सभामा आफ्नो विचारको क्रममा मलाई जन्मेपछि मर्छ भन्ने थाहा छ, एक रत्ति पनि मलाई चिन्ता छैन । उनले प्राकृतिक आउने जाने क्रममा प्राकृतिक जस्तै म अब जाने दिन टाढा छैन । नजिक आइपुगेको जस्तो लागेको छ । तपाईंहरूले मेरो इच्छा पूरा गराई दिनुहुन सभा बोलाएको हुँ । म मर्दा मेरो दुइटा हात बाहिर राखी शब बाँधिदिनू, हल्लाउने गर्ने र चिहानमा २ हात बाहिर राखिदिनू । यही मेरो इच्छा छ । त्यस शब्दले सबै अकमक्क परे । एकजनाले हजुरले यस्तो आश्चर्यजनक कुरा गर्नुभयो यस्तो आश्चर्य प्रश्न किन ? भनेर प्रश्न गरे । अलेक्जेन्डर भन्छन्, मलाई धन सम्पत्तिको, मानपदवीको कमी भएन । मानपदवी जनताबाट पाएँ । सबैलाई जितें , काललाई जित्न सकिनँ । मैले धनसम्पत्ति, दौलत, इष्टमित्र मात्र नभई एक जीवनको एक अङ्ग श्रीमती पनि यहीँ छोडेर जानुपर्दछ, छोराछोरी र नातिनातिनी त परै राख, आधा अङ्ग पनि छोडेर जान्छु । मेरो साथमा केही लान्नँ, त्यसैले यस संसारको केही लगेको छैन रित्तो हात गएको हुन्छु । मैले पाप र धर्ममात्र लिएर गएको हुन्छु भनेर हात हल्लाउन खोजेको हुँ । उनको शवलाई बाटोमा देख्नेहरूले उसको हात किन बाहिर निकालेको भनेर चकित भएका थिए । उनले इ.पू. ३३० मा तक्षशिला आक्रमण गरेका थिए । इ.पू. ३२६ मा ३३ वर्षको उमेरमा उनको मृत्यु भएको थियो ।

भोक र तिर्खा

भगवान्लाई जातिपाति, धनी, गरिब, लिङ्गको भेद हुँदैन । भेद हुन्छ उसप्रति भोक र तिर्खा लाग्नुको भेद, हामीलाई नसा पानीको तिर्खा अन्पानीको भोक लाग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसापानीको तिर्खाले हजारौँ मानिस हिंसावादी मात्र नभई आफ्नो परिवारको पनि मृत्यु गराएको छ। भोक नलागेमा मिष्ठान्न भोजन देखे पनि मुख रसाउँदैन। तिर्खा नलागे पानी माथि हिँडे पनि प्यास लाग्दैन । भोग, तिर्खा, माया, प्रेम, मोह यी पाँच शब्द आपसमा जेलिएका शब्द हुन् । भोक, तिर्खा लागे पहाडमा वा बगरमा भए पनि भोग तिर्खा मेट्ने उपायहरू आउँछ। भगवान्को प्रेमका लागि चित्तशुद्धि हुनुपर्दछ। हामीले खाएको, पिएको नसापानी खाद्यवस्तु केही भाग मलमूत्रमा जान्छ । सूक्ष्म भाग स्थूल शरीर बन्दछ । केही भाग रगत बन्दछ । केही भाग प्राण बन्दछ । मानिस शिक्षित हुँदैमा ज्ञानी हुँदैन । चित्तशुद्धिका लागि भगवान्को भोक लागे वा तिर्खा लागे मनग्ये तिर्खा र भोक मेटिन्छ। भोक तिर्खा मेटिएपछि शान्ति आनन्द प्राप्त हुन्छ ।

तीन तह

मानिसको शरीर तीन तहको हुन्छ ।

१. शरीर　　२. मन　　३. आत्मा

शरीरलाई आफ्नो वा अरूको सबैले देख्न सकिन्छ । यो माथिल्लो तह हो । यसभित्र आत्म र मन छ । यो दुईवटा देख्न सकिँदैन । यी दुई नभए हाम्रो शरीर बाँध्न सकिँदैन। हामीले देखेका छौं कि भगवान्को दर्शन गर्न जाँदा बाहिरको मन्दिरको बनावट मात्र हेरेर वा कसैको घरमा जाँदा आँगनमा बसेर भित्र देख्न सकिँदैन । भित्रको वस्तु देख्नका लागि ढोका खोल्नुपर्दछ । साँचो खोल्नुपर्दछ । भगवान्को मन्दिर जानलाई आफँसँगको ज्ञानरूपी आगोले काठरूपी दाउरा जलाउनुपर्दछ । तब मन्दिरको साँचो खुल्दछ । यजुर्वेदमा मानिसको शरीरलाई देवमन्दिर भनेको छ । अथर्ववेदमा हाम्रो शरीरलाई ऋषिमुनिले देवभूमि मानेका छन् ।

प्र. र अ.

मानिसको देशभित्रको मन केराको पातजस्तै हल्लिरहेको हुन्छ । त्यो पात एकातिर कालो एकातिर सेतो हुन्छ । कालो पात जता पल्टियो त्यतातिर नराम्रो कामहरू गर्न थाल्छन् र दुःख दिन्छन्। जता सेता पल्टियो त्यता राम्रो कामहरू गर्न थाल्छन्। राम्रो नराम्रो भोग्छ पर्दछ । कार्य गर्नका लागि प्रक्रिया पुऱ्याउनुपर्दछ । प्रक्रिया पुऱ्याइएन भने अधकल्चो हुन्छ । खेतिपाती गर्नेको मनग्ये आम्दानी हुन्छ । मानिसले जुनसुकै काम गरे तापनि प्रक्रिया (नियम) पुऱ्याउनुपर्छ । प्रक्रिया नपुगी अप्रक्रियाले असफल बनाउँछ । जस्तै खेतीवालाले प्रक्रिया नपुऱ्याए खेती सफल हुँदैन । मान्छेले तेलको सट्टा अमिलो, नुनको सट्टा चिनी राखे कस्तो हुन्छ ? त्यसैले प्रक्रिया पुऱ्याएमात्र मनग्य फल प्राप्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आ र ओ

मानिसमा दुइटा कुरा हुन्छन् । त्यसमध्ये आ र ओ हो । आ जुन मानिसको व्यवहारमा भ्रष्टाचार, अनैतिक व्यवहारहरू गरी मानिसलाई दुःख दिने काम गर्छन । अनि त्यसलाई सबै मानिसको हृदयको देउताले आचीआची भन्छन् । आचीको अर्थ दिसापिसाब वा कुहेको दुर्गन्ध हो । त्यसैले मानिसले आची भन्दछन् र त्यसले भनेको काम सपफल हुन सक्दैन । अर्को हुन्छ, ओ - ओ को अर्थ जो मानिस सद्गुणी, निरापराधी, शान्त भावनाको, ज्ञान धर्ममा व्यस्त हुन्छन् । आफ्नो घर वरपर सफा सुग्घर राख्दछन् । सबैको मनले ओहो ओहो भन्ने गर्दछन् र त्यसलाई सबको मनले सफलताको कामना गर्दछन् । हटप्रभाषा नामको रसायन (धातु) को एक मात्राले पनि १००० मात्रा फलामलाई सुन बनाउन सकिन्छ । १००० मात्रा फलामले एक मात्र सुनलाई फलाम बनाउन सकिँदैन । त्यस्तै एक थोपा ज्ञानले माया, मोह नष्ट गरी मन शान्त राख्न सकिन्छ । - महायानी बौद्धदर्शन ।

साधना

पलाञ्चोक भगवतीको मन्दिर बनाउने कलाकारले तत्कालीन सरकारले दाहिने हात काटिदिएपछि देब्रे हातले नक्साल भगवतीको मूर्ति बनायो । त्यो हात पनि काटिदिए । अनि उसले दुईटा खुट्टाको बूढी औंलाले शोभा भगवती बनाए । साधना पनि अति ठूलो छ । जुम्लाका मानिसहरू शिकारी बाजलाई पासोमा पारी पक्डेर ल्याउँछन् । पासोका लागि पाउटी भन्दछन् । पासोमा परेपछि हातमा छालाको पञ्जा लगाई दुबै आँखा सिलाईदिन्छन् । सात दिन पछि आँखा खोली वनबाट चराचुरुङ्गी ल्याउने साधना गर्दछन् र शिकारी काम गर्दछन् । राजा सिद्धिनरसिंह मल्ल तान्त्रिक साधना थिए । उनी चिसोको समयमा चिसोमा सुत्ने गर्मीको समयमा आगो ताप्ने गर्दथे । महायोगीहरू खेलाडीहरू साधना अभ्यासद्वारा आश्चर्यजनक खेलहरू खेल्दछन् । भारतको राजस्थानमा महिलाहरू पानी लिनका लागि टाढा जानुपर्दछ र टाढाटाढासम्म गई इनारबाट पानी भरेर ल्याउनुपर्दछ । वारंवार ल्याउन असम्भव हुँदा एकपटक जति सक्दो पानी ल्याउनको लागि एकै पटक धेरै ल्याउने प्रयास गर्दछन् । शिरमा पहिला सबैभन्दा ठूलो, अनि त्यसपछि ससाना भाँडाहरू खप्ट्याइ पाँचवटासम्म राख्दछन् । हातले नथामी साथीहरूसँग कुराकानी, हाँसो ठट्य गर्दै पाइला पनि अगाडि बढिरहेको हुन्छ । तर मनले टाउको माथिको पानी भाँडा सन्तुलन राख्ने अभ्यास ज्यादा भएको पाइन्छ । त्यसैले मनमा लागेको पानी प्राप्त हुन्छ । अभ्यास र साधनाद्वारा नै भगवान् प्राप्त गर्न सकिन्छ । त्यसैले अभ्यास साधना गरे नहुने कुरै हुँदैन । नेपोलियनले भनेका थिए, असम्भव भन्ने शब्द शब्दकोषमा मात्र सीमित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन

धर्म भनेको विश्वास हो । आफूलाई जुन कुराको विश्वास परेको छ, त्यसैले फलस्वरूप आफूलाई विश्वास लागेर गर्ने हुन्छ । मानिसको शरीरभित्र मन र आत्माको वास छ । मन इन्द्रियहरूको राजा हो । मनले जे कुरा गम्भीर भएर सोच्दछ परिणाम त्यस्तै हुन्छ । विचार सबै मानसिक प्रक्रियाहरूको केन्द्र हो । मनको विचाले नै सिर्जना गर्दछ । मनको विचारले नै विनाश गर्दछ । मन मायाको माध्यमबाट उत्पन्न हुन्छ । मनको स्रोत आत्मा हो । मन आत्मशक्तिको, वासना, इच्छाहरूको सङ्कलनहरूको पोको हो । जप ध्यान गर्दा भगवान्लाई खाज्ने प्रयास गर्दा यी पोका फुकाई जसले ध्यान गर्दछ, उसको खराब विचारलाई भस्म गर्ने आगो मनमा निस्कन्छ । भोजन बनाउने सामान जति स्वच्छ सुन्दर भए पनि पकाउने भाँडा स्वच्छ छैन भने त्यसबाट बनेको खाद्यपदार्थ दूषित हुन्छ । मानिसका लागि आफ्नो लागि, आफ्नो मनमनै भाँडा माझ्नुपर्दछ । पछि उसको हृदयरूपी भाँडालाई सफा राख्नुपर्छ । शरीरलाई रथसँग इन्द्रिय, इन्द्रियलाई घोडासँग, मनलाई लगामसित, बुद्धिलाई सारथीसँग तुलना गरिन्छ । यी सबै इष्ट स्वामी आत्माको वास शरीरभित्र हुन्छ ।

मानिसका ४ अवस्था हुन्छन् :

१. बाल्य अवस्था : (बाल्यकालमा आमाबुबाबाट राम्रो हेरविचार, राम्रो पालनपोषणको अवस्था)

२. युवा अवस्था : (गुरुबाट शिक्षा लिने अवस्था)

३. गृहस्थी अवस्था : (घर व्यवहार चलाउने अवस्था)

४. वृद्ध अवस्था : (झन्झट बेहोर्न नपर्ने अवस्था)

गोरुले गाडा तान्छ, गाडाको टायरले गोरुको पाइला मेट्छ

गोर्खा च्याम्लिङका एक जना कर्णेल परिवारका धनी मानिस थिए । उनको अन्न प्रशस्त हुन्थ्यो । अन्न नबिकेर धेर} बाँकी थियो । उनले कल्पना गरे कि यो अन्न बिक्री नभएमा पुतली, मुसा आदिले नष्ट गर्न सक्छ । यस क्षेत्रमा पानी नपरी खडेरी परे गाउँठाउँमा अन्नको हाहाकार भए मेरो अन्न बिक्ने थियो भन्ने विचारले उसले त्यस क्षेत्रमा खडेरी पार्नका लागि एकदिन उसले मनकामनाको भाकल गर्नका लागि जङ्गी बोका लिएर मनोकामना पुगे । मनोकामनामा पूजा गर्न लाग्दा पूजारीले नाम, गोत्र र भाकल सोधे । पूजा गर्न आउने अकमक्क परे । उसलाई न आफ्नो नाम, न गोत्र, न भाकल केही भन्न सकेनन् । बोका पर्संदा बोका पनि पर्सिएन । पूजारीले यथावृद्धि तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गति भनी बोलाई पानी सेचन गरे । बोका त्यहीँ काटेर त्यो रात उनी गोरखामा नै बसे। भोलिपल्ट घर जाँदा पौवा खोलामा भात पकाउन लाग्दा घरबाट दुईजना मानिस हतारहतार लिन आए । लिन आउने पनि अकमक भयो । अन्त्यमा ऊ दुई जनाले आज राति अचानक घरमा आगलागी भई घर, धन्सार, अन्न सम्पूर्ण जलेर नष्ट भयो भन्ने कुरा सुनाए। उनी त्यहीँबाट मनकामना फर्की मन्दिरमा गई लम्पसार परेर भगवान्सँग क्षमायाचना गर्न थाले ।

हन्डर खाएर ज्ञानका भण्डार पाएकाहरू

शाक्यमुनि बुद्ध

शाक्यमुनि राजकुमार १६ वर्ष उमेरका थिए । उता दण्डपाणि शाक्यको छोरी यशोधरा पनि १६ वर्ष पुगेकी थिइन् । यी २ जनाको १६ वर्षको उमेरमा विवाह भयो र २ वर्षपछि राहुल नामका पुत्र जन्मे । शाक्यहरूको एउटा सङ्घ थियो । २० वर्ष पुगेका शाक्य युवाहरू अनिवार्य रूपमा शाक्यसङ्घमा दीक्षित भएर त्यसको साधारण सदस्य बन्नुपर्ने बाध्यता थियो । शाक्यमुनि २० वर्ष पुगेकोले सङ्घको सदस्यता लिने बाध्यता थियो। उसलाई सङ्घको सदस्यता भएर दीक्षित हुनुपर्ने अवस्था थियो । देशको नियमअनुसार शुद्धोधनका छोरालाई दीक्षित बनाउन शाक्य गुरु पुरोहितलाई बोलाई शाक्यसभा बोलाई शाक्य सेनापतिले उठेर शाक्यमुनिलाई शाक्य सङ्घको सपथ दिएका थिए ।

सपथ

१. तन, मन, धनले शाक्यहरूको स्वार्थको रक्षा गर्नुपर्ने ।

२. सभामा सङ्घका सबै सदस्यहरू अनिवार्य उपस्थित हुनुपर्ने ।

३. शाक्यभित्र दोष, गल्ती भए डर नमानी पक्षपातरहित भएर खुला मनले भरिदिने ।

४. आफूलाई कसैले दोषारोपण गरेमा नरिसाउने ।

५. आफू निर्दोष भए पनि स्विकार्ने र दोषी भए पनि स्विकार्ने ।

के गरेमा सङ्घको सदस्य नरहने ? के गरेमा वञ्चित हुने ?

१. व्यभिचार गर्नाले,

२. कसैको हत्या गर्नाले,

३. झुट्टा साक्षी बक्नाले,

४. शाक्यमुनिहरूको हितको लागि सेनामा भर्ती भएर युद्धमा भाग लिने,

५. शाक्य सङ्घको निर्णय नमान्नेलाई फाँसी वा स्वदेशबाट निष्कासित गर्ने वा सर्वस्व हरण गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. परिवारको सदस्यहरूको सामाजिक बहिष्कार वा घर जमिन बहिष्कार गर्ने वा सपथको समय खानुपर्ने । शाक्यले पनि उक्त सपथ खाएका थिए ।

शाक्य र कोलियहरूको रोहिणी नदीको पानीबाट आआफ्नो खेत सिंचाई गर्न प्रत्येक वर्ष सङ्घर्ष भइरहन्थ्यो । सिद्धार्थ २८ वर्षका उमेरका थिए । यसमा पानीको बारेमा चर्काचर्की भई मारपिट भयो । कैयौँ घाइते भए । सेनापतिले कोलिय विरुद्ध लड्न सभामा प्रस्ताव राखे । सिद्धार्थले युद्ध नगरी सुल्झाउने प्रस्ताव राखे । दुई प्रस्तावमध्ये सिद्धार्थको प्रस्ताव मतले हार्‍यो । सेनापतिको प्रस्तावले समर्थन पायो । सेनापतिले बिस वर्षदेखि ५० वर्षसम्मका शाक्य पुरुषहरू सेनामा भर्ती भई युद्धमा जानुपर्ने निर्णय सुनाए । निर्णयविरुद्ध सिद्धार्थले असमर्थन जनाए । सेनापतिले राजकुमारलाई तपाईंले सङ्घको सदस्यता प्राप्त गरेको समयको सपथ बिर्सनुभयो ? भनी प्रश्न गरे । सम्झनुहोस् , तपाईंले खानु भएको कसम कुनै पनि पूरा भएन । तपाईं सार्वजनिक निन्दाको पात्र हुनुभयो । राजकुमारले भन्नुभयो, मैले तनमन, धनले शाक्यको हितको रक्षाका लागि वचन दिएको छु , तर सेना भएर लड्न म चाहान्नँ । मैले गर्दा मेरा अरू परिवारले दुःख भोग्न नपरोस् । सामाजिक बहिष्कार गर्दा मेरा परिवारले दुःख भोग्नुपर्दछ । मेरा आमाले मलाई कसरी दुःख कष्ट सहेर जन्माए, हुर्काए । म के दिन सक्छु र ? त्यसैले सामाजिक बहिष्कार नगरी दिनुस् । जग्गा जमिन जफत गरे मेरो परिवार बिचल्लीमा पर्दछ । जीविकोपार्जन गर्न मुस्किल पर्दछ । तसर्थ, जग्गाजमिन जफत नगरिदिनुस् । मेरो दोष ममाथि लगाउनुस्, मृत्युदण्डको बारेमा मेरो दोष समर्थन गर्दछु । मृत्युदण्ड दिनुमा र देशबाट निष्कासन हुनमा कुनै फरक पर्ने छैन । देश निष्कासन गर्नमा म मञ्जुर छु, म योग्य बन्न चाहन्छु, देश निकाला गरिदिनू भनी सम्बोधन गर्दा उनी २९ वर्षका थिए । आमा बेहोसले लडिन् । यशोधरा रोइन् । कन्थन घोडा चढेर भारद्वाज ऋषिको आश्रमतिर जानुभयो । भारद्वाज ऋषिले तपस्याका किसिमहरू बताए । तत्पश्चात् भारद्वाज ऋषिले बिन्दु प्रदेशमा मुनि अरकाल कलम बस्छन्, उनी निरपेक्ष सुखको रहस्यका ज्ञाता हुनुहुन्छ भनी त्यहाँ पठाए । भारद्वाज ऋषिको आश्रम छोडी अरकाल कलमको आश्रमको खोजीमा हिंडे । अरकाल कलमको आश्रम घोर जङ्गलको बिचमा थियो । अरकाल कलम ध्यान मार्गका विशेषज्ञ थिए । त्यहाँ बस्दा कहिले एक छाक, कहिले सिमीको दाना खाएर बस्दथे । मसानघाटबाट ल्याएका मुर्दाको हाड, तकिया बनाई सुत्दथे । ६ वर्षको लामो तपस्याले शरीर बढी छिन्न भयो, तैपनि उनी निराश थिएनन् । त्यहाँ ध्यान पद्धतिबारे व्याख्या गरे । श्वास नियन्त्रणमा राख्नाले चित्तशुद्धि हुन्छ । श्वास पद्धतिलाई नियन्त्रण राख्ने पद्धतिलाई अनापानासति भन्दछन् । अर्को पद्धतिलाई प्राणायाम भन्दछन् । प्राणायाममा श्वास नियन्त्रण गर्ने प्रकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३ तहमा विभाजन छ ।

१. पूरक– श्वास भित्र तान्ने,

२. कुम्भक– श्वास भित्र रोकी राख्ने

३. रेचक– श्वास बाहिर फ्याँक्ने

बुद्धले अलंकार कलामको उपदेश राम्रो लाग्यो । त्यहाँबाट लपनि विद्या लिई उनी उद्धकरामपुतको ध्यान आठ दर्जासम्म अभ्यास गर्न त्यहाँबाट बोधगया तिर लागे । अन्तमा उनी उरुवेलमा गयाका राजर्षिको आश्रममा वस्ने निधो गरे । निरञ्जन नदीको किनारमा शान्त एकान्त बसी उरुवेलमा नै उसले सुजाताको हातको खीर खाई ज्ञान प्राप्त गरे ।

म्हिलरेपा

म्हिलरेपा गोठालावंशका निङ्मापा लामा हुन् । म्हिलरेपालाई खिम्पोजोसे भन्दथे। उनलाई गाउँमा झारफुक गर्ने टुनामुना गर्नेमा प्रख्यात मानिन्थ्यो । विरामीकहाँ जाँदा म तिम्रो रगन पिउँछु भनी बोक्सीसँग गर्जन्थे । भूतप्रेतले डरले उसलाई बाउमिल बाउमिल भनी माफी माग्दथे । त्यसैले उनीहरूको परिवारको नाम म्हिलरेपा राखे । म्हिल खेम्पो जोसेका दुई वटा पुत्र थिए । जेठाको म्हिल घोतेना साँगे, कान्छा म्हिल दोर्जेसाँगे । मिलन दोर्जे व्यापार गर्थे । जेठा म्हिल घोतेना हेरकोर गर्थे । दाज्यू म्हिल शेर्ष दोर्जेको छोरीको नाम गोमोकपि राखे । म्हिलरेपाको थक्पा राखेका थिए । ७ वर्षको हुँदा म्हिलरेपालाई ठुलो रोग लाग्यो । दाज्यूले उपचारद्वारा आफू निको नहुने देखेर छोराछोरी श्रीमतीले धनसम्पत्ति सञ्चालन गर्ने अवस्थादेखि सम्पत्ति नाबालक छोराछोरी उनीहरूको सामर्थ्य नहुन्जेल भाइबुहारीको जिम्मा राख्ने विचार गरी भद्र भलाद्मीको रोहवरमा नाबालकको जायजेथा उनीहरूको सामर्थ्यपश्चात् फिर्ता गर्ने भनी कागज गराई जिम्मा लगाए । उनीहरूको आमा, छोरा, छोरीलाई काकीले घरको नोकरभन्दा पनि कठिन कामहरू गराइदिए । उनीहरूको उमेर पनि बढ्दै थियो । काकी जम्किदै तिमीहरूको यहाँ के सम्पत्ति छ ? तिम्रो बाबा विरामी हुँदा हामीले पैसा तिरेर ल्याएको घोडा, खच्चड, जग्गा जमिन हामीले फिर्ता गर्नु छैन तिमीहरूलाई । बिधुवा अशक्त टुहुराटुहरी भनी रक्षा गर्न ल्याएका हौं । तिमीहरूको पशुको नाममा खुर पनि छैन, जग्गाको नाममा टुक्रा पनि छैन भनी हकारे । पहिलाको गाउँका भलाद्मी जोडेर लिखित प्रमाण तेर्स्याए । उल्टै गाउँले काकाकाकीतर्फ लागे । कागज कसले लेख्न लगाएको हो भनी हकारे । म्हिलरेपाको आमाले काकाकाकीको अत्याचार सहन नसकी प्रत्युत्तर दिन चार प्रदेशको मिथो गाउँमा निङ्मापा सम्प्रदायका आठ नाग ताङ् ठो ग्यालसँग लामा जादुगर टुनामुना सिक्न पुगे । आमाको विचार छोरालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो तान्त्रिक बनाउने थियो । काकाले धर्म छोडेकाले गाउँले र काकासँग बराबरी रिस थियो । तान्त्रिकसँग तपाईले दिएको मन्त्रले मेरा गाउँका र काकाकाकी उपर प्रत्यक्ष पर्न सक्ने ज्ञान हुनुपर्छ नत्र भने मेरा आमाले आत्महत्या गर्नेछन् भने । गुरुले विभिन्न तन्त्रमन्त्रसहित हातको औंलाबाट असिना पार्ने मन्त्र पनि दिए । एकदिन काकाकी छोरीको उत्सवको दिन म्हिलरेपाले भ्यागुता, बिच्छी, सर्प आदि विषालु कीरा सृष्टि गरी त्यस घरका घोडा, खच्चड, मानिसलाई नष्ट पारेका थिए । यसरी म्हिलरेपालाई महायानी बुद्ध मानिन्छ ।

म्हिलरिपा गुरुङ वर्गको शरद ऋतुको मध्यभागमा चन्द्रमासको २५ अगष्ट सन् १०२५ मा जन्मेका हुन् । उनी तिब्बतका एउटा साधु थिए । म्हिलारेपा मन्दिरमा बस्दथे । एकदिन एउटा मानिस आएर मलाई सिद्धि चाहियो भनी खुट्टा समाई उनलाई ढोग्न थाले । मलाई सिद्ध हुने मन्त्र दिनुहोस् भनी बिन्ती गरे । म्हिलरेपा भन्छन्, मलाई त कुनै मन्त्रको ज्ञान छैन, म साधु नहुन्जेल मन्त्रको याद थियो, जब म साधु भएँ मैले ती मन्त्रहरू बिर्सें । पहिला मलाई भगवान्को नाम पनि याद थियो । म साधु भएपछि त्यो पनि बिर्सिएँ । धर्मशास्त्र लिएर हिड्थेँ, त्यो पनि बर्सिएँ । शास्त्र खोलामा बगाइदिएँ । अहिले मसँग केही छैन । रित्तो केही छैन याचकले एकोहोरो देऊ देऊ मात्र भन्न थाले । म्हिलारेपाले एउटा कागजमा केही लेखेर याचकलाई दिए तिमी जाऊ रातभर एकान्तमा बसेर यो मन्त्र ५ पटक पढ्नू भन्नुभयो । ५ पटक पढेपछि तिमी मकहाँ शक्ति लिन आऊ भने । अनि त्यो शक्तिले काम पूरा गर्नेछ । त्यो मान्छे कागज पाउनेबित्तिकै रमाएर दौडिहाले । त्यो मानिस पाँच खुट्किलो झरेपछि म्हिलरेपाले फर्कफर्क भनेर दुईवटा कुरा बिर्सिएछ भने । उनी फर्केर आए ।

१. पहिलो कुरा तिमीले मलाई धन्यवाद दिन नै बिर्स्यौ ।

२. मेरो गुरुले मलाई भन्नुभएको थियो कि यो मन्त्र पढ्ने वेलामा बाँदर कहिल्यै पनि नसम्झनू भन्नुभएको थियो । त्यसैले यो मन्त्र पढ्ने बेलामा बाँदर नसम्झनू भन्नुभयो । ती मान्छे साँझमा मन्त्र पढ्न थाले तर मन जतिखेर पनि बाँदरमा गयो । जति गर्दा पनि मनबाट बाँदरको ध्यान हटेन । पछि गुरुकहाँ गई मैले सकिनँ भनी त्यो सियो छोडेर हिंडे ।

वाल्मीकि ऋषि

वाल्मीकि ऋषि ऋजु ऋषिका पुत्र हुन् । ऋजु ऋषिकी श्रीमती उर्जेल नामको भिल्ला जातिका छोरी हुन् । भिल्लु कुँबरहरू व्याधाका नामले चर्चित थिए । वाल्मीकिलाई रत्नाकार डाँका भनिन्थ्यो । रत्नाकर व्याधा थिए । मृग, पन्छीहरूलाई धनुले हानेर मारेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढल्नासाथ मारमार भन्दै उफ्रिन्थ्यो । बाटामा हिँड्ने बटुवाहरूलाई लुट्ने, ठग्ने गर्दथे । पत्नी छोराछोरी र परिवारलाई लालनपालन, पोषणका लागि यात्रीहरूलाई लुटपाट गरी ठग्नु नै उसको दिनचर्या थियो । एकदिन नारद ऋषि सडकमा आउँदै थिए । डाँका वाल्मीकिले आक्रमण गरे । नारद ऋषिले तिमीले किन लुट्न खोज्छौ भनी प्रश्न गरे । रत्नाकारले मैले जहान बच्चा परिवारलाई पाल्ने उपाय केही देखिनँ, लुटपाट गर्नु, सिकार गर्नु, मेरो जीविका चलाइदिनु, परिवार पालनपोषण गर्ने यहीँबाट नै हो । नारद ऋषि भन्नुहुन्छ, तिम्रो कुरा मलाई स्वीकार्य छ, तिमीलाई मलाई यो रुखमा बाँधेर राख अनि तिम्रो परिवारलाई प्रश्न गर्नु मैले गरेको पापमा तिमीहरू भागीदार हुन्छ कि हुन्न ? रत्नाकर डाँकाले घरमा प्रत्येक परिवारसँग मैले गरेको पाप तिमीहरूले भागीदार हुनुपर्छ कि पर्दैन भनी सोधे । रत्नाकरकी श्रीमतीले जसले गर्छ पाप उसैलाई लाग्छ हामीलाई किन लाग्ने ? हामीलाई भागबण्डा गर्नुपर्दैन भनिन् । तत्पश्चात् रत्नाकार डाँकाको मन बदलियो । रुखमा बाँधेर राखेका नारदसँग क्षमायाचना माग्न लागे । नारद ऋषिले ध्यान जप सिकाए । उनी ध्यान तर्फ लागे । एकदिन वाल्मीकि वनमा घुम्दै थिए । आनन्द भएर वनमा डुलिरहँदा हाँसको भाले पोथी प्रेममा डुबिरहेको तर्फ नजर लगाउँदै थिए । अचानक कतैबाट तीर आएर पोथी हाँसको मृत्यु भयो । भाले हाँस च्याँच्याँ, चीँचीँ गर्दै मृतकको शरीरमा पखेटा फिजाउँदै कराउन थाले रत्नाकर डाँकालाई अझ पीर पऱ्यो । भगवान्प्रति बढी आस्था जागेर आयो । ध्यानमा मग्न हुँदा वाल्मीकिको शरीरमा धमिराले गुँड लगाए । वाल्मीकिको अर्थ धमिराको गोलेबाट जन्मेको भन्ने हुन्छ । रत्नाकर डाँकाको मन शुद्ध भएर यत्क्रौञ्चमिथुनादेकमवधिकाममोहितम् भन्ने श्लोक लेखेर रामायण लेख्ने प्रारम्भ गरे ।

पञ्चसी चौहान

पञ्चसी चौहन भारतका ५५० जना डाँकाका नाइके हुन् । इन्दिरा गान्धीको शासनकालमा पञ्चसी चौहान डाँकालाई पक्रने व्यक्तिलाई भारु १ करोड दिने घोषणा भएको थियो । उनले २००० मानिसलाई अकालमै मृत्युको मुखमा धकेलेका थिए । उसलाई सरकारले छोड्न चाहे पनि अदालतले छाड्न मानेन । ८ वर्ष जेलभित्र बस्दा ब्रह्मकुमारीको ज्ञान प्राप्त भयो र ब्रह्मकुमारीको ज्ञान प्राप्त गरेकाले ८ वर्षमै जेलबाट मुक्त गराए । हाल उनकी छोरी पनि ब्रह्मकुमारी नै छिन् । उनी हालसम्म ९२ वर्षको उमेरमा पनि ब्रह्मकुमारीको प्रचारमा लागेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम के राख्ने ?

भारतको पाटली पुत्रमा विन्देश्वर नामको राजाले राज गर्दथे । उनका सोह्रवटी रानीहरू थिए । सोह्रवटी रानीहरूबाट पुत्रपुत्री भएनन् र रानीहरू शोकमा थिए । जेठी रानी सुभद्राबाट एक पुत्र जन्मे । पुत्र जन्मेपश्चात् विन्देश्वरले श्रीमतीसँग पुत्रको नाम के राख्ने ? भनी सोधे सुभद्राले हाम्रो मनको शोक हटाई दिएको हुनाले अशोक राख्ने भनिन् ।१६ जना रानीबाट जेठा छोरा अशोकसहित १०० छोराहरू जन्मे । अशोकलाई उज्जैन तर्फको उपराजा पद दिएर पठाए । त्यहाँ जाँदा उज्जैन पुग्नुअघि वेदशगिरीमा वेर सेठको घरमा बास बसेका थिए । त्यही सेठका छोरी केवीसँग लसपस भयो । त्यहीँ नै बसे । उज्जैनमा पुगेनन् । फलस्वरूप २ वर्षपछि महेन्द्र नामको पुत्र जन्मे । २ वर्षपछि सङ्मित्र नामकी छोरी जन्मे । सेठको छोरी देवी जसलाई महादेवी पनि भन्दछन् उनी विडुङ्मा आक्रमणको समयमा भागेर ज्यान बचाएकी शाक्य कुलकी कुमारी हुन् भनी डा. मल्ल शेखरले डि. पी.पी.आई.२०७ मा उल्लेख गरेका छन् । उता राजा सिकिस्त बिरामी भए । छोरा अशोकलाई बोलाउन पठाए । उनी पाटलीपुत्र आउँदा छोराछोरी वेदरन गिरीमा नै छोडेर आए । विन्देश्वरको देहान्त भयो र दाहसंस्कारपछि अशोकलाई पाटलीपुत्रको राजा घोषित गरे । चार वर्षसम्म राज्याभिषेक नगरी राज्यको सञ्चालन भयो । ४ वर्षपछि छोरा महेन्द्र १४ वर्ष पुग्दा राज्यारोहणपश्चात् सहोदर भाइ विष्यकुमारलाई उपराजा पद दिई विभाव पट् टिका ९९ जनालाई मारेर राज्य विस्तार गरी अगाडि बढ्ने क्रममा कलिङ्ग ई. सं. २५७ मा कलिङ्ग राज्यमाथि विजय गरी त्यस राज्यलाई पाटलीपुत्रमा गाभे । राज्य बढाइको हर्षबढाइँमा विजयोत्सव मनाउने क्रममा भव्य महोत्सव हुँदै थियो । त्यस महोत्सवमा युद्धमा घायल भएका अपाङ्ग, टुहुराटुहुरी एवं विधुवा सबै उपस्थित थिए । उत्सवमा हृदयमा चोट परेकाहरू रुवाबासी चल्यो । त्यस समयमा कलिङ्ग युद्धमा रगत बगेको मानिसको लास यत्रतत्र छरिएको सम्झेर उत्सवको सट्टा झोक्राएर बसिरहेकाथिए । त्यसै अवसरमा काकाका छोरा उपराजा विष्य कुमार (सुमन काका) लाई आज हामी हजारौं मानिसलाई मारेर रगतको खोलो बगाएर विजय उत्सव मनाउँदै छौं । हजारौं मानिसको मन जित्न सकेको भए कस्तो हुन्थ्यो होला?, भन्ने शब्दले इ.पू.२६१ मा परिवर्तन भई अशोकलाई धर्मशोक राखे । पाँच सयजना अमात्यहरूको टाउको काटेर अनतपुरवासीको ५०० महिलाहरूको शरीरमा कपडा बेर्न लगाई आगो जलाएको उल्लेख छ) । पछि राज्यबाट विरक्त भई अशोकले बौद्ध धर्म ग्रहण गरेको र ८४,००० बौद्ध स्तूप बनाएको उल्लेख पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्कन्द भेला

धर्म, शिक्षा, ज्ञान, अज्ञान, धन आदिले जातजाति, लिङ्ग, रङ्ग र देश प्रदेशको भेद गर्दैन । यी सबै साझा हुन् । बेलाबखतमा हिन्दू धर्म र बौद्ध धर्मले पनि प्रश्रय पाएका छन् । बेलायतको वेलास प्रान्तको कर्मनाथ अवस्थित स्कन्द भेला दर्शन गर्न छोरा सुरेन्द्र कुमार र बुहारी ववितासहित गएका थियौं । यस ठाउँमा कर्मनाथ दर्शन गर्नको लागि चारै तिर जङ्गल छरिएको प्रकृति भरिपूर्ण रमणीय स्थान रहेछ । त्यहाँ साना साना काठले बनेका घरहरू पनि छन् । त्यहाँ पूजा गर्न बिहान ६ बजेबाट करिब १ घण्टा २० मिनेट जति लाग्दोरहेछ । मन्दिरभित्र पूजा गर्ने सबैलाई एउटा नियम लाग्ने रहेछ । त्यहाँ आउनको लागि तीन दिन अघिदेखि मासु र मदिरा खानेलाई भित्र प्रवेश गर्न निषेध छ । बाहिर बसेर हेर्नुपर्दो रहेछ । पूजाको अवस्थामा गोरा गोरेनीहरूले नेपाली भजनकीर्तन हार्मोनियम बजाएर गर्दा रहेछन् । यस जङ्गलको खोजमा २ वटा खाँवा गाडेर ठूलो घण्टी झुण्ड्याएको छ । पूजा र कीर्तनको समयभरि तीन तीव्र बजाइरहन्छन् र यही टीका प्रसाद स्वामीले नै वितरण गर्दछन् । खाना खाएपछि ९ बजे गुरु रङ्गनाथको पूजा शुरु हुन्छ । त्यहाँ पनि हार्मोनियम सहित भजन कीर्तन र ठूलो घण्टी तानेर नेपाली भजनकीर्तन गोराहरू गरिरहन्छन् । त्यहीं पूजामा नगद दान दिन चाहनेले दानपत्रमा खसाल्न पर्ने र अन्य खाद्यान्न जस्तैः दाल, चामल, पिठो, आलु, फलफूल दिनपनि सकिन्छ । त्यसलाई भगवान्लाई छुवाएर गर्दछन्, नामहरू लेख्न पाइँदैन । त्यहाँ बिहान बेलुकीको खाना निःशुल्क पाइन्छ । बेलुका ७:३० बजे जङ्गलभित्रको डाँडामा महाकालको पूजा हुँदो रहेछ । भगवान्को उत्पत्ति सन् १९६२ मा श्रीलङ्काका धर्मगुरु सुब्रमुनम रहेछन् । उहाँको अगुवाईमा ब्रिटिसहरू लिएर श्रीलङ्का गएको बेलामा दुर्गा मन्दिरमा ध्यान गरिरहेको अवस्थामा भगवान् तीन ठाउँको सर्पको प्रकट भएछन् र गुरुलाई सोधेछन् । तिमीलाई के इच्छा छ म पुऱ्याइदिन्छु भनेछन् । अनि गुरुले भनेछन्, भगवान् मलाई पश्चिमी मुलुकमा एउटा मन्दिर स्थापना गर्ने मन छ । त्यसपछि गुरु अनि केही ब्रिटिसहरू मिलेर यो धार्मिक स्थल सन् १९७३ सालमा बनेको रहेछ । त्यहाँ बास बस्न, खान, पिउन निःशुल्क रहेछ । स्कन्द भेलामा भक्तजनहरू ।

नारायण मन्दिर

वि.सं.२०६९ जेठ ६ गते लण्डनको उत्तर-पश्चिममा पर्ने निजइनमा हिन्दु देवताको दर्शन गर्ने स्वामी नारायणको मन्दिर गएको थिएँ । यूरोपमा सबैभन्दा पहिलो हिन्दू मन्दिर देखाउनका लागि स्टिल प्रयोग नगरेर ५ हजार टन इटालीबाट पानी जहाजबाट भारत लगेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५०० जना ज्यामी ढुङ्गा कुँद्ने लगाई त्यहाँबाट पानी जहाजमा लण्डन ल्याएर जम्मा २६,३०० डुङ्गा र मार्वलसहित बेलायत पुऱ्याउने तीन वर्ष लाग्यो। सौर्य मन्दिर बनाउन ३ हजार मानिसले ज्याला नलिएर बनाएका थिए। उक्त मन्दिरको कार्य अगस्त १९९५ मा पूरा भएको थियो। मन्दिरभित्र तिन हजार व्यक्ति अटाउन सक्ने पूजाकोठा उक्त मन्दिरमा हिन्दु धर्मावलम्बीहरू प्रत्येक वर्ष ५ लाख मानिस आउने बताइन्छ।

स्टोनहेगन

विश्वमा प्राकृतिक धर्म मान्ने परम्परा यूरोपियन देशहरूमा अद्यापि पाइन्छ। बेलायतको पूर्वी लण्डनमा संसारको छोटो दिन, लामो रात, सूर्य कर्कट राशीबाट मिथुन राशीमा सर्ने दिन डिसेम्बर २१ तारिखमा र सबभन्दा लामो दिन मकर राशिमा सर्ने दिन अक्टोवर २१ का दिनमा स्टोन हेगनमा मानिसहरू जम्मा भई रातमा जाग्राम बसी बिहान भगवान् सूर्यको आरधना गरी कार्यसम्पन्न गर्ने परम्परा छ।

स्टोन हेगन हाम्रो नेपालीहरूको उधौली उभौली पूजा गरेजस्तै ब्रिटिसहरूले संसारमा सबैभन्दा छोटो दिन र रातको सबैभन्दा लामो समयमा पूजा गर्ने पूचलन छ। यो २७०० ई.पुमा बनाइएको मानिन्छ २२५० ई.पू. मा ८५ वटा ढुङ्गा वेल्सबाट स्टोन हेगनमा लिएर आए। त्यहाँबाट त्यो गोलढुङ्गा काठमाथि राखी घिसारेर ल्याएको मानिन्छ। त्यो ढुङ्गा तान्नका लागि १००० जना मानिस खटाएको थियो। एउटा ढुङ्गा २६ टनको छ। यस ढुङ्गाको नाम मेकालित्स भनिन्छ। खाद्यान्न उत्पादनको लागि किसानहरूले सबैभन्दा लामो किसानहरूले सबै भन्दा लामो दिन र छोटो रातको समयमा रातभरि बसी रमाइलो गरि प्रातः सूर्योदय अवस्थामा नुवाईधुवाई गरी धूपवत्ती बालेर बिसर्जन गर्दछन्।

आत्मविश्वास

मानिसको शरीर मरेर जान्छन् , आत्मा मर्दैन। मानिस जुनसुकै काम गरे तापनि म यो काम पूरा गर्छु भन्ने आत्माले गऱ्यो भने सफल हुन्छ। आत्मविश्वास एउटा यस्तो चिज हो, यसले अधुरो कार्यलाई पूरा बनाउँछ। आत्मविश्वास नभइकन कुनै कार्य सफल हुन सक्दैन। नेपोलियन बोनपार्ट, सम्राट् अशोक, राजा पृथ्वीनारायण शाह र भगवान् बुद्ध पद्मसम्भव आदि आत्मविश्वासको कारण सफल भए। जसले आत्मविश्वासका साथ काम गर्दछ त्यसले ठूलो कार्य हासिल गर्छ। जसले आत्मविश्वास कम गर्छ त्यसको कार्य कम सफल हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रिय तिथि

भगवान् शिवको प्रिय तिथि : अष्टमी तिथि
भगवान् गणेशको प्रिय तिथि : चतुर्थी
नागको प्रिय तिथि : पञ्चमी
कुमारको प्रिय तिथि : स्कन्द या कार्तिकेय षष्ठी
सूर्यदेवको प्रिय तिथि : सप्तमी
दुर्गाको प्रिय तिथि : नवमी
ब्रह्माजीको प्रिय तिथि : दशमी
रुद्रको प्रिय तिथि : एकादशी
विष्णुको प्रिय तिथि : द्वादशी
कामदेवका प्रिय तिथि : त्रयोदशी

यसका अतिरिक्त चतुर्दशी तिथि भगवान् शङ्करको प्रिय मानिन्छ। कृष्णपक्षको जुन चतुर्दशी आधा रातिसम्म रहन्छ त्यसमा उपासना गर्नुपर्दछ । कार्तिक महिनाको शुक्ल पक्षाको त्रयोदशी तिथि शनिवार पर्छ भने त्यस दिनको योग निकै दुर्लभ छ । भाग्यमानीले मात्र प्राप्त गर्दछ ।

आर्द्र नक्षात्रयुक्त नवमीको दिन देवीको पूजा गर्छ भने एकपटक गर्नाले सय वर्षको फल प्राप्त गर्छ भनी पुराणहरूमा लेखिएको छ ।

मन र वन

मानिसका दुईवटा आँखा हुन्छन् ।

१. बाहिरी आँखा

२. भित्री आँखा

भित्री आँखा बाहिरी आँखाभन्दा तेजिलो हुन्छ । वनमा धेरै मानिसहरूसँगै आफ्नो आफ्नै आँखाले बेग्लाबेग्लै देख्छन् ।

१. शिकारीवालाले शिकार कहाँ र कस्तो गर्न पाइन्छ भन्ने हेर्दछन् ।

२. चित्रकारले चित्र बनाउँछन् ।

३. जलवायु विज्ञानले यस ठाउँमा कस्तो जलवायु वनस्पति पाइन्छ भन्ने हेर्दछन् ।

४. जियोलोजीकलले भूमि संरचनाबारे हेर्दछन् ।

५. व्यापारीले व्यापार हेर्दछन् ।

६. वैद्यले जडीबुटी हेर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै हाम्रो भित्री मनमा भष्ट्राचार, हिंसा, तृष्णा, ज्ञान-अज्ञान, दान विद्यमान छ। त्यसलाई जुन आँखाले हेर्छन् त्यस्तै हुन्छ। भष्ट्राचार गरी हिंसा, तृष्णाको जालो लागेको काठ चिसो मुढो जस्तो बनेको भित्री मनमा ज्ञानको आगोले मनभित्रको चिसो मुढोलाई जलाएर सफा गर्नुपर्दछ। बाटो हिँड्न नसक्नेलाई बाटो लामो हुन्छ। निद्रा नलाग्नेलाई रात लामो हुन्छ। अज्ञानीलाई पूजाको सरजाम जोड्नु, जप ध्यान गर्न गाह्रो हुन्छ। जपध्यान गरी आफ्नो मनभित्रको चिसो मुढोलाई सफा गरी ज्ञान दानतिर लाग्नुपर्दछ। दान र धर्म जति गरे पनि अपुरो हुन्छ। अधर्म काम शुरुसँगै अन्त्य हुन्छ। दान धेरै थोर}को वास्ता हुँदैन तर श्रद्धा, भक्तिको महत्त्व हुन्छ। अपमानको हात्तीभन्दा मानको पाथी फलदायी हुन्छ। जसरी वनमा गएकाले विभिन्न दृष्टिले हेरेजस्तै हामीले पनि आफ्नो मनभित्रको ज्ञानको दियो बाली हेर्नुपर्दछ।

आदित्य सप्तमी

एक दिन शिवजी र पार्वती बसिरहेका थिए। पार्वतीले शिवसँग मानिसहरूले धर्मकर्म गर्दा कुन अवस्थाको तिथिमा गर्दा मोक्ष प्राप्त हुन्छ भनी प्रश्न गर्नुभयो। शिवजीले स्त्रीपुरुष दुवैथरिले भाद्र, पौष, मंसिरको शुक्ल पक्षाको तृतीयामा पुरुषले पहेँलो वस्त्र र विधुवाले गेरुवस्त्र आदि धातुले रङ्ग्याएको वस्त्र र कन्याकुमारीले श्वेत वस्त्र धारण गर्नुपर्दछ, प्रत्येक शुक्ल पक्षाको तृतीयाको दिनमा देवीपूजा गर्नुपर्दछ, सप्तमी तिथि हस्ता नक्षात्र रविवार सूर्य सङ्क्रान्ति मासमा पूर्ण मनोकामना पूरा हुन्छ, त्यस दिनमा सूर्यको नामले पार्वती र महादेवको पूजा गर्नु, हस्ता नक्षात्र सूर्या नामको पूजा गर्नू भनी बताउनुभयो।

१. शुक्ल पक्षाको सप्तमी रविवार पर्दछ भने त्यसलाई कल्याणप्रदायनी सप्तमी भन्छन्।

२. विशोका सप्तमी– माघको शुक्ल पक्षाको षष्ठीको दिन भगवान् सूर्यको पूजा गर्नु यसलाई शुक्ल पक्षाको सप्तमी नआउँदै गर्नु पर्दछ।

३. फलसप्तमी– मंसिर महिनाको शुक्ल पक्षाको सप्तमीलाई फलसप्तमी भन्दछ। उस दिन सप्तमी नआउँदै व्रत बसी पूजा गर्नु, सूर्यदेवको प्रजा गर्न सप्तमीको व्रतले यस लोकमा मद्यपान जो दुष्ट कर्म हो त्यो नष्ट हुन्छ।

४. शङ्करासप्तमी– वैशाखको शुक्ल पक्षाको सप्तमीलाई शङ्करा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमी भनिन्छ। रातभरी जागरण बसी अष्टमीको दिनमा ब्राह्मणलाई दान दिनु भनेका छन्।

५. वसन्त ऋतुको शुक्ल पक्षको सप्तमीमा पहेंलो सर्स्यूको जलले स्नान गरे लक्ष्मी प्राप्त गर्दछ। विद्याधर लोकमा पुगिन्छ।

६. मन्दरा सप्तमी– माघको शुक्ल पक्षाको पञ्चमीको रातमा केही खाएर रात्री सुत्नु, षष्ठी तिथिमा दिनभर उपवास वस्नु रातमा पूजा गरी शक्तिअनुसारका दानगरे सर्व पाप मुक्त हुन्छ।

७. शुभसप्तमी– अश्विनको शुक्ल सप्तमी गौरी पूजा गरे विष्णु परम्पद प्राप्त गर्दछ।

काटमार बारेमा

काठमाडौंको नरदेवी, गोरखाको मनकामनामा मानिसको बलि दिइन्थ्यो। मनाङको स्वर्गीय गणेशबहादुर गुरुङको भनाइअनुसार मनाङमा १२ वर्षमा एक पटक १२ वटा मानिसहरूको बलि दिन्थे। हिजोआज १२ वटा बाखाको कान काटे/ पूजा गरिन्छ। भादगाउँका जगत्प्रकाश मल्लले चाँगुको फेदीमा २१ जनालाई पक्डेर बलि दिएका थिए। भगवान् बुद्धको जन्मलाई विष्णुको दशौं अवतार मानिन्छ। धेरे काटमार भएकाले बुद्ध भगवान् जन्मेको भनी धर्मशास्त्रअनुसार व्याख्या गरिएको छ। नेपाल माहात्म्यमा विष्णुको अवतारको पूजा गर्ने विधिविधान छ भनिएको छ। नेपालका तान्त्रिक पीठहरूमा नरबलि दिने प्रचलन चन्द्र शमसे/को शासनकालमा बन्द गरेका हुन्। भारतमा पनि नरबलि दिइन्थ्यो। इसाको हजारौं वर्ष पहिले विश्वको लगभग हरेक प्रमुख सभ्यतामा शक्तिको पूजा प्रचलन भएको थियो। युगान्डामा बालबालिकालाई बलि दिए धनीहुने विश्वास थियो। मूल आर्यहरूको धर्मको मूर्तिको पूजा गर्ने चलन थिएन। जल, सूर्य, आगोलाई देवता मान्दथे। वर्षाको देवता इन्द्र, आकाशको देवता वरुण (बादल), अग्नि देवताको नाममा सूर्य र चन्द्रलाई मान्दथे। जब चेतनाको विकास जतिजति हुँदै गयो त्यति नै त्रास र आश बढ्दै गयो। उतिउति देवताको कल्पनाको आधार वा अस्तित्वमा कति धर्मको प्रादुर्भाव भयो। हाम्रो अगाडि देवीदेवताको भावना जटिल रूपमा रहेको छ। देवीदेवतालाई सर्वव्यापी सर्वशक्तिमान् कल्पना गरे/ देवताको विभिन्न रूप र गुण कल्पना गरी वर्णन गर्न थाले। भावना मानिसको अन्तरात्माबाट प्रस्फुटन हुने सोचाइ हो। भगवान्‌ले श्रद्धा जगाउँछ। श्रद्धाले सन्तोष पैदा गराउँछ। भावनाले नै भय, त्रास, शङ्का उपशङ्का पैदा गराउँछ। मानिसको कल्पना नै देवता भएर निस्के। आशा, त्रास र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थले पशुपन्छीको अलवा नरबलि दिन पछि परेनन् । सातौं शताब्दीमा अमेरिकाको महाद्वीप मेक्सिकोमा एजेट जनजाति बसेबास गर्दथे । उनीहरू हुइट जिलोपोती भन्ने देवता त्यस सम्प्रदायको अत्यन्त आदरणीय देवता थिए । नीलो कवच, नीलो माला र ह्युमिङग् वर्डको प्वाँखले सिङ्गारिएको श्रीपेच धारण गरे/ जन्मिएको देवतालाई स्थापना गर्दा ७०,००० जनाको नरबलि दिई अरूले चोक्टा चोक्टा मासु खाएका थिए । सन् १५१६ मा मन्दिर बनाउँदा स्वेच्छाले समर्पित हुन आएका ७०,००० जनाको नरवली दिई अरूले चोक्टा चोक्टा मासु खाएका थिए । सन् १५१६ मा मन्दिर बनाउँदा स्वेच्छाले समर्पित हुन आएका ७०,००० मानिसका बलि चढाउन ३ दिन ३ रात लागेको थियो । तिनीहरूलाई त्रिकोणाकार चट्यानमा सुताएर छाती चिरी मुटु खलखली निकाले/ बलि चढाएका थिए । मासुलाई चोक्टाचोक्टा पारी मरिच मिसाएर पोले/ खाएका थिए । अनिकाल परेको वेला खेतीमा मरुवा परेको समयमा एथेन्सबासीहरू एक आकाशवाणीको आदेश मानी गोरिस्टस साइकल पसक समाधिमा एथेन्सको कन्याकुमारीहरूको बलि दिइन्थ्यो । त्यस्तै एकपटक लेक्रिष्टबाट कन्या केटीहरू मन्दिरमा पौरोहित्यका लागि दासी बनाई पठाएका थिए । पछि उनीहरूलाई बलि दिई हत्या गरे । दक्षिण भारतमा शक्ति साधनका लागि एक पद्धतिका रूपमा कुमारीको बलि दिने प्रथा आज पनि लुकिछिपी दिने भएको पत्रपत्रिकाहरूबाट प्रकाशित हुन्छ । पञ्जाबको काँगडा क्षेत्रमा हरेक वर्ष पुरानो सल्लाको रुखको फेदमा एउटा कुमारीको बलि चढाइन्थ्यो । नाङ्गी केटीलाई खेतमा लगी हत्या गरी भोग दिनाले उब्जाउ बढ्छ भन्ने विश्वास संसारमा धेर} जातिमा थियो । कन्याकुमारीको आत्माहुतीले खाली पोखरीमा पानी पलाउँछ भन्ने विश्वास पठानकोटको नजिकमा रहेको चम्पावती सहरमा प्रचलित थियो । नील नदीको पानी बढोस् भन्ने कामनाले हरेक वर्ष कन्यालाई नदीमा डुबाइन्थ्यो ।

मिश्र राज्यको प्राचीन दस्तावेजमा पनि हरेक वर्ष एक युवक र एक युवती बलि चढाउने उल्लेख छ । बेलायतमा एउटा केटीलाई रुखमा भुण्ड्याई हिर्काई मारिन्थ्यो । त्यसपछि त्यो केटीलाई रुखमा भुण्ड्याई राखे/ गिद्धले त्यसलाई चोक्टाचोक्टा गरी खान्थ्यो । यस कन्याको हत्याले देवताको कृपा पाउने उद्देश्य थियो । कुवेतको मुस्लिम तीर्थ स्थल साउदी अरबको मक्कामा वि.सं.२०४६ सालमा हज गर्न आउनेहरूले ६,८३,००० भेडा, बाखा, गाई, उँट बलि चढाएका थिए । सो बलि दिन इस्लामी बैंक र साउदी अरब सरकारले संयुक्त रूपमा खर्च गरेका थिए । यो पर्वमा मुस्लिम धर्मगुरु धर्मका आदर्श महापुरुष प्रोफेसर इब्राहिमले ईश्वरलाई चढाउन एउटा भेडा नपाएकाले त्यसको सट्टामा आफ्नै छोरा इस्माइललाई नै बलि चढाउन तयार भएकोले त्यस वेला उनलाई ईश्वरले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा मानिस उपलब्ध गराई उनी बचेका थिए । उन्नाइसौं शताब्दीमा दानव देवी पोलिको समक्ष कन्याकुमारी चढाइन्थ्यो । पोली आग्नेय गिरि किलो ल्वरोको देवी हुन् । आग्नेय गिरि ज्वालामुखी निस्कने प्वालबाट केटीलाई फ्याँकी बलि दिने प्रचलन थियो । देशमा महामारी फैलियो भने नियोपा भन्ने ठाउँका मान्छे आफ्नो पापको कारणले महामारी फैलिएको ठान्दथे । त्यस महामारीबाट मुक्ति पाउनका लागि सबभन्दा राम्री केटीलाई पानीमा डुबाई मारिन्थ्यो । चीन र तिब्बतमा थुप्रै देवीदेवताको मूर्तिहरू छन् । भूतयज्ञ, देवयज्ञ र पितृयज्ञहरूमा गाई काटी बलि दिइन्थ्यो ।

भारतमा आर्य र द्रविडहरू दुवै सभ्यताका मातृपूजा र शक्ति पूजा व्यापक रहेको पाइन्छ । देवकिो रूपमा यूनानमा, देवीतारा तिब्बतमा, लिमी मेक्सिकोमा ल्लनो लटे ओला अष्ट्रेलियामा, वेनस अफ वेन्लोन डम मिश्रमा,एसिया, जापानमा मेसिमोजिन, नेपालमा नरदेवी, मनकामना, उग्रतारा, इन्द्रेणी आदि शक्तिको रूपमा व्यापक रूपमा नरबलि दिइएको पाइन्छ । नेपालमा तान्त्रिक पीठहरूमा नरबलिको प्रचलन चन्द्र शमसे/का शासनकालमा बन्द गरेका हुन् । भारतमा ब्रिटिसद्वारा लिखित एक्टबाट नरबलि बन्द गरे । देवीदेवताको अलावा मानिसको मृतात्माले पनि बलि खाएको कुरा इतिहासको रूपरेखामा पाइन्छ । ट्याकका राजा प्रियसीका छो/ी पोलिसेनको एकिलीसँग विवाहको कुरा छिनेको थियो । ट्याकका राजा फिलिपको युद्धमा मृत्यु भयो । मृत्युपश्चात् उसको प्रेतात्माले पोलिसेनको बलि माग्यो । ग्रीसले बाध्य भएर एकिलीको चिहानमा लगे/ पोलिसेनलाई बलि चढाएका थिए । त्यही समयबाट प्रेतात्मालाई बलि चढाएको पाइन्छ ।

रावणको शिर

रावण असुर दैत्य वंशका नभई ब्राह्मण पुलस्त्य ऋषिको छोरा विश्रवाका नाति कुबेर र रावणको कुम्भकर्ण र विभीषण थिए । रावणको १० वटा टाउकाहरू मूर्तिहरूमा देखिन्छ । उनको टाउको १० वटा नभइकन उनको पुरुषार्थ १० वटा भएकाले टाउको १० वटा भनिएको हो । जस्तै : टाउको नभई उसमा भएको शक्तिलाई मानिन्छ । जस्तैः शिवको ५ मुख, पूर्वतर्फको तत्पुरुष, पश्चिमतर्फको सद्योजात, उत्तरतर्फको वामदेव, दक्षिणतर्फको अघो/, ऊर्ध्वको ईशान मानिन्छ ।

रावणका १० टाउकाहरू निम्न छन् :

१) महानविद्वान् : उसले कुमारतन्त्र र अर्को पक्ष भन्ने पुस्तक लेखेका थिए ।
२) बहुत बडा शान्त,
३) वेदशास्त्रका ज्ञाता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) आफ्नो सम्बन्धी तथा प्रजाका दयालु
५) वीर योद्धा
६) शक्तिशाली
७) सुरवीर
८) पवित्र आत्मा
९) परमात्माको प्रिय
१०) वरदानी पुरुष

त्रैलोक्यनाथ शिव, ब्रह्मासहित तीन मुखे भएको मूर्तिलाई त्रैलोक्यनाथ भन्दछन्। शिव, विष्णु, ब्रह्माले अनुसूयाको धार्मिक र पतिव्रताको परीक्षा लिन जाँदा अनुसूयाले तीन जनाले अनुसूयाको दृढतालाई परीक्षा गर्न ब्रह्मा विष्णु महेश्वर तीन जना जोगीको भेष गरी भिक्षा माग्न गए । ती तिन जनालाई के दिऊँ भनी अनुसूयाले प्रश्न गरिन् । उनीहरू भन्छन् तपाईंले हामीलाई मागेको कुरा दिन सक्छौं ? भनेर प्रश्न गरे । अनुसूयाले मसँग भएको कुरा दिन सक्छु भनी । ऊ तीनजनाले हामी तीन जना तपाईंसँग यौन सम्पर्क गर्न चाहन्छौँ भने । अनि उनी पतिव्रता नारी यौन सम्पर्क गरे आफ्नो धर्म नष्ट हुने, नदिउँ धार्मिक दृष्टिले पापी हुन्छ भन्ने सोचेर सामान्य मानिसले त्यसो भन्न मिल्दैन भनी मध्यमार्ग खोज्न थाले । तपाईंहरूको शर्त म स्वीकार गर्छु तर मेरो पनि एउटा शर्त छ मान्न सक्नुहुन्छ भने । उनीहरूले पनि मान्न तयार छौं भने । तपाईं तीन जना बालक भई नाङ्गै भएर दूध चुसिदिनुहोस् । तीनै जना खुसी भएर पालैपालो दूध चुसे । दूध चुसाएपश्चात् अनुसूयाले अब तपाईंको भनाई के छ भन्नुहोस् भन्दा हामी तपाईंको दूध पिएको हुनाले हामी तपाईंको पुत्रको रूपमा जन्मन्छौं भने । यसरी ब्रह्मा, विष्णु र महेश्वरको त्रिमूर्ति भएको हुनाले दत्तात्रय बनेका हुन् भन्ने हिन्दूशास्त्रमा उल्लेख छ ।

मस्तिष्क

विश्वमा भूमि माताबाट जीव, प्राणी, पशुपन्छी, मानवलगायतका आहारा, खाद्यान्न, फलफूल, औषधी र विष पनि त्यहींबाट उत्पन्न हुन्छ र विष दिने अरिङ्गाल, बारुला र मह दिने मौरी सिङ्कुसी पनि त्यही भूमिबाट उत्पन्न हुन्छ, जस्तै भूमिबाट रुख बन्दछ । वृक्षमा फल लाग्दछ र त्यस्तै हाम्रो शरीरमा मस्तिष्क छ । मस्तिष्क सफल, असफल, चरित्रवान्, चरित्रहीन, शिक्षित, अशिक्षित, ज्ञानी, अज्ञानी, अधर्मी, पटमूर्ख, लुटपाट गर्ने, घुस्याको पनि मूल थलो मस्तिष्क हो । मस्तिष्कबाट मन उत्पन्न हुन्छ । मनबाट विचार उत्पन्न हुन्छ । मन, मस्तिष्क र विचारको संयन्त्र हो अन्य यन्त्रहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनामा यो मस्तिष्क यन्त्र शक्तिशाली हुन्छ । विचारको बिचमा एउटा रेखाबाट कालो र सेतो बनाएको हुन्छ । कालोतर्फ फर्के घुसखोरी, भ्रष्टचारी, अज्ञानको भरपुर हुन्छ । सेतोतिर फर्किए ज्ञानी, ध्यानी, शान्ति बन्दछ । मानिस मरेर जान्छ, विचार र पूर्वकालको फल मर्दैन । मरेपछि राम्रो नराम्रो फल भोग्नुपर्दछ । यो विचारबाट पुष्टि गरिएको छ कि चरित्र निर्माण ज्ञानी, ध्यानी, शान्ति बन्नको लागि मूल काम मस्तिष्कलाई शुद्धता, निर्मल, बलवान् बनाउन खाद्य पदार्थ भोजनबाट प्राप्त गुणले बनाउँछ । खाद्य पदार्थको गुण ३ थरिका हुन्छन् :

१. सत्त्व गुण : सत्त्व गुण पदार्थले मस्तिष्कलाई धर्म, कर्म, सत् मार्गमा अग्रसरता देखाउँछ । सत्त्व गुण पदार्थ दूध, ध्यू, चामल, जौ, केरा, स्याउजस्ता वनस्पति हितकारी हुन्छ । खाद्य पदार्थबाट रक्त, रक्तबाट ज्ञान तत्त्व विचार बन्दछ । मस्तिष्कबाट उठेको मनले विचारमा प्रभाव पार्दछ । विचारले कार्यमा प्रभाव पार्दछ । इङ्ल्याण्ड, अमेरिकाका विद्वान् डाक्टरहरूले यो सिद्ध गरेका छन् कि मन शान्तिको औषधी मन बलवान् हुन्छ। जुन रोगहरू ठुलठुला डाक्टर वैज्ञानिकहरू पनि घुँडा टेकेका छन् भनिएको छ ।

२. रज गुण : रजगुण पदार्थले शरीरमाएक प्रकारको जोशको वेग उत्पन्न गराउँछ ।

३. तम गुण : तमगुणले शरीरलाई मात्र मोटो बनाई मस्तिष्कलाई बल पुऱ्याउन सक्दैन ।

शिवभक्तिको फल

भारतको आन्ध्रप्रदेश त्यस वेलाको हैदरावादको नामको चिनिन्थ्यो । हैदरावादको पथ्थरीमा भारद्धाज गोत्रका गरिब ब्राह्मण गङ्गा भावडिय र उनको पत्नी देवी गिरीयको जायजन्म नभई एक पुत्र पाउनलाई शिवको भक्त बनेका थिए । त्यसलाई उनीहरू शङ्कर र पार्वती भन्दथे । गङ्गाभावडियको पेशा घाटमा डुङ्गाले घाटेलाई तार्ने थियो । एकदिन रातमा घनघोर वर्ष भयो । गङ्गाभावडिया डुङ्गालाई पानीले बगाउने डरले रुखमा बाँधि राख्नको लागि डोरी लिएर गए । घनघोर वर्ष हुँदै थियो ।त्यस अवस्थामा मध्यरातमा निथ्रुक्क पानीले भिज्दै खुट्टामा हिलो लट्पटिदै एक जना जोगी आइपुगे । देव गिरीले उनलाई हिलो फाल्न पानी र फेर्ने कपडा दिए । भान्छा बनाई खान दिएपश्चात् सुत्ने अवस्थामा योगीले नानी तिमी पुत्रहीन छौ, अब दुइटा पुत्र एकैचोटि जन्मन्छन् । दुई छोराहरूको मृत्युपश्चात् म तिम्रो छोरा भएर जन्मनेछु भनेर अलप्पिएपश्चात् गङ्गाभावडिय आइपुगे । देव गिरीको दुई छोरा जन्मे र मृत्युपश्चात् सन् १८३८ सेप्टेम्बर २८ विजया दशमीको दिन मृत्यु भयो । शिवलाई देवताहरूमा सबभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो महान् मान्दछन् । त्यसैले महादेव भनिन्छ । महादेव नाम १०८ अक्षरले बनेको छ । जस्तै

म २५, हाँ ३६, दे २४ व २३ गरी जम्मा १०८ अक्षरले बनेको छ । मानिसहरूको नाम पनि २७ नक्षात्रको १ नक्षात्रको ४ पाउको हिसाबले १०८ बन्दछ ।

सुख मेष स्वर्ग दुःख मेष नर्क Georraphicat नभई Psychologit

यसको वास्तविक कुरा जैन धर्मसम्बन्धी घटनामा आधारित छ । जापानको एकजना समुराई लडाकु एकजना जैन ज्ञानी गुरु बौद्ध भिक्षुकहां आएर भान्ते के स्वर्ग नर्क पनि हुन्छ भनेर प्रश्न गरे । उक्त भिक्षुले समुराईलाई नजाने जस्तो गरी म तिमीलाई लडाकु समुराई भन्न पत्याउँदिन किनभने हेर्दा तिमी काँतर जस्तो देखिन्छौ । तब समुराईले आफ्नो तरबार झिकेर भन्तेलाई हान्न खोजे । भान्तेले पख मेरो एउटा कुरा सुन तिमी त्यति भन्दैमा रिसायौ । नर्क भन्नु नै त्यही हो । नर्क भन्नासाथ उसले आफ्नो हतियार रोकेर शान्त तरिकाले बौद्ध भिक्षुको चरणमा गए ।

क्रोध (रिस)

मानिसको जीवनमा क्रोध र रिस शब्द ज्यादै प्रचलित छ । धम्म पद बुद्धका निकायको पाली भाषामा क्रोध शब्द प्रयोग भएको छ । रिस मानिसमा उब्जने एक प्रकारको भावना हो । क्रोध र रिस आफँभित्र पाइन्छ । क्रोधित (रिसाहा) मानिस देखेर सबै डराउँछन् ।

अक्को धेन जिने कोधम् कोधम् असा धुन जिने, जिने कद रिर्य दानम् सच्येन अलका बादिन

अर्थः क्रोधी र रिसाहालाई अक्रोधले जित्ने, नराम्रो काम गर्नेलाई राम्रो कामले जित्ने, कञ्जुसलाई दान दिएर जित्ने, फटाहालाई साँचो कुरा गरेर जित्ने, मानिस दुःखकष्ट झेली पृथ्वी मण्डलमा वस्नेलाई आनन्द साथ देवलोकमा जानका लागि तीन कुरा पालना गर्नु पर्दछ ।

सज्जम् माने नकुज्मे यया
दज्जा प्यास्मि म्यि या चिते
एतेहि तेही ठाने हिः गच्छे देवता शान्तिके

अर्थः १ साँचो बोल्नु, झुट्टा नबोल्नु र कसैले माग्न आएमा त्यसलाई केही कुरा दिएर पठाई यी तीन कुरा पुऱ्याए देवलोकमा जान्छ भन्ने बुद्धको धर्म र व्यवहारको पुस्तकमा सुवर्ण शाक्यले लेखेका पाइन्छन् ।

सन्दर्भ सामग्री सूची

तन्त्र भावप्रकाश, कमलयोगी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दु धर्म के हो ? सम्पा. विश्वनाथ अनु. प्रा.पुष्पराज ।
वेदपुराणका रत्नहरू, वीणा पौडेल
वैदिक संस्कृति, प्रा.शिवगोपाल रिसाल ।
१०८ शिवलिङ्ग, वनवारीलाल कछाल ।
शिवलिङ्गको महत्त्व र प्राचीन यौन विज्ञान, शेर बहादुर लामिछाने गुरुङ ।
लोकसंस्कृतिको सम्पदा नेपाली र केही परम्परा, तेजप्रसाद श्रेष्ठ ।
मैले देखेको मानसरोवर, भोजराज भट्ट ।
भगवान् बुद्ध र वहाँको धर्म, डा. भीम रावल, रामजी अंजेडकार ।
ज्ञानगङ्गा, सन्त रामपाल महाराज ।
कूर्मपुराण ।
विष्णुपुराण ।
कैलास मानसरोवर, डा.देवप्रसाल ओभा ।
मत्स्यपुराण ।
चितवनदर्पण ।
अध्यात्मविज्ञान ।
निर्णयसिन्धु ।
नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ, कुलचन्द्र कोइराला ।
गण्डकी प्रसवण क्षेत्रको सांस्कृतिक सम्पदा डा.प्रा.जगमान ऋह्रोङ्गी लामा गुरुङ ।
धर्मविज्ञान
धर्मसिन्धु ।
गीतादर्पण
भगवान् शङ्कर, रेवती रमण, नन्द श्रेष्ठ वैद्य
पौराणिक कथा सङ्कलन, कृष्ण प्रसाद घिमिरे ।
अवधूतगीता, नारायण शर्मा ।
गीतादर्पण : भक्तियोग, पुण्य निरौला ।
आज्ञा अमृत ।
महामन्त्र, महात्मा आनन्द स्वामी ।
ऋग्वेद ।
किरकन्द काव्य ।
जयाख्यसंहिता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दलाई लामाको भनाइ
तन्त्रसर्वस्व, चूडानाथ भट्टराय
आत्मविज्ञान, सम्पादक सुदर्शन प्रसाद अधिकारी ।
मनले जित्ने जित ।
व्यस्त जीवन ईश्वरको खोज, ओसो ।
मन र मनुष्य, ओसो ।
आफैँलाई चिन्ने कसरी ? तुलसी निरौला ।
मृत्युविजय
स्मरण शक्ति बढाउने नियम, नेपोलियन, डिलडेल करसेगी, स्वेट मार्डेन, शिवखेड टारी फल्वर, रवड, ग्रीन, विश्व चर्तित पुस्तकहरूबाट संकलित ।
चारवेदका सार, तिलक प्रसाद र रोशन दाहाल ।
महायानी बौद्ध दर्शन, नारायण प्रसाद रिजाल ।
नेपालको अधिराज्यको इतिहास भाग १ र २ ,सिल्भां लेभी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

नाम : प्राज्ञ पैंडि इन्द्र बहादुर अदि लेम गुरुङ

जन्मः वि.सं. १९९१।०५।३१

ठेगाना : क्व्होलासोंथार गा.पा., वडा नं. ९, गिलुङ,
लमजुङ जिल्ला, गण्डकी प्रदेश

पिता : शिरसुब्बा गुरुङ

माता : चमार्खु गुरुङ

शिक्षा : अनौपचारिक

संलग्नता :

२०२३ मा दुराडाँडा सर्वोदय माध्यमिक विद्यालय समन्वय समितिको अध्यक्ष ।

२०२३ मा ईशानेश्वर प्रमोद माध्यमिक विद्यालय भोर्लेटारको सञ्चालक समितिको अध्यक्ष ।

२०३३ मा बुद्धोदय माध्यमिक विद्यालय गिलुङको संस्थापक सदस्य तथा भवन निर्माणको अध्यक्ष ।

२०५८ मा चिनियाँ तिब्बती ज्योतिष प्रतिष्ठानको संस्थापक अध्यक्ष

२०६६ देखि २०७० सम्म नेपाल प्रज्ञाप्रतिष्ठान प्रज्ञासभा सदस्य ।

प्रकाशित कृतिहरूः

१. तमु चिं, २०४९ ।

२. बुद्ध तथा बोन्पो क्यालेण्डर, २०५१ ।

३. तौं ता सोफू २०५७ (तिन कुरा उखानका टुक्काहरु)

४. गुरुङ नेपाली शव्दकोष, नेपाल प्रज्ञा–प्रतिष्ठान २०५९ ।

५. तमु (गुरुङ)को अवस्थलको परिचय ।

६. तमु व्यवस्थाको मूल आधार नालसभा प्रकाश ।

७. तमु (गुरुङ) सांस्कृतिक दिग्दर्शन २०५९ ।

८. पर्यावरण गीत सँगालो, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

९. सेर्गा क्वै

१०. पितृ नै देवता हुन् ।

पुरस्कार तथा मानसम्मान

शुभराज्याभिषेक पदक

प्रज्ञा मातृभाषा साहित्य पुरस्कार, नेपाल प्रज्ञा–प्रतिष्ठान

978-9937-1-2758-5

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal